संघीय मन्त्रालय र केन्द्रीय स्तरका निकायहरुमा

# सूचनाको हकको कार्यान्वयनसम्बन्धी परीक्षण प्रतिवेदन, २०७७

# An Audit Report on Right to Information, 2020


राष्ट्रिय सूचना आयोग

काठमाडौं

संघीय मन्त्रालय र केन्द्रीय स्तरका निकायहरुमा

# सूचनाको हकको कार्यान्वयनसम्बन्धी परीक्षण प्रतिवेदन, २०७७

# An Audit Report on Right to Information, 2020

## राष्ट्रिय सूचना आयोग

काठमाडौं

# हाम्रो भनाइ

नेपालको संविधानको धारा २७ ले प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयमा सूचना माग गर्ने र प्राप्त गर्ने मौलिक अधिकार प्रदान गरेको छ । सूचनाको हकसम्बन्धी ऐन, २०६४ ले पनि सार्वजनिक निकायमा रहेको सार्वजनिक महत्वको सूचनामा नेपाली नागरिकलाई सरल र सहज पहुँच हुने तथा सूचना माग गर्ने र प्राप्त गर्ने अधिकार प्रदान गरेको छ । सूचनाको हकको संरक्षण, सम्बर्द्धन र प्रचलनका लागि स्वतन्त्र राष्ट्रिय सूचना आयोग गठन भई क्रियाशील रहेको अवस्था छ । आयोगको गठनपश्चात् सूचनाको हकको कार्यान्वयनको क्षेत्रमा विभिन्न नीति, निर्देशिका, कार्यविधि र आदेशहरू तर्जुमा तथा जारी गरी सूचनाको हकलाई प्रभावकारी रूपमा कार्यान्वयनमा लैजाने कार्य विगत १३ बर्षदेखि सम्पन्न गर्दै आएको छ । सूचनाको हकका बारेको बुझाइ र जनचेतना जागृत गराउन आयोगले स्थापनाकालदेखि नै प्रत्यक्ष उपस्थितिमा तालिम, प्रशिक्षण, अन्तरक्रिया गर्दै आएको छ भने सूचनाको हकका बारेमा पत्रपत्रिका, रेडियो तथा टेलिभिजनबाट विभिन्न प्रकारका सामग्री प्रकाशन, वितरण र प्रसारणसहित सार्वजनिक बहसजस्ता कार्यक्रमहरू पनि सञ्चालन गर्दै आएको छ ।

सूचनाको हकको कार्यान्वयनका लागि आयोगले विभिन्न कार्यक्रमहरू सञ्चालन गरे पनि यसको वास्तविक कार्यान्वयन गर्ने निकाय भनेका सार्वजनिक निकायहरू नै हुन् । संघीय, प्रदेश र स्थानीय तहका निकाय र संविधान, ऐन, कानूनबमोजिम गठित निकायहरू सार्वजनिक निकाय हुन् । यस्ता सबै निकायले सूचनाको हकको कार्यान्वयन गर्नुपर्दछ । अतः यस्ता निकायहरूले सूचनाको हकको कार्यान्वयन गरेका छन् कि छैनन् गरेका भए के-कसरी गरिरहेका छन् भन्ने वास्तविक अवस्थाको मूल्याङ्कन गरी सूचनाको हकको कार्यान्वयनका लागि भविष्यमा गर्नुपर्ने थप कार्यबारे जानकारी लिने उद्देश्यले वि.सं. २०७३ देखि राष्ट्रिय सूचना आयोगबाट सूचनाको हकसम्बन्धी परीक्षण (आर.टी.आई. अडिट) कार्यारम्भ गरिएको थियो । यस्तो परीक्षण गर्ने देशहरूमध्ये नेपाल अग्रपङ्क्तिमा नै पर्दछ ।

सूचनाको हकको प्रयोग र प्रचलनले सुशासन कायम गराउन मद्दत पुग्छ भन्ने मान्यता विश्वव्यापी बनिरहेको छ । सूचनाको हकलाई लोकतन्त्रको प्राणवायु पनि भनिन्छ । सूचनालाई शक्तिको स्रोत र ज्ञानको भण्डार पनि हो भनिन्छ । तसर्थ, नेपाली नागरिकले संवैधानिक रूपमा प्राप्त गरेको सूचनाको हक जति बढी प्रयोग हुन्छ सार्वजनिक निकायहरू त्यति नै बढी जिम्मेवार, उत्तरदायी, खुला र पारदर्शी हुनेछन् । राज्यका कामकारवाही जति खुला र पारदर्शी बन्न सक्छ त्यति नै नागरिकप्रति उत्तरदायी शासन व्यवस्था कायम हुन्छ ।

सूचनाको हकको माध्यमबाट सुशासन र समृद्धि प्राप्त गर्न सकिन्छ भन्ने विषय विश्वका कयौं विकसित मुलुकहरूले प्राप्त गरेको उपलब्धिबाट सिद्ध भएको छ । अतः सूचनाको हकको प्रयोग गरी सार्वजनिक निकायलाई जिम्मेवार र उत्तरदायी बनाउन यसको कार्यान्वयन पनि उत्तिकै आवश्यक भएकोले आर.टी.आई परीक्षण गरिएको हो । यस अर्थमा आयोगबाट सम्पन्न हुँदै आएको आर.टी.आई. अडिटले निर्दिष्ट उद्देश्य हासिल गर्न सफल भएको छ भन्ने निष्कर्षलाई प्रस्तुत प्रतिवेदनमा उल्लेखित तथ्यहरूले पनि प्रमाणित गर्दछ ।

स्वतन्त्र विज्ञहरूबाट परीक्षण गराई प्राप्त भएका निष्कर्ष एवम् सुझावहरूलाई मनन गर्दै यसको कार्यान्वयनमा हाम्रा सार्वजनिक निकायहरू अझ खरो रूपमा उत्रने छन् भन्नेमा आयोग विश्वस्त छ । सूचनाको हकको कार्यान्वयनको अवस्था र सुधारका बारेमा आर.टी.आई. अडिटका माध्यमबाट आयोगले दिएका सुझाव कार्यान्वयन गरी सुशासनका क्षेत्रमा आगामी बर्षहरूमा अझ उत्कृष्ट नतिजा प्राप्त हुनेछ भन्ने अपेक्षा आयोगले गरेको छ ।

आयोगको आग्रहलाई स्वीकार गरी सूचनाको हकको अवस्थाका बारेमा गरिएको महत्वपूर्ण अध्ययन तथा प्रतिवेदन तयार गर्नका लागि सहयोग पुऱ्याउनु हुने सबै परीक्षक र प्रतिवेदकप्रति आयोग हार्दिक कृतज्ञता ज्ञापन गर्दछ ।

– **राष्ट्रिय सूचना आयोग**

# विषय सूची

## अध्याय- १

**प्रारम्भिक** १

१.१ पृष्ठभूमि १

१.२ आरटीआई अडिट ३

१.३ अध्ययनको उद्देश्य ४

१.४ अध्ययन विधि ४

१.५ अध्ययनको औचित्य ५

१.६ अध्ययनका सीमाहरु ५

## अध्याय- २

**सूचकांकको मन्त्रालयगत तुलनात्मक अध्ययन तथा नतिजा** ७

(क) अध्ययनको नतिजा ७

(ख) परीक्षणमा समेटिएका मन्त्रालयहरु ९

(ग) सूचकाङ्कको मन्त्रालयगत तुलनात्मक अध्ययन ९

१. सूचना अधिकारीको व्यवस्था गरिएको १०

२. स्वतः प्रकाशन ११

३. सूचना माग र प्रवाहको अभिलेख राखेको १२

४. सूचना माग र प्रवाहको तथ्याङ्क संग्रह गर्ने पहल गरेको १३

५. सूचना अधिकारीको बोर्ड र सूचनाको हकसम्बन्धी सन्देशमूलक जानकारी राखेको १३

६. वेबसाइटमा सूचना अधिकारीको विवरण अद्यावधिक र स्वतः प्रकाशन राखेको १४

७. वेबसाइट अद्यावधिक रहेको १५

८. सूचना प्रवाहमा अग्रसरता लिएको १६

९. सूचनाको हकसम्बन्धी तालिमको व्यवस्था १७

१०. सूचनाको हकको समष्टीगत मूल्याङ्कन स्तर १९

## अध्याय- ३

**मन्त्रालय र मातहत निकायमा सूचनाको हकको कार्यान्वयनको अवस्था** २१

३.१ प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय २१

३.२ अर्थ मन्त्रालय ३४
३.३ उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय ३८
३.४ ऊर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय ३१
३.५ कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय ३६
३.६ कृषि तथा पशुपंक्षी विकास मन्त्रालय ३९
३.७ खानेपानी मन्त्रालय ४२
३.८ गृह मन्त्रालय ४५
३.९ परराष्ट्र मन्त्रालय ४९
३.१०. भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय ५१
३.११ भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय ५४
३.१२ महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय ५७
३.१३ युवा तथा खेलकुद मन्त्रालय ५९
३.१४ रक्षा मन्त्रालय ६१
३.१६ शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय ६६
३.१७ श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय ७०
३.१८ संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय ७३
३.१९ संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय : ७६
३.२० सञ्चार तथा सूचना प्रविधि मन्त्रालय ८०
३.२१ सहरी विकास मन्त्रालय ८३
३.२२ स्वास्थ्य तथा जनसंख्या मन्त्रालय ८६

**अध्याय- ४**

**परीक्षकको निष्कर्ष** ९०
क. परीक्षणको क्रममा सोधिएका प्रश्नहरूको निष्कर्ष ९०
१. सूचना अधिकारी तोके/नतोकेको सम्बन्धमा ९०
२. स्वतः प्रकाशन गरे/नगरेको ९०
३. सूचना माग र प्रवाहको छुट्टै दर्ता किताब र अभिलेख राख्ने गरे/नगरेको ९०
४ सूचना माग र प्रवाहको एकीकृत तथ्याङ्क सङ्ग्रह गर्ने पहल गरे/नगरेको ९१

५. सूचना अधिकारीको बोर्ड र सन्देशमूलक जानकारी राखे/नराखेको ९१
६. वेबसाइटमा सूचना अधिकारी र स्वतः प्रकाशनको विवरण राखे/नराखेको ९१
७. वेबसाइट अद्यावधिक गरे/नगरेको ९१
८. सूचना प्रवाहमा अग्रसरता लिए/नलिएको ९२
९. सूचनाको हकसम्बन्धी तालिम, अन्तर्क्रिया लिए/नलिएको ९२
१०. सूचनाको हकबमोजिमको दायित्वको समष्टिगत मूल्याङ्कनको स्तर सम्बन्धमा ९२
(ख) परीक्षणका सम्बन्धमा परीक्षकको निष्कर्ष : ९३

**अध्याय- ५**

**परीक्षकका सुझावहरू** ९४
५.१ सूचना अधिकारीका सम्बन्धमा ९४
५.२ राष्ट्रिय सूचना आयोगबारे ९५
५.३ स्वतः प्रकाशनको व्यवस्था ९६
५.४ मूल्याङ्कनकर्ताको अन्य विविध निष्कर्ष र सुझावहरू : ९६

**अध्याय- ६**

**परीक्षकका सुझावहरूको कार्यान्वयन** १०३
(क) सूचनाको हकको कार्यान्वयनको परीक्षण प्रतिवेदन २०७७ मा मुख्यमुख्य सुझावहरू १०३
(ख) सूचनाको हकको कार्यान्वयनको परीक्षण प्रतिवेदन, २०७६ का सुझावहरू १०४
(ग) सूचनाको हक कार्यान्वयनको परीक्षण प्रतिवेदन, २०७५ का सुझावहरु १०५
(घ) सूचनाको हक कार्यान्वयनको परीक्षण प्रवितेदन, २०७४ का सुझावहरु १०५
(ङ) सूचनाको हक कार्यान्वयनको परीक्षण प्रतिवेदन, २०७३ मा सुझावहरु १०६

**अनुसूचीहरु**

अनुसूची १ प्रश्नावलीको ढाँचा १०७
अनुसूची २ परीक्षणमा समेटिएका मन्त्रालयहरूको सूची १०९
अनुसूची ३ प्रश्नावलीका सूचकहरूको प्राप्त अङ्कको तुलनात्मक स्थिति (मन्त्रालयगत) १०९
अनुसूची ४ सूचनाको हकको कार्यान्वयनको अवस्थाको परीक्षणको कार्यमा सहभागी हुनुभएका महानुभावहरु १११
अनुसूची-६ सूचकहरूको कूल अङ्कको तुलनात्मक स्थिति (मन्त्रालय एवम् विभागहरु) ११२

# कार्यकारी सारांश

राष्ट्रिय सूचना आयोगले संघीय मन्त्रालय र केन्द्रीय स्तरका निकाय र विभागमा सूचनाको हकसम्बन्धी ऐन, २०६४ को प्रावधानबमोजिम सूचनाको हकको कार्यान्वयनको स्थिति के-कस्तो रहेको छ भन्ने सम्बन्धमा प्रस्तुत आर.टी.आई. अडिट सम्पन्न गरेको हो । यो बर्षको परीक्षण कार्य कोरोना महामारीका कारण Virtual बैठक, स्थलगत परीक्षण, छलफल अन्तरक्रिया, प्रश्नोत्तर र अवलोकन विधिबाट गरिएको छ । परीक्षणका निम्ति तथ्याङ्क सङ्कलन वा परीक्षकमा आयोगका पूर्वआयुक्त र नेपाल पत्रकार महासंघका पूर्व र वर्तमान सभापतिहरूलाई छनोट गरिएको छ ।

यस परीक्षणका लागि आयोगबाट तर्जुमा गरी उपलब्ध गराइएको १० पूर्णाङ्कका १० वटा प्रश्न वा सूचकाङ्कहरूको आधारमा १०० पूर्णाङ्क निर्धारण गरी परीक्षण गरिएको छ । प्रस्तुत प्रतिवेदनमा ६ अध्याय र ६ वटा अनुसूची रहेका छन् । प्रथम अध्यायमा अध्ययनको पृष्ठभूमि, विधि र उद्देश्य, औचित्य र सीमाहरू प्रस्तुत गरिएको छ । द्वितीय अध्यायमा अध्ययनको नतिजा र सूचकाङ्कहरूको प्रस्तुति र विश्लेषण गरिएको छ । तृतीय अध्यायमा मन्त्रालयगत कार्यान्वयनको स्थिति तथा परीक्षकको निष्कर्ष र सुझावहरूलाई जस्ताकोतस्तै प्रस्तुत गरिएको छ । चौथो अध्यायमा परीक्षकका निष्कर्ष र सुझावहरूलाई सम्पादन गरी एकीकृत रूपमा राखिएको छ । पाँचौ अध्यायमा परीक्षकले दिएका सुझावहरूमध्ये अधिकाधिक समान रहेका आवश्यक र महत्वपूण ठानिएका सुझावहरूलाई सङ्क्षेपीकरण गरी प्रस्तुत गरिएको छ । छैटौं अध्यायमा २०७३ देखि सुरू भएको आर.टी.आई. अडिटबाट प्राप्त सुझावहरूको सारसङ्क्षेप प्रस्तुत गरिएको छ ।

राष्ट्रिय सूचना आयोग गठन भएपश्चात् सूचनाको हकको क्षेत्रमा भए-गरेका काम-कारवाहीको सकारात्मक ढंगबाट मूल्याङ्कन गरी सूचनाको हकको संरक्षण, सम्बर्द्धन र प्रचलनका लागि गर्नुपर्ने थप काम तत्काल प्रभावकारी रूपमा कार्यान्वयन गर्न-गराउन र भविष्यमा यस विषयमा गरिनुपर्ने सुधारका लागि अपनाउनु पर्ने उपायहरू पत्ता लगाउने उद्देश्यले यो आर.टी.आई. अडिट सुरू गरिएको हो । यस्तो आर.टी.आई. अडिट गर्ने मुलुकमध्ये दक्षिण एसियामै सम्भवतः नेपाल नै पहिलो देश हो ।

विगत वर्षका परीक्षण प्रतिवेदन र चालु वर्षको परीक्षण प्रतिवेदनको तुलनात्मक अध्ययन गर्दा सूचनाको माग र आपूर्तिका दुबै पक्षमा चेतनाको विकास भएको र सकारात्मक उपलब्धिहरू गुणात्मक रूपमा बृद्धि भएको पाइएको छ । राज्य र सार्वजनिक निकायका कामकाजलाई पारदर्शी बनाउने र सुशासन कायम गर्ने ध्येयका साथ बनेको सूचनाको हक र त्यसको नियामक निकायसमेत रहेको राष्ट्रिय सूचना आयोगले यसलाई उपलब्धि ठानेको छ ।

विगत बर्ष र चालु बर्षका अडिटका प्रतिवेदनहरूबाट केन्द्रीयस्तरका संघीय निकायहरू सबैले सूचना अधिकारी नियुक्त गरेको, स्वतःप्रकाशनसम्बन्धी विवरणहरू वेबसाइटमा राख्ने गरेको, सूचना माग र प्रवाहको छुट्टै रजिष्ट्रर र अभिलेख राखेको, राख्न सुरू गरेको, तालिम केन्द्रहरूले सूचनाको हकको विषय तालिम पाठ्यक्रममा राखेको र पाठ्यक्रम विकास केन्द्रले माध्यमिक शिक्षाको पाठ्यक्रममा यो विषय पनि राखेको

पाइएको छ । सार्वजनिक निकायहरूले राष्ट्रिय सूचना आयोगबाट दिएको निर्देशन पालना गरेको, आदेश र फैसला अनुसार सूचना दिएको पाइएको छ । यति छोटो अवधिमा यति उपलब्धि प्राप्त हुनु आफैमा सकारात्मक पक्ष हो । आर.टी.आई. अडिटरहरूले यी कार्यहरू भएको प्रतिवेदन दिनुभएको छ । तथापि, सूचनाको हकको कार्यान्वयनको क्षेत्रमा अझै धेरै काम गर्न बाँकी रहेकाले भविष्यमा गर्नुपर्ने कार्यबारे पनि अडिटरहरूबाट महत्वपूर्ण सुझाव आएका छन् । निश्चय पनि उहाँहरूबाट प्राप्त यी सुझावले सार्वजनिक निकायका पदाधिकारीको ध्यानाकर्षण गराउने छ । उहाँहरूबाट आएका महत्वपूर्ण सुझावलाई आयोगले सार्वजनिक सम्पत्तिको रूपमा स्वीकार गरी सदुपयोग गर्नेछ ।

परीक्षकहरूबाट सूचना अधिकारीलाई अझ सक्रिय बनाउनुपर्ने, बरिष्ठ अधिकृतलाई सूचना अधिकारी तोक्नुपर्ने, सूचना अधिकारीको पहुँचमा सूचना पुग्नुपर्ने, सूचना नदिने शाखा वा पदाधिकारीलाई पनि सूचनाको हकसम्बन्धी ऐनको दायरामा ल्याउनुपर्ने सुझाव प्राप्त भएको छ । साथै सूचना अधिकारीलाई प्रोत्साहन र वृत्ति विकासका अवसर तथा सुविधा बृद्धि गर्नुपर्ने सुझाव प्राप्त भएका छन् । आर.टी.आई. अडिटलाई प्रदेश र स्थानीय तहहरूमा लैजानुपर्ने, ढाँचा अनुसार स्वतः प्रकाशन नगर्ने पदाधिकारीलाई दण्डित गर्नुपर्ने गरी ऐनमा संशोधन गर्नुपर्ने आर.टी.आई. अडिटको सूचकाङ्कहरू परिमार्जन गर्नुपर्ने, आयोगलाई थप प्रभावकारी बनाउनुपर्ने, संवैधानिक निकायमा स्तरोन्नति गर्नुपर्नेजस्ता सुझाव प्राप्त भएका छन् । आयोगले संघीय, प्रदेश र स्थानीय तहसम्म आफ्नो पहुँच बढाउनुपर्ने र सूचनाको हकको कार्यान्वयनलाई अझ बढी प्रभावकारी बनाउन पहल गर्नुपर्ने देखिएको छ ।

प्रस्तुत परीक्षणबाट सूचनाको हकको प्रभावकारी कार्यान्वयनबाट खुला, पारदर्शी, जवाफदेही र उत्तरदायी शासन व्यवस्थाको जग मजबुत हुने र यो कार्यबाट सुशासन कायम भई लोकतन्त्रको सुदृढीकरण हुने भएकोले नेपालको संविधानले प्रत्याभूत गरेको जनताको मौलिक हकको कार्यान्वयनबाट सरकारप्रति नागरिकको भरोसा बृद्धि हुने र नेपालको साख राष्ट्रिय र अन्तर्राष्ट्रिय क्षेत्रमा बृद्धि हुने अपेक्षा गरिएको छ ।

## अध्याय- १

# प्रारम्भिक

### १.१ पृष्ठभूमि

नेपालमा सूचनाको हकसम्बन्धी संवैधानिक व्यवस्थाको प्रारम्भ वि.सं. २०४७ को संविधानबाट भएको हो तत्कालीन संविधानको धारा १६ मा प्रत्येक नेपालीले सार्वजनिक महत्वका कुनै पनि विषयको सूचना माग्ने र पाउने अधिकार हुनेछ भन्ने व्यवस्था गरिएको थियो । 'सूचनाको हक' लाई संविधानमा नै व्यवस्था गरिएको दक्षिण एसियामा नै सम्भवतः यो पहिलो अवसर थियो ।

वि.सं. २०४७ देखि २०६३ सम्मको अवधिमा संविधानमा व्यवस्था गरिएको सूचनाको हकको संवैधानिक अधिकारको प्रयोग नागरिकले गरेको पाइन्छ । विभिन्न वर्गका सचेत नागरिक तथा व्यावसायिक र पेशागत व्यक्तिहरूले सार्वजनिक महत्वका शासन, प्रशासन र राजनैतिक निर्णयका सम्बन्धित विषयमा सूचना माग्ने र पाउने अधिकारको प्रयोग गरेको पाइन्छ । यसै अवधिमा राजदूत नियुक्ति, वातावरण संरक्षण, प्राकृतिक स्रोतको बाँडफाँडसम्बन्धी, सन्धि-सम्झौतासम्बन्धी सूचनाको मागका सम्बन्धमा सर्वोच्च अदालतबाट महत्वपूर्ण फैसला भई सार्वजनिक महत्वका सूचनामा जनताको पहुँच स्थापित भएको पाइन्छ । वि.सं. २०६२/०६३ मा भएको दोस्रो जनआन्दोलन पश्चात् २०६३ मा जारी भएको नेपालको अन्तरिम संविधानको धारा २७ मा प्रत्येक नेपाली नागरिकलाई आफ्नो वा सर्वाजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने र पाउने हक हुनेछ । तर कानूनद्धारा गोप्य राख्नुपर्ने सूचनाको जानकारी दिन कसैलाई बाध्य पारिने छैन भन्ने व्यवस्था गरियो । धारा २८ मा जनताको गोपनियताको अधिकारलाई संरक्षण गरेको छ । कुनै व्यक्तिको जीउ, ज्यान, आवास, सम्पत्ति, लिखत, तथ्याङ्क, पत्राचार र चरित्रसम्बन्धी विषयका सूचना अनतिक्रम्य हुने व्यवस्था गरियो ।

वि.सं. २०७२ मा जारी गरिएको वर्तमान नेपालको संविधानको धारा २७ मा पनि अन्तरिम संविधानकै व्यवस्थालाई निरन्तरता दिइएको छ । सूचनाको हकसम्बन्धी अधिकारलाई कार्यान्वयन गर्न सूचनाको हकसम्बन्धी ऐन, २०६४ र नियमावली, २०६५ कार्यान्वयनमा आई क्रियाशील रहेको छ । सूचनाको हकको संरक्षण, सम्बर्द्धन र प्रचलन गर्न–गराउन स्वतन्त्र राष्ट्रिय सूचना आयोगको गठन सर्वप्रथम २०६५ बैशाख २२ गते गरिएको र तत्पश्चात् नेपालमा सूचनाको हकको संरक्षण, सम्बर्द्धन र प्रचलनका कार्य विधिवत्‌रूपमा तीव्रताका साथ अगाडि बढेको हो । सूचनाको हकको इतिहास अध्ययन गर्दा यससम्बन्धी कानूनको सुरूवात सबैभन्दा पहिल स्वीडेनबाट सन् १७६६ मा प्रारम्भ भएको मानिए तापनि करिब २०० बर्षसम्म केही अपवादबाहेक खासै प्रगति भएको थिएन । तर, सन् १९९० देखि सूचनाको हकसम्बन्धी कानून तर्जुमा भई तीव्रतर रूपमा कार्यान्वयनमा आएको र हालसम्म १ सय २७ भन्दा बढी देशमा यस्तो कानून लागू भएको पाइन्छ । हाल विश्वका अधिकांश मुलुकले सूचनाको हकलाई प्रजातान्त्रिक शासन व्यवस्थाको अभिन्न अङ्गको रूपमा स्वीकार गर्दै प्रचलनमा ल्याएका छन् ।

नेपालमा सूचनाको हकसम्बन्धी ऐन लागू भएको पनि १३ वर्ष पूरा भइसकेको छ । यस अवधिमा सूचनाको

हकको कार्यान्वयनको क्षेत्रमा महत्वपूर्ण उपलब्धी हासिल भएको छ । अपेक्षित मात्रामा सूचना माग गर्ने प्रवृत्ति बृद्धि नभएता पनि आयोगको सक्रियतामा सूचनाको हकलाई गाउँपालिकाको तहसम्म पुर्‍याउने कोसिस भइरहेको छ ।

आयोगकै प्रयासले कक्षा ७-११ सम्मको पाठ्यक्रममा सूचनाको हक समावेश भएको छ । ७ वटै प्रदेश तथा ७ सय ५३ वटै स्थानीय तहका जनप्रतिनिधिहरूसँग व्यापक अन्तरक्रिया पनि गरिएको छ । सूचनाको हकसम्बन्धी ऐन लागू भएको १३ वर्षको अवधिमा नै विद्यार्थीले उत्तरपुस्तिकाको प्रतिलिपि हेर्न पाउने, कुनै पनि सार्वजनिक निकायले गरेको खर्च रकमको बिलभौचर हेर्न पाउने तथा लोक सेवा आयोगले लिएका परीक्षाको प्राप्ताङ्क हेर्न पाउने भएका छन् ।

यसैगरी सूचना सार्वजनिक गरेको भन्दै एउटा सामुदायिक विद्यालयमा कार्यरत शिक्षिकालाई बर्खास्त गरिएको विषयलाई आयोगको अग्रसरता र आदेशबाट पुनर्वहाली गरिएको छ । एउटा प्रतिष्ठित सरकारी विद्यालयले विभागीय प्रमुखबाट हटाएको सम्बन्धमा पुनर्वहाली तथा क्षतिपूर्ति भराउने कार्य पनि आयोगको पहलमा भएको छ ।

सरकारबाट भएका विभिन्न सन्धिसम्झौताका प्रतिलिपी, संसदमा भएका छलफलको अभिलेख माग्न र प्राप्त गर्ने अधिकार आयोगको आदेश स्थापित भएको छ । राज्यका तीनवटै अङ्ग र सार्वजनिक निकायबाट सम्पादन भएका कामबारे नेपाली नागरिकले सूचना पाउन थालेका छन् । यसै अवधिमा माग गरेको सूचना नदिने करिव २७ जनाभन्दा बढी सार्वजनिक निकायका पदाधिकारी दण्डित पनि भएका छन् ।

सूचनाको हकको कार्यान्वयन गर्ने दायित्व सार्वजनिक निकायको हो । खासगरी जनताका आवश्यकतासम्बन्धी धेरै सूचना नेपाल सरकार अन्तर्गतका निकायहरूमै रहन्छन् र त्यहाँबाट सम्पादित क्रियाकलापका सूचनाको उत्पादन, वितरण र प्रवाहबाट व्यक्तिको जीवनमा प्रत्यक्ष वा अप्रत्यक्ष, असल वा खराव प्रभाव पर्ने हुन्छ । अतः यस्तो सूचनाको स्रोत रहेको नेपाल सरकारका संघीय मन्त्रालय र सो अन्तर्गत रहेका केन्द्रीयस्तरका निकायहरूले सूचनाको हकको कार्यान्वयनको नेतृत्व लिने र प्रेरणा दिने कार्य गर्नु पर्दछ । सूचनाको हकको प्रचलन र प्रयोगका लागि बढी उत्तरदायित्व भएका केन्द्रीय प्रशासनिक निकायहरूको सूचनाको हकको कार्यान्वयनको अवस्थाको अध्ययनका लागि यो परीक्षण गरिएको हो ।

यस अध्ययनमा विशेषतः नेपाल सरकारको केन्द्रीय स्तरका प्रशासनिक निकायका रूपमा रहेका मन्त्रालयहरु र अन्तर्गतका निकायहरूमा सूचनाको हकसम्बन्धी कानुनको बुझाइ र यसप्रतिको व्यवहारको परीक्षण गरिने प्रयास गरिएको छ । ती निकायका पदाधिकारीमा सूचनाको हकसम्बन्धी ऐनबारेको बुझाइ के-कस्तो छ र उनीहरूले सूचनाको हकसम्बन्धी ऐन बमोजिम सूचना दिने प्रयोजनका लागि सूचना अधिकारीको व्यवस्था गरेका छन् कि छैनन् अथवा उनीहरूले सूचना दिने कामलाई दायित्वका रूपमा लिएका छन् या बोझ ठानेका छन् ? भन्नेसम्मको तथ्य र मनोवैज्ञानिक स्थिति बुझ्ने काम पनि यस अध्ययनले गरेको छ । यस प्रयोजनका लागि राष्ट्रिय सूचना आयोगबाट वि.सं. २०७३ देखि सुरू हुँदै आएको प्रयासको यो पाँचौ शृङ्खला हो ।

## १.२ आरटीआई अडिट

अंग्रेजी शब्द अडिटले कुनै पनि विषयमा गरिने परीक्षणलाई जनाउँछ । व्यवस्थापन परीक्षण, लेखापरीक्षण, कार्यसम्पन्न परीक्षण आदि अनेक किसिमबाट परीक्षण हुने गरेको छ । वृहत अर्थमा भन्ने हो भने तोकिएको समयमा तोकिएको निकायले सम्पादन गरेको कार्यको लेखाजोखा, मूल्याङ्कन, अनुगमन वा निरीक्षण गर्ने कार्य नै परीक्षण हो । बजेट वा आर्थिक हिसाबकिताबको परीक्षण महालेखा परीक्षकको कार्यालयले गर्ने गर्दछ भने अन्य कार्यक्रम वा योजनाहरूको परीक्षण तालुक कार्यालय वा नियामक निकायले पनि गर्दछन् । आर.टी.आई. अडिट भन्नाले सूचनाको हकको प्रयोग र प्रचलनको अवस्था कस्तो छ ? सूचनाको हकको प्रयोगबाट सुशासनमा के-कस्तो मद्दत पुगेको छ ? राज्य र सार्वजनिक निकायमा सुशासनको अवस्था के-कस्तो छ भनी मापन गर्ने औजारको रूपमा पनि आर.टी.आई. अडिटलाई लिइन्छ ।

खुला, पारदर्शी, जिम्मेवार र जवाफदेही शासन व्यवस्था सञ्चालन गर्नुपर्ने मान्यता विश्वव्यापी बनिरहेको सन्दर्भमा अनियमितता, भ्रष्टाचार, ढिलासुस्ति, विकृति र विसंगति हटाई सुशासन कायम गराउन सूचनाको हकको कार्यान्वयनबाट सकिने र त्यसलाई नियन्त्रण गर्न पनि सकिने भएकोले यसको महत्व विश्वव्यापी रूपमा बढ्दै गएको हो । भ्रष्टाचार, ढिलासुस्ति र नागरिकप्रति असंवेदनशील हुने प्रणालीका विरूद्ध सूचनाको हकको व्यापकताको महत्व बढेको हो ।

नागरिकले आफूले करका रूपमा राज्यलाई बुझाएको रकमको प्रयोग के-कस्ता कार्यमा खर्च भयो ? कसरी, कहाँ, कति मात्रामा भयो ? त्यसको उपादेयता के रह्यो ? दुरूपयोग वा सदुपयोग भयो ? आदि कुरा जान्न पाउने, थाहा पाउने र त्यसबापत दण्ड पुरस्कार दिने अधिकार नागरिकमा मात्र हुने भएकाले सूचनाको अधिकारलाई नागरिकको अधिकार भनिएको हो । राज्यको स्रोत र साधनको प्रयोगमा कुशलता (Effiency) र दक्षता (Effectivness) को प्रयोग भयो-भएन भन्ने जानकारी नागरिकले मागेको अवस्था र स्वतःप्रकाशनबाट सूचना प्रवाह गरियो-गरिएन र कार्यान्वयनको वर्तमान अवस्था के रहेको छ भन्ने जानकारी लिन र त्यसमा के-कस्ता समस्या छन् ? समाधानका लागि के गर्न सकिन्छ भन्ने विषयमा मद्दत पुग्छ भन्ने ध्येयका साथ राष्ट्रिय सूचना आयोगले आर.टी.आई. अडिटको प्रयोग गरेको हो ।

केन्द्रीय स्तरका विभाग र मन्त्रालयबाट भएका काम-कारवाहीबाट मातहतका निकायलाई प्रेरित गरी सूचना प्रवाह गर्ने कार्य भयो-भएन, सूचना अधिकारीको नियुक्ति, स्वतःप्रकाशन र सूचना दिए-नदिएको छुट्टै अभिलेख राख्ने कार्य भएको छ वा छैन भन्ने सम्बन्धमा एकिन जानकारी प्राप्त गर्न पनि यस्तो अडिट गरिएको हो । भारतको केन्द्रीय सूचना आयोगमा पनि त्यहाँका सार्वजनिक निकायले यस्तो प्रतिवेदन आयोगमा स्वयम्ले उपलब्ध गराउनु पर्ने अनिवार्य व्यवस्था गरेको र आयोगले आफ्नो प्रतिवेदनमा उल्लेख गर्ने गरेको उदाहरण पाइन्छ ।

नेपालमा पनि आरटीआई अडिटको प्रचलन वि.सं. २०७३ बाट राष्ट्रिय सूचना आयोगले पहिलो पटक शुरू गरेको थियो । त्यसपछि यो निरन्तर हुँदै आएको छ । यो पाँचौ पटकको अडिट हो ।  यसपटक पनि अडिट कार्यका लागि आयोगका पूर्व प्रमुख सूचना आयुक्त, सूचना आयुक्त र नेपाल पत्रकार महासंघका पूर्व र वर्तमान सभापतिहरू चयन हुनुभएको थियो । कोभिड- १९ कारण यो बर्ष कतिपय निकायका

सूचना अधिकारी र कार्यालय प्रमुखसँग Virtual Meeting र छलफल तथा कतिपयमा स्थलगत भ्रमण गरी मन्त्रालय र मातहतका निकायमा परीक्षण गरी फर्म सङ्कलन इलष्लिभ पद्दतिबाट गर्नुपरेको छ । कतिपय पदाधिकारीसँग प्रत्यक्ष सम्बाद गरी फर्म भरी परीक्षण गरिएको छ । परीक्षण गरिएका सार्वजनिक निकायको विवरण अनुसूची र व्याख्या खण्डमा प्रस्तुत गरिएको छ । नेपाल सरकारका २२ वटा संघीय मन्त्रालय र अर्न्तगतका केन्द्रीयस्तरका निकाय र विभागहरूमा आरटिआई अडिट गरिएको छ ।

## १.३ अध्ययनको उद्देश्य

नेपालमा आरटीआई अडिट विगत पाँच वर्षदेखि मात्र सुरू भएकोले यसका विविध पक्षहरूमा अध्ययन गर्न धेरै बाँकी नै छ । सार्वजनिक निकायको काम-करवाही खुला र पारदर्शी जिम्मेवार तथा जवाफदेही बनाउने नै सूचनाको हकको मुख्य उद्देश्य रहेको छ । यस्ता उद्देश्यहरू प्राप्त गर्न सार्वजनिक निकाय सक्षम र प्रभावकारी हुनु पर्दछ । अतः सूचनाको हकको प्रयोगको अवस्था र सार्वजनिक निकायको प्रभावकारिता अध्ययन गर्न सञ्चालित आर.टी.आई अडिटको मुख्य उद्देश्यहरू निम्न बमोजिम रहेका छन् :

१. सार्वजनिक निकाय र पदाधिकारीको काम-कारवाहीलाई खुला, पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउने,
२. सूचनाको हकको प्रयोगबाट सार्वजनिक सेवा प्रवाहमा नियमितता, गुणस्तरीयता र दक्षता अभिवृद्धि गर्ने,
३. सूचना प्रवाहलाई अतिरिक्त बोझ हो भन्ने मानसिकता हटाई नियमित कार्यसम्पादनको अभिन्न अङ्ग बनाउने,
४. सार्वजनिक निकायमा रहेका जनताका आवश्यकता र सार्वजनिक महत्वका सूचनामा सरल र सहज पहुँच पुऱ्याउने,
५. भ्रष्टाचार, अनियमितता, ढिलासुस्तिलाई हटाई सुशासन कायम गर्ने,
६. लोकतान्त्रिक पद्धतिको सुदृढीकरण गर्ने ।

## १.४ अध्ययन विधि

यस अध्ययनमा आरटीआई अडिटका लागि अङ्कसहितको सङ्ख्यात्मक प्रश्नावली विधि (Quantitative Questionnaire Method) प्रयोग गरिएको छ (अनुसूची १) । परीक्षकहरूमा आयोगका पूर्व प्रमुख सूचना आयुक्त, आयुक्तहरू र नेपाल पत्रकार महासंघका पूर्व र वर्तमान सभापतिहरू रहनुभएको छ । अडिटरले पहिले नै सेट गरिएका प्रश्नहरूमार्फत् तथ्याङ्क सङ्कलनको काम गर्नुभएको छ । उहाँहरूलाई राष्ट्रिय सूचना आयोगद्वारा तयार गरिएका १० वटा प्रश्नावलीको सेट दिइएको छ । सङ्कलकहरूले प्रत्यक्ष एवम् स्थलगत अध्ययन गरी प्रश्न सोध्ने, Virtual माध्यमबाट अर्न्तवार्ता, अन्तरक्रिया र छलफल गरी तथ्याङ्क सङ्कलन गर्नुभएको छ । कोभिड- १९ का कारण सबैजनासँग प्रत्यक्ष सम्बाद हुन नसके पनि इलष्लिभ पद्धति, Virtual Meeting र छलफल गरी परीक्षण गरिएको छ । सबै मन्त्रालय र मातहतका विभागलाई एकैखाले प्रश्न तयार गरिएको छ । हरेक प्रश्नमा बहुरोजाई (Multiple Option) दिइएको छ ।

परीक्षणमा १० ओटा प्रश्न सोधिएको छ । प्राप्त उत्तरलाई वैज्ञानिक बनाउन विश्लेषणका लागि निम्नबमोजिम तीन वर्गमा वर्गीकृत गरी प्राप्ताङ्कको विश्लेषण गरिएको छ :

- सोधिएका प्रश्नको पूर्ण उपलब्धी भएको – ६ देखि १० अङ्क

- सोधिएका प्रश्नको आंशिक उपलब्धी भएको – १ देखि ५ अङ्क
- सोधिएका प्रश्नको उपलब्धी हासिल नभएको – ० अङ्क

प्राप्त अङ्कका आधारमा तथ्याङ्कको प्रस्तुति र विश्लेषण गरिएको छ । विश्लेषणका क्रममा तिनै प्राप्ताङ्कको अवस्था र प्रकृतिको व्याख्या गरिएको छ । कुन मन्त्रालय वा विभागले के कति अङ्क पाए भनेर सङ्ख्यात्मक गणना (Quantitative) विधिबाट प्राप्त तथ्याङ्कको प्रस्तुति र विश्लेषण गरिएको छ । यस अध्ययनको क्षेत्र मुख्यतः नेपालका सबै २२ वटा संघीय मन्त्रालय, केन्द्रीय निकाय र ती मन्त्रालय अन्तर्गतका केही केन्द्रीय विभागहरु हुन् ।

## १.५ अध्ययनको औचित्य

सूचनाको हकको राम्रो कार्यान्वयनबाट लोकतन्त्रको सुदृढीकरण भएको पाइन्छ । सार्वजनिक निकाय र पदाधिकारी खुला, पारदर्शी, र उत्तरदायी हुने र सुशासन कायम गर्न सकिने विश्वास गरिन्छ । सुशासन भएका देशहरूको अनुभवबाट यो सिद्ध पनि भएको छ कि जहाँ सूचनाको हकको कार्यान्वयनको अवस्था राम्रो छ त्यस देशका नागरिक र सरकार सुखी र समृद्ध पनि छन् ।

नेपालमा सूचनाको हकसम्बन्धी ऐन कार्यान्वयनमा आएको १३ बर्ष पूरा भइसकेको छ । यसबीचमा यस ऐनको कार्यान्वयनका पक्षमा गरिएका समीक्षाहरूको मूल्याङ्कन गर्दा कार्यान्वयनको अवस्था अपेक्षा अनुसार नभएको भन्ने भएता पनि केही महत्वपूर्ण उपलब्धी पनि हासिल भएका छन् । तथापि, सूचनाको हकको कार्यान्वयनको क्षेत्रमा सुधारका लागि गर्नुपर्ने धेरै कार्य बाँकी नै छन् ।

देशको केन्द्रीय प्रशासनिक निकायहरूमा गरिएको यस अध्ययनबाट मुलुकका सरकारी निकायमा यस कानुनप्रतिको कार्यान्वयनको अवस्था बाहिर आउने र त्यस क्रममा देखिएका कमी र कमजोरीहरू सच्याई सुशासन कायम गराउन सकिने अवस्था पनि सिर्जना हुनेछ । तसर्थ, देशमा सूचनाको हकसम्बन्धी कानुन के-कसरी पालना र प्रचलन गरिएको छ भन्ने अवस्था बुझ्न परीक्षणले सहयोग गरेको छ ।

नेपाल राज्य संघीय संरचनामा गएको छ । देशमा संघीय, प्रादेशिक र स्थानीय सरकार स्थापना भएको छ । संघीय, प्रदेश र स्थानीय तहमा जननिर्वाचित प्रतिनिधिहरू छन् । त्यसैले पनि संघीय सरकारमा गरिने परीक्षणका यस्ता कार्यहरु अरू प्रदेश र स्थानीय सरकारसम्म पनि प्रतिबिम्बित हुन जरूरी छ । यस कारण प्रस्तुत अध्ययनको औचित्य अझ बढिरहेको छ किनभने प्रदेश र स्थानीय निकायले पनि केन्द्रकै अनुशरण गरी सूचनाको हकको प्रयोगलाई आफ्नो कार्यसम्पादनसँग जोड्दा सहायता पुग्नेछ भन्ने विश्वास गर्न सकिन्छ ।

## १.६ अध्ययनका सीमा

प्रस्तुत अडिट प्रतिवेदनमा नेपाल सरकारका २२ वटा मन्त्रालय र यस अन्तर्गतका केही केन्द्रीय स्तरका निकाय र विभागमा तथ्याङ्क सङ्कलन गरिएको छ । ती मन्त्रालय, केन्द्रीय निकाय र विभागका लागि १० वटा पहिल्यै तयार पारिएका प्रश्न (Structural Question) सोधिएको छ र ती प्रश्नका लागि तोकिएको

नम्बर दिइएको छ । यसरी सङ्कलित तथ्याङ्कका आधारमा तथ्य प्रस्तुत गरिएको छ ।

तथ्याङ्क परीक्षणको नतिजाको निश्पक्षतालाई मध्यनजर गर्दै आयोगभन्दा बाहिरका स्वतन्त्र व्यक्तित्वहरूलाई तथ्याङ्क सङ्कलन र परीक्षणको जिम्मेवारी दिइएको छ । उहाँहरूले स्थलगत, Online र Virtual माध्यमबाट प्रश्नोउत्तर, अर्न्तवार्ता, छलफल, अन्तरक्रिया र अवलोकन गरी तथ्याङ्क सङ्कलन गर्नुभएको छ । उहाँहरूले सङ्कलन गर्नुभएको तथ्याङ्कको आधारमा प्रत्येक प्रश्नबापत प्राप्त हुने नम्बर पनि उहाँहरू आफैले दिनुभएको छ र सोही अनुसार प्रतिवेदन दिनु भएको छ ।

उहाँहरूले मन्त्रालयगत रूपमा सङ्कलन गर्नुभएको तथ्याङ्क र दिनुभएका सुझावहरूलाई यहाँ जस्ताको त्यस्तै प्रस्तुत गरिएको छ । यसैगरी मन्त्रालयगत रूपमा एवम् समग्रमा प्राप्त निष्कर्ष पनि उहाँहरूले नै निकालेको निष्कर्ष हो । यसरी प्राप्त नम्बर, यस अध्ययनको निष्कर्ष र तथ्याङ्क सङ्कलनको सुझावमा समेत राष्ट्रिय सूचना आयोगको संलग्नता छैन । साथै आरटीआई अडिट गरिएका निकायहरूको अडिटहरूबाट दिएको प्रतिवेदनलाई एकीकृत गरी प्रस्तुत गरिएकोले तथ्यहरूमा प्रतिवेदकको पनि कुनै संलग्नता रहेको छैन । यो नै यस अध्ययनको मुख्य सीमा हो ।

## अध्याय- २

# सूचकाङ्कको मन्त्रालयगत तुलनात्मक अध्ययन तथा नतिजा

### (क) अध्ययनको नतिजा

परीक्षणका लागि सूचकहरूको गणनालाई कूल १०० पूर्णाङ्क मानी परीक्षणको अवस्था अध्ययन गरिएको छ । अध्ययनमा समेटिएका कूल २२ वटा संघीय मन्त्रालयहरूले २०७३ देखि २०७७ सम्म प्राप्त गरेको अङ्क र निम्न बमोजिम तालिका १ र २ मा प्रस्तुत गरिएको छ ।

**तालिका १**

**सूचना प्रवाहको पाँच वर्षको तुलनात्मक स्थिति**

| क्र.सं. | अङ्क प्राप्तिको विवरण | मन्त्रालयको सङ्ख्या | | | | |
|---|---|---|---|---|---|---|
| | | २०७३ | २०७४ | २०७५ | २०७६ | २०७७ |
| १. | ५० वा सोभन्दा कम अङ्क प्राप्त गर्ने | २ | - | - | - | - |
| २. | ५१ देखि ६० अङ्क | - | ३ | ३ | - | - |
| ३. | ६१ देखि ७० अङ्क | ४ | ५ | - | ३ | - |
| ४. | ७१ देखि ८० अङ्क | ६ | ४ | १ | ४ | ६ |
| ५. | ८१ देखि ९० अङ्क | ९ | ११ | १२ | ६ | ६ |
| ६. | ९१ देखि १०० अङ्क | १० | ८ | ५ | ९ | १० |
| | मन्त्रालयको कूल सङ्ख्या | ३१ | ३१ | २१ | २२ | २२ |

**तालिका नं. २**

**मन्त्रालयहरूले प्राप्त गरेको अङ्कको तुलनात्मक तालिका (२०७७)**

| क्र.सं. | मन्त्रालयहरूको नाम | कूल अङ्क |
|---|---|---|
| १ | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ७५ |
| २ | अर्थ मन्त्रालय | ८० |
| ३ | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | ९१ |
| ४ | ऊर्जा, जलस्रोत तथा सिँचाई मन्त्रालय | ९७ |
| ५ | कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय | ७८ |
| ६ | कृषि तथा पशुपन्छी विकास मन्त्रालय | १०० |
| ७ | खानेपानी मन्त्रालय | १०० |
| ८ | गृह मन्त्रालय | ७४ |
| ९ | परराष्ट्र मन्त्रालय | ९२ |
| १० | भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय | ८९ |
| ११ | भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय | ९५ |
| १२ | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | ८७ |

| क्र.सं. | मन्त्रालयहरूको नाम | कूल अङ्क |
|---|---|---|
| १३ | युवा तथा खेलकुद मन्त्रालय | ८६ |
| १४ | रक्षा मन्त्रालय | ७६ |
| १५ | वन तथा वातावरण मन्त्रालय | ९० |
| १६ | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | ९२ |
| १७ | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | ९१ |
| १८ | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | ७९ |
| १९ | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | ८६ |
| २० | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | ९३ |
| २१ | सहरी विकास मन्त्रालय | ९२ |
| २२ | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | ९० |

प्रस्तुत अध्ययनको नतिजा अनुसार मन्त्रालयहरूले सूचना अधिकारी तोकेको, तर धेरैजसो मन्त्रालयले वा विभागमा सूचना शाखाको छुट्टै व्यवस्था र सूचना अधिकारीको पहुँचमा सूचना पुऱ्याएको भने पाइएन । प्रत्येक ३/३ महिनामा गर्नुपर्ने स्वतः खुलासा मन्त्रालय र विभागहरूले एक/दुई पटक गर्ने गरेका पाइएको छ । धेरै मन्त्रालयहरूले ऐनको ढाँचा अनुसार नियमित प्रकाशन नगरेका देखिएको छ । तर मन्त्रालय र केन्द्रीय निकायले आफ्नो कार्यक्षेत्र, प्रकाशनहरू, वार्षिक कार्यक्रम, नीति, प्रगति विवरण, खरीदबिक्री सम्बन्धी टेण्डर आह्वान, सेवा प्राप्ति र प्रवाह सम्बन्धी विवरण वेबसाइटमा प्रकाशन गरेका छन् । साथै नागरिक बडापत्र, उजुरी पेटिका, गुनासो सुन्ने व्यवस्था गरेको पाइन्छ धेरैजसो मन्त्रालयहरूको सूचना अधिकारीले सूचना माग र प्रवाहको छुट्टै फाइल र दर्ता चलानी राखिएको पाइन्छ ।

आफ्नो र अन्तर्गतका निकायहरूमा कर्मचारीहरूलाई तालिम, प्रशिक्षणका सन्दर्भमा तालिम केन्द्र/प्रतिष्ठान भएका मन्त्रालय अन्तर्गतका यस्ता केन्द्रहरूले सूचनाको हकसम्बन्धी विषयलाई पनि पाठ्यक्रमको रूपमा राख्ने गरेको पाइएको छ । तर सबै मन्त्रालयहरूमा समग्र कर्मचारीहरूलाई सूचनाको हकसम्बन्धी छुट्टै तालिम, प्रशिक्षण तथा अन्तरक्रिया गरेको र गर्ने नीति योजना र कार्यक्रम भने पाइएन । समष्टिगत रूपमा भन्नुपर्दा सूचनाको हकसम्बन्धी चेतना, जागरूकता र सक्रियता भने बढेको पाइएको छ । सूचना माग भइहालेमा नदिने भने सोचाइ क्रमिक रूपमा घट्दै गएको पाइनुलाई सूचनाको हककै सफलता मान्नु पर्दछ । धेरैजसो मन्त्रालय र मातहत निकायमा सूचना अधिकारीले तालिम प्राप्त गर्ने अवसर नपाएको देखिएको छ ।

सूचना वर्गीकरण नभएका कारण सूचना प्रवाहमा अन्योल र अस्पष्टता देखिएको छ । सूचना अधिकारी बरिष्ट अधिकृत तोकिएको पाइएन । प्रवक्ता र सूचना अधिकारी एकै व्यक्ति भएमा कार्य सम्पादन गर्न सजिलो हुने राय प्राप्त भएको छ । सूचना अधिकारी Interactive नभएको र अतिरिक्त कार्य गर्नुपरेको बुझाइ रहेको छ । स्वतः प्रकाशन र सूचना माग, प्रवाह र इनकारी सम्बन्धी विवरण एकमुष्ट प्राप्त गर्न सकिएको देखिएन । सूचना अधिकारीलाई उत्प्रेरणा जगाउने र वृत्ति विकासको अवसर तथा मौद्रिक प्रोत्साहन पनि भएको पाइएन ।

## (ख) परीक्षणमा समेटिएका मन्त्रालयहरू

सूचनाको हक कार्यान्वयनका सन्दर्भमा नेपाल सरकारका निम्न बमोजिमका २२ वटा संघीय मन्त्रालय र अर्न्तगतका केन्द्रीयस्तरका निकायहरूको अध्ययन गरिएको थियो । अध्ययनबाट प्राप्त नतिजा अनुसार मन्त्रालय मातहतका कतिपय केन्द्रीय निकायहरूबाट सूचनाको हकका सन्दर्भमा भए गरेका कार्यहरूको सूची र प्राप्त अङ्क पनि समेटिएको छ । सर्वेक्षणमा समेटिएका मन्त्रालयहरूको नाम तलको तालिकामा दिइएको छ । मन्त्रालय र अर्न्तगतका केन्द्रीय निकायले प्राप्त गरेको प्रतिवेदनमा प्राप्त भएसम्मको नतिजा विवरण यसै प्रतिवेदनको अनुसूचीमा संलग्न गरिएको छ ।

तालिका नं. ३

| क्र.सं. | मन्त्रालयहरूको नाम |
|---|---|
| १ | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| २ | अर्थ मन्त्रालय |
| ३ | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय |
| ४ | ऊर्जा, जलस्रोत तथा सिँचाई मन्त्रालय |
| ५ | कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय |
| ६ | कृषि तथा पशुपन्छी विकास मन्त्रालय |
| ७ | खानेपानी मन्त्रालय |
| ८ | गृह मन्त्रालय |
| ९ | परराष्ट्र मन्त्रालय |
| १० | भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय |
| ११ | भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय |
| १२ | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय |
| १३ | युवा तथा खेलकुद मन्त्रालय |
| १४ | रक्षा मन्त्रालय |
| १५ | वन तथा वातावरण मन्त्रालय |
| १६ | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय |
| १७ | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय |
| १८ | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय |
| १९ | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय |
| २० | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय |
| २१ | सहरी विकास मन्त्रालय |
| २२ | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय |

## (ग) सूचकाङ्कको मन्त्रालयगत तुलनात्मक अध्ययन

राष्ट्रिय सूचना आयोगले तयार पारेको १० वटा सूचकाङ्क/प्रश्नावलीका अनुसार परीक्षकबाट परीक्षण र मूल्याङ्कन गरी दिएको प्रतिवेदनको आधारमा २२ वटा मन्त्रालयहरूको दशवटा सूचकाङ्कमा प्राप्त नतिजाको तुलनात्मक अवस्थाको विश्लेषण निम्न बमोजिम रहेको देखिन्छ ।

## १. सूचना अधिकारीको व्यवस्था गरिएको

सबै मन्त्रालयले सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ६ बमोजिम  सूचना अधिकारीको व्यवस्था गरिएको अध्ययनले देखाएको छ । तर मन्त्रालयहरूमा छुट्टै सूचना शाखा गठन नभएको अवस्था पाइएको छ ।  सूचना अधिकारीकै पहुँचमा पनि सूचना नपगेुको कारणबाट नियमित रूपमा सूचना प्रवाह गर्नुपर्ने र सूचना माग भएको अवस्थामा सूचना अधिकारीले सूचना खोज्दै हिड्नुपर्ने अवस्था अध्ययनमा देखिएको छ । केन्द्रीय स्तरका मन्त्रालय अन्तर्गतका केही निकायमा भने सूचना अधिकारी तोकेको पाइएन । अध्ययनका क्रममा निम्न मन्त्रालयमा सूचना अधिकारीको व्यवस्था गरिएको पाइएको छ :

**सूचना अधिकारीको व्यवस्था गरिएका मन्त्रालयहरू**

| | |
|---|---|
| १ | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| २ | अर्थ मन्त्रालय |
| ३ | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय |
| ४ | ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय |
| ५ | कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय |
| ६ | कृषि तथा पशुपन्छी विकास मन्त्रालय |
| ७ | खानेपानी मन्त्रालय |
| ८ | गृह मन्त्रालय |
| ९ | परराष्ट्र मन्त्रालय |
| १० | भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय |
| ११ | भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय |
| १२ | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय |
| १३ | युवा तथा खेलकुद मन्त्रालय |
| १४ | रक्षा मन्त्रालय |
| १५ | वन तथा वातावरण मन्त्रालय |
| १६ | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय |
| १७ | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय |
| १८ | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय |
| १९ | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय |
| २० | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय |
| २१ | सहरी विकास मन्त्रालय |
| २२ | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय |

## २. स्वतः प्रकाशन

सूचनाको हकसम्वन्धी ऐन २०६४ को दफा ५ मा सार्वजनिक निकायहरूले आ–आफ्नो निकायसँग सम्वन्धित सूचना प्रत्येक ३/३ महिनामा स्वतः खुलासा (Pro-Active Disclosures) सार्वजनिक गर्नुपर्ने प्रावधान छ । अध्ययनमा समेटिएका २२ वटा मन्त्रालयहरु सबैले सूचना सार्वजनिक गर्ने गरेको पाइएको छ । यद्यपि केही

मन्त्रालयले नियमित रूपमा नगरी आंशिक र पटके रूपमा पनि गर्ने गरेको अध्ययनले देखाएको छ । तर सबै मन्त्रालयको Website मा स्वतः प्रकाशन खोज्न गहिरिएर अध्ययन गनुपर्छ । स्वतः प्रकाशन स्पष्ट देखिने गरी राखिएको पाइँदैन । छुट्टै RTI Menu राखेको पनि पाइएन । केन्द्रीय निकायहरूले स्वतः प्रकाशन नियमित रूपमा गर्ने गरेको पाइएन । Website मा उल्लेख गरेको पनि देखिएन ।

| **नियमित रूपमा सूचना प्रकाशन गर्ने मन्त्रालयहरू**<br>(**६ देखि १० अंक**) |
|---|
| ■ प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय<br>■ अर्थ मन्त्रालय<br>■ ऊर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय<br>■ उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय<br>■ कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय<br>■ कृषि तथा पशुपन्छी विकास मन्त्रालय<br>■ खानेपानी मन्त्रालय<br>■ गृह मन्त्रालय<br>■ परराष्ट्र मन्त्रालय<br>■ वन तथा वातावरण मन्त्रालय<br>■ भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय<br>■ भूमी व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय<br>■ महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय<br>■ युवा तथा खेलकुद मन्त्रालय<br>■ रक्षा मन्त्रालय<br>■ शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय<br>■ सहरी विकास मन्त्रालय<br>■ सञ्चार तथा सूचना प्रविधि मन्त्रालय<br>■ संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय<br>■ स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय<br>■ संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय<br>■ श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय |
| २२ |

## ३. सूचना माग र प्रवाहको अभिलेख राखेको

राष्ट्रिय सूचना आयोगले सूचना माग, प्रवाह र इन्कारीको छुट्टै रजिष्ट्रर र फाइल खडा गरी राख्न र यसको विवरण आयोगमा नियमित रूपमा पठाउन आदेश गरेको अवस्था छ । यद्यपि धेरैजसो मन्त्रालयको मूल दर्ता चलानीमा अभिलेख रहने र सूचना अधिकारीले आफ्नो अभिलेखमा छुट्टै राख्ने गरेको जानकारी र अभिलेख देखाएको पनि पाइएको छ । सर्वेक्षणले २२ वटै मन्त्रालयका सूचना अधिकारीले सूचना माग र

प्रवाहको छुट्टै दर्ता किताब, अभिलेख र फाइल खडा गरेको देखाएको छ । तर मन्त्रालय तथा अन्तर्गतका केन्द्रीय निकायमा कति सूचना माग र प्रवाह भयो र इन्कार भयो भन्ने एकीकृत विवरण भने मन्त्रालयहरूले अभिलेख राखेको पाइएन । साथै कुनै प्रतिवेदनमा उल्लेख गर्ने गरेको पनि देखिएन ।

| **सूचना माग र प्रवाहको छुट्टै दर्ता किताब, अभिलेख र फाइल पूर्ण रुपमा खडा गर्ने मन्त्रालयहरू** (६ देखि १० अङ्क प्राप्त गर्नेहरू) |
|---|
| ■ प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय<br>■ अर्थ मन्त्रालय<br>■ उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय<br>■ ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय<br>■ कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय<br>■ कृषि तथा पशुपन्छी विकास मन्त्रालय<br>■ खानेपानी मन्त्रालय<br>■ गृह मन्त्रालय<br>■ परराष्ट्र मन्त्रालय<br>■ भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय<br>■ भूमी व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय<br>■ महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय<br>■ युवा तथा खेलकुद मन्त्रालय<br>■ रक्षा मन्त्रालय<br>■ वन तथा वातावरण मन्त्रालय<br>■ शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय<br>■ सहरी विकास मन्त्रालय<br>■ सञ्चार तथा सूचना प्रविधि मन्त्रालय<br>■ संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय<br>■ संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय<br>■ स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय<br>■ श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय |
| २२ |

## ४. सूचना माग र प्रवाहको तथ्याङ्क संग्रह गर्ने पहल गरेको

परीक्षणमा सूचना अधिकारी वा शाखा, महाशाखाले मन्त्रालय र मातहत सूचनाको हकको क्षेत्रमा भइरहेका गतिविधिलाई एकीकृत गर्ने, निर्देशन गर्ने, मन्त्रालय र मातहत निकायमा परेको सूचना माग र प्रवाहको तथ्याँक राख्ने पहल आरम्भ गरे, नगरेको सम्बन्धमा अध्ययन गरिएको थियो । सबै मन्त्रालयले अभिलेख राखे पनि मातहत निकायले भने न्यून माग भएकाले छुट्टै विवरण राख्ने नगरेको पाइएको छ ।

| क्र. सं. | नरहेको (शून्य अङ्क) | आंशिक प्रतिबद्धता रहेको मन्त्रालय (१ देखि ५ अङ्क) | धेरै प्रतिबद्धता रहेका मन्त्रालयहरू (६ देखि १० अङ्क) |
|---|---|---|---|
| १. | | अर्थ मन्त्रालय<br>गृह मन्त्रालय | ■ प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय<br>■ ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय<br>■ उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय<br>■ कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय<br>■ कृषि तथा पशुपन्छी विकास मन्त्रालय<br>■ खानेपानी मन्त्रालय<br>■ परराष्ट्र मन्त्रालय<br>■ भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय<br>■ भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय<br>■ महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय<br>■ युवा तथा खेलकुद मन्त्रालय<br>■ रक्षा मन्त्रालय<br>■ वन तथा वातावरण मन्त्रालय<br>■ शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय<br>■ सञ्चार तथा सूचना प्रविधि मन्त्रालय<br>■ स्वास्थ्य तथा जनसंख्या मन्त्रालय<br>■ संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय<br>■ संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय<br>■ श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय<br>■ सहरी विकास मन्त्रालय |
| | | २ | २० |

## ५. सूचना अधिकारीको बोर्ड र सूचनाको हकसम्बन्धी सन्देशमूलक जानकारी राखेको

मन्त्रालयहरूको प्रवेशद्वारमा वा स्वागत कक्षमा सूचना अधिकारीको बोर्ड राखे/नराखेको, सूचना शाखा, महाशाखा पहिचान हुने व्यवस्था गरे/नगरेको र सूचनाको हक झल्किने गरी कुनै सन्देशमूलक होर्डिङ्ग बोर्ड टाँसे/नटाँसेको सम्बन्धमा अध्ययन गरिएको थियो । सूचना अधिकारीको बोर्ड सबै मन्त्रालयमा रहेको तर कुन तला वा कोठा नं. मा सूचना अधिकारीको कार्यकक्ष रहेको भन्ने देखिएन । तर छुट्टै सूचना शाखा महाशाखा भने नरहेको पाइयो । तर छुट्टै सूचनामूलक जानकारी वा सन्देश टाँस भने सबै मन्त्रालयमा गरेको पाइएन । कुनै कुनै मन्त्रालयले आफ्नो कामसँग सम्बन्धित सन्देशको सूचना सम्बन्धी Flex बोर्ड र नागरिक वडापत्र टाँस गरेको पाइयो । Website मा सूचना अधिकारीको फोटो र विवरण राखेको भने पाइयो । तर कतिपय मन्त्रालय र केन्द्रीय स्तरका निकायले सूचना अधिकारीको पद, दर्जा, श्रेणी वा मोबाइल नं., प्
ञ्याक्स र टेलिफोन नम्बर र कोठा नं. नराखेको पाइयो ।

| सूचना अधिकारी सम्बन्धी विवरण राख्ने मन्त्रालयहरू<br>(६ देखि १० अङ्क) |
|---|
| ■ प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय<br>■ अर्थ मन्त्रालय<br>■ उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय<br>■ ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय<br>■ कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय<br>■ कृषि तथा पशुपन्छी विकास मन्त्रालय<br>■ खानेपानी मन्त्रालय<br>■ गृह मन्त्रालय<br>■ परराष्ट्र मन्त्रालय<br>■ भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय<br>■ भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय<br>■ महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय<br>■ युवा तथा खेलकुद मन्त्रालय<br>■ रक्षा मन्त्रालय<br>■ वन तथा वातावरण मन्त्रालय<br>■ शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय<br>■ सहरी विकास मन्त्रालय<br>■ सञ्चार तथा सूचना प्रविधि मन्त्रालय<br>■ स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय<br>■ संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय<br>■ संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय<br>■ श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय |
| २२ |

## ६. वेबसाइटमा सूचना अधिकारीको विवरण अद्यावधिक र स्वतः प्रकाशन राखेको

परीक्षणमा मन्त्रालयको वेबसाइटमा सूचना अधिकारीको विवरण र स्वतः प्रकाशन गरे/नगरेको विषयमा जानकारी माग तथा अध्ययन गरिएको थियो । प्राप्त प्रतिवेदन अनुसार मन्त्रालयहरूले छुट्टै RTI Menu राखेको पाइएन । सबै मन्त्रालयले सूचना अधिकारीको फोटो र सम्पर्क नम्बर वेबसाइटमा राखेको पाइयो । धेरैजसो मन्त्रालयहरूले स्वतः खुलासा पनि राखेको पाइयो । केही मन्त्रालयहरूले प्रगति विवरण र प्रकाशन राखेको पाइयो । तर  ढाँचा अनुसारको स्वतः खुलासाभन्दा पनि मन्त्रालयका सूचनाहरू ऐन, नियमहरू, परिपत्र,, नीति, कार्यक्रम, बजेट, कार्यक्षेत्र, प्रगति विवरण, तालिम आदिका विवरणहरू बढी राखेको पाइयो ।

| **विवरण राख्ने मन्त्रालयहरू**<br>**(६ देखि १० अङ्क)** |
| --- |
| ■ प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय<br>■ अर्थ मन्त्रालय<br>■ ऊर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय<br>■ उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय<br>■ कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय<br>■ कृषि तथा पशुपंक्षी विकास मन्त्रालय<br>■ खानेपानी मन्त्रालय<br>■ गृह मन्त्रालय<br>■ परराष्ट्र मन्त्रालय<br>■ भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय<br>■ भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय<br>■ महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय<br>■ युवा तथा खेलकुद मन्त्रालय<br>■ रक्षा मन्त्रालय<br>■ वन तथा वातावरण मन्त्रालय<br>■ शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय<br>■ सहरी विकास मन्त्रालय<br>■ स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय<br>■ सञ्चार तथा सूचना प्रविधि मन्त्रालय<br>■ संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय<br>■ संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय<br>■ श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय |
| २२ |

## ७. वेबसाइट अद्यावधिक रहेको

सबै मन्त्रालयको वेबसाइट रहेको पाइएको छ । अध्ययनमा मन्त्रालयहरूको वेबसाइटमा ऐन, नियम, निर्देशिका नयाँ सूचना विज्ञप्ति, कार्यक्षेत्र, प्रगति विवरण, प्रकाशन, तालिम, प्रशिक्षण, चौमासिक/बार्षिक प्रगति विवरणहरू राखेको भने पाइयो । प्राप्त परीक्षण प्रतिवेदनका आधारमा २२ वटै मन्त्रालयले वेबसाइट राखेको पाइएको छ । केन्द्रीय स्तरका धेरै निकायहरूको ध्दकष्तभ अद्यावधिक गरेको देखिएन ।

| वेवसाइट अद्यावधिक गर्ने मन्त्रालयहरू (६ देखि १० अङ्क) |
|---|
| ■ प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय<br>■ अर्थ मन्त्रालय<br>■ उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय<br>■ ऊर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय<br>■ कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय<br>■ कृषि, तथा पशुंक्षी विकास मन्त्रालय<br>■ खानेपानी मन्त्रालय<br>■ गृह मन्त्रालय<br>■ परराष्ट्र मन्त्रालय<br>■ भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय<br>■ भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय<br>■ महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय<br>■ युवा तथा खेलकुद मन्त्रालय<br>■ रक्षा मन्त्रालय<br>■ वन तथा वातावरण मन्त्रालय<br>■ शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय<br>■ सहरी विकास मन्त्रालय<br>■ स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय<br>■ सञ्चार तथा सूचना प्रविधि मन्त्रालय<br>■ संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय<br>■ संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय<br>■ श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय |

## ८. सूचना प्रवाहमा अग्रसरता लिएको

परीक्षणमा सूचना प्रवाहमा मन्त्रालय अग्रसर भए नभएको, नियमित रूपमा मिट द प्रेस गरे/नगरेको, सूचनापाटी व्यवस्थित भए/नभएको, उजुरीपेटीका भए/नभएको, गुनासो व्यवस्था गरे/नगरेको लगायतका समष्टीगत स्थितिको मूल्याङ्कन गरिएको थियो । परीक्षणबाट सूचना प्रवाह गर्दा धेरैजसो मन्त्रालयहरूले प्रेस सूचना, विज्ञप्ति, मिट दि प्रेस गर्ने गरेको पाइयो । साथै प्रकाशित सूचनाहरू Website मा राख्ने गरेको पनि पाइयो । उजुरी पेटिका र गुनासो सुन्ने प्रक्रिया पनि रहेको देखियो । मन्त्रालय वा केन्द्रीय निकायका महत्वपूर्ण विवरणहरू सार्वजनिक गर्ने र मन्त्रिस्तरीय वा प्रवक्ताबाट मिट दि प्रेस गर्ने गरेको पनि पाइएको छ ।

| **सूचना प्रवाह गर्ने मन्त्रालयहरू**<br>(६ देखि १० अङ्क) |
|---|
| ■ प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय<br>■ अर्थ मन्त्रालय<br>■ उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय<br>■ ऊर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय<br>■ कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय<br>■ कृषि तथा पशुपंक्षी विकास मन्त्रालय<br>■ खानेपानी मन्त्रालय<br>■ गृह मन्त्रालय<br>■ परराष्ट्र मन्त्रालय<br>■ भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय<br>■ भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय<br>■ महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय<br>■ युवा तथा खेलकुद मन्त्रालय<br>■ वन तथा वातवरण मन्त्रालय<br>■ रक्षा मन्त्रालय<br>■ शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय<br>■ सहरी विकास मन्त्रालय<br>■ स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय<br>■ सञ्चार तथा सूचना प्रविधि मन्त्रालय<br>■ संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय<br>■ संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय<br>■ श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय |
| २२ |

## ९. सूचनाको हकसम्बन्धी तालिमको व्यवस्था

सूचना अधिकारीहरूलाई तालिम, प्रशिक्षण दिने मन्त्रालयहरूको खासै नीति भएको पाइएन । तर राष्ट्रिय सूचना आयोगबाट दिइएको वा दिने प्रशिक्षण र अर्न्तक्रिया कार्यक्रममा सूचना अधिकारी सहभागी भई प्रशिक्षण लिने गरेको पाइयो । धेरै मन्त्रालय वा अन्तर्गतका कार्यालयहरूमा सरूवा, बढुवा भई नयाँ आउने सूचना अधिकारीलाई तालिम प्राप्त नभएको अवस्था पनि अध्ययनले देखाएको छ । केही मन्त्रालय वा अन्तर्गतका तालिम केन्द्रहरूमा सूचनाको हकसम्बन्धी पाठ्यक्रम समावेश भएको र तालिम प्रशिक्षण दिने गरेको जानकारी प्राप्त भयो । धेरैजसो मातहत निकायका सूचना अधिकारीले तालिम नलिएको पाइएको छ । तालिम दिने निकायबारे जानकारी पनि नभएको पाइएको छ । तर मन्त्रालयकै सूचना अधिकारीले मन्त्रालय वा अर्न्तगतका सबै निकाय समेटी सूचनाको हकसम्बन्धी तालिम र प्रशिक्षण सम्बन्धी कार्यक्रम तर्जुमा गर्ने नीतिगत व्यवस्था गरेको भने पाइएन । मूल्याङ्कनमा दुई वटा मन्त्रालयको सूचनाको हकसम्बन्धी तालिम

नगरेको पाइए पनि छलफलमा उत्साह प्रदर्शन गरेको पाइएको छ । २० वटा मन्त्रालयका सूचना अधिकारीले सूचनाको हकसम्बन्धी तालिम लिएको बताएका छन् ।

| क्र. सं. | तालिम सञ्चालन नभएका मन्त्रालयहरू | आंशिक तालिम सञ्चालन नभएका मन्त्रालयहरू तर अन्य कार्य गरेको (१ देखि ५ अङ्क) | तालिम प्राप्त गरेका मन्त्रालयहरू (६ देखि १० अङ्क) |
|---|---|---|---|
| १. | | ■ प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय<br>■ कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय | ■ अर्थ मन्त्रालय<br>■ उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय<br>■ ऊर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय<br>■ कृषि तथा पशुपन्छी विकास मन्त्रालय<br>■ खानेपानी मन्त्रालय<br>■ गृह मन्त्रालय<br>■ परराष्ट्र मन्त्रालय<br>■ भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय<br>■ भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय<br>■ महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय<br>■ युवा तथा खेलकुद मन्त्रालय<br>■ रक्षा मन्त्रालय<br>■ वन तथा वातावरण मन्त्रालय<br>■ शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय<br>■ सहरी विकास मन्त्रालय<br>■ स्वास्थ्य तथा जनसंख्या मन्त्रालय<br>■ सञ्चार तथा सूचना प्रविधि मन्त्रालय<br>■ संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय<br>■ संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय<br>■ श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय |
| | | २ | २० |

## १०. सूचनाको हकको समष्टीगत मूल्याङ्कन स्तर

सूचनाको हकसम्बन्धी ऐनले सार्वजनिक निकायको दायित्व तोकेको छ, जसअनुसार सूचनाको हकको सम्मान गर्नु पर्ने, सूचना वर्गीकरण गर्नु पर्ने, विभिन्न राष्ट्रिय भाषामा आफ्ना सामग्री प्रचारप्रसार गर्नु पर्ने, आमसञ्चार माध्यमको उपयोग गर्नु पर्ने लगायतको व्यवस्था गरेको छ । सर्वेक्षणमा यी प्रावधानको समष्टीगत मूल्याङ्कन गरिएको छ । प्राप्त प्रतिवेदन अनुसार सूचनाको वर्गीकरण गरेको पाइएन । यसैगरी मन्त्रालय मातहत कही केन्द्रीय निकायमा सूचना अधिकारी नतोकेको र तोकिएकोमा तालिम प्राप्त नभएको पाइएको छ । सूचना अधिकारीलाई प्रोत्साहन दिनुपर्ने देखिएको छ । स्वतः प्रकाशन छुट्टै RTI Menu मा उल्लेख गरिएको पाइएन । website र प्रेसबाट प्रगति विवरण र अन्य सूचना प्रवाह गर्ने गरेको पाइयो । मन्त्रालयहरूमा छुट्टै रजिष्टर राखिएको भए पनि मातहत निकायमा राख्ने नगरेको र मन्त्रालयहरूले पनि मातहत निकायको सूचना माग, प्रवाह र इन्कारीको विवरण राख्ने गरेको पाइएन । सूचना अधिकारीको फोटो, सम्पर्क नं., website मा भए पनि सबै निकायमा Flex मा राखेको पाइएन । केही मन्त्रालयहरूले website मा सबै विवरण राख्ने गरेको पाइएन । साथै भएका विवरण पनि सजिलै देखिने गरी राखेको पाइएन ।

| **मूल्याङ्कन स्तर उत्कृष्ट रहेका मन्त्रालयहरू**<br>(**६ देखि १० अङ्क प्राप्त गर्नेहरू**) |
|---|
| ■ प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय<br>■ अर्थ मन्त्रालय<br>■ उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय<br>■ ऊर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय<br>■ कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय<br>■ कृषि तथा पशुपंक्षी विकास मन्त्रालय<br>■ खानेपानी मन्त्रालय<br>■ गृह मन्त्रालय<br>■ परराष्ट्र मन्त्रालय<br>■ भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय<br>■ भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय<br>■ महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय<br>■ युवा तथा खेलकुद मन्त्रालय<br>■ रक्षा मन्त्रालय<br>■ वन तथा वातावरण मन्त्रालय<br>■ शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय<br>■ सहरी विकास मन्त्रालय<br>■ स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय<br>■ सञ्चार तथा सूचना प्रविधि मन्त्रालय<br>■ संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय<br>■ संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय<br>■ श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय |
| २२ |

सूचकाङ्कको समष्टिगत मूल्याङ्कनको विश्लेषणका आधारमा RTI Audit को सञ्चालनबाट मन्त्रालयहरूमा सूचनाको हकसम्बन्धी विषयमा चेतना, जागरूकता र सक्रियता ल्याउन महत्वपूर्ण भूमिका निर्वाह गरेको पाइएको छ । RTI Auditors हरूले सूचनाको हकसम्बन्धी मूल्याङ्कन गर्न मन्त्रालयमा पुग्दा केही सामान्य अपवादबाहेक सरल र सहज रूपमा मूल्याङ्कन गर्न आवश्यक विवरण दिएको पाइयो । यो बर्ष कोभिड १९ का कारणबाट धेरै भेटघाट र अन्तरक्रिया गर्न नपाइए पनि कतिपय मन्त्रालयहरूमा प्रत्यक्ष भ्रमण गरिएको र कतिपयमा Virtual Meeting गरी विवरण सङ्कलन गरिएको र कतिपयमा सूचना अधिकारीसँग छलफल गरी फर्म भर्न लगाएको र पछि विवरण पुष्टि गर्न लगाइएकोमा नभएकोमा थपघट गरी सत्यतथ्य विवरण सङ्कलन गरी यो प्रतिवेदन तयार पारिएको भन्ने परीक्षकहरूको प्रतिवेदन देखिएको छ । अतः सगम्रमा च्त्क्ष को कार्यान्वयन स्तर मन्त्रालयहरूको हकमा विगत वर्षहरूकै स्तरमा कोभिडको कारण भएपनि समान स्तरमा रहेको देखिन्छ । सूचना अधिकारी तोक्ने कार्यमा धेरै उपलब्धी भएको पाइए पनि सूचना अधिकारीको पहुँचमा सूचना पुऱ्याउन, स्वतः प्रकाशनलाई नियमित रूपमा ढाँचागत रूपमा PDMS मार्फत प्रकाशन गर्ने, वेबसाइटमा RIT Link स्थापना गर्न, Online सूचना माग र प्रवाह गर्न, लिखित सूचना माग गरेकोमा तुरून्त सूचना प्रवाह गर्न, सूचना अधिकारीहरूलाई तालिम दिन, वर्गीकरण गरी लागू गर्न गराउने कार्यमा अझै ठोस रूपमा कार्य गरिनुपर्ने परीक्षणको नतिजाबाट देखिएको छ । साथै सूचना माग गर्ने प्रवृत्तिमा कमी आएको कारण पनि पत्ता लगाई आवश्यक उपायहरू अबलम्बन गर्नुपर्ने देखिएको छ ।

**२२ वटा मन्त्रालयहरुको सूचकाङ्क अनुसार नतिजा विवरण**

(**मन्त्रालय सङ्ख्या**)

| सूचकाङ्क | शुन्य अङ्क | १ देखि ५ अङ्क | ६ देखि १० अङ्क |
|---|---|---|---|
| १ | - | - | २२ |
| २ | - | - | २२ |
| ३ | - | - | २२ |
| ४ | - | २ | २० |
| ५ | - | - | २२ |
| ६ | - | - | २२ |
| ७ | - | - | २२ |
| ८ | - | - | २२ |
| ९ | - | २ | २० |
| १० | - | - | २२ |

माथि उल्लिखित विवरण अनुसार १० वटा सूचकाङ्कमध्ये ४ वटा मन्त्रालयले प्रश्न नं. ४ र ९ मा क्रमशः १ देखि ५ अङ्क प्राप्त गरेका छन् भने अन्य २० वटा मन्त्रालय सबैले ६ देखि १० अङ्क प्राप्त गरेको परीक्षण प्रतिवेदनबाट देखिन्छ । यसको अर्थ मन्त्रालयहरू सूचनाको हकको कार्यान्वयनमा अग्रसर रहेको र बुझाइ पनि बृद्धि हुँदै गइरहेको सिद्ध हुन्छ । तथापि, सूचकाङ्कका प्रत्येक अवयवको विश्लेषणबाट भने सूचनाको हकको क्षेत्रमा अझ धेरै प्रयत्न गरी खुला, पारदर्शी तथा उत्तरदायी हुनुपर्ने देखिएको छ ।

## अध्याय- ३

# मन्त्रालय र मातहत निकायमा सूचनाको हकको कार्यान्वयनको अवस्था

### ३.१ प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय

नेपालको संविधानको धारा ७५ मा नेपालको कार्यकारिणी अधिकार मन्त्रिपरिषद्मा रहने व्यवस्था गरेको छ । यो कार्यालय देशको प्रमुख कार्यकारी निकाय हो । देशको कार्यकारिणी कार्यसम्पादन गर्न प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय गठन भएको हो । उक्त मन्त्रिपरिषद् नीति निर्माण गर्ने सर्वोच्च केन्द्रीय निकाय हो । यस अतिरिक्त यस कार्यालयले नीतिगत तथा कार्यान्वयनको तहमा आउने विभिन्न समस्याहरु निराकरण गरी विभिन्न निकायहरु बीचमा समन्वयकारी भूमिका समेत निर्वाह गर्दछ । सूचनाको हकको कार्यान्वयनका लागि आवश्यक नीति, निर्देशन र समन्वय गर्ने गराउने दायित्व पनि यसै कार्यालयमा रहेको छ । नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ अनुसार यस कार्यालयले मुख्यतः निम्न कार्यहरु गर्दछ :

१. मन्त्रिपरिषद्सम्बन्धी,
२. नेपाल सरकारको कार्यविभाजन र कार्यसम्पादन नियमावली तर्जुमा तथा कार्यान्वयन,
३. नेपालको शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र सञ्चालन,
४. नेपाल सरकार मन्त्रिपरिषद्को निर्णयको कार्यान्वयन र अनुगमन,
५. नेपाल सरकारका मन्त्रालयको कार्यको रेखदेख, निरीक्षण, नियन्त्रण र समन्वय,
६. नेपाल सरकारको अल्पकालीन र दीर्घकालीन नीति, आवधिक योजना र रणनीतिको तर्जुमा, स्वीकृति, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन,
७. प्रचलित कानुनबमोजिम प्रमाणीकरण गर्नुपर्ने लिखत,
८. संघीय विधेयक, अध्यादेश, नियम, आदेश, निर्देशिका र कार्यविधिसम्बन्धी,
९. मुलुकको राजनीतिक, आर्थिक, सामाजिक अवस्था, पूर्वाधार, राष्ट्रिय सुरक्षा, शान्ति सुव्यवस्था, कूटनीतिक गतिविधि, प्रशासनिक गतिविधिहरुको अद्यावधिक जानकारी प्राप्ति, निर्देशन र समन्वय,
१०. शासकीय प्रबन्ध, सुशासन प्रबर्द्धन र प्रशासनिक सुधार,
११. द्विपक्षीय तथा बहुपक्षीय सन्धि, सम्झौता, समझदारी र सहमति कार्यान्वयनको अनुगमन,
१२. संघीय शासन प्रणाली र अन्तरप्रदेशसम्बन्धी कार्य,
१३. प्रधानमन्त्रीको सम्पर्क र सञ्चार,
१४. प्रधानमन्त्रीको निर्देशन कार्यान्वयन,
१५. मानव अधिकारको संरक्षण, प्रबर्द्धन, समन्वय र प्रतिवेदन,
१६. भ्रष्टाचार विरूद्धको नीति, योजना तथा कार्यान्वयन,
१७. राष्ट्रपति र उपराष्ट्रपतिको कार्यालयसम्बन्धी,
१८. संवैधानिक परिषद्,
१९. संघीय संसद्को अधिवेशन आह्वान र अन्त्य,
२०. प्रदेश प्रमुखसम्बन्धी,
२१. परराष्ट्र तथा सुरक्षा मामिला,

२२. विषयविज्ञ समूह,
२३. राष्ट्रिय तथा अन्तरप्रदेशस्तरीय विकास आयोजनाहरूको नतिजा व्यवस्थापन,
२४. प्रदेशका पदाधिकारी तथा कर्मचारीको वैदेशिक भ्रमणसम्बन्धी नीति, कानून र मापदण्ड,
२५. गैरसरकारी संस्थाको नियमनसम्बन्धी मापदण्ड,
२६. भ्रष्टाचार निगरानी, नेपाल ट्रष्ट, राजश्व अनुसन्धान, सम्पत्ति शुद्धीकरण, लगानी बोर्ड, गरिबी निवारण कोष, सार्वजनिक खरीद र राष्ट्रिय पुनर्निर्माण सम्बन्धी निकायहरु र सोसम्बन्धी नीति, कानून र मापदण्ड,
२७. विपद व्यवस्थापनसम्बन्धी समन्वय,
२८. प्रधानमन्त्री केन्द्रीय विपद् सहायता कोष सञ्चालन,
२९. अदालतको फैसला कार्यान्वयन तथा अनुगमन,
३०. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसँग सम्बन्धित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थासँग सन्धि, सम्झौता, सम्पर्क र समन्वय,
३१. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसँग सम्वन्धित सार्वजनिक संस्थान, प्राधिकरण, समिति, प्रतिष्ठान आदिको सञ्चालन र नियमन,
३२. नेपाल न्याय सेवाको सरकारी वकील समूहको सञ्चालन,
३३. प्रधानमन्त्री र मन्त्रिपरिषद्सम्बन्धी अरू कार्यहरु,
३४. अवशिष्ट अधिकारको प्रयोग ।

**यो कार्यालयको समन्वय र मातहत निम्न केन्द्रीय तहका निकायहरू छन् :**

१. नेपाल ट्रष्टको कार्यालय
२. सार्वजनिक खरिद अनुगमन कार्यालय
३. राष्ट्रिय अनुसन्धान विभाग
४. सम्पत्ति शुद्धीकरण विभाग
५. राजश्व अनुसन्धान विभाग
६. राष्ट्रिय योजना आयोग
७. राष्ट्रिय सर्तकता केन्द्र
८. राष्ट्रिय पुनर्निर्माण प्राधिकरण
९. लगानी बोर्ड
१०. गरिबी निवारण कोष

**राष्ट्रिय सूचना आयोगको आदेश कार्यान्वयको स्थिति**

- सम्परीक्षण संलग्न सबै कार्यालयमा सूचना अधिकारी तोकिएका छन् ।
- प्रधानमन्त्री कार्यालयमा सूचना अधिकारीको नाम, फोटो, कोठा नं. आदीबारे सार्वजनिक दिइएको छ । नागरिक वडापत्र भने देखिएन । सुरक्षाका कारण सर्वसाधारणको पहुँचमा भने निकै कठिनाई छ । निवेदन दर्ता गर्ने ठाउँ सिंहदरबारको सुरक्षा घेरा भित्रै रहेकोले समग्रमा Accessibility को अवस्था चूनौतीपूर्ण देखिन्छ ।


- सूचनाको हक सम्बन्धी विषयमा नियमित रूपमा प्रशिक्षण दिने, छलफल चलाउने RTI – Focus बजेट वा कार्याक्रम वार्षिक कार्यक्रममा समावेश गर्ने वा यसबारे अध्ययन, अनुसन्धान र प्रबर्द्धनात्मक क्रियाकलाप समावेश गर्ने र मातहतका र अन्तर निकाय समन्वय गर्ने अभ्यास प्रधानमन्त्री कार्यालयमा देखिएन ।
- राष्ट्रिय सूचना आयोगको आदेश र सोको कार्यान्वयनको स्थिति बारेको स्पष्ट जानकारी अभिलेखबद्ध पाइएन मौखिक रूपमा सो निर्देशन पालना भइरहेको भन्ने जानकारी दिइयो ।
- सूचना मागको निवेदनहरू व्यवस्थापनको लागि शाखाको व्यवस्था गरिनु र सो शाखाले अन्य मन्त्रालय वा निकायसँग सम्बन्धित माग आएमा त्यस्ता निवेदन आफैले सम्बन्धित निकायमा पत्राचार गरी पठाइदिनुजस्ता सकारात्मक अभ्यास देखियो ।
- प्रधानमन्त्री कार्यालय, मन्त्रिपरिषद्को पनि कार्यालय भएकाले मन्त्रिपरिषद्का सूचनाहरू तत्काल तर मौखिक रूपमा प्रेसलाई जानकारी दिने प्रचलन रहेको तर मन्त्रिपरिषद्का निर्णयहरू वेबसाइटमा सार्वजनिक गर्ने काम भने १/२ महिना ढिला हुने गरेको देखियो । २०६५ यताका निर्णयहरू डिजिटल स्वरूपमा रहे पनि सो अगाडिका निर्णयहरूको व्यवस्थित अभिलेख देखिएन ।
- सूचना प्रवाहबारे र सूचनाको हक कार्यान्वयनबारे अधिकारीहरूमा सकारात्मक सोच रहेको छलफलका क्रममा अनुभव भयो ।
- प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयअन्तर्गत नै रहेको सूचनाको हक सम्बन्धी केन्द्रीय समन्वय समितिको बैठक बसेको अभिलेख भेटिएन । तर, यो निकायलाई सक्रिय पार्ने प्रशासनिक तत्परता पनि देखिएन ।
- सूचनाको वर्गीकरणका लागि प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयले केही गृहकार्य गरी कानुन तथा न्याय मन्त्रालयलाई थप कार्य अगाडि बढाउन पठाएको ।
- सूचनाको मागका निवेदनहरू सिंहदरबार गेटमा नै दर्ता गर्न सकिने संयन्त्र बनाउन र अन्तरनिकायका सूचना अधिकारीको समन्वय बैठक नियमित गर्ने छलफलमा सकारात्मक निर्णय भएको छ ।

**मूल्याङ्कनकर्ताको निष्कर्ष र सुझाव**

- सूचनाको हक सम्बन्धी केन्द्रीय समन्वय एकाई तथा खुला सरकार प्रबर्द्धनसँग सम्बद्ध जिम्मेवारीहरूलाई 'शासकीय सुधार महाशाखा' बाट सम्पादन हुनेगरी जिम्मेवारी बाँडफाँड गरिनु आवश्यक छ ।
- प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा 'सूचना अधिकारी' सचिव तहकै जिम्मेवार पदाधिकारीलाई तोकिनु उपयुक्त देखिन्छ । आवश्यकता अनुसार सहायक सूचना अधिकारीका रूपमा अन्य अधिकृतहरूलाई जिम्मेवारी दिन सकिन्छ ।
- प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयले आफ्नो जनसम्पर्क कार्यालय सिंहदरबारको सुरक्षा घेरा बाहिर पहुँच हुने स्थानमा राख्न आवश्यक देखिन्छ र सो कार्यालयमा नै सूचनाको हकसम्बन्धी निवेदन ग्रहण गर्ने व्यवस्था गरिनु पर्दछ ।
- केन्द्रीय समन्वय एकाईको बैठक कम्तिमा तीन-तीन महिनामा हुनु पर्ने, प्रधानमन्त्री कार्यालयले मासिक रूपमा सबै मन्त्रालयका सूचना अधिकारीहरूको बैठक आयोजना गर्ने तथा कार्यालय सम्बद्ध केन्द्रीय निकाय तथा विभागका सूचना अधिकारीहरूको समन्वय संयन्त्र र नियमित बैठकको पनि प्रबन्ध गर्नुपर्ने देखिन्छ ।
- प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको स्वतः खुलासा सम्बन्धी सूचनाहरूको प्रकाशन वेबसाइटाबाट

भइरहेको देखियो । तर, त्यस सम्बन्धी सूचनाहरू एउटै मेनुमा छैनन् । विभिन्न प्रतिवेदन र प्रकाशनका सूचनाहरूमा छरिएका छन् । तसर्थ, स्वतः खुलासा लागि वेबसाइटमा एउटा डेटिकेटेड मेनुमा नै सम्बद्ध निकायको पनि प्रकाशन राख्न सकिन्छ ।

- पारदर्शी, जवाफदेही र उत्तरदायी सरकारको प्रत्याभूति गराउने मुख्य कार्यालय नै प्रधानमन्त्रीको कार्यालय भएको हुदाँ सूचनाको हक प्रतिको राजनीतिक र प्रशासनिक प्रतिबद्धता व्यवहारमा झल्कनेगरी सूचनाको हक कार्यान्वयनको नेतृत्व यस कार्यालयले लिनु आवश्यक देखिन्छ ।
- नेपाल सरकारका उच्च तहका पदाधिकारीहरूसँग राष्ट्रिय सूचना आयोगले सूचनाको हकको समान बुझाइको स्थिति सर्जिना गर्ने विशेष रणनीति तर्जुमा गर्न आवश्यक छ । यस काममा प्रधानमन्त्री कार्यालयको केन्द्रीय समन्वय एकाई पहलकदमी उपयुक्त हुनसक्छ ।
- सूचनाको हक कार्यान्वयनका लागि सबै मन्त्रालय, केन्द्रीय निकाय र विभागहरू तथा मातहत निकायहरूबीचमा एकरूपता आउनेगरी नेपाल सरकारले एक विशेष कार्यान्वयन निर्देशिका बनाउन आवश्यक देखिएको छ । सोको लागि प्रधानमन्त्री कार्यालयको प्रशासकीय प्रमुखका रूपमा मुख्य सचिवको नेतृत्वदायी सक्रियताको आवश्यकता देखिन्छ ।




**प्राप्ताङ्क : ७५**

## ३.२ अर्थ मन्त्रालय

मुलुकको वित्तीय तथा मौद्रिक व्यवस्थापनको दायित्व बोकेको अर्थ मन्त्रालयले सार्वजनिक खर्च व्यवस्थापन, वित्तीय व्यवस्थापन, राजस्व सङ्कलन, समष्टिगत आर्थिक बृद्धि र स्थायित्वका साथै आर्थिक विकास, वैदेशिक सहायता व्यवस्थापन, विदेशी विनिमय लगायतका समग्र आर्थिक पक्षको नेतृत्व गर्दछ । यसर्थ पनि अर्थ मन्त्रालय नागरिकको सरोकारको एक प्रमुख निकाय हो । राज्यको आर्थिक नीतिका साथै सरकारी निकायहरूको निम्ति बजेटको विनियोजन र अनुगमन गर्ने निकाय भएको कारण आमनागरिक मात्र नभई

सिंगो सरकार, सरकारी निकाय र कर्मचारीको लागि समेत यसप्रतिको आकर्षण र निर्भरता बढी हुनु स्वाभाविक हो । आर्थिक विषय सम्बन्धी संवैधानिक दायित्व र कानुनी व्यवस्था बमोजिम नीतिगत व्यवस्था र नागरिक तहमा सेवा पुर्‍याउने मूल जिम्मेवारी यस मन्त्रालयको हो । बाह्य नाका र देशैभर संस्थागत सञ्जाल रहेको यस मन्त्रालयको महत्व वर्तमान सन्दर्भमा अझै बढी रहेको छ । र, यस मन्त्रालयले सूचनाको हकको अभ्यासलाई प्रभावकारी बनाउने क्षेत्र पनि ब्यापक छ ।

नेपालको संविधानले प्रत्येक नागरिकलाई आफ्नो र सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने र पाउने हकको प्रत्याभूत गरेको छ । सूचनाको हक सम्बन्धी ऐन २०६४ ले यसलाई अझ व्यवस्थित गर्नुका साथै प्रक्रिया पनि स्पष्ट गरेको छ । यस सन्दर्भमा यस मन्त्रालय र मातहतका निकायको अवस्थालाई तोकिएको सूचकको आधारमा मापन गरिएको छ ।

१. आर्थिक अवस्थाको विश्लेषण, आर्थिक तथा वित्तसम्बन्धी नीतिको तर्जुमा, कार्यान्वयन र नियमन,
२. आर्थिक साधनको बाँडफाँड, कूल राष्ट्रिय लगानी प्रक्षेपण र वित्तीय व्यवस्थापन,
३. समष्टिगत आर्थिक स्थायित्व, मूल्य स्थिरता सम्बन्धी नीति तर्जुमा, कार्यान्वयन र नियमन,
४. विकास सहायता नीतिको तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र नियमन,
५. केन्द्रीय बैङ्क सञ्चालन, नियमन र मौद्रिक नीति,
६. बैङ्क तथा वित्तीय संस्थाहरु सम्बन्धी नीति, कानून, समन्वय र नियमन,
७. विदेशी मुद्रा विनिमय तथा नियन्त्रण,
८. आर्थिक तथा सामाजिक विकास र मुद्रा तथा बैंकिङ्गसम्बन्धी द्विपक्षीय, बहुपक्षीय अन्तर्राष्ट्रिय संस्थाहरूसँग सम्पर्क र समन्वय,
९. वैदेशिक ऋण, अनुदान तथा अन्य द्विपक्षीय र बहुपक्षीय सहायता सम्बन्धी अन्तर्राष्ट्रिय सन्धि, सम्झौता र कार्यान्वयन,
१०. संघीय संचित कोष वा संघीय सरकारी कोष सञ्चालन, राजश्व र व्ययको अनुमान, विनियोजन ऐन, पूरक अनुमान, पेस्की खर्च, उधारो खर्च, आकस्मिक कोष र अरू सरकारी कोष,
११. बजेट तर्जुमा, कार्यान्वयन र नियमन,
१२. सरकारी जमानत,
१३. संघ, प्रदेश र स्थानीय तहको आन्तरिक र वैदेशिक ऋण एवं अनुदानसम्वन्धी नीति, कानून र नियमन,
१४. तलब, भत्ता, उपदान, निवृत्तिभरण लगायतका सेवा सुविधा र आर्थिक दायित्व सम्वन्धी विषय,
१५. संघ, प्रदेश र स्थानीय तहको सार्वजनिक पदाधिकारीको सुविधा सम्वन्धी नीति, कानून र मापदण्ड,
१६. सरकारी बाँकी रकमको अभिलेखीकरण र असुली,
१७. राजश्वसम्वन्धी नीति, कानून, मापदण्ड योजना, प्रक्षेपण, कार्यान्वयन र नियमन,
१८. राजश्व प्रशासनको सञ्चालन र सुदृढीकरण,
१९. सार्वजनिक खर्चसम्बन्धी नीति, कानून, कार्यान्वयन र नियमन,
२०. आर्थिक कार्यविधिसम्बन्धी नीति, कानून, मापदण्ड कार्यान्वयन र नियमन,
२१. मूल्य नीति,
२२. लेखा तथा लेखापरीक्षण प्रणाली,
२३. सरकारी लगानी र लाभांशको लेखा व्यवस्थापन,

२४. संघ, प्रदेश र स्थानीय तहबीच वित्तीय हस्तान्तरण सम्बन्धी नीति, कानून, कार्यान्वयन, समन्वय र नियमन,
२५. संघीय विनियोजन, राजश्व, विभाज्य कोष, धरौटी, कार्यसञ्चालन कोष र अन्य सरकारी कोष तथा सम्पत्ति,
२६. भन्सार, अन्तः शुल्क, मूल्य अभिवृद्धि कर, आयकर, राहदानी शुल्क, भिसा शुल्क, पर्यटन दस्तुर एवं अन्य कर तथा गैरकर, सेवा, शुल्क र दस्तुर लगायतका सेवा शुल्कहरूको लक्ष्य निर्धारण, प्रशासन, सङ्कलन र बाँडफाँड,
२७. कर तथा भन्सार राजश्वसम्बन्धी द्विपक्षीय, क्षेत्रीय, बहुपक्षीय समन्वय, सन्धि, सम्झौता, समझदारी, कार्यान्वयन र नियमन,
२८. राजश्वसम्बन्धी तथ्याङ्क अभिलेखन र सूचना आदानप्रदान,
२९. धितोपत्र तथा कमोडिटी बजारसम्बन्धी नीति, कानून, मापदण्ड र नियमन,
३०. बीमासम्बन्धी नीति, कानून, मापदण्ड र नियमन,
३१. संघ, प्रदेश र स्थानीय तहमा राजश्व र प्राकृतिक स्रोत उपयोग वा लाभको बाँडफाँड सम्बन्धी नीति, कानून, मापदण्ड र कार्यान्वयन,
३२. राजश्व चुहावट नियन्त्रण,
३३. सरकारी स्वामित्वमा रहेका संस्थानको नियमन, नियन्त्रण, समन्वय र निर्देशन तथा तलब, भत्ता, बोनस, लगानी र लाभांशसम्बन्धी नीति निर्धारण,
३४. राजश्व र आर्थिक प्रशासनसम्वन्धी तालिम, अध्ययन र अनुसन्धान,
३५. सार्वजनिक संस्थानहरु र निजीकरण सम्बन्धी नीति, कानून, मापदण्ड, अनुगमन र नियमन,
३६. मन्त्रालयसम्बन्धी सार्वजनिक संस्थान, प्राधिकरण, समिति, प्रतिष्ठान, कम्पनी आदिको सञ्चालन र नियमन,
३७. नेपाल लेखापरीक्षण सेवाको सञ्चालन ।

अर्थ मन्त्रालय धेरैवटा निकायहरूको सम्पर्क मन्त्रालय रहे पनि अर्थ मन्त्रालय मातहत निम्न बमोजिमका केन्द्रीय निकायहरु छन् :

२. **मन्त्रालय र मातहत केन्द्रीय निकायको सूची**

१. महालेखा नियन्त्रकको कार्यालय
२. आन्तरिक राजस्व विभाग
३. भन्सार विभाग
४. सार्वजनिक वित्त व्यवस्थापन तालिम केन्द्र
५. सार्वजनिक ऋण व्यवस्थापन कार्यालय

**राष्ट्रिय सूचना आयोगको आदेशको कार्यान्वयनको स्थिति**


■ अर्थ मन्त्रालय र मातहतका निकायहरूले सूचना अधिकारी तोक्ने, निजको नेम प्लेट, सम्पर्क ठेगाना आदि स्पष्ट देख्न सक्नेगरी राख्ने जस्ता अभ्यासलाई संस्थागत गरेको देखिन्छ । मन्त्रालय र

आन्तरिक राजश्व विभागले गरेको अभ्यास निकै व्यवस्थित पनि छ । मन्त्रालयमा सहसचिव स्तरको सूचना अधिकारी तोक्ने, प्रवक्ता र सूचना अधिकारी एउटै पदाधिकारीलाई तोक्ने, स्वतः प्रकाशन विवरण समयबद्ध प्रकाशन गर्ने र अनुगमन तथा मूल्याङ्कन महाशाखाको एउटा प्रमुख कार्यका रूपमा सूचनाको हक सम्बन्धी कार्य सम्पादन गर्नेजस्ता अभ्यास निकै अनुकरणीय छ भने आन्तरिक राजश्व विभागले सूचनाको हक अर्न्तगतको स्वतः प्रकाशनलाई वेबसाइटमा सहजै देख्न सक्ने गरी स्पष्ट मेनु नै बनाएकोलाई पनि राम्रो अभ्यास मान्न सकिन्छ ।

- मन्त्रालयको अनुगमन महाशाखामा उपसचिव नेतृत्वमा एउटा टिम नै सूचना व्यवस्थापनमा कार्यरत छ । सूचना माग र प्रवाहको अभिलेख व्यवस्थापन पनि चुस्त दुरूस्त नै छ । सूचना मागको सम्बन्धमा राष्ट्रिय सूचना आयोगको आदेश कार्यान्वयन पनि भएको देखिन्छ ।
- मन्त्रालयको स्वतः प्रकाशन विवरण भने वेबसाइटको मुख्य पृष्ठबाट सहजै भेट्टाउन सकिंदैन ।
- मन्त्रालय र मातहत निकायका बीच सूचना व्यवस्थापन र सूचनाको हक कार्यान्वयनमा समन्वय संयन्त्र देखिएन भने मन्त्रालयको सूचनाको हक सम्बन्धी प्रबर्द्धनात्मक र क्षमता सुधार कार्यक्रम भने देखिएन ।

**मूल्याङ्कनकर्ताको निष्कर्ष र सुझावहरु :**

- अर्थ मन्त्रालयको स्वतः प्रकाशन विवरण ऐन नियमले उल्लेख गरे अनुसार अभ्यास भइरहेको भए पनि सो को प्रकाशन वेबसाइटमा गर्दा सहज पत्ता लगाउन सक्नेगरी प्रयोगकर्ता मैत्री बनाउन वेबसाइटको मुख्यपृष्ठमा नै स्वतः प्रकाशन मेनु उपयुक्त देखिन्छ ।
- मन्त्रालय र मातहतका केन्द्रीय निकायहरू तथा अर्थमन्त्रालय सम्पर्क मन्त्रालय रहेका केन्द्रिय निकायहरू जस्तै राष्ट्र बैंक, बिमा समिति, अन्य वाणिज्य बैंक, धितोपत्र बोर्ड आदी संस्थाहरूमा केन्द्रीय कार्यालयका सूचना अधिकारीहरूको त्रैमासिक समन्वय बैठक बस्ने प्रचलन सुरू भएमा सूचनाको हक कार्यान्वयनलाई सार्वजनिक वित्त व्यवस्थापनका क्षेत्रमा प्रभावकारी बनाउन सहयोग पुग्नेछ ।
- सूचनाको हक सम्बन्धी ऐनलाई वित्तिय पारदर्शीता र सार्वजनिक वित्त सुधार कार्यक्रमको एक अभिन्न पक्षका रूपमा आत्मसात गरी समग्र सुधार अभियानमा यस ऐनको कार्यान्वयनलाई पनि प्राथमिकता दिन पर्ने देखिन्छ ।
- सूचनाको हक कार्यान्वयनका लागि सवै मन्त्रालय र अन्य केन्द्रीय सार्वजनिक निकायहरूले आफ्नो वार्षिक नीति-योजना र बजेटमा एक स्थायी शीर्षक नै राख्न लगाउने र निश्चित बजेट विनियोजन गर्ने प्रचलनलाई स्थायी रूपमा स्थापित गर्न यस मन्त्रालयले आवश्यक पहल गर्नु आवश्यक छ ।
- सार्वजनिक वित्त तालिम केन्द्र र नेपाल राष्ट्र बैंक तालिम ऐनलगायत यस मन्त्रालयको समन्वय रहने निकायका तालिम केन्द्रहरूमा सूचनाको हक सम्बन्धी पाठ्यक्रम समावेश गर्न र तालिम कार्यक्रम सञ्चालन गर्न आवश्यक पहल गरिनु पर्दछ ।
- कतिपय सूचना मागकर्ताले मागेको सूचना शुल्कको कारण देखाई नलाग्ने गरेकोमा त्यस्ता मागकर्ताको निश्चित समयपछि माग निष्क्रिय हुने गरी नीतिगत व्यवस्थामा सुधार गर्न आवश्यक देखिन्छ ।




**प्राप्ताङ्क : ८०**

## ३.३ उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

नेपालमा उद्योगधन्दाको विकासका लागि उपयुक्त वातावरण निर्माण गर्ने, उद्यमशिलताको विकास गर्ने, वाणिज्य व्यापारको प्रबर्द्धन र त्यसका विकृतिको रोकथाम एवम् सहज आपूर्ति व्यवस्था गर्न गठन भएको संघीय मन्त्रालय हो । विगतमा उद्योग, वाणिज्य र आपूर्ति गरी तीन वटा मन्त्रालयको अलगअलग अभ्यास गरिरहेको यो मन्त्रालय एकीकृत भई एउटै मन्त्रालयको रूपमा कार्य गरिरहेको छ । मन्त्रालयका मुख्य कार्य र जिम्मेवारी निम्न बमोजिम रहेका छन् ।

१. औद्योगिक नीति, कानून, मापदण्ड र नियमन,
२. औद्योगिक कोरिडोर, औद्योगिक पार्क वा ग्राम र निर्यात प्रशोधन केन्द्र,
३. औद्योगिक क्षेत्र र विशेष आर्थिक क्षेत्र सम्बन्धी नीति, कानून, मापदण्ड र नियमन,
४. वैदेशिक लगानी तथा प्रविधि हस्तान्तरण सम्बन्धी नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन,
५. उद्योग, औद्योगिक व्यवसाय र कम्पनी सम्बन्धी,
६. उद्योग तथा खनिजसम्बन्धी पूर्वाधार नीति, कानून, मापदण्ड, समन्वय र नियमन,
७. सुरक्षा संवेदनशील उद्योग दर्ता, सञ्चालन अनुमति, खारेजी र नियमन,
८. औद्योगिक प्रविधि विकास र हस्तान्तरण,
९. अन्तर्राष्ट्रिय औद्योगिक संघसंस्थासँग सम्पर्क र समन्वय,
१०. केन्द्रीय कारागार कारखाना,
११. करार, साझेदारी र एजेन्सी सम्बन्धी नीति, कानून, मापदण्ड र नियमन,
१२. रूग्ण उद्योग तथा दामासाही परेका उद्योग वा व्यावसायिक फर्म व्यवस्थापन सम्बन्धी नीति, कानून, मापदण्ड र नियमन,
१३. पेटेन्ट, डिजाइन, ट्रेडमार्क, भौगोलिक सङ्केत (जोग्राफिकल इन्डिकेसन), औद्योगिक बौद्धिक सम्पत्ति

सम्बन्धी नीति, कानून, मापदण्ड कार्यान्वयन र प्रबर्द्धन एवम् सोसम्बन्धी अन्तर्राष्ट्रिय संघसंस्थासँग सम्पर्क र समन्वय,

१४. नापतौल तथा गुणस्तर सम्वन्धी नीति, कानून, मापदण्ड कार्यान्वयन र नियमन एवम् सोसम्बन्धी अन्तर्राष्ट्रिय निकायसँग सम्पर्क र समन्वय,

१५. वस्तु, सेवा, प्रकिया र प्रणालीका राष्ट्रिय गुणस्तर निर्धारण, प्रत्यायन (एक्रिडिटेसन) र प्रत्यायन बोर्ड,

१६. खानी तथा खनिजसम्बन्धी राष्ट्रिय नीति, कानून, मापदण्ड र नियमन,

१७. रेडियोधर्मी पदार्थ, पेट्रोलियम पदार्थ, प्राकृतिक ग्यास र बहुमूल्य पदार्थ तथा ठूला खानी तथा खनिज पदार्थसम्बन्धी सर्वेक्षण, अन्वेषण र उत्खनन, दर्ता, अनुमति र नियमन,

१८. भौगर्भिक अध्ययन तथा अनुसन्धान र नक्सा,

१९. खानी तथा खनिजजन्य वस्तुहरूको लगत सङ्लन तथा अभिलेखन र अनुसन्धान एवम् उत्खननसम्बन्धी राष्ट्रिय प्रयोगशालाको स्थापना र सञ्चालन,

२०. भूकम्पीय अध्ययन एवम् अनुसन्धान, भूकम्प निगरानी, भूकम्प मापन केन्द्रहरूको सञ्चालन,

२१. अन्तर्राष्ट्रिय व्यापार सम्बन्धी नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन,

२२. द्विपक्षीय र अन्तर्राष्ट्रिय व्यापार तथा पारवाहन तथा सोसम्बन्धी द्विपक्षीय, क्षेत्रीय र बहुपक्षीय वार्ता, सन्धि सम्झौता, कार्यान्वयन र नियमन,

२३. राष्ट्रिय, द्विपक्षीय तथा अन्तर्राष्ट्रिय व्यापार सहजीकरण सम्बन्धी नीति, कानून, मापदण्ड, कार्यान्वयन र नियमन,

२४. विश्व  व्यापार सङ्गठनलगायत बहुपक्षीय व्यापार सम्बन्धी अन्तर्राष्ट्रिय संस्थासँगको सम्पर्क, समन्वय, सम्झौताको कार्यान्वयन र अनुगमन,

२५. साफ्टा, बिमस्टेक लगायत क्षेत्रीय र उपक्षेत्रीय व्यापार तथा स्वतन्त्र व्यापारसम्बन्धी संस्थासँगको सम्पर्क, समन्वय, सम्झौता, कार्यान्वयन र अनुगमन,

२६. राष्ट्रिय, द्विपक्षीय तथा अन्तर्राष्ट्रिय व्यापारिक कारोवारको व्यवस्थापन र नियमन,

२७. निकासी प्रबर्द्धन, पैठारी व्यवस्थापन तथा नियमन,

२८. राष्ट्रिय, द्विपक्षीय तथा अन्तर्राष्ट्रिय व्यापारसम्बन्धी तथ्याङ्क, अध्ययन, अनुसन्धान र सर्वेक्षण,

२९. राष्ट्रिय, द्विपक्षीय तथा अन्तर्राष्ट्रिय व्यापार मेला तथा प्रदर्शनीको सञ्चालन र सहभागिता,

३०. व्यापारका लागि सहयोग (एड फर ट्रेड),

३१. अन्तर्राष्ट्रिय व्यापारका सन्दर्भमा विदेशस्थित नियोगसँग समन्वय,

३२. वाणिज्य दूत,

३३. अन्तरप्रादेशिक व्यापारसम्बन्धी नीति, कानून, सहजीकरण र नियमन,

३४. पारवहन, अन्तर्राष्ट्रिय परिवहन व्यवस्था, बहुविधिक (मल्टिमोडल) ढुवानीसम्बन्धी नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन,

३५. सुख्खा बन्दरगाह, अन्तर्राष्ट्रिय कन्टेनर फ्रेट स्टेसन, क्लियरिङ, अन्डरटेकिङ सेवा, कार्गो गोदामसम्बन्धी नीति तथा सञ्चालन,

३६. अन्तर्राष्ट्रिय व्यापारसम्बन्धी फर्म तथा संस्थाहरूको नियमन,

३७. राष्ट्रिय, द्विपक्षीय तथा अन्तर्राष्ट्रिय व्यापारसम्बन्धी भौतिक पूर्वाधारहरूको विकास, विस्तार र सञ्चालन,

३८. उपभोग्य तथा अत्यावश्यक वस्तु र सेवाको आपूर्ति, वितरण, मूल्य नियन्त्रण, गुणस्तर र अनुगमनसम्बन्धी

नीति, कानून, मापदण्ड र नियमन,

३९. उपभोक्ता हक संरक्षण तथा प्रबर्द्धनसम्बन्धी नीति, कानून, मापदण्ड र नियमन,

४०. अत्यावश्यक वस्तुहरूको राष्ट्रिय मौज्दात (बफरस्टक), सार्वजनिक गोदाम तथा राष्ट्रिय स्तरमा अत्यावश्यक वस्तु तथा सेवाको सूचना सङ्कलन, विश्लेषण, प्रक्षेपण र आपूर्ति व्यवस्था,

४१. पेट्रोलियम पदार्थको पैठारी, प्रशोधन, भण्डारण, गुणस्तर निर्धारण, मूल्य निर्धारण, आपूर्ति, पूर्वाधार विकास र नियमन,

४२. आन्तरिक बजार व्यवस्थापन तथा प्रतिस्पर्धी प्रबर्द्धन र सिन्डिकेट तथा कार्टेलिङ नियन्त्रणसम्बन्धी नीति, कानून र नियमन,

४३. मन्त्रालयसम्बन्धी सार्वजनिक संस्थान, प्राधिकरण, समिति, प्रतिष्ठान, कम्पनी आदिको सञ्चालन र नियमन,

४४. नेपाल इञ्जिनियरिङ्ग सेवाअन्तर्गतका माइनिङ्ग इञ्जिनियरिङ्ग, केमिकल इञ्जिनियरिङ्ग, मेटालर्जिकल इञ्जिनियरिङ्ग, मेट्रोलजी, जियोलजी र केमिष्ट्री समूहको सञ्चालन ।

**मन्त्रालय मातहत केन्द्रीय निकाय र तिनले प्राप्त गरेका अङ्क निम्नबमोजिम छन् ।**

| | | प्राप्ताङ्क |
|---|---|---|
| १. | उद्योग विभाग | ८४ |
| २. | खानी तथा भूगर्भ विभाग | ९० |
| ३. | नेपाल गुणस्तर तथा नापतौल विभाग | ८५ |
| ४. | वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग | ८३ |
| ५. | कम्पनी रजिष्ट्रारको कार्यालय | ८० |
| ६. | घरलु तथा साना उद्योग विभाग | ८३ |

**राष्ट्रिय सूचना आयोगको आदेशको कार्यान्वयनको स्थिति**

- मन्त्रालय र मातहत निकायमा सूचना अधिकारी तोकिएको पाइयो ।
- मन्त्रालयबाट प्रत्येक तीन महिनामा स्वतः प्रकाशन गर्नुपर्ने सूचनाहरू प्रकाशन गर्ने गरिएको छ । तर सबै केन्दीय निकायमा समयमै सूचना प्रकाशनका लागि थप पहल गर्नुपर्ने देखियो । सूचना आयोगबाट जारी भएको आदेश पालनामा कुनै समस्या छैन ।
- स्टाफ मिटिङहरूमा सूचनाको हक कार्यान्वयनका सन्दर्भमा छलफल हुने गरेको पाइयो । ती छलफलहरूमा सूचनाको बर्गीकरणलाई सहज बनाउनुपर्नेमा सहभागीहरूले धारणा राख्ने गरेको पाइयो । साथै सूचना प्रवाहलाई थप सहज बनाउन अधिकारीलाई प्रविधिमा थप ज्ञान प्रदान गर्नुपर्ने र सुबिधा बढाउनु पर्ने देखियो ।
- सूचनाको हकअन्तर्गत मन्त्रालय र मातहतका निकायहरूमा प्राप्त निवेदन र सो सम्बन्धमा भएका कारवाही एवम् सूचना प्रवाहसम्बन्धी विवरणको छुट्टै अभिलेख राखेको पाइएको छ । तर मातहतका केही केन्द्रीय निकायमा सूचना मागको सङ्ख्या न्यून रहेका कारण अलग अभिलेख नराखिएको जानकारी पाइयो ।
- मन्त्रालयका मातहतका निकायले वेबसाइट र सञ्चार माध्यममार्फत् प्रगति विवरण नियमित सार्वजनिक

गर्ने गरेको पाइएको छ । विभाग मातहतका केही कार्यालयहरूको वेबसाइट अनुगमन गर्दा अद्यावधिक नभएका र सूचना अधिकारीको नाम र सम्पर्क राखेको देखिएन ।


- आ.व. २०७६/०७७ मा राष्ट्रिय सूचना आयोगबाट यस मन्त्रालयलाई सूचना दिनु भन्ने कुनै आदेश जारी नभएको । सूचनाको हक सम्बन्धी ऐन कार्यान्वयन भइरहेकाले र माग भएका सूचना तत्कालै उपलब्ध गराउने गरेकाले सूचना आयोगसम्म नागरिकले गुनासो गर्नु नपरेको जवाफ पाइयो ।
- मन्त्रालयको सूचना अधिकारी राष्ट्रिय सूचना आयोग, मन्त्रालय आफै र अन्य मन्त्रालय वा निकायबाट आयोजना भएका तालिम एवम् कार्यक्रमहरूमा नियमित सहभागी हुने गरेको पाइयो । तर सबै तहका सूचना अधिकारीहरूले तालिम नपाएको अबस्था देखिएको छ ।
- सूचनाको हकको कार्यान्वयन सम्बन्धमा यस मन्त्रालय जागरूक रहेको र सूचना अधिकारीले सूचना प्रवाहको कार्यलाई व्यवस्थित बनाउनुका साथै मन्त्रालयका उच्च अधिकारीहरूसँग नियमित अन्तर्क्रिया गर्ने गरेको पाइयो ।

**मूल्याङ्कनकर्ताको निष्कर्ष र सुझाव**

- सूचना लिने र दिने दुबै पक्षको सोच, शैली, संस्कारमा परिवर्तन, परिमार्जन र सुधार हुनु आवश्यक देखिन्छ ।
- आआफ्नो निकायका सम्भाव्य सबै सूचनाहरूमा सूचना अधिकारीको पहुँच र सम्भाव्य प्राविधिक ज्ञानका शन्दर्भमा सूचना आयोगबाट समेत सम्बन्धित निकायहरूमा समन्वय, पत्राचार, क्षमता विकास तालिम, अन्तरक्रियाजस्ता कार्य गरी सूचनाको हकको महत्वका बारेमा थप बोध गरिनुपर्ने देखिन्छ । साथै सूचनाको वर्गीकरण र कस्ता सूचना दिने र कस्ता नदिने भन्नेबारे सबै सूचना अधिकारीलाई अभिमुखीकरण दिनु पर्दछ ।
- सूचना अधिकारी तोकेर मात्र समस्याको समाधान हुने नदेखिँदा सूचनाको हकको व्यावहारिक कार्यान्वयनको सन्दर्भमा केन्द्रीय निकायहरूमा निकायको कार्यप्रकृति, कार्यमहत्व बोझ र आवश्कतासमेतका आधारमा बिश्लेषण गरी अलग्गै समन्वय इकाइ गठन गर्नुपर्ने देखिन्छ्
- प्रवक्ता, सूचना अधिकारी र जनगुनासो सुन्ने अधिकारी भनेको एउटै हो भन्ने धारणा आमनागरिकमा रहेको छ । तसर्थ, यी विषय र कार्यप्रकृति फरक-फरक हुन् भन्ने विषयमा आमजनता र सञ्चार माध्यमलाई समेत जानकारी वा सचेतना गराउनु पर्ने देखिन्छ ।
- विभिन्न सञ्चारमाध्यमबाट व्यक्तिगत तथा आफ्नो लाभको लागि प्रयोग गर्ने सूचनामा बढी महत्व र चासो हुने तर सार्वजनिक महत्वका सूचनाहरूमा कम चासो दिने प्रवृत्ति देखिएकाले उक्त प्रवृत्तिलाई सुधार्न जरूरी छ ।
- सूचना अधिकारीलाई न्यूनतम मात्रै भए पनि मोवाइल खर्च तथा इन्टरनेट खर्चको व्यवस्थाको लागि पहल हुनुपर्दछ ।
- सार्वजनिक महत्व र जनचासोका विषयमा शिक्षामूलक, चेतनामूलक र जानकारीमुलक सूचनाहरु नियमित प्रवाह गर्ने विषयमा मन्त्रालय र मातहतका निकायहरु थप प्रभावकारी ढंगले प्रस्तुत हुनुपर्ने देखिन्छ ।
- कोभिड १९ सक्रमणको सन्त्रासका कारण आम नागरिक सहजै आफै उपस्थित भएर मन्त्रालय र केन्द्रीय निकायमा सूचना माग गर्ने अवस्था देखिंदैन । यस अवस्थामा सूचना माग गर्न चाहने

नागरिकलाई मन्त्रालय र निकायहरूमा सहज प्रवेश गरी सूचना अधिकारीलाई भेटेर सूचना माग गर्ने अवस्था सिर्जना गर्न भर्चुअल प्रविधिको प्रयोगलाई मान्यता दिनुपर्ने तथा सूचनाको माग गरिएका निवेदन अनलाइन माध्यमवाट सहजै दर्ता गर्न अवस्था सिर्जना गर्नु आवश्यक देखिन्छ ।

- सूचना माग गर्ने पक्षवाट जुनरूपमा सूचना माग हुनुपर्ने हो, त्यो नभएको पाइयो । यसमा सूचना मागकर्तालाई सूचनाको हकको महत्ववारे जानकारी गराउन जरूरी देखिन्छ । साथै सूचना मागकर्ताले जुनसुकै माध्यमबाट सूचना माग गरे पनि अभिलेख राखेर सूचना अधिकारीले उपलब्ध गराउन उत्प्रेरित गरिनु पर्दछ ।
- प्रत्येक तीन महिनामा गोप्य राख्नुपर्नेबाहेक सबैप्रकारका सार्वजनिक सूचना प्रवाह गरिएमा संविधानमा रहेको सूचनाको हक र ऐनमा रहेको प्रावधानको मर्म र भावना अनुरूप यसको प्रभावकारी कार्यान्वयन हुन जाने छ ।




**प्राप्ताङ्क : ९१**

## ३.४ ऊर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय

ऊर्जा, जलस्रोत तथा सिंचाइको दिगो विकास, संरक्षण, उपयोग र पानीको बाँडफाँड सम्बन्धी नीति, कानुन, मापदण्ड र नियमन गर्न तथा ऊर्जा, जलस्रोत तथा सिंचाइ सम्बन्धी अध्ययन, अनुसन्धान र प्रविधि विकास गर्न साविकको ऊर्जा मन्त्रालय र सिंचाई मन्त्रालय तथा सो मातहतका निकायहरुका साथै साविकको वातावरण मन्त्रालयअन्तर्गत रहेका वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र र जल तथा मौसम विज्ञान विभाग समेत समावेश गरी ऊर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय गठन भएको हो ।

जलस्रोतको दिगो विकास, संरक्षण, उपयोग र पानीको बाँडफाँड तथा जलस्रोत, ऊर्जा, सिंचाई र भूमिगत जलस्रोतसम्बन्धी अध्ययन, अनुसन्धान र प्रविधि विकासका साथै वैकल्पिक ऊर्जा प्रबर्द्धन र जल तथा मौसम

विज्ञानसम्बन्धी कार्य यस मन्त्रालयको प्रमुख कार्यक्षेत्र रहेका छन् ।

जलविद्युतको दिगो र भरपर्दो विकासमार्फत् मुलुकको समृद्धिमा योगदान पुऱ्याउने दीर्घकालीन सोच, वैकल्पिक/नवीकरणीय ऊर्जाको प्रबर्द्धन, विस्तार र दक्षतामार्फत् आधुनिक ऊर्जाको दिगो विकास गर्ने, दिगो एवम् भरपर्दो सिंचाई सुविधा उपलब्ध गराई कृषि उत्पादन र उत्पादकत्व बृद्धिमा योगदान पुऱ्याउने, जलउत्पन्न प्रकोपबाट सिर्जित मानवीय, भौतिक तथा आर्थिक हानि–नोक्सानीलाई उपयुक्त प्रविधिको माध्यमबाट जोखिम न्यूनीकरण गर्नुका साथै रोजगारी सिर्जना गरी गरिबी निवारणमा सहयोग पुऱ्याउने, विश्वसनीय र भरपर्दो जल तथा मौसम सेवा मार्फत हवाई उड्डयन, जलस्रोत, कृषि, पर्यटन, स्वास्थ्य लगायतका क्षेत्रको दिगो विकास एवम् जलवायु समानुकूलित समाजको निर्माण गर्ने । समेत कार्य गर्दछ । अतः नेपालमा ऊर्जा, जलश्रोत र सिंचाईका क्षेत्रमा राष्ट्रिय नीति तर्जुमा, कार्यान्वयन र समन्वय गर्ने गराउने कार्यका लागि गठन भएको संघीय मन्त्रालय हो । यस मन्त्रालयबाट सम्पादन हुने मुख्य कार्यहरु निम्न बमोजिम छन् :

१. जलस्रोत र ऊर्जाको दिगो विकास, संरक्षण, उपयोग र पानीको बाँडफाँडसम्बन्धी नीति, कानून, मापदण्ड र नियमन,
२. जलस्रोत र ऊर्जा पूर्वाधार संरचना निर्माणसम्बन्धी एकीकृत नीति, कानून, मापदण्ड र नियमन,
३. सिंचाईसम्बन्धी एकीकृत नीति, कानून र मापदण्ड,
४. नदी बेसिन योजना र जलउपयोगसम्बन्धी गुरूयोजना र नियमन,
५. जलस्रोत, ऊर्जा, सिंचाई र भूमिगत जलस्रोतसम्बन्धी अध्ययन, अनुसन्धान र प्रविधि विकास
६. प्रमुख नदीहरूको बहाव क्षेत्र निर्धारण र सो क्षेत्रको जमिनको संरक्षण, व्यवस्थापन र उपयोगसम्बन्धी नीति, कानून, मापदण्ड र नियमन,
७. जलस्रोतसम्बन्धी वस्तु वा सेवा उपयोगको मापदण्ड र नियमन,
८. जलस्रोत, ऊर्जा र सिंचाई क्षेत्रसँग सम्बन्धित निकायहरूसँगको समन्वय,
९. संघीय र अन्तरप्रदेशस्तरमा सञ्चालन हुने जलस्रोत उपयोगका बहुउद्देश्यीय आयोजनाको पहिचान, अध्ययन, निर्माण र नियमन,
१०. संघीय र अन्तरप्रादेशिक सिंचाई र अन्तरप्रदेश जलउत्पन्न प्रकोप नियन्त्रण आयोजनाको पहिचान, अध्ययन, निर्माण र नियमन,
११. जलस्रोत, ऊर्जा र सिंचाईसम्बन्धी ठूला पूर्वाधार आयोजनाबाट विस्थापितहरूको पुनर्वास र पुनर्स्थापना,
१२. संघीय र अन्तरप्रदेश सिंचाई प्रणालीको बाँध, जलाशय, अन्य संरचना, मूल नहरको सञ्चालन, मर्मत सम्भार, व्यवस्थापन सम्बन्धी नीति, मापदण्ड र कार्यान्वयन,
१३. प्रदेश सीमा नदीको बाढी र नदी नियन्त्रण कार्यक्रम सञ्चालनमा समन्वय र सहयोग,
१४. जलस्रोत, ऊर्जा र सिंचाईसम्बन्धी तथ्याङ्क व्यवस्थापन, अध्ययन अनुसन्धान,
१५. राष्ट्रिय र अन्तर्राष्ट्रिय विद्युत प्रसारण लाइन तथा विस्तार,
१६. राष्ट्रिय र अन्तर्राष्ट्रिय विद्युत व्यापारसम्बन्धी नीति, कानून, मापदण्ड सन्धिसम्झौता, कार्यान्वयन र नियमन,
१७. राष्ट्रिय महत्वका बहुउद्देश्यीय जलआयोजना र अन्तरजलाधार स्थानान्तरण,
१८. विद्युत सेवाको मापदण्ड गुणस्तर र महसुलसम्बन्धी नीति र नियमन,

१९. विद्युत सेवाको राष्ट्रिय र क्षेत्रीय भारप्रणाली व्यवस्थापन र सञ्चालन,
२०. नवीकरणीय वैकल्पिक ऊर्जाको उपयोग, गुणस्तर र मापदण्ड,
२१. विद्युत विकासमा लगानी,
२२. जल तथा मौसम विज्ञान सेवासम्बन्धी नीति, कानून, मापदण्ड, तथ्याङ्क, योजना, कार्यान्वयन र नियमन
२३. मौसम तथा बाढी पूर्वानुमान,
२४. विपद् पूर्वसूचना प्रणालीको विकास तथा सम्प्रेषण,
२५. जलवायु सम्बन्धी अध्ययन तथा अनुसन्धान, सूचना आदानप्रदान,
२६. जल तथा मौसमी राडार, रेडियोसोन्डे, चट्याङ नेटवर्क, सौर्य विसकरिण केन्दहरूको व्यवस्थापन र सूचना प्रवाह,
२७. हिमनदी तथा हिमताल,
२८. मन्त्रालयसम्बन्धी राष्ट्रिय/अन्तर्राष्ट्रिय संघसंस्थासँग सन्धि, सम्झौता, अभिसन्धि, सम्पर्क र समन्वय,
२९. मन्त्रालयसम्बन्धी सार्वजनिक संस्थान, प्राधिकरण, समिति, प्रतिष्ठान, कम्पनी आदिको सञ्चालन र नियमन

**मातहतका प्रमुख केन्द्रीय निकायहरू र तिनले प्राप्त गरको अङ्क निम्न बमोजिम रहेका छन् :**

| | | प्राप्ताङ्क |
|---|---|---|
| १. | विद्युत विकास विकास | ९६ |
| २. | जलस्रोत तथा सिंचाई विभाग | ९४ |
| ३. | जल तथा मौसम विज्ञान विभाग | ९२ |
| ४. | जल तथा ऊर्जा आयोग | ८८ |
| ५. | जलस्रोत अनुसन्धान तथा विकास केन्द्र | ९४ |
| ६. | वैकल्पिक ऊर्जा प्रबर्द्धन केन्द्र | ९७ |
| ७. | नेपाल विद्युत प्राधिकरण | ९५ |


**राष्ट्रिय सूचना आयोगको आदेश कार्यान्वयको स्थिति**

- सूचना अधिकारी तोक्ने र ३/३ महिनामा स्वतः प्रकाशन गर्ने विषयमा राष्ट्रिय सूचना आयोगबाट जारी भएको आदेश पालना भए/नभएको : सूचना अधिकारी तोकिएको र ३/३ महिनामा प्रकाशन गर्ने गरिएको ।
- सूचना माग र प्रवाहको छुट्टै अभिलेख राखे/नराखेको : सूचना माग र प्रवाहको छुट्टै अभिलेख राखिएको । छुट्टै अभिलेख राख्दा सूचना प्रवाहको तथ्याङ्क निकाल्न सजिलो भएको ।
- सूचना अधिकारीले सूचनाको हकको तालिम लिए/नलिएको, आफैले तालिमको लागि पहल गरे/नगरेको र आफ्नै निकायको पहलमा अन्तरक्रिया भए/नभएको, स्टाफ मिटिंगमा छलफल हुने गरे/नगरेको : सूचना अधिकारीले तालिम लिएको तथा सूचनाको हकसम्बन्धमा स्टाफ मिटिङ्गमा छलफल हुने गरेको ।
- राष्ट्रिय सूचना आयोगबाट सूचना दिनु भन्ने आदेश जारी भएपछि पूर्ण पालना भए/ नभएको : राष्ट्रिय सूचना आयोगबाट सूचना दिनु भन्ने आदेश भएपछि पूर्ण पालना भएको ।

- सूचनाको हकको प्रभावकारी कार्यान्वयनका लागि सुझावहरू : सूचना अधिकारीले सूचना अन्य शाखा, महाशाखाबाट समेत प्राप्त गर्नुपर्ने भएकोले सूचना उपलब्ध गराउने सम्बन्धमा सम्बन्धित शाखा, महाशाखा समेतलाई जिम्मेवार बनाउनु पर्ने । सूचना अधिकारीलाई समय समयमा तालिमको व्यवस्था हुनुपर्ने । कार्यालयमा भएका महत्वपूर्ण विषयहरूको जानकारी सूचना अधिकारीले प्राप्त गर्ने व्यवस्था हुनुपर्ने ।

**मूल्याङ्कनकर्ताको निष्कर्ष र सुझाव**

- सूचना अधिकारी तोक्ने र ३/३ महिनामा स्वतः प्रकाशन गर्ने विषयमा राष्ट्रिय सूचना आयोगबाट जारी भएको आदेश पालना भए/नभएको : ३/३ महिनामा स्वतः प्रकाशन गर्ने कार्य भएको ।
- सूचना माग र प्रबाहको छुट्टै अभिलेख राखे/नराखेको : लिखितरूपमा सूचनाको माग नभएको । मौखिकरूपमा माग भएका सूचना तथा जिज्ञासाको मौखिकरूपमा नै जानकारी प्रदान गरिएको ।
- सूचना अधिकारीले  सूचनाको हकको तालिम लिए/नलिएको, आफैले तालिमको लागि पहल गरे/नगरेको र आफ्नै निकायको पहलमा अन्तरक्रिया भए/नभएको, स्टाफ मिटिंगमा छलफल हुने गरे/नगरेको : सञ्चार तथा सूचना प्रविधि मन्त्रालयद्वारा आयोजित सूचनाको हकसम्बन्धी अन्तरक्रिया कार्यक्रममा सहभागी भएको । अन्य कुनै तालिम नलिएको र तालिमबारे जानकारी प्राप्त नभएको । आफ्नो निकायको पहलमा अन्तरक्रिया नभएको । स्टाफ मिटिङ्गमा यसबारे छलफल नभएको ।
- राष्ट्रिय सूचना आयोगबाट सूचना दिनु भन्ने आदेश जारी भएपछि पूर्ण पालना भए/नभएको : यस केन्द्रको हकमा हालसम्म त्यस्तो आदेश जारी नभएको ।
- सूचनाको हकको प्रभावकारी कार्यान्वयनका लागि सुझावहरू : सूचनाहरु नियमित रूपमा कार्यालयको वेबसाइटमा प्रकाशन गर्नुपर्ने । वेबसाइट User Friendly र सबै किसिमका उपकरण (जस्तैः कम्प्युटर, ल्यापटप, ट्याब, मोवाइल फोन) बाट सजिलै हेर्न मिल्ने किसिमको हुनुपर्छ । स्थानीय क्षेत्रमा स्थानीय समुदायलाई मध्यनजर गर्दै महत्वपूर्ण सूचनाहरु अधिकांशले प्रयोग गर्ने मातृभाषामा समेत प्रकाशन गर्नुपर्ने । प्रत्येक कार्यालयमा छुट्टै सूचना शाखाको व्यवस्था गर्ने । कार्यालयका सबै किसिमको सूचनामा, सूचना अधिकारीको पहुँच हुने तथा सबै सूचनाहरु सूचना शाखामा उपलब्ध हुने व्यवस्था गर्ने । सूचना अधिकारीको व्यवस्था गर्ने र सूचना अधिकारी उत्प्रेरित हुने वातावरण मिलाउने । कार्यालय प्रमुख र सूचना अधिकारीको लागि समय-समयमा सूचनाको हकसम्बन्धी तालिम, गोष्ठी, सेमिनार आदिको व्यवस्था गर्ने । सूचनाको हकको प्रभावकारी रूपमा कार्यान्वयन गर्न प्रत्यक निकायभित्र सूचनाको हकसम्बन्धी विषयमा छलफल चलाउनु पर्ने । सूचनाको सङ्कलन, व्यवस्थापन, संरक्षण र संप्रेषणको लागि पुस्तकालय तथा सूचना केन्द्रको स्थापना गर्ने । सूचनाको हक प्राप्त गर्ने सम्बन्धमा सर्वसाधारणलाई जागरूक बनाउन, सञ्चार, सूचना तथा प्रविधि मन्त्रालयले सञ्चारमाध्यममार्फत् विभिन्न कार्यक्रमहरु प्रसारण गर्ने ।




**प्राप्ताङ्क : ९७**

## ३.५ कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय कानूनी राज्यको अवधारणा अनुरूप नेपाल कानूनको तर्जुमा, मौजुदा कानूनहरूमा समसामयिक संशोधन लगायत न्याय प्रशासनसँग सम्बन्धित कार्यहरू सम्पादन गर्ने नेपाल सरकारको केन्द्रीय निकाय हो । नेपालको कानून तथा न्यायको क्षेत्रमा नीति तथा कार्यक्रम निर्माण, कार्यान्वयन र समन्वय गर्ने संघीय मन्त्रालय हो । न्याय प्रशासनसम्बन्धी विषय, दण्ड, सजाय, कानुनको संहिताकरण र एकीकरण सम्बन्धी विषयमा यसले नीति तय गर्दछ । मन्त्रालयले सरकारी विधेयकको कानुन तर्जुमा गर्ने, सन्धि सम्झौता वा करारको मस्यौदा गर्ने वा कानुनी प्रश्नमा विभिन्न मन्त्रालयलाई राय प्रदान गर्ने तथा संसद्, सर्वोच्च अदालत, महान्यायाधिवक्ताको कार्यालय, न्याय परिषद्, न्याय सेवा आयोगजस्ता संवैधानिक निकायका हकमा सम्पर्क मन्त्रालयको रूपमा रहेर कार्य गर्दछ । यस मन्त्रालयबाट सम्पादन हुने कार्यहरू निम्न बमोजिम रहेका छन् :

१. संघीय विधेयक, अध्यादेश, नियम, आदेश तथा नेपाल सरकारबाट जारी हुने निर्देशिका, कार्यविधिको तर्जुमा तथा सहमति,
२. संघीय संसदमा विधेयक प्रस्तुत, फिर्ता, पारित विधेयकको प्रमाणीकरण
३. सरकारी तथा गैरसरकारी विधेयक,
४. सार्वजनिक लिखत प्रमाणीकरण,
५. सर्वोच्च अदालत, न्याय परीक्षद्, न्याय सेवा आयोग, उच्च अदालत, जिल्ला अदालत तथा संघीय कानून अन्तर्गत गठित विशिष्टीकृत अदालत र न्यायिक निकाय,
६. कानूनी राय तथा परामर्श,
७. नेपाल राजपत्रमा प्रकाशन हुने सूचनाको सम्पादन

८. नेपाल सरकार वादी हुने मुद्दा तथा नेपाल सरकारलाई सरोकार पर्ने मुद्दा फिर्ता, मिलापत्र तथा प्रतिरक्षा
९. सन्धि, सम्झौता, समझदारीको अनुमोदन, हस्ताक्षर, सम्मिलन, स्वीकृति वा समर्थन, अन्तर्राष्ट्रिय र अन्तरसरकारी संस्थाको सदस्यता प्राप्ति, अन्तर्राष्ट्रिय कानूनी दायित्व र अन्तर्राष्ट्रिय सम्मेलन र वार्तामा अन्तर्राष्ट्रिय कानूनको विषयमा अपनाउनु पर्ने दृष्टिकोणमा परामर्श,
१०. अन्तर्राष्ट्रिय कानूनी विवाद,
११. राष्ट्रिय न्याय प्रणाली, न्याय प्रशासन तथा अन्तर्राष्ट्रिय कानूनसम्बन्धी अध्ययन, अनुसन्धान,
१२. अन्तर्राष्ट्रिय करार तथा अन्य लिखतको मस्यौदा र सोसम्बन्धी परामर्श,
१३. पारस्परिक कानूनी सहायता,
१४. सरकारी आश्वासन तथा सङ्कल्प प्रस्ताव,
१५. फौजदारी तथा देवानी कानून निर्माण, अनुसन्धान तथा पुनरावलोकन,
१६. संघीय कानूनको प्रकाशन तथा वितरण,
१७. प्रदेश र स्थानीय तहको लागि नमूना कानूनको मस्यौदा र समन्वय
१८. मानवअधिकार र मानवीय कानून,
१९. कानुनमा पहुँच र निःशुल्क कानूनी सहायता, विवाद समाधानको वैकल्पिक उपाय, मेलमिलाप,
२०. कानून व्यवसायी परीषद्,
२१. नोटरी पब्लिक तथा नोटरी पब्लिक परीषद,
२२. नेपाल सरकारलाई आवश्यक पर्ने कानून तथा कानूनी लिखत र सन्धिको अनुमोदन,
२३. नेपाल पक्ष भएका सन्धिको केन्द्रीय अभिलेखीकरण,
२४. कानूनको एकीकरण र संहिताकरण,
२५. अन्तर्राष्ट्रिय सन्धि तथा सम्झौताको प्रकाशन,
२६. संघीय संसद कार्यसञ्चालन तथा सम्पर्क,
२७. नेपाल कानून आयोग, राष्ट्रिय न्यायिक प्रतिष्ठान, न्यायिक जाँचबुझ आयोग,
२८. सत्य निरूपण तथा मेलमिलाप आयोग,
२९. बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग,
३०. मन्त्रालयसम्बन्धी राष्ट्रिय अन्तर्राष्ट्रिय संघसंस्थासँग सन्धि, सम्झौता, अभिसन्धि, सम्पर्क र समन्वय,
३१. मन्त्रालयसम्बन्धि सार्वजनिक संस्थान, समिति, प्रतिष्ठान आदिको सञ्चालन र नियमन
३२. नेपाल न्याय सेवाको न्याय समूह र कानून समूहको सञ्चालन ।

नेपाल कानुन आयोग, विभिन्न न्यायाधीकरणहरू, विभिन्न विशिष्टीकृत विभिन्न अदालत यससँग सम्बन्धित छन् । मातहतका र स्वतन्त्र रूपमा कार्य गर्ने सम्बद्ध निकायहरू र प्राप्त अङ्क निम्न बमोजिम रहेका छन् :


| | | प्राप्ताङ्क |
|---|---|---|
| १. | न्याय सेवा तालिम केन्द्र | ७० |
| २. | कानुन किताब व्यवस्था समिति | ६४ |
| ४. | केन्द्रीय कानून पुस्तकालय विकास समिति | ५८ |

**राष्ट्रिय सूचना आयोगको आदेश कार्यान्वयनको स्थिति**

- मन्त्रालय र मातहत निकायमा सूचना अधिकारी तोकिएको पाइयो ।
- प्रत्येक तीन महिनामा स्वतः प्रकाशन गर्नुपर्ने सूचनाहरू मन्त्रालय र केही मातहतका निकायमा प्रकाशन गर्ने गरिएको पाइयो । तर कानुन किताब व्यवस्था समितिले भने हालसम्म प्रकाशन गरेको देखिएन ।
- सूचना माग र प्रवाहको छुट्टै दर्ता किताव, अभिलेख र फाइल खडा गरेको पाइएको छ ।
- मन्त्रालय र मातहत निकायमा सूचना अधिकारीको बोर्ड राखेको पाइयो ।
- मन्त्रालयको वेबसाइटमा सूचना अधिकारीको विवरण राखेको पाइयो ।
- वेभसाइटमा प्रेस विज्ञप्ति राख्ने गरेको पाइयो ।
- सूचनाको हक सम्बन्धमा राष्ट्रिय सूचना आयोगबाट जारी भएको आदेशको पालना भएको ।
- सूचना अधिकारीको वृत्ति विकासमा मन्त्रालयका अधिकारीहरूबाट उत्साहनजक पहल हुन नसकेको पाइयो । यस विषयमा मन्त्रालयमा हालसम्म उपलब्धीपूर्ण छलफल हुन नसकेको यथार्थ बोध गरियो ।

**मूल्याङ्कनकर्ताको निष्कर्ष एवम् सुझाव**

- कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय आफैमा कानुन बनाउने, पालना गराउने तथा कानुनको प्रचार प्रसार गर्ने जिम्मेवार निकाय भएकोले सूचनाको हक सम्बन्धी कानुन कार्यान्वयनमा मन्त्रालय थप जिम्मेवार हुँदै उत्प्रेरकको भूमिकामा अग्रसर हुनुपर्ने आवश्यकता देखिएको छ ।
- मन्त्रालयले सूचना लिने प्रक्रियालाई सरल र सहज बनाउनु पर्ने ।
- नियमित रूपमा प्रेस विफ्रिङ गर्ने व्यवस्था मिलाउनुपर्ने ।
- सूचनामैत्री संस्कृति विकास गर्न विशिष्टीकृत तालिम लगायतका कार्यक्रम मन्त्रालयकै अगुवाइमा सञ्चालन गर्नुपर्ने ।
- मन्त्रालयले स्वतः प्रकाशन लगायत कानुनको कार्यान्वनमा मातहत निकायलाई थप जिम्मेवार बनाउनु पर्ने ।
- सूचना प्रणालीलाई प्रभावकारी बनाउनुपर्ने ।
- सार्वजनिक निकाय र सूचनाको हक सम्बन्धी विषयमा मन्त्रालयले प्रचारप्रसार गर्नुपर्ने ।
- कर्मचारीमा पारदर्शिता र सूचनाको हक सम्बन्धी क्षमता विकास गर्नुपर्ने ।
- नेपालका सबै ऐन कानुनहरू मन्त्रालयको वेबसाइटमा अद्यावधिक गरी राख्नुपर्ने ।
- कानुन, संविधान, अन्तर्राष्ट्रिय स्तरका सन्धि, सम्झौतालाई सूचना प्रविधिमैत्री बनाउँदै सर्वसाधारणको पहुँचमा ल्याउनुपर्ने ।
- नागरिकका लागि देशको कुनै पनि कानून अनिवार्य रूपमा थाहा पाउनुपर्ने सूचना भएकोले नागरिकतहमा कानुनका विषय र प्रावधानहरूलाई सरल र सहज रूपमा लैजाने संयन्त्रको विकास गर्न मन्त्रालयले पहल गर्नुपर्ने ।




**प्राप्ताङ्क : ७८**

## ३.६ कृषि तथा पशुपंक्षी विकास मन्त्रालय

कृषि तथा पशुपंक्षीसम्बन्धी क्षेत्रमा नीति तथा कार्यक्रम तर्जुमा, कार्यान्वयन र समन्वय गर्ने संघीय मन्त्रालय हो । यो मन्त्रालय कृषि क्षेत्रको विकास र श्रोत व्यवस्थापनको हिसावले महत्वपूर्ण जिम्मेवारी भएको मन्त्रालय हो । नेपाल एक कृषिप्रधान देश भएको र धेरै जनसंख्या कृषिमा आश्रित भएको र राष्ट्रिय आयको २७% कृषि क्षेत्रबाटै प्राप्त हुने हुँदा यो मन्त्रालयको कार्यक्षेत्र महत्वपूर्ण रहेको छ । बहुसङ्ख्यक जनताको चासो, देशको विकास र बजेटको हिस्सा यी तिनै पक्षमा यो मन्त्रालय सरकारको एक बृहत निकाय हो । साथै आमजनसरोकार र हितका विषय यस मन्त्रालयको कार्यक्षेत्रमा समेटिएका छन् । यस मन्त्राललाई निम्नबमोजिमको क्षेत्रको जिम्मेवारी रहेको छ ।

**कृषि विकास**

१. कृषि तथा कृषिजन्य जैविक विविधता र जैविक प्रविधिसम्बन्धी नीति, कानून, मापदण्ड र नियमन,
२. खाद्य सुरक्षा, खाद्य अधिकार र खाद्य सम्प्रभुता, खाद्य पदार्थको गुणस्तर तथा खाद्य स्वच्छता सम्बन्धी नीति, कानून, मापदण्ड र नियमन,
३. कृषि तथा पशुपंक्षीजन्य औषधि, सूक्ष्मपोषण तत्व र जैविक विषादी, रासायनिक विषादीको उपयोग र व्यवस्थापन सम्बन्धी नीति, कानून, मापदण्ड र नियमन,
४. खाद्य क्वारेन्टाइन, पशु तथा वनस्पतिजन्य क्वारेन्टाइन सम्बन्धी नीति, कानून, मापदण्ड, कार्यान्वयन र नियमन,
५. विषादीको स्तरीकरण, सूचना सङ्कलन, वर्गीकरण, सूचना प्रवाह र नियमन,
६. कृषिसम्बन्धी अन्तर्राष्ट्रिय व्यापार सहजीकरण,

७. कृषि तथ्याङ्क प्रणाली, अनुसन्धान, स्रोत संरक्षण, विकास र विस्तार,
८. कृषि तथा खाद्यसम्बन्धी अन्तर्राष्ट्रिय प्रत्यायन, प्रमाणीकरण, प्रयोगशाला विकास र व्यवस्थापन,
९. रासायनिक तथा जैविक मल उत्पादन, आयात तथा प्रयोगसम्बन्धी नीति, कानून, मापदण्ड, गुणस्तर निर्धारण, समन्वय र नियमन,
१०. कृषि, मत्स्य तथा पशुपंक्षीजन्य महामारी नियन्त्रण,
११. कृषि औद्योगिकीकरण, मत्स्य, पशुपंक्षी उद्योग व्यवसायको अन्तरप्रादेशिक विकास, प्रबर्द्धन र समन्वय
१२. बिउबिजन एवम् नश्लसम्बन्धी राष्ट्रिय गुणस्तर निर्धारण र नियमन,
१३. अन्तरदेशीय चरन तथा खर्कसम्बन्धी नीति, कानून र नियमन,
१४. पशुपंक्षीजन्य औषधी दानाको नीति, कानून, मापदण्ड, गुणस्तर निर्धारण, आयात अनुमति र नियमन,
१५. पशुचिकित्सा सम्बन्धी राष्ट्रिय नीति, कानून, मापदण्ड र व्यवस्थापन,
१६. पशु चिकित्सकको दर्ता, अनुमति, नवीकरण, खारेजी र नियमन,
१७. दुग्ध र दुग्ध पदार्थबाट बनेका वस्तुहरूको अनुसन्धान र विकास,
१८. मासु तथा मासुजन्य पदार्थ र पशु छाला तथा अन्य पदार्थसम्बन्धी नीति, कानून, मापदण्ड र नियमन,
१९. कृषि तथा पशुपंक्षी बीमासम्बन्धी नीति र मापदण्ड,
२०. पशुसेवासम्बन्धी प्रयोगशालाको सम्बद्धता,

## यो मन्त्रालय अर्न्तगतका मुख्य निकायहरु र तिनको प्राप्ताङ्क निम्न बमोजिम छन् :

| | | प्राप्ताङ्क |
|---|---|---|
| १. | कृषि सेवा विभाग | ९० |
| २. | खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग | ९८ |
| ३. | नेपाल कृषि अनुसन्धान परिषद् | ९१ |
| ४. | राष्ट्रिय चिया तथा कफी विकास बोर्ड | ९२ |
| ५. | कृषि सूचना तथा प्रशिक्षण केन्द्र | ९८ |
| ६. | कृषि पूर्वाधार विकास तथा कृषि यान्त्रीकरण प्रबर्द्धन केन्द्र | ९० |
| ७. | नेपाल लाइभस्टक सेक्टर इनोभेसन आयोजना | ९७ |
| ८. | प्रधानमन्त्री तथा कृषि आधुनिकीकरण परियोजना | ९० |
| ९. | खाद्य तथा पोषण सुरक्षा सुधार आयोजना | ९७ |
| १०. | पशु सेवा विभाग | १०० |

**राष्ट्रिय सूचना आयोगको आदेश कार्यान्वयनको स्थिति**

- सूचना अधिकारी तोक्ने र ३/३ महिनामा स्वतः प्रकाशन गर्ने विषयमा राष्ट्रिय सूचना आयोगबाट जारी भएको आदेश पालना भए/नभएको : सूचना अधिकारी तोकिएको । ३/३ महिनामा स्वतः प्रकाशन गर्ने विषयहरू प्रकाशन गरी वेबसाइटमा राख्ने गरिएको र राष्ट्रिय सूचना आयोगबाट जारी भएको आदेश पालना भएको ।
- सूचना माग र प्रबाहको छुट्टै अभिलेख राखे/नराखेको : सूचना मागको छुट्टै अभिलेख राखिएको । अभिलेख राखिएको कारण सूचना प्रभाव गर्न सजिलो भएको ।

- सूचना अधिकारीले सूचनाको हकको तालिम लिए/नलिएको, आफैले तालिमको लागि पहल गरे/नगरेको र आफ्नै निकायको पहलमा अन्तरक्रिया भए/नभएको, स्टाफ मिटिंगमा छलफल हुने गरे/नगरेको : सूचना अधिकारीले सूचनाको हकको तालिम लिएको । स्टाफ मिटिङ्गमा आवश्यकता अनुसार छलफल गर्ने गरेको ।
- राष्ट्रिय सूचना आयोगबाट सूचना दिनु भन्ने आदेश जारी भएपछि पूर्ण पालना भए/नभएको : हालसम्म सूचना माग भए अनुसार निर्दिष्ट समयभित्रै सूचना प्रदान गरिएको र सोबाट सूचना मागकर्ता सन्तुष्ट भएकोले राष्ट्रिय सूचना आयोगमा उजुरी परी तहाँबाट सूचना दिनु भन्ने आदेश जारी गर्ने अवस्था नआएको ।
- सूचनाको हकको प्रभावकारी कार्यान्वयनका लागि सुझावहरू : सूचना अधिकारीलाई मात्र नभई निकायका प्रमुखलाई समेत तालिमको व्यवस्था हुनु पर्ने । सवै शाखाहरूले सूचना अधिकारीले माग गरेका सूचनाहरू यथाशीघ्र उपलब्ध गराउने प्रक्रिया (standard operating procedure- SOP) तयार गर्न राष्ट्रिय सूचना आयोगले पहल गर्नु पर्ने । सूचनाको वर्गीकरणको लागि साविकको पशुपंक्षी विकास मन्त्रालयले प्रक्रिया बढाएकोमा सो को कुनै सुनुवाइ नभएकोले वर्गीकरण सम्बन्धी यथाशीघ्र निर्णय गर्नु पर्ने । निकायको कार्यप्रकृति हेरी कस्तो सूचना दिन नपर्ने भन्ने विषयमा वस्तुगत स्पष्टता हुनुपर्ने । सूचनाको मागको घनत्व हेरी सार्वजनिक निकायलाई 'क' 'ख' 'ग' र 'घ' वर्गमा वर्गीकृत गर्ने । 'क' 'ख' वर्गका निकायमा अनिवार्यरूपमा 'सूचना एकाई' स्थापना गर्ने । सूचना एकाईमा आवश्यकता अनुसार २ वा ३ जना कर्मचारीलाई सूचना सम्बन्धी कार्यमा नै पूर्णकालीन जिम्मेवारी दिने । निजहरूलाई अन्य जिम्मेवारी नदिने । उक्त एकाईका प्रमुख नै सूचना अधिकारी हुने । निजले आफ्नो निकायको प्रबर्द्धनको रणनैतिक योजना बनाई लागु गर्ने र प्रवक्तालाई सूचना व्यवस्थापनमा सहयोग गर्ने समेत व्यवस्था हुनुपर्ने । सूचनाको हक सम्बन्धी ऐन र नियमावली परिमार्जन गरी सूचना प्रवाह गर्ने व्यक्ति प्रवक्ता र सूचना अधिकारीको कार्यक्षेत्र समेत स्पष्ट गर्नुपर्ने । हालसम्मको अनुभवको आधारमा परिमार्जन गर्नुपर्ने अन्य विषयहरू सूचना अधिकारी लगायत अन्य सरोवारवालाहरूसँग वृहत छलफल गरी ऐनलाई अझ प्रभावकारी बनाउने । सूचना अधिकारीहरूलाई गर्नुपर्ने प्रोत्साहन, उत्प्रेरणा र निजलाई परेका समस्याको समाधान गर्न सूचना आयोग र निकायहरूबीच अन्तर्क्रिया समन्वय र पृष्ठपोषणको मात्रा अझ बढाउनु पर्ने । सूचना अधिकारीहरूलाई परेका समस्या तथा चुनौति समाधान गर्न तथा निजहरूलाई कुनै अन्यौल भएमा त्यसलाई तत्काल सम्बोधन गर्नका लागि सूचना आयोगमा बेग्लै सूचना अधिकारी परामर्श कक्ष र फोकल व्यक्तिको व्यवस्थापन गर्नुपर्ने ।

**मूल्याङ्कनकर्ताको निष्कर्ष र सुझावहरु**

(क) **सूचना अधिकारीका सम्बन्धमा** :

कृषि तथा पशुपंक्षी विकास मन्त्रालय अन्तर्गत सबैमा सूचना अधिकारी तोकिएका छन् । तर, यी सूचना अधिकारीले तालिम भने पाएका छैनन् । तथापि, यस मन्त्रालयले प्रदेशगतरूपमा र केन्द्रमा पनि यस विषयमा अन्तरक्रिया कार्यक्रमको आयोजना गर्ने गरेको छ ।

(ख) **स्वतः प्रकाशन सम्बन्धमा** :


यस मन्त्रालयमा स्वतः प्रकाशन जारी गर्ने गरेको देखिन्छ । यसलाई आयोगले निर्माण गरेको पिडिएमएस

प्रणालीमा आबद्ध गर्न जरूरी छ । साथै, यस्को गुणस्तर पनि सुधार गर्नुपर्छ ।

(ग) **छुट्टै रजिष्टर खडा गर्ने सम्बन्धमा :**
सूचना माग र प्रबाहको छुट्टै रजिष्ट्रर राख्ने विषयमा यस मन्त्रालय र अन्तर्गत केही निकायले सन्तोषजनकढंगले काम गरेको र केही निकायमा अलमल रहेको पाइन्छ ।

(घ) **तालिममा सूचनाको हक समावेश सम्बन्धमा :**
यस मन्त्रालय तालिम केन्द्र छन् । तालिम केन्द्र भएकाले सूचनाको हक पाठ्यक्रममा समेटेको पाइन्छ ।

(ङ.) **आयोगको आदेशको कार्यान्वयन सम्बन्धमा :**
आयोगबाट जारी भएको आदेश पालना भएको सन्तोषजनक स्थिति छ । साथै, भविष्यमा पनि आयोगको आदेश पालना गर्न प्रतिबद्ध भएको अबस्था छ ।




**प्राप्ताङ्क : १००**

## ३.७ खानेपानी मन्त्रालय

प्रभावकारी, दिगो र गुणस्तरीय सेवा जनताको अपेक्षा हो । संघीय शासन प्रणाली अन्तर्गत सार्वजनिक सेवाहरूको प्रवाहका सम्बन्धमा सरकारका विभिन्न तहहरूको जिम्मेवारी संविधानतः किटान गरिएको छ । संविधानमा खानेपानी तथा सरसफाइ सुविधालाई जनताका आधारभूत अधिकारका रूपमा प्रत्याभूत गरिएको छ ।

खानेपानी तथा सरसफाइ क्षेत्र सम्बन्धित नीति, ऐन, नियमावली तथा गठनादेशहरू मन्त्रालयको कानूनी आधारको रूपमा रहेका छन् । स्थानीय स्वायत्त शासन ऐन, २०५५ को प्रावधान अनुसार खानेपानी र सरसफाइ सम्बन्धी कार्यविभाजन केन्द्र र स्थानीय निकायहरूको साझा कार्यको रूपमा रहेका थिए भने, हालको संघीय संविधानले पनि यसलाई केन्द्रदेखि स्थानीय सरकारसम्मको जिम्मेवारीमा पारेको छ ।

मुलुकभरका खानेपानी तथा सरसफाइ प्रणालीहरूको योजना तर्जुमा, निर्माण, सञ्चालन तथा मर्मतसम्भार लगायतको जिम्मेवारी रहेको यस मन्त्रालय अन्तर्गतको खानेपानी तथा ढल निकास विभाग क्षेत्रगत नेतृत्वदायी कार्यान्वयन गर्ने निकाय हो भने मन्त्रालय क्षेत्रगत नेतृत्वदायी कार्यकारी निकाय हो । मन्त्रालय अन्तर्गत विभागका अलावा सहरी क्षेत्रमा खानेपानी तथा सरसफाइ प्रणालीहरूको निर्माण एवम् सेवा प्रवाहका लागि बोर्डहरू, खानेपानी संस्थान, समितिहरू, आयोजना निर्देशनालय र महशुल निर्धारण तथा नियमनका लागि एक आयोग समेत रहेको छ । अतः वि.सं. २०७२ पौष ९ गते स्थापित खानेपानी मन्त्रालयले खानेपानी सम्बन्धी नीति, योजना तथा कार्यक्रमको तर्जुमा, कार्यान्वयन, अनुगमन, नियमन र मूल्याङ्कनको कार्य गर्दछ । खानेपानी प्रणालीको दिगोपन यस मन्त्रालयको पहिलो प्राथमिकता रहेको छ । यस मन्त्रालयका अन्य मुख्य कार्यहरु देहायबमोजिम रहेका छन् :

१. खानेपानी र सरसफाइ सम्बन्धी नीति, कानून र मापदण्ड,
२. राष्ट्रियस्तरका ठूला खानेपानी आयोजना र अन्तरप्रदेश खानेपानी आयोजना,
३. राष्ट्रियस्तरका प्रशोधन सहितका वृहत् ढल र अन्तरप्रदेश ढल प्रशोधनसहितका आयोजनाहरूको पहिचान, निर्माण र नियमन,
४. मन्त्रालयसम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थासँग सन्धि, सम्झौता, सम्पर्क र समन्वय,
५. मन्त्रालयसम्बन्धी सार्वजनिक संस्थान, प्राधिकरण, प्रतिष्ठान, कम्पनी आदिको सञ्चालन र नियमन,
६. नेपाल इञ्जिनियरिङ्ग सेवा, सिभिल इञ्जिनियरिङ्ग समूहको स्यानेटरी उपसमूहको सञ्चालन ।

**मन्त्रालय र मातहत निकायहरु र तिनले प्राप्त गरको अङ्क निम्नबमोजिम रहेका छन् :**

| | | **प्राप्ताङ्क** |
|---|---|---|
| १. | खानेपानी तथा ढल निकास विभाग | ९२ |
| २. | मेलम्ची खानेपानी विकास समिति | ८७ |
| ३. | आयोजना व्यवस्थापन कार्यालय | ९० |
| ४. | काठमाडौं उपत्यका खानेपानी व्यवस्थापन बोर्ड | ८५ |
| ५. | नेपाल खानेपानी संस्थान | ९७ |
| ६. | काठमाडौं उपत्यका खानेपानी लिमिटेड | ९४ |
| ७. | ग्रामीण खानेपानी तथा सरसफाई कोष विकास समिति | ९८ |

**राष्ट्रिय सूचना आयोगको कार्यान्वयनको स्थिति**

- सूचना अधिकारी तोक्ने र ३।३ महिनामा स्वतः प्रकाशन गर्ने विषयमा राष्ट्रिय सूचना आयोगबाट जारी भएको आदेश पालना भए/नभएको : आदेश पालना भएको ।
- सूचना माग र प्रवाहको छुट्टै अभिलेख राखे/नराखेको, यसमा राखेकोमा भएको फाइदा र राख्न

नसकेकोमा कठिनाइ उल्लेख गर्ने : राखेको, चहिएको बखतमा हेर्न र समस्या समाधानको पुष्टि गर्न सजिलो भएको ।

- सूचना अधिकारीले सूचनाको हकको तालिम लिए/नलिएको, आफैले तालिमको लागि पहल गरे/नगरेको र आफ्नै निकायको पहलमा अन्तरक्रिया भए/नभएको, स्टाफ मिटिंगमा छलफल हुने गरे/नगरेको : नलिएको र आवश्यक पर्दा मिटिंगमा छलफल हुने गरेको ।
- राष्ट्रिय सूचना आयोगबाट सूचना दिनु भन्ने आदेश जारी भएपछि पूर्ण पालना भए/नभएको, नभएको भए के कठिनाइ रहेको : आदेशको पूर्ण पालना भएको ।
- सूचनाको हकको प्रभावकारी कार्यान्वयनका लागि सुझावहरू : सूचना अधिकारीलाई पर्याप्त तालिमको व्यवस्था हुनु पर्ने । सूचनाको वर्गीकरण पूर्ण रूपमा हुने गरी सबै निकायमा प्रयोग हुने software को विकास गरिनुपर्ने । सूचनाको हक सम्बन्धी कार्यक्रम र बजेटको व्यवस्था अनिवार्य गर्न आवश्यक निर्देशन हुनु पर्ने । जनचेतनामूलक कार्यक्रम आयोजना गर्नुपर्ने । सूचनाको दुरूपयोग नहुने व्यवस्था गरिनुपर्ने । सूचना अधिकारीलाई स्वःस्फूर्त सूचना प्रवाह गरिनुपर्ने । सूचना मागकर्ताको सम्मान गरी यथाशक्य छिटो सूचना प्रवाहको व्यवस्था हुन सक्ने व्यवस्था गरिनुपर्ने । सूचनाको हक सम्बन्धी विभिन्न भाषामा जिंगल तथा पम्प्लेटहरू राष्ट्रिय रूपमा प्रवाह गरिनुपर्ने । राजनीतिक व्यक्तिहरूलाई समेत राखी विभिन्न ठाँउमा अन्तरक्रिया गरिनुपर्ने । राष्ट्रिय सूचना आयोगको संरचनाहरू कम्तिमा प्रदेश तहसम्म विस्तार गरी सूचनाको हकलाई सुशासन र लोकतन्त्रको परिपूरकको रूपमा विकास गरिनुपर्ने ।

**मूल्याङ्कनकर्ताको निष्कर्ष र सुझाव**

(क) **सूचना अधिकारीका सम्बन्धमा** :

खानेपानी तथा सरसफाई मन्त्रालय अन्तर्गत सबैमा सूचना अधिकारी तोकिएका छन् । तर, यस निकायमा यस विषयमा निरन्तर छलफल र अन्तरक्रिया कार्यक्रम आयोजना गर्न जरूरी छ ।

(ख) **स्वतः प्रकाशन सम्बन्धमा** :


यस मन्त्रालयमा स्वतः प्रकाशनको विषय पनि जानकारीमा रहेको देखिन्छ । यसलाई आयोगले निर्माण गरेको पिडिएमएस प्रणालीमा आबद्ध गर्न जरूरी छ । साथै, यसको गुणस्तरमा पनि जोड दिनुपर्छ ।

(ग) **छुटै रजिष्टर खडा गर्ने सम्बन्धमा** :

सूचना माग र प्रबाहको छुट्टै रजिष्ट्रर राख्ने विषयमा यस मन्त्रालय र अन्तर्गत आशिंकरूपमा काम भएको छ । यसमा केही बुझाइको द्विविधा पनि छ । यसर्थ, तालिमको आबश्यकता बोध भएको छ ।

(घ) **तालिममा सूचनाको हक समाबेश सम्बन्धमा** :

यस मन्त्रालय र अन्तर्गत सबै निकायमा तालिम केन्द्र नभएकोले यस विषयले उच्च महत्व पाएको छैन । यसर्थ, तालिम वा अन्तरक्रिया कार्यक्रमको आयोजना गर्नुपर्छ ।




(ड.) **आयोगको आदेशको कार्यान्वयन सम्बन्धमा :**

आयोगबाट जारी भएको आदेश पालना भएको सन्तोषजनक स्थिति छ र भविष्यमा पनि पालना हुने कुरामा ढुक्क हुन सकिने वातावरण बनेको छ ।

**प्राप्ताङ्क : १००**

## ३.८ गृह मन्त्रालय

मुलुकभर आन्तरिक शान्ति र सुव्यवस्था कायम गर्ने सम्बन्धमा नीति तथा कार्यक्रम तर्जुमा, कार्यान्वयन, समन्वय, अनुगमन र मूल्याङ्कन गर्ने मुख्य कार्य गर्ने संघीय मन्त्रालय हो । मुलुकमा शान्ति सुव्यवस्था र सुरक्षा कायम गरी जनताको जीउ धन र स्वतन्त्रताको संरक्षण गर्नु गृह मन्त्रालयको मुख्य उद्देश्य हो । यस मन्त्रालयको निम्न बमोजिमका कार्य गर्ने जिम्मेवारी रहेको छ :

१. आन्तरिक सुरक्षा तथा शान्ति सुव्यवस्था सम्बन्धी नीति, कानुन, मापदण्ड, योजना, कार्यान्वयन र नियमन,
२. विशिष्ट व्यक्ति, महत्वपूर्ण स्थल, भवन, संरचना, कूटनीतिक नियोग र लोकमार्गको सुरक्षासम्बन्धी सूचना सङ्कलन, विश्लेषण, उपयोग, समन्वय र सुरक्षा प्रबन्ध
३. संघ र प्रदेश प्रहरीसम्बन्धी कानून, सुपरीवेक्षण र समन्वय,
४. अपराध रोकथाम तथा नियन्त्रणसम्बन्धी नीति, कानून, मापदण्ड र नियमन,
५. अपराध अनुसन्धान र अपराध अनुसन्धानको अभिलेख,
६. अपराध नियन्त्रणसम्बन्धी अन्तर्राष्ट्रिय क्षेत्रीय समन्वय तथा सहयोग,
७. सुपुर्दगी सम्बन्धी कानून, सन्धि, सम्झौता र कार्यान्वयन,
८. नागरिकतासम्बन्धी नीति, कानून, कार्यान्वयन र नियमन,
९. पारिवारिक मामिला (विवाह, सम्पत्ति हस्तान्तरण, सम्बन्ध विच्छेद, लोपोन्मुख, टुहुरा, धर्मपुत्र, धर्मपुत्री,

उत्तराधिकार र संयुक्त परिवार) सम्बन्धी कानून,

१०. उमेर, नाम र जात सच्याउने सम्बन्धी नीति, कानून, मापदण्ड, कार्यान्वयन र नियमन,
११. हातहतियार, खरखजाना तथा विस्फोटक पदार्थको प्रयोग सम्बन्धी नीति, कानून, मापदण्ड, कार्यान्वयन, नियन्त्रण र नियमन,
१२. यातना पीडितसम्बन्धी नीति, कानून, मापदण्ड, समन्वय र नियमन,
१३. निवारक नजरबन्द, कारागार तथा हिरासत व्यवस्थापन सम्बन्धी नीति, कानून र मापदण्ड,
१४. अभियुक्त, थुनुवा र कैदी अन्तरप्रदेश स्थानान्तरण सम्बन्धी,
१५. शरणार्थी मामिलासम्बन्धी नीति, कानून र व्यवस्थापन,
१६. सम्पत्ति प्राप्ति, जग्गा प्राप्ति, अधिग्रहण र मुआब्जा सम्बन्धी नीति, कानून, मापदण्ड र नियमन,
१७. चिट्ठा तथा जुवा नियन्त्रणसम्बन्धी नीति, कानून, मापदण्ड र नियमन,
१८. विपद् व्यवस्थापनसम्बन्धी राष्ट्रिय नीति, कानून, मापदण्ड, कार्यान्वयन र नियमन,
१९. राष्ट्रिय विपद् कोष स्थापना र सञ्चालन तथा प्रादेशिक विपद् कोषमा सहयोग र समन्वय,
२०. सजाय माफी, मुल्तवी र परिवर्तन,
२१. निर्वाचन तथा जनमत संग्रह,
२२. सार्वजनिक विदा, उत्सव, उर्दी आदिको व्यवस्थापन,
२३. इन्टरपोल तथा अन्तर्राष्ट्रिय प्रहरी सङ्गठनहरूसँगको सम्पर्क र समन्वय,
२४. मानवअधिकार र नागरिक स्वतन्त्रताको संरक्षण तथा प्रबर्द्धन,
२५. अन्तर्राष्ट्रिय शान्ति स्थापना कार्यमा सहयोग र समन्वय,
२६. अन्तर्राष्ट्रिय सीमा, सीमा स्तम्भको सुरक्षा, सीमा प्रशासन तथा अन्तर्राष्ट्रिय सिमानाको सुरक्षा,
२७. सशस्त्र विद्रोह, आर्थिक तथा सङ्गठित अपराध, आतङ्ककारी क्रियाकलाप एवम् अबैध संघसस्थाहरूको गतिविधि नियन्त्रण र वारूदी सुरूङ्गको निवारण,
२८. सार्वजनिक चासो र महत्वका सूचना सङ्कलन, आदानप्रदान, विश्लेषण, उपयोग र संरक्षण,
२९. राष्ट्रिय परिचयपत्र व्यवस्थापन सम्बन्धी नीति, कानून, मापदण्ड, कार्यान्वयन र नियमन,
३०. विदेशी नागरिकको प्रवेश, उपस्थिति, गतिविधि तथा प्रस्थानको व्यवस्थापन, नियमन, नियन्त्रण र अभिलेखीकरण,
३१. अध्यागमन,
३२. अत्यावश्यक वस्तु तथा सेवाको आपूर्ति समन्वय,
३३. उपाधि, सम्मान तथा विभूषण र सुशोभन,
३४. द्वन्द्व पीडित तथा विस्थापित व्यक्तिहरूको राहत तथा पुनर्स्थापना,
३५. आर्थिक सहायता,
३६. लागू औषध नियन्त्रण,
३७. धार्मिक विषय, तीर्यस्थान र तीर्थयात्री,
३८. कल्याण धन र बेवारिशी धन,
३९. सार्वजनिक स्थानमा अवाञ्छित व्यवहारको रोकथाम, मादक पदार्थ, सार्वजनिक अपराधको नियन्त्रण,
४०. सार्वजनिक चन्दा सङ्कलन नियमन र नियन्त्रण,
४१. गृह प्रशासन (कारागार, शान्ति सुव्यवस्था, लागू औषध, प्रकोप व्यवस्थापन, सुपुर्दगी लगायत) विषयक

राष्ट्रिय/अन्तर्राष्ट्रिय समन्वय र सम्पर्क,

४१. सार्वजनिक विषयसँग सम्बन्धित विवाह, घटनाको जाँचबुझ र अनुसन्धान,

४२. सवारी नियन्त्रण तथा सरकारी सवारी साधनको व्यवस्थापन र समन्वय,

४३. मन्त्रालय सम्बन्धी राष्ट्रिय अन्तर्राष्ट्रिय संघसंस्थासँग सन्धि, सम्झौता, सम्पर्क र समन्वय,

४४. मन्त्रालय सम्बन्धी सार्वजनिक संस्थान, प्राधिकरण, समिति, प्रतिष्ठान आदिको सञ्चालन र नियमन

४५. अरू मन्त्रालयको कार्यविभाजनमा नपरेका विषय ।

**मन्त्रालय मातहत निम्नबमोजिमका केन्द्रीयस्तरका निकायहरू रहेका छन् :**

१. नेपाल प्रहरी
२. सशस्त्र प्रहरी बल
३. अध्यागमन विभाग
४. कारागार व्यवस्था विभाग
५. राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग
६. राष्ट्रिय प्रहरी किताबखाना


**राष्ट्रिय सूचना आयोगको आदेश कार्यान्वयनको स्थिति**

- सम्परीक्षण गरिएका कार्यालयहरूमध्ये सशस्त्र प्रहरीबाहेक सबै कार्यालयमा सूचना अधिकारी तोकिएको छ ।
- गृह मन्त्रालयमा सूचना अधिकारीको नाम, फोटो उल्लेख छ । कोठा नं. उल्लेख छैन सुरक्षाका कारण सूचना अधिकारीको कार्यालयमा पुग्न सहज वातावरण छैन ।
- राष्ट्रिय सूचना आयोगका आदेश कार्यान्वयन भएको मौखिक जानकारी दिइयो । तर, यो सम्बन्धी अभिलेख देखिएन । कति निवेदन परे र कति कार्यान्वयन भए भन्ने स्पष्ट जानकारी पाउन सकिएन । यद्यपि, सूचना अधिकारी र सो शाखाका कर्मचारीहरूमा यस बारेको सकारात्मक तत्परता देखियो ।

**मूल्याङ्कनकर्ताको निष्कर्ष एवम् सुझाव**

- गृह मन्त्रालयको वेबसाइटमा स्वतः खुलासाको विवरण पत्ता लगाउन र सोसम्म पहुँच पुग्न निकै खोजविन गर्नु पर्छ । समय लाग्छ । तसर्थ, वेबसाइटको मुख्य पृष्ठमा प्रष्ट देखिने गरी स्वतः प्रकाशनको मेनु व्यवस्थापन गर्नु राम्रो हुनेछ । यसैगरी मातहतका निकायहरूमा पनि सोही बमोजिम वेबसाइट परिवर्तन गर्न आवश्यक देखिन्छ । साथै, राखिएको सामाग्री हार्डकपीलाई स्क्यानिङ्ग गरेर राखिएको छ, जसले गर्दा सजिलै डाउनलोड गर्न र प्रयोग गर्न सकिंदैन । पढ्न र बुझ्न पनि अप्ठ्यारो हुन्छ । तसर्थ, स्वतः प्रकाशन विवरणलाई वर्ड फाइलमा राख्न आवश्यक देखिन्छ ।
- गृह मन्त्रालयले नै सिंहदरबार सुरक्षा व्यवस्थापनको संयोजन गर्ने भएकोले सिंहदरबारको प्रवेश व्यवस्था सहज नभई सर्वसाधारणको सूचनामा पहुँचको अवस्था सुधार हुन नसक्ने हुनाले सो व्यवस्थालाई सुधार गर्न र वैकल्पिक प्रबन्धहरू गर्न गृह मन्त्रालयले नै सक्रियता लिनु पर्छ । सो का लागि तत्कालै सिंहदरबारको दक्षिण गेटमा एउटा सूचनाको हक सम्बन्धी सहजीकरण कक्ष स्थापना गर्ने र निवेदनहरू दर्ता गरी विभिन्न निकायमा पठाउने प्रबन्ध गर्नु पर्दछ ।

- गृह मन्त्रालय र मातहात निकायहरूका वेबसाइटहरूमा नागरिक वडापत्रको ई-भर्सन राख्न आवश्यक पहल हुनुपर्ने देखिन्छ ।
- गृह मन्त्रालय-सूचनाको हक प्रचलन गर्न-गराउन एक महत्वपूर्ण सहजीकरण गर्ने मन्त्रालय भएकोले अन्तरनिकाय सूचना अधिकारीहरूको आन्तरिक संयन्त्र र नियमित बैठक गर्ने प्रचलन स्थापित भएमा यस प्रक्रियाबाट सूचनाको हक कार्यान्यनलाई गतिशील बनाउन र एकरूपता कायम गर्न सहयोग पुग्नेछ ।
- गृह मन्त्रालय अर्न्तगत सशस्त्र प्रहरीले प्रवक्ताको व्यवस्था गरे पनि सूचना अधिकारी तोक्ने र सूचनाको हकको ऐनबमोजिम सूचना-व्यवस्थापन गर्ने प्रचलन गरेको देखिएन । सो निकायलाई पनि सूचनाको हक सम्बन्धी ऐन कार्यान्वयनमा आवश्यक निर्देशन हुनुपर्ने देखिन्छ ।
- जिल्ला प्रशासन कार्यालय र प्रमुख जिल्ला अधिकारीहरूको सूचनाको हक कार्यान्वयनमा महत्वपूर्ण जिम्मेवारी रहने र आयोगले समेत कतिपय जिम्मेवारी हस्तानान्तरण गरेको सन्दर्भमा हेर्दा आयोगले गृह मन्त्रालयमार्फत् आवश्यक समन्वय र परिचालन गर्नेतर्फ ध्यान दिएको देखिएन । मन्त्रालयमार्फत् नै सबै प्रजिअहरूलाई RTI सम्बन्ध प्रदान गरिएको जिम्मेवारीबारे एकरूपता हुनेगरी सर्कुलर हुनुपर्नेतर्फ आयोग र मन्त्रालयबीच सहकार्य हुनुपर्ने देखिन्छ । साथै प्रजिअहरूलाई जिल्ला तहमा यस सम्बन्धमा काम गर्न एक आन्तरिक निर्देशिका नै तर्जुमा हुनपर्ने देखिन्छ । हरेक जिल्ला प्रशासन कार्यालयमा सहायक सिडिओ नै सूचना अधिकारी हुने प्रबन्ध केन्द्रीय तहबाटै हुनुपर्ने पनि देखिन्छ ।
- जिल्लामा सूचनाको हक कार्यान्वयनका लागि प्रमुख जिल्ला अधिकारी संयोजक रहने र जिल्ला हुलाकको प्रमुख सदस्य सचिव रहनेगरी, जिल्ला समन्वय समितिको प्रशासकीय प्रमुख सदस्य हुनेगरी एक स्थायी समितिले गठन हुन उपर्युक्त हुनेगरी आवश्यक प्रबन्ध हुनुपर्ने देखिन्छ । यसलाई कार्यान्वयन गर्न आयोगले आवश्यक पहल गर्नु आवश्यक देखिएको छ ।
- गृह मन्त्रालय र मातहात निकायमा सूचना व्यवस्थापनमा सरलता ल्याउन यस मन्त्रालय अर्न्तगतका विषयहरूमा सूचना वर्गीकरण समितिको बैठक वर्षमा कम्तिमा दुई पटक बस्नै पर्ने देखिन्छ । कुनै अनुसन्धान वा छानविन प्रतिवेदनहरू कुनै कार्यदल, समिति वा आयोगले बुझाएपछि लगत्तै वर्गीकरण समितिको बैठक बसी के-कति सुरक्षित गर्ने र के-कति प्रकाशन गर्ने भन्ने निर्णय गरिहाल्ने प्रचलन बस्न सके विभिन्न प्रतिवेदनहरूको सार्वजनिकीकरण सम्बन्धी समस्या समाधान भई सूचनाको हकको



मागलाई उचित व्यवस्थापन गर्न सहज हुने देखिन्छ ।

- गृह मन्त्रालय र मातहतका सूचना अधिकारी र कार्यालय प्रमुखहरूबीच बर्षमा दुई पटक यस सम्बन्धी संयुक्त बैठक बस्नै पर्ने आवश्यकता पनि देखिन्छ ।

**प्राप्ताङ्क : ७४**

## ३.९ परराष्ट्र मन्त्रालय

नेपालको परराष्ट्र नीति एवम् अन्तराष्ट्रिय सम्बन्धको समग्र सञ्चालन एवम् कार्यान्वयनको जिम्मेवारी परराष्ट्र मन्त्रालयमा रहेको छ । पञ्चशीलको सिद्धान्तमा आधारित नेपालको असंलग्न परराष्ट्र नीतिलाई आत्मसात् गर्दै बाह्य सम्बन्धलाई विकास र व्यवस्थित गर्न स्थापना भएको परराष्ट्र मन्त्रालयले नेपालको वैदेशिक नीति, कूटनीतिक योजना र कार्यक्रमको तर्जुमा, कार्यान्वयन र अनुगमन गर्दछ । विदेशी मुलुकसँगको सम्बन्ध, विदेशमा नेपालको प्रतिनिधित्व, नेपालमा वाह्य सम्बन्धको संयोजन, ठूलो सङ्ख्यामा विदेशमा रहेका नेपालीको संरक्षण र अभिभावकत्व समेत लिने परराष्ट्र मन्त्रालयमा पछिल्लो समयमा आर्थिक कूटनीति र श्रम सम्बन्धका विविध पक्षलाई समेत अनुगमन गर्नुपर्ने दायित्व थपिएको छ । सूचना तथा सञ्चार प्रविधिको विकासले विश्व नै एउटा गाउँमा परिणत भइरहको वर्तमान समयमा एक अर्का मुलुक र विश्व समुदाय बीचको अन्तरसम्बन्ध, अन्तरनिर्भरता र अन्तरघुलन पनि बढिरहेको बेला यस मन्त्रालयले सूचनाको हकको अभ्यासलाई प्रभावकारी बनाउने क्षेत्र पनि ब्यापक बनेको छ ।

अतः नेपालको परराष्ट्र नीतिको सञ्चालन र कार्यान्वयन गरी विश्व समुदायमा नेपालको प्रतिष्ठा उँचो बनाउने र मान प्रतिष्ठानको बृद्धि गर्ने अभिप्रायबाट गठन भएको संघीय मन्त्रालय हो । यस मन्त्रालयको निम्न बमोजिमका कार्य गर्ने जिम्मेवारी रहेको छ ।

१. नेपालको वैदेशिक नीति, योजना र कार्यक्रमको तर्जुमा, कार्यान्वयन अनुगमन र मूल्याङ्कन गर्ने,
२. विदेशी मुलुकसँगको सम्बन्ध कायम गर्ने,
३. विदेशमा नेपालको प्रतिनिधित्व गर्ने,
४. विदेशमा नेपालको प्रचार गर्ने,
५. विदेशमा नेपाली भिसा र पासपोर्ट जारी गर्ने,
६. प्रोटकल जारी गर्ने,
७. गैरआवासीय नेपालीसँग समन्वय गर्ने,
८. विदेशमा रही बसेका नेपाली नागरिकको रेकर्ड राख्ने,
१०. आर्थिक कूटनीति कायम गर्ने,
११. कन्सुलर सेवा,
१२. राष्ट्रसंघ, आसियान तथा अन्य अन्तर्राष्ट्रिय क्षेत्र संघसंस्थासँग सम्पर्क गर्ने,
१३. नेपालमा विदेशी कूटनीतिक नियोगसँग सम्पर्क गर्ने,
१४. परराष्ट्र सेवा सञ्चाल गर्ने ।

**मन्त्रालय र मातहत केन्द्रीय निकाय र तिनले प्राप्त गरेको अङ्क निम्न बमोजिम छ :**

| | **प्राप्ताङ्क** |
|---|---|
| १. राहदानी विभाग | ८६ |
| २. कन्सुलर सेवा विभाग | ७४ |


३. परराष्ट्र मन्त्रालय सम्पर्क कार्यालय वीरगञ्ज प्राप्त नभएको ।

**राष्ट्रिय सूचना आयोगको आदेशको कार्यान्वयनको स्थिति**

- मन्त्रालय र मातहत निकायमा सूचना अधिकारी तोकिएको पाइयो ।
- प्रत्येक तीन महिनामा स्वतः प्रकाशन गर्नुपर्ने सूचनाहरू प्रकाशन गर्ने गरिएको छ ।
- सूचना माग र प्रवाहको छुट्टै दर्ता किताव, अभिलेख र फाइल खडा गरेको पाइएको छ ।
- सूचनाको हक सम्बन्धमा राष्ट्रिय सूचना आयोगबाट जारी भएको आदेशको पालना भएको छ ।
- सूचनाको हक अन्तर्गत मन्त्रालयमा प्राप्त भएका निवेदनका सम्बन्धमा गरेको कारवाही एवम् सूचना प्रवाह गरेको सम्बन्धी विवरणको छुट्टै अभिलेख राखिएको छ ।
- मन्त्रालयका मातहतका निकायले वेबसाइट र सञ्चार माध्यममार्फत् प्रगति विवरण दिने गरिएको पाइएको छ ।
- नेपाली नागरिकहरूबाट माग भएबमोजिमका सूचना उपलब्ध गराउने गरिएको छ ।
- आ.व. २०७६/०७७ मा राष्ट्रिय सूचना आयोगबाट मन्त्रालयको नाममा सूचना दिनु भन्ने आदेश जारी नभएको पाइयो ।
- मन्त्रालयको सूचना अधिकारी राष्ट्रिय सूचना आयोग, सञ्चार तथा सूचना प्रविधि मन्त्रालयलगायतका निकायहरूले आयोजना गर्ने तालिम एवम् कार्यक्रमहरूमा नियमित सहभागी हुने गरेको ।
- सूचनाको हकको कार्यान्वयन सम्बन्धमा मन्त्रालय जागरूक रहेको तथा सो सम्बन्धमा सूचना अधिकारीको उच्च अधिकारीहरूसँग नियमित अन्तर्क्रिया हुने गरेको ।

**मूल्याङ्कनकर्ताको निष्कर्ष र सुझाव**

- सूचनाको वर्गीकरणमा मन्त्रालय तथा मातहतका निकाय स्पष्ट हुन नसकेकोले मन्त्रालय तथा मातहत निकायका नेतृत्वकर्तासहित सूचना अधिकारीहरूलाई यससम्बन्धी अभिमुखीकरण कार्यक्रमको सञ्चालन गर्नु आवश्यक देखिएको छ ।
- परराष्ट्र मन्त्रालयका कतिपय सूचनाको संवेदनशीलता हुन्छ नै । त्यसमा सबै पक्ष गम्भीर हुनुपर्छ । तर, अधिकांश सूचनाहरू गोप्य राख्नुपर्ने मान्यताबाट मन्त्रालयका अधिकारीहरू निर्देशित रहेको पाइएकाले मन्त्रालयलाई आयोगको तर्फबाट सूचनाको हकको महत्व र गोपनियताको मर्मबारे थप जानकार बनाउन आवश्यक देखिएको छ ।
- सूचनाको हकको प्रभावकारी कार्यान्वयनका लागि यथोचित एवम् स्रोतसाधनको व्यवस्था गर्नु आवश्यक रहेको छ ।
- मन्त्रालयका अधिकारीहरूमा मन्त्रालयले उपलब्ध गराउने सूचनाको दुरूपयोग वा गलत प्रयोग हुने भन्ने पूर्व धारणाले जरा गाडेको पाइएकोले त्यसलाई चिर्न आयोगका तर्फबाट पहलकदमी लिनुपर्ने आवश्यकता देखिएको छ ।
- परराष्ट्र मन्त्रालय र देशभित्र रहेका विभाग तथा कार्यालयका अतिरिक्त विदेशस्थित मिसनहरूमा समेत सूचनाको हकको कार्यान्वयनका लागि अभिमुखीकरण तालिमका साथै स्वतः प्रकाशन निम्ति समन्वय र अग्रसरता जरूरी देखिन्छ ।
- ठूलो सङ्ख्यामा नेपालीहरू विदेशमा रोजगारी, अध्ययन वा अन्य व्यवसाय र भ्रमणमा रहने भएकोले मन्त्रालयले दिन सक्ने सेवा, गर्न सक्ने सहयोगका सम्बन्धमा तिनलाई लक्षित गरेर एवम् तिनको बारेमा सूचना सामग्रीको उत्पादन तथा प्रसारण व्यवस्था हुन आवश्यक देखिएको छ ।




**प्राप्ताङ्क : ९२**

## ३.१०. भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय

वि.सं. २०२१ देखि नै अस्तित्वमा रहेको यो मन्त्रालय विभिन्न अरू मन्त्रालयसँग पनि जोडिने र छुट्टिने गर्दै आएको पाइन्छ । हाल यो मन्त्रालय भूमि, सहकारी र गरिवी निवारण गरी तीन विषयको नीति निर्माण, समन्वय, कार्यान्वयन र कार्यकारी अधिकारको मुख्य केन्द्र हो । भूमि व्यवस्थापन गर्ने यो मन्त्रालयमा सहकारी र गरिवी निवारणका थप दुई क्षेत्र पनि थपिन आएकोले हाल मन्त्रालय संरचनागत हिसावले ठूलो भएको छ । प्रशासनिक व्यवस्थापनको हिसावले संक्रमणकालीन अवस्थामा रहेको देखिन्छ । यस मन्त्रालयको कार्यक्षेत्र निम्नानुसार रहेको रहेको छ ।

**भूमि व्यवस्था**

१. भूमि नीति, भू-उपयोग नीति, कानून, मापदण्ड र नियमन,
२. अन्तर्राष्ट्रिय सीमाको नक्साङ्कन, अभिलेख,
३. सीमा स्तम्भहरूको निर्माण, मर्मतसम्भार तथा अभिलेख व्यवस्थापन,
४. भूमिको उपयोग, क्षमता र उपयुक्तताको नक्साङ्कन,
५. पुनर्वास सम्बन्धी नीति, कानून, मापदण्ड र नियमन,
६. निजी, सरकारी, गुठी, सामुदायिक तथा सार्वजनिक जग्गाको राष्ट्रिय अभिलेख व्यवस्थापन,
७. सरकारी, सार्वजनिक, गुठी, सामुदायिक तथा पर्ती जग्गाको संरक्षण
८. भूमिसुधार तथा व्यवस्थापन
९. राष्ट्रिय भू-सूचना प्रणाली र भौगोलिक सूचना पूर्वाधार,

१०. भूमिहीन, दलित, मुक्तकमैया, हलिया, चरवाको पुनर्स्थापना सम्बन्धी नीति र मापदण्ड,
११. जग्गाको हक हस्तान्तरण सम्बन्धी मापदण्ड,
१२. जग्गाको नाप नक्साको आधारभूत नियन्त्रण बिन्दु र सञ्जाल,
१३. जियोडेटिक र स्थल रूप नाप नक्सा,
१४. प्रदेश र स्थानीय तहको सीमाको नक्साङ्कन र अभिलेख
१५. सर्भे लाइसेन्स

**सहकारी तथा गरिवी निवारण**

१६. सहकारी सम्बन्धी राष्ट्रिय नीति, कानून र मापदण्ड,
१७. सहकारी बैङ्क सम्बन्धी,
१८. सहकारी सम्बन्धी राष्ट्रिय तथ्याङ्क व्यवस्थापन, अध्ययन, अनुसन्धान र अनुगमन,
१९. सहकारी सम्बन्धी राष्ट्रिय संघसंस्थासँग सम्बन्ध र अन्तरप्रादेशिक समन्वय,
२०. सहकारीमार्फत् हुने बचत तथा ऋण परिचालन सम्बन्धी मापदण्ड र नियमन,
२१. गरिबी निवारण सम्बन्धी,
२२. राष्ट्रिय किसान आयोग
२३. नेपाल कृषि अनुसन्धान परिषद्
२४. मन्त्रालयसम्बन्धी राष्ट्रिय अन्तर्राष्ट्रिय संघसंस्थासँग सन्धि, सम्झौता, अभिसन्धि, सम्पर्क र समन्वय,
२५. मन्त्रालयसम्बन्धी सार्वजनिक संस्थान, प्रतिष्ठान, कम्पनी आदिको सञ्चालन र नियमन,
२६. नेपाल कृषि सेवा र नेपाल इञ्जिनियरिङ्ग सेवाको सर्भे समूहको सञ्चालन ।
२७. गरिवी निवारण सम्बन्धी विषय,

**मन्त्रालय अर्न्तगत रहेका मुख्य निकायहरु र तिनले प्राप्त अङ्क निम्न बमोजिम रहेको छ :**

| | | **प्राप्ताङ्क :** |
|---|---|---|
| १. | नापी विभाग | ८१ |
| २ | भूमि व्यवस्थापन तथा अभिलेख विभाग | ७७ |
| ३. | सहकारी विभाग | ७९ |
| ४. | भूमि व्यवस्थापन प्रशिक्षण केन्द्र | ७७ |
| ५. | सहकारी प्रशिक्षण तथा अनुसन्धान केन्द्र | ८० |
| ६. | भूमी सम्बन्धी समस्या समाधान आयोग | ८१ |

**राष्ट्रिय सूचना आयोगको आदेश कार्यान्वयनको स्थिति :**

- मन्त्रालय र मातहत निकायमा सूचना अधिकारी तोकिएको पाइयो ।
- मन्त्रालयबाट प्रत्येक तीन महिनामा स्वतः प्रकाशन गर्नुपर्ने सूचनाहरू प्रकाशन गर्ने गरिएको छ । तर सबै केन्दीय निकायमा समयमै सूचना प्रकाशनका लागि थप पहल गर्नुपर्ने देखियो । सूचना आयोगबाट जारी भएको आदेश पालनामा कुनै समस्या छैन ।
- स्टाफ मिटिङहरुमा सूचनाको हक कार्यान्वयनका सन्दर्भमा छलफल हुने गरेको पाइयो । ती

छलफलहरूमा सूचनाको वर्गीकरणलाई सहज बनाउनुपर्ने कुरामा सहभागीहरूले कुरा राख्ने गरेको पाइयो । साथै सूचना प्रवाहलाई थप सहज बनाउन अधिकारीलाई प्रविधिमा थप ज्ञान प्रदान गर्नुपर्ने र सुबिधा बढाउनु पर्ने देखियो ।

- सूचनाको हकअन्तर्गत मन्त्रालय र मातहतका निकायहरूमा प्राप्त निवेदन र सो सम्बन्धमा भएका कारवाही एवम् सूचना प्रवाह सम्बन्धी विवरणको छुट्टै अभिलेख राखेको पाइएको छ । तर मातहतका केही केन्द्रीय निकायमा सूचना मागको सङ्ख्या न्यून रहेका कारण अलग अभिलेख नराखिएको जानकारी पाइयो ।
- मन्त्रालयका मातहतका निकायले वेबसाइट र सञ्चार माध्यममार्फत् प्रगति विवरण नियमित सार्वजनिक गर्ने गरेको पाइएको छ । विभाग मातहतका केही कार्यालयहरूको वेबसाइट अनुगमन गर्दा अद्यावधिक नभएका र सूचना अधिकारीको नाम र सम्पर्क राखेको देखिएन ।
- आ.व. २०७६/०७७ मा राष्ट्रिय सूचना आयोगबाट यस मन्त्रालयलाई सूचना दिनु भन्ने कुनै आदेश जारी नभएको ।
- मन्त्रालयको सूचना अधिकारी राष्ट्रिय सूचना आयोग, मन्त्रालय आफै र अन्य मन्त्रालय वा निकायबाट आयोजना भएका तालिम एवम् कार्यक्रमहरूमा नियमित सहभागी हुने गरेको पाइयो । तर सबै तहका सूचना अधिकारीहरूले तालिम नपाएको अबस्था देखिएको छ ।
- सूचनाको हकको कार्यान्वयन सम्बन्धमा यस मन्त्रालय जागरूक रहेको र सूचना अधिकारीले सूचना प्रवाहको कार्यलाई व्यवस्थित बनाउनुका साथै मन्त्रालयका उच्च अधिकारीहरूसँग नियमित अन्तर्क्रिया गर्ने गरेको पाइयो ।


**मूल्याङ्कनकर्ताको निष्कर्ष र सुझावहरु**

- सूचना लिने र दिने दुबै पक्षको सोच, शैली, संस्कारमा परिवर्तन, परिमार्जन र सुधार हुनु आवश्यक देखिन्छ ।
- सूचनाको वर्गीकरण र कस्ता सूचना दिने र कस्ता नदिने भन्नेबारे सबै सूचना अधिकारीलाई अभिमुखीकरण दिनु पर्दछ ।
- आ-आफ्नो निकायका सबै सूचनामा सूचना अधिकारीको पहुँच र सम्भाव्य प्राविधिक ज्ञानका शन्दर्भमा सूचना आयोगबाट समेत सम्बन्धित निकायहरूमा समन्वय, पत्राचार, क्षमता विकास तालिम, अन्तरक्रियाजस्ता कार्य गरी सूचनाको हकको महत्वका बारेमा थप बोध गरिनुपर्ने देखिन्छ ।
- सूचनाको हकको व्यावहारिक कार्यान्वयनको सन्दर्भमा केन्द्रीय निकायहरूमा निकायको कार्यप्रकृति, कार्यमहत्व बोझ र आवश्कता समेतका आधारमा विश्लेषण गरी अलग्गै समन्वय इकाइ गठन गर्नुपर्ने देखिन्छ ।
- प्रवक्ता, सूचना अधिकारी र जनगुनासो सुन्ने अधिकारी भनेको एउटै हो भन्ने धारणा आमनागरिकमा रहेको छ । तसर्थ, यी विषय र कार्यप्रकृति फरक-फरक हुन् भन्ने विषयमा आमजनता र सञ्चारमाध्यमलाई समेत जानकारी वा सचेतना गराउनु पर्ने देखिन्छ ।
- सूचना अधिकारीलाई न्यूनतम मात्रै भए पनि मोवाइल खर्च तथा इन्टरनेट खर्चको व्यवस्थाको लागि पहल हुनुपर्दछ ।
- सार्वजनिक महत्व र जनचासोका विषयमा शिक्षामूलक, चेतनामूलक र जानकारीमूलक सूचनाहरु

नियमित प्रवाह गर्ने विषयमा मन्त्रालय र मातहतका निकायहरु थप प्रभावकारी ढंगले प्रस्तुत हुनुपर्ने देखिन्छ ।

- राष्ट्रिय सूचना आयोगले इन्टरनेट सञ्जालमार्फत् प्रत्येक मन्त्रालय र निकायका सार्वजनिक कार्यको अनुगमन गर्नसक्ने प्रणाली विकसित गर्न जरूरी छ । साथै नियमितरूपमा सूचनाको हक कार्यान्वयनको अवस्था अनुगमन गर्ने विद्युतीय अनलाइन प्रणाली विकास गर्नु आवशयक छ ।
- सूचनाको हकका बारेमा बुझाइमा एकरूपता कायम गरी कार्यान्वयनमा पनि समान अवस्था सिर्जना गर्न मन्त्रालय र केन्द्रीय निकायको सामूहिक सहभागिता रहने गरी अभिमुखीकरण, गोष्ठी, कार्यशालाजस्ता कार्यक्रम सञ्चालन गरिनु पर्दछ । साथै आयोगले सूचनाको हक सम्बन्धी अभियन्ताहरू बीचमा पनि तालिम र अभिमुखीकरण कार्यक्रमहरू सञ्चालन गर्नु जरूरी देखिन्छ ।
- कोभिड- १९ सङ्क्रमणको सन्त्रासका कारण आमनागरिक सहजै आफै उपस्थित भएर मन्त्रालय र केन्द्रीय निकायमा सूचना माग गर्ने अवस्था देखिंदैन । यस अवस्थामा सूचना माग गर्न चाहने नागरिकलाई मन्त्रालय र निकायहरूमा सहज प्रवेश गरी सूचना अधिकारीलाई भेटेर सूचना माग गर्ने अवस्था सिर्जना गर्न भर्जुअल प्रविधिको प्रयोगलाई मान्यता दिनुपर्ने तथा सूचनाको माग गरिएका निवेदन अनलाइन माध्यमवाट सहजै दर्ता गर्न अवस्था सिर्जना गर्नु आवश्यक देखिन्छ ।

भूमि, व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयले सूचकाङ्कको आधारमा प्राप्त प्राप्ताङ्क विवरण



## ३.११ भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय

देशको भौतिक पूर्वाधार तथा यातायात क्षेत्रको विकास र निर्माण सम्बन्धी नीति तथा कार्यक्रम तर्जुमा, कार्यान्वयन र समन्वय अनुगमन गर्ने र मूल्याङ्कन कार्यका लागि गठित संघीय मन्त्रालय हो । यो मन्त्रालयले जल तथा स्थल यातायातको निर्माण र विकास सम्बन्धमा कार्य गर्दछ । यस मन्त्रालयको जिम्मेवारीमा मुख्यतः निम्न कार्यहरु निम्न बमोजिम रहेका छन् :

१. राष्ट्रिय यातायात विकास र व्यवस्थापन सम्बन्धी नीति, कानून, मापदण्ड कार्यान्वयन र नियमन,
२. राष्ट्रिय यातायात पूर्वाधार सञ्जाल र अन्तरप्रादेशिक यातायात विकासको अन्तरसम्बन्ध,
३. वातावरण, अपाङ्गता र लैङ्गिकमैत्री तथा विपद् जोखिम संवेदनशील यातायात प्रविधिको प्रबर्द्धन
४. राष्ट्रिय रेलमार्ग, सहरी मेट्रो रेललगायत रेल प्रणाली, रेल सुरक्षा प्रणाली सम्बन्धी नीति, कानून र मापदण्ड,
५. राष्ट्रिय तथा अन्तरदेशीय रेल सेवा सञ्चालन,
६. रेल सेवा भाडादर तथा महसुल निर्धारणको मापदण्ड र नियमन,
७. राष्ट्रिय लोकमार्ग सम्बन्धी नीति, कानून, मापदण्ड कार्यान्वयन र नियमन,
८. राष्ट्रिय लोकमार्ग अन्तर्गतका आयोजना पहिचान, अध्ययन, निर्माण, मर्मत सम्भार, महसुल र व्यवस्थापन,
९. राष्ट्रिय लोकमार्गमा फ्रन्टल एक्सेस नियन्त्रण, शाखा सडकको पहुँच बिन्दु र सडक सीमाक्षेत्रको व्यवस्थापन र नियमन,
१०. राष्ट्रिय लोकमार्ग सम्बन्धी तथ्याङ्क सङ्लन, अभिलेखीकरण र सूचना प्रवाह,
११. सडक प्रविधिको विकास सम्बन्धी अध्ययन र अनुसन्धान,
१२. सडक तथा अन्य वैकल्पिक यातायात प्रविधि, लगानी र अन्तरदेशीय यात्रुबाहक यातायात सेवा सञ्चालन,
१३. राष्ट्रिय लोकमार्गमा सञ्चालन हुने सार्वजनिक यातायातको रूट अनुमति, भाडा निर्धारण र नियमन,
१४. सवारी साधनहरूको राष्ट्रिय मापदण्ड निर्धारण, नियन्त्रण तथा विस्थापन,
१५. सडक सुरक्षासम्बन्धी नीति, कानून, मापदण्ड, समन्वय र नियमन,
१६. रज्जुमार्ग, केबलकार, जलमार्गलगायत वैकल्पिक यातायात सम्बन्धी नीति, कानून र मापदण्ड,
१७. राष्ट्रिय महत्वका वैकल्पिक यातायातका आयोजना पहिचान, अध्ययन र विकास,
१८. आधारभूत यातायात नीति र मापदण्ड,
१९. मन्त्रालय सम्बन्धी राष्ट्रिय अन्तर्राष्ट्रिय संघसंस्थासँग सन्धि, सम्झौता, अभिसन्धि, सम्पर्क र समन्वय,
२०. मन्त्रालय सम्बन्धी सार्वजनिक संस्थान, प्राधिकरण, समिति, प्रतिष्ठान, कम्पनी आदिको सञ्चालन र नियमन,
२१. नेपाल इञ्जिनियरिङ्ग सेवा, सिभिल इञ्जिनियरिङ्ग समूहको हाइवे र रेल्वे उपसमूहको सञ्चालन ।

**यस मन्त्रालय मातहत केन्द्र स्तरमा रहेको निकाय र प्राप्त गरेको अङ्क देहाय बमोजिम छ :**


| | | |
|---|---|---|
| १. | सडक विभाग | ८६ |

**राष्ट्रिय सूचना आयोगको आदेश कार्यान्वयको स्थिति**

- सूचना अधिकारी तोक्ने र ३/३ महिनामा स्वतः प्रकाशन गर्ने विषयमा राष्ट्रिय सूचना आयोगबाट जारी भएको आदेश पालना भए/नभएको : आवश्यक जनशक्तिको अभाव रहेकोले विवरण छाप्ने कार्य नियमित नभएको ।
- सूचना माग र प्रवाहको छुट्टै अभिलेख राखे/नराखेको : सूचना माग र प्रवाहको छुटै अभिलेख राखिएको । जसले गर्दा सूचना माग र प्रवाह सम्बन्धी विवरण माग गर्दा सहज हुने गरेको ।
- सूचना अधिकारीले सूचनाको हकको तालिम लिए/नलिएको, आफैले तालिमको लागि पहल गरे/नगरेको र आफ्नै निकायको पहलमा अन्तरक्रिया भए/नभएको, स्टाफ मिटिंगमा छलफल हुने गरे/नगरेको : सूचना अधिकारीले तालिम नलिनु भएको तर सो का निम्ति पहल गर्नु भएको र सो सम्बन्धी कुरा स्टाफ मिटिंगमा पनि उठ्ने गरेको ।
- राष्ट्रिय सूचना आयोगबाट सूचना दिनु भन्ने आदेश जारी भएपछि पूर्ण पालना भए/ नभएको : पूर्णरूपमा पालना भएको
- सूचनाको हकको प्रभावकारी कार्यान्वयनका लागि सुझावहरू : सूचना माग्ने व्यक्तिले ठोस विषयमा सूचना माग नगरी नीतिगत तथा समष्टिगत (Vague) सूचना माग गर्ने परिपाटीले यथाशीघ्र सूचना प्रदान गर्न नसकिएको । मातहतका निकायबाट समयमा सूचना प्राप्त नहुने कारणले समयमा सूचना प्रदान गर्न समस्या हुने गरेको । मन्त्रालयमा पर्याप्त जनशक्तिको अभाव रहेकोले समयमा नै सूचना प्रदान गर्न समस्या भएको । RTI सम्बन्धी तालिम प्राप्त जनशक्तिको अभाव रहेकोले व्यवस्थित रूपमा सूचना प्रदान गर्न नसकिएको । मन्त्रालय अन्तर्गत सूचना अधिकारीको रूपमा अनुगमन शाखाबाट जिम्मेवार अधिकारीको तोकिनु पर्नेमा अन्य शाखाको कर्मचारिलाई तोकिएको हुँदा सूचनाको हक सम्बन्धी कार्यलाई पर्याप्त समय दिन नसकिएको ।

**मूल्याङ्कनकर्ताको निष्कर्ष र सुझाव**

- सूचना अधिकारी तोक्ने र ३/३ महिनामा स्वतः प्रकाशन गर्ने विषयमा राष्ट्रिय सूचना आयोगबाट जारी भएको आदेश पालना भए/नभएको : सूचना अधिकारी तोक्ने काम भएको तर विभागले चौमासिक विवरण : MDAC, मन्त्रालयमा प्रगति समीक्षा हुने हुँदा सोहीबमोजिमको विवरण अनुसार चौमासिक विवरण प्रकाशित गर्ने गरेको ।
- सूचना माग र प्रबाहको छुट्टै अभिलेख राखे/नराखेको : कार्यालयमा अन्य पत्रजस्तै दर्ता र चलानी गर्ने गरेको ।
- सूचना अधिकारीले सूचनाको हकको तालिम लिए/नलिएको, आफैले तालिमको लागि पहल गरे/नगरेको र आफ्नै निकायको पहलमा अन्तरक्रिया भए/नभएको, स्टाफ मिटिंगमा छलफल हुने गरे/नगरेको : लिएको र कहिलेकाहिं स्टाफ मिटिंग तथा अन्तरक्रिया हुने गरेको ।
- राष्ट्रिय सूचना आयोगबाट सूचना दिनु भन्ने आदेश जारी भएपछि पूर्ण पालना भए/ नभएको : भएको
- सूचनाको हकको प्रभावकारी कार्यान्वयनका लागि सुझावहरू : सूचना अधिकारीसहित कार्यालय प्रमुखलाई तालिम दिनुपर्ने । सूचनाको हकसम्बन्धी जानकारी सबैलाई गराउनु पर्ने । नयाँ कर्मचारी




नियुक्तिकै बेला सूचनाको हकसम्बन्धी तालिमको व्यवस्था हुनुपर्ने । सूचना अधिकारीको पद र दरबन्दी हुनुपर्ने । कार्यालयको सबै कामकारबाहीको जानकारी सूचना अधिकारीलाई मासिक र पाक्षिक रूपमा गराउनुपर्ने ।

**प्राप्ताङ्क : ९५**

## ३.१२ महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय

नेपाल सरकार कार्यविभाजन नियमावली, २०६९ अनुसार यो मन्त्रालयको स्थापना भएको हो । महिला, बालबालिका तथा जेष्ठ नागरिक सम्बन्धी नीति तथा कार्यक्रम तर्जुमा, कार्यान्वयन र समन्वय, अनुगमन र मूल्याङ्कन गर्ने जिम्मेवारी भएको संघीय मन्त्रालय हो । मुलुकको आधाभन्दा बढी जनसङ्ख्याको हिस्सा ओगटेको यो क्षेत्र सशक्तीकरण, समानता, न्याय र सुरक्षाको लागि मुख्यतः निम्न बमोजिमका कार्यहरू गर्दछ ।

१. महिला हक एवम् सशक्तीकरण सम्बन्धी नीति, कानून र मापदण्ड
२. अन्तरदेशीय धर्मपुत्र, धर्मपुत्री,
३. महिला हिंसा, मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण,
४. जेष्ठ नागरिक, बालबालिका र अपाङ्गता भएका व्यक्ति सम्बन्धी,
५. महिला सशक्तीकरण तथा लैङ्गिक समानताका विषयमा अध्ययन, अनुसन्धान
६. लैङ्गिक हिंसा सम्बन्धी निरोधात्मक र पुनर्स्थापना सम्बन्धी नीति, कानून र मापदण्ड,
७. बालबालिका, बालकल्याण, उद्धार, पुनर्स्थापना र बृद्धाश्रम सम्बन्धी नीति, कानून, र मापदण्ड,
८. गैरसरकारी संस्था सम्बन्धी नीति, कानून, मापदण्ड नियमन र अनुगमन,

९. राष्ट्रिय महिला आयोग,
१०. समाज कल्याण परिषद्,
११. मन्त्रालय सम्बन्धी राष्ट्रिय/अन्तर्राष्ट्रिय संघसंस्थासँग सन्धि, सम्झौता, अभिसन्धि, सम्पर्क र समन्वय,
१२. मन्त्रालय सम्बन्धी सार्वजनिक संस्थान, प्राधिकरण, समिति, प्रतिष्ठान, कम्पनी आदिको सञ्चालन र नियमन ।

मन्त्रालय मातहत निम्न निकायहरु छन् साथै पचहत्तरै जिल्लामा महिला तथा बालबालिका कार्यालय रहेका छन् । मातहतका केन्द्रीयस्तरका निकायले प्राप्त गरेको अङ्क निम्न बमोजिम छ :


| | | प्राप्ताङ्क |
|---|---|---|
| १. | महिला, बालवालिका तथा जेष्ठ नागरिक विभाग | ८५ |
| २. | राष्ट्रिय बालअधिकार परिषद् | ७९ |
| ३. | समाज कल्याण परीक्षद् | ८० |
| ४. | नेपाल बाल संगठन | ८० |

**राष्ट्रिय सूचना आयोगको आदेश कार्यान्वयनको स्थिति**

- मन्त्रालय र मातहत निकायमा सूचना अधिकारी तोकिएको पाइयो ।
- स्वतः प्रकाशन गर्नुपर्ने सूचनाहरू प्रकाशन गर्ने गरिएको ।
- सूचना माग र प्रवाहको छुट्टै दर्ता किताव, अभिलेख र फाइल खडा गरेको पाइएको ।
- आफ्नो र मातहतका निकायले सूचना मागका तथ्याङ्क राख्ने गरेको पाइयो ।
- वेबसाइटमा सूचना अधिकारीको नाम, नम्बर र तस्वीरसहितको विवरण राख्ने गरेको पाइयो ।
- सूचनाको हकको तालिम नहँदा सूचना अधिकारीलाई असहज भएको ।
- सूचना उत्पादनकर्ता र सूचना अधिकारीबीच समन्वय नभएको ।
- सूचनाको हक सबै कर्मचारीलाई थाहा दिने प्रशिक्षण या अभिमुखीकरण नभएको पाइयो ।

**मूल्याङ्कनकर्ताको निष्कर्ष एवम् सुझाव**

- सूचनाको हकको कानूनले त्रैमासिक विवरण बुझाउने प्रावधान राखेको छ । तर कार्यालयको चौमासिक छ । यी दुवैलाई मिलाउन सके प्रभावकारी हुन्छ ।
- सूचनाको हकको कानून अनुसार सूचना वर्गीकरण गर्ने आयोगले नै पहल गर्नु पर्ने ।
- सूचना उत्पादन गर्ने शाखा सूचना प्रवाहमा पनि जिम्मेवार हुनु पर्ने ।
- कानून कार्यान्वयनको स्थितिबारे अनुगमन र मूल्याङ्कन हुनु पर्ने ।
- सूचनाको हकको प्रभावकारी कार्यान्वयनका लागि स्रोतसाधनको व्यवस्था गर्न आवश्यक हुने हुनाले बजेटको केही हिस्सा सूचनाको हकको कार्यान्वयनका लागि छुट्याउनु पर्ने ।
- कोभिड- १९ को महामारीका कारण सबै सूचना लिन जान सम्भव नहुने र अव्यावहारिक समेत ठहरिने हुनाले पेपरलेस वर्कको लागि कर्मचारीहरू तयार रहनुपर्ने ।
- सबै कर्मचारीलाई सूचनाको हकको तालिम दिने न कि सूचना अधिकारीलाई मात्रै ।




**प्राप्ताङ्क ८७**

## ३.१३ युवा तथा खेलकुद मन्त्रालय

युवा तथा खेलकुद मन्त्रालय देशको प्रमुख श्रमशक्ति र ऊर्जाका रूपमा रहेका युवाहरूको समग्र विकास र खेलकुद क्षेत्रको विकासका लागि जिम्मेवार प्रमुख केन्द्रीय निकायका रूपमा २०६५ सालमा स्थापना भएको मन्त्रालय हो । यो मन्त्रालयले युवा र खेलकुदका क्षेत्रमा आवश्यक नीति, तर्जुमा, कार्यान्वयन, समन्वय र अनुगमन  तथा मूल्याङ्कन गर्ने कार्य गर्दछ । यस मन्त्रालयका मुख्य कार्य निम्न बमोजिम रहेका छन् :

१. युवा, खेलकुद र स्काउट सम्बन्धी नीति, कानून, मापदण्ड र नियमन,
२. राष्ट्रियस्तरका खेलकुद संघसंस्थाको नियमन र समन्वय,
३. राष्ट्रिय, प्रादेशिक र अन्तर्राष्ट्रियस्तरमा खेलकुद विकास र प्रबर्द्धन,
४. राष्ट्रिय, प्रादेशिक र अन्तर्राष्ट्रिय खेलकुद प्रतियोगिता आयोजना र सहभागिता,
५. युवा जागरण तथा विकास,
६. राष्ट्रिय खेलकुद परिषद्,
७. युवा रोजगार कोष,
८. मन्त्रालय सम्बन्धी राष्ट्रिय अन्तर्राष्ट्रिय संघसंस्थासँग सन्धि, सम्झौता, अभिसन्धि, सम्पर्क र समन्वय,
९. मन्त्रालय सम्बन्धी सार्वजनिक संस्थान, प्राधिकरण, समिति, प्रतिष्ठान, कम्पनी आदिको सञ्चालन र नियमन ।

**मन्त्रालय मातहतका केन्द्रीय निकाय र प्राप्ताङ्क यसप्रकार छन् :**


| | | प्राप्ताङ्क |
|---|---|---|
| १. | राष्ट्रिय खेलकूद परिषद् | ७५ |
| २. | राष्ट्रिय युवा परिषद | ८० |
| ३. | युवा स्वरोजगार कोष | ७८ |
| ४. | नेपाल स्काउट | ७० |

**राष्ट्रिय सूचना आयोगको आदेश कार्यान्वयनको स्थिति**

- सूचना अधिकारी तोक्ने र ३/३ महिनामा स्वतः प्रकाशन गर्ने काम भएको ।
- सूचना अधिकारीलाई अरू शाखा या मातहत निकायबाट सजिलै सूचना प्राप्त नभएको पाइयो ।
- सूचना माग र प्रवाहको विवरणलाई कम्प्युटरमा लिपीबद्ध गरी राख्ने पद्धतिको विकास गर्न नसकेको ।
- सूचना माग गरेको विवरण र मन्त्रालयले उपलब्ध गराएका सूचना एवम् सूचना उपलब्ध गराउन नसकेका निवेदनको बारेमा जानकारी लिन सकिने अवस्था रहे पनि आधुनिक पद्धतिको विकास गर्न भने नसकेको पाइयो ।
- कुनै पनि निकायबाट या आफ्नै अग्रसरतामा सूचना अधिकारीलाई सूचनाको हकको तालिम नदिइएको पाइयो ।
- राष्ट्रिय सूचना आयोगबाट सूचना दिनु भन्ने आदेशको पूर्ण पालना गर्न प्रयास गरेको पाइयो ।
- कतिपय सूचनाहरू मन्त्रालयसँग प्रत्यक्ष रूपमा सम्बन्धित नभएका र सूचना माग गरिएका कार्यालयहरूले समयमा सूचना नपठाएका कारण समयमा सूचना प्रवाह गर्न कठिनाइ हुने गरेको पाइयो ।
- मन्त्रालयको वेबसाइटमा सूचना अधिकारीको विवरण राखेको पाइयो ।
- राष्ट्रिय सूचना आयोगबाट सूचना दिनु भन्ने आदेशको पालना गर्ने प्रयास गरेको पाइयो ।

**मूल्याङ्कनकर्ताको निष्कर्ष र सुझाव**

- सूचना अधिकारीलाई सम्बद्ध शाखा-प्रशाखाले समयमा सूचना उपलब्ध गराउने अनिवार्य प्रावधानको व्यवस्था हुनु पर्ने ।
- सूचना अधिकारीका लागि अभिमुखीकरण र तालिमको व्यवस्था गर्नु पर्ने ।
- सूचना अधिकारीले लिने तालिममा मिडियासँग गर्ने व्यवहार र प्रवाह गर्ने सूचनाका बारेमा पनि बताउने ।
- सूचना अधिकारीको सूचनामा पर्याप्त पहुँचका लागि आयोगले पनि पहल गर्नु पर्ने ।
- आयोगले सार्वजनिक निकायका प्रमुख एवम् शाखा प्रमुखहरूलाई समेत सहभागी गराई सूचनाको हकको विषयमा तालिम, अन्तर्क्रिया या अभिमुखीकरणका कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने ।
- आ-आफ्नो निकायका वेबसाइटको अनुगमन गर्दै समय समयमा अद्यावधिक गर्नुपर्ने ।
- सूचना उपलब्ध गराउनु पर्ने ।




**प्राप्ताङ्क : ८६**

## ३.१४ रक्षा मन्त्रालय

मुलुकको राष्ट्रिय सुरक्षा, अखण्डता र शान्ति सुव्यवस्था, नेपाली सेनाको सञ्चालन र विपद व्यवस्थापन, उद्धार समेत गर्ने उद्देश्यले गठन भएको संघीय मन्त्रालय हो । यस मन्त्रालयले राष्ट्रिय सुरक्षा नीति सम्बन्धी योजना र कार्यक्रमको तर्जुमा र कार्यान्वयन गर्ने, समन्वय, अनुगमन र मूल्याङ्कन गर्ने कार्य गर्दछ । यस मन्त्रालयका प्रमुख जिम्मेवारीहरू निम्नबमोजिम रहेका छन् :

१. राष्ट्रिय सुरक्षा सम्बन्धी नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन,
२. राष्ट्रिय तथा रणनीतिक सुरक्षा सम्बन्धी सूचना सङ्कलन, विश्लेषण, सञ्चार प्रणाली एवम् सञ्जाल स्थापना, सञ्चालन र व्यवस्थापन,
३. राष्ट्रिय सुरक्षा परिषद् र सुरक्षा क्षेत्र सुधार,
४. अन्तराष्ट्रिय सिमानाको सुरक्षा समन्वय,
५. सीमा क्षेत्र सम्बन्धी सूचना सङ्कलन, विश्लेषण तथा उपयोग,
६. नेपाली सेना गठन तथा परिचालन सम्बन्धी नीति, रणनीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन, नियन्त्रण र नियमन
७. सैनिक व्यारेक तथा कार्यालय व्यवस्थापन,
८. सैनिक अधिकृत तथा जवानको अनुशासन, सेवाका शर्त, सैनिक तालिम तथा सुविधा,
९. सैनिक प्रतिष्ठान (इन्स्टलेशन) र सञ्चार तथा यातायात,
१०. हातहतियार, खरखजाना तथा विस्फोटक पदार्थ र असबाब उत्पादन र प्रयोग, सोसम्बन्धी नीति, कानून, मापदण्ड, कार्यान्वयन, नियन्त्रण तथा सिलखाना,

११. सैनिक भण्डार,
१२. सैनिक हातहतियार तथा सामग्री खरिद र उत्पादन,
१३. नेपाली सैनिक विमान सेवा,
१४. सैनिक गुप्तचर विभाग,
१५. सैनिक निर्माणशाला,
१६. बारूदी सुरूङ निष्प्रभावीकरण सम्बन्धी नीति, कार्यान्वयन र समन्वय,
१७. राष्ट्रिय सेवा दलको सङ्गठन, तालिम र प्रशासन,
१८. विकास कार्य र विपद् उद्धार कार्यमा सहयोग,
१९. सैनिक अस्पताल, सैनिक कल्याण र सैनिक कल्याणकारी योजना,
२०. राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्ष तथा महत्वपूर्ण राष्ट्रिय सम्पदा एवम् स्मारकको सुरक्षा,
२१. अन्तर्राष्ट्रिय शान्ति प्रबर्द्धनमा सहयोग,
२२. मन्त्रालयसम्बन्धी राष्ट्रिय/अन्तर्राष्ट्रिय संघसंस्थासँग सन्धि, सम्झौता, अभिसन्धि, सम्पर्क र समन्वय ।

**मन्त्रालय मातहत निम्न बमोजिम केन्द्रीय निकाय रहेको छ :**


१. नेपाली सेना

**राष्ट्रिय सूचना आयोगको आदेश कार्यान्वयनको स्थिति**

- रक्षा मन्त्रालयमा सूचना अधिकारी तोक्ने, सूचना शाखाको प्रबन्ध गर्ने, सूचना अधिकारीको नाम, ठेगाना, कोठा नं. आदि सार्वजनिक गर्नेजस्ता अभ्यास देखिन्छ । सूचना अधिकारी र कार्यसम्पादनका लागि सहयोगी अधिकृत पनि व्यवस्था छ । आवधिक स्वतः प्रकाशनको अभ्यासका साथै विभिन्न प्रकाशनहरूमार्फत् आधारभूत जानकारीहरू सहजै उपलब्ध हुनसक्ने अवस्था पाइन्छ ।
- रक्षा मन्त्रालयमा नागरिक वडापत्रको ई-कपीको अभ्यास पनि देखिन्छ । साथै, वेबसाइटमा विभिन्न जानकारीहरूको आवधिक विवरण पनि पाइन्छ ।
- यस मन्त्रालायमा सूचना माग र प्रवाहको अभिलेख पनि दुरूस्त रहेको छ । तर, यस सम्बन्धमा अन्य प्रबर्द्धनात्मक तथा समन्वयात्मक गतिविधिहरू खासै भएको देखिंदैन ।

**मूल्याङ्कनकर्ताको निष्कर्ष एवम् सुझाव**

- नेपाली सेनाको प्रधान कार्यालय र पृतना केन्द्रीय कार्यालयहरूमा सूचना अधिकारी तोक्ने र आममानिसलाई सूचना माग्न सहज हुने गरी सूचना शाखा व्यवस्था गर्न आवश्यक नीतिगत समन्वय गनुपर्ने देखिन्छ ।




- यस मन्त्रालयको क्षेत्रधिकारभित्र पर्ने पनि विषयहरूका लागि वर्षमा कम्तिमा दुईपटक सूचना वर्गीकरण समितिको बैठक बस्नुपर्ने देखिन्छ ।

**प्राप्ताङ्क : ७६**

### ३.१५ वन तथा वातावरण मन्त्रालय

नेपालको बन क्षेत्रको संरक्षण र सम्बर्द्धनका साथै सन्तुलित वातावरण निर्माणको महत्वपूर्ण दयित्व निर्वाह गर्दै आएको मन्त्रालय भनेको वन तथा वातावरण मन्त्रालय हो । त्यसका लागि नीतिगत तथा निर्मित नीति तथा कानुनहरूको कार्यान्वयनका लागि काम गर्नु मन्त्रालयको दायित्व हो । हरियो वन नेपालको धन भन्ने जनमानसमा रहेको उक्तिलाई ध्यानमा राख्दै मन्त्रालयले आफूमातहतका सबै निकायलाई परिचालन गर्दै आएको छ । वन संरक्षण र विकास तथा बन्यजन्य सम्पदाको सुरक्षा र वातावरणीय स्वच्छतामा सुधार र नियमन लगायतका नीति तथा कार्यक्रम तर्जुमा, कार्यान्वयन, समन्वय र अनुगमन तथा मूल्याङ्कन गर्ने उद्देश्यले गठित संघीय मन्त्रालय हो । यस मन्त्रालयले गर्ने कार्यहरूले प्राकृतिक स्रोतको उपयोग र सरोकारसँग प्रत्यक्ष सम्बन्ध राख्दछ । यस मन्त्रालयका मुख्य कार्यहरु निम्नबमोजिम रहेका छन् :

१. राष्ट्रिय वनसम्बन्धी नीति, कानुन, मापदण्ड र नियमन,
२. राष्ट्रिय वनको सर्वेक्षण, वर्गीकरण, नाप नक्सा र सिमाङ्कन,
३. निजी वन, सार्वजनिक वन, सरकारी वन, धार्मिक वन, सामुदायिक वन, साझेदारी वन, कबुलियती वन, चक्ला वनसम्बन्धी नीति, कानुन तथा मापदण्ड,
४. वन्यजन्तु र चराचुरूङ्गी सम्बन्धी नीति, कानुन र मापदण्ड,
५. राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्ष र शिकार आरक्ष, सिमसार क्षेत्रसम्बन्धी नीति, कानुन र मापदण्ड,
६. हात्तीसार,
७. चिडियाखाना सम्बन्धी नीति, कानुन र मापदण्ड,

८. मध्यवर्ती क्षेत्र तथा संरक्षण क्षेत्रसम्बन्धी नीति र मापदण्ड,
९. जैविक विविधता, प्राकृतिक वातावरणको संरक्षण, सदुपयोग र स्रोतको व्यवस्थापन,
१०. वन्यजन्तु र जैविक विविधता र वन पैदावार ओसारपसार एवम् अपराध नियन्त्रण सम्बन्धी नीति, कानुन, मापदण्ड, कार्यान्वयन र नियमन,
११. वन क्षेत्र अतिक्रमण र वन क्षेत्रको भू-उपयोगको परिवर्तन,
१२. वनस्पति उद्यान र वनस्पति पहिचान तथा अभिलेखीकरण सम्बन्धी नीति, कानुन र मापदण्ड,
१३. हर्बेरियम व्यवस्थापन,
१४. वनस्पतिहरूको रासायनिक गुणहरूको परीक्षण, प्रयोगशाला, प्रत्यायान, प्रमाणीकरण र गुणस्तर,
१५. आनुवंशिक स्रोत, दुर्लभ तथा लोपोन्मुख प्रजाति र आयातित प्रजाति,
१६. वातावरण, जलवायु परिवर्तन, जलवायु परिवर्तन अनुकूलन, न्यूनीकरण सम्बन्धी नीति, कानुन र मापदण्ड,
१७. कार्वन सेवा र कार्वन संचिति,
१८. अन्तरप्रादेशिक जंगल, हिमाल, वन, संरक्षण क्षेत्र, जैविक विविधता तथा भू-जलाधार क्षेत्रको संरक्षण, सम्बर्द्धन र व्यवस्थापन सम्बन्धी नीति, कानुन र मापदण्ड,
१९. अन्तरदेशीय वन तथा वन्यजन्तु सम्बन्धी विषय,
२०. वन, वनस्पति, जलवायु परिवर्तन सम्बन्धी अध्ययन अनुसन्धान,
२१. प्राकृतिक नदीनाला, ताल तलैया, पोखरी, सीमसार एवम् जलाधार क्षेत्रको पर्यावरणीय संरक्षण एवम् स्वच्छता कायम सम्बन्धी नीति, कानुन, मापदण्ड र नियमन,
२२. वायु र वायुमण्डलको गुणस्तर, मापदण्ड, अनुगमन र लेखाजोखा,
२३. हरित अर्थतन्त्र सम्बन्धी नीति र मापदण्ड,
२४. विकीरण, जल, ठोस, तापीय, नाभिकीय, चुम्बकीय, विद्युतीय, रसायन, ध्वनी लगायतका प्रदूषण नियन्त्रण,
२५. हरितगृह ग्यासको मापदण्ड र नियमन,
२६. राष्ट्रियस्तरमा वातावरणीय सूचना प्रणाली,
२७. वातावरणीय प्रभाव अध्ययन सम्बन्धी नीति, कानुन, मापदण्ड र नियमन,
२८. राष्ट्रपति चुरे तराई मधेश संरक्षण विकास समिति, राष्ट्रिय प्रकृति संरक्षण कोष,
२९. सशस्त्र वन रक्षक,
३०. मन्त्रालयसम्बन्धी राष्ट्रिय अन्तर्राष्ट्रिय संघ, संस्थासँग सन्धि, सम्झौता, अभिसन्धि सम्पर्क र समन्वय,
३१. नेपाल वन सेवाको सञ्चालन ।

**मन्त्रालय मातहत र सम्बद्ध केन्द्रीय निकायहरु र तिनले प्राप्त गरेको अङ्क निम्न बमोजिम रहेका छन् :**

| | | प्राप्ताङ्क |
|---|---|---|
| १. | वन तथा भूसंरक्षण विभाग | ७८ |
| २. | वनस्पति विभाग | ७४ |
| ३. | राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग | ७६ |
| ४. | वातावरण विभाग | ८६ |
| ५. | वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र | ८० |
| ६. | राष्ट्रपति तराई-मधेश चुरे संरक्षण बोर्ड | प्राप्त नभएको । |
| ७. | REED कार्यान्वयन केन्द्र | ८५ |

**राष्ट्रिय सूचना आयोगको आदेश कार्यान्वयनको स्थिति :**


- मन्त्रालय र मातहत निकायमा सूचना अधिकारी तोकिएको पाइयो ।
- मन्त्रालयबाट प्रत्येक तीन महिनामा स्वतः प्रकाशन गर्नुपर्ने सूचनाहरू प्रकाशन गर्ने गरिएको छ । तर सबै केन्दीय निकायमा समानताका लागि थप व्यवस्था गर्नुपर्ने देखियो ।
- स्टाफ मिटिङहरूमा सूचनाको हक कार्यान्वयनका सन्दर्भमा छलफल हुने गरेको पाइयो, यो सन्तोषको विषय हो । ती छलफलहरूमा सूचनाको वर्गीकरणलाई सहज बनाउनुपर्ने कुरामा सहभागीहरूले कुरा राख्ने गरेको पाइयो । साथै सूचना अधिकारीलाई थप सुविधाको माग पनि गर्ने गरिएको पाइयो ।
- सूचनाको हकअन्तर्गत मन्त्रालयमा प्राप्त निवेदनका सम्बन्धमा गरेको कारवाही एवम् सूचना प्रवाह गरेको सम्बन्धी विवरणको छुट्टै अभिलेख राखिएको छ । तर मातहतका सबै केन्द्रीय निकायमा यस्तो अभिलेख पाइएन । सूचना मागको सङ्ख्या न्यून रहेका कारण अलग अभिलेख नराखिएको हुन सक्छ ।
- मन्त्रालयका मातहतका निकायले वेबसाइट र सञ्चार माध्यममार्फत् प्रगति विवरण दिने गरिएको पाइएको छ तर अधिकांश निकायको वेबसाइटलाई थप अद्यावधि गरेको देखियो । विभागमातहतका केही कार्यालयहरूको वेबसाइट हेर्न खोज्दा पनि अद्यावधिक नहुने समस्या देखियो ।
- नेपाली नागरिकबाट माग भएबमोजिमका सूचना उपलब्ध गराउने गरिएको जवाफ पाइयो ।
- आ.व. २०७६/०७७ मा राष्ट्रिय सूचना आयोगबाट मन्त्रालयको नाममा सूचना दिनु भन्ने आदेश जारी नभएको पाइयो । साथै सूचनाको हक सम्बन्धमा राष्ट्रिय सूचना आयोगबाट जारी भएको आदेशको पालना भएको छ ।
- मन्त्रालयको सूचना अधिकारी राष्ट्रिय सूचना आयोग, सञ्चार तथा सूचना प्रविधि मन्त्रालयलगायतका निकायहरूले आयोजना गर्ने तालिम एवम् कार्यक्रमहरूमा नियमित सहभागी हुने गरे पनि मन्त्रालय र मातहतका केन्द्रीय निकायबाट यस्ता तालिम सञ्चालनमा उदासीनता देखाएको पाइयो ।
- सूचनाको हकको कार्यान्वयन सम्बन्धमा मन्त्रालय जागरूक रहेको तथा सो सम्बन्धमा सूचना अधिकारीको उच्च अधिकारीहरूसँग नियमित अन्तर्क्रिया हुने गरेको । तर सबै तहका सूचना अधिकारीहरूले तालिम नपाएको अवस्था देखिएको छ ।

**मूल्याङ्कर्ताको निष्कर्ष र सुझावहरु**

- कस्तो सूचना दिने र कस्तो सूचना गोप्य राख्ने भन्ने सन्दर्भमा सबै तहका सूचना अधिकारीहरूलाई जानकारी गराउनका लागि अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्नुपर्ने देखिएको छ । सूचनाको वर्गीकरण कसले गर्ने ? कसरी गर्ने ? भन्ने सन्दर्भमा थप स्पष्टता जरूरी देखियो ।
- वन र वातावरण संरक्षणका सन्दर्भमा लगातार जानकारीमूलक सूचनाहरु प्रवाह गर्ने विषयमा मन्त्रालय र मातहतका निकायहरु अझ प्रभावकारी ढंगले प्रस्तुत हुनुपर्ने महसुस भएको छ । वन र वातावरणको क्षेत्रमा नागरिक सचेतनाका लागि विभिन्न भाषाहरूमा पनि सूचना सामग्रीहरु तयार गरेर सूचना प्रवाहलाई अझ व्यापक बनाउनुपर्ने आवश्यकता पनि अनुभव गरियो ।
- सूचनाको हकको प्रभावकारी कार्यान्वयनका लागि सूचना अधिकारीको वृत्ति विकासका लागि आवश्यक स्रोत साधन र उत्प्रेरणाको व्यवस्था गर्नु आवश्यक छ ।
- मन्त्रालयका अधिकारीहरूमा मन्त्रालयले उपलब्ध गराउने सूचनाको दुरूपयोग वा गलत प्रयोग हुने भन्ने पूर्वधारणाले जरा गाडेको पाइएकोले त्यसलाई चिर्न आयोगका तर्फबाट पहलकदमी लिनुपर्ने आवश्यकता

देखिएको छ ।

- सूचनाको हकको कार्यान्वयनको सन्दर्भमा महत्वपूर्ण जिम्मेवारी बोकेका सूचना अधिकारीहरूको तालिमलगायतका माध्यमबाट क्षमता अभिबृद्धि गर्न आवश्यक छ । साथै आफ्नै निकायहरूबीच सूचनाको हकको कार्यान्वयनको अवस्थाका सन्दर्भमा अन्तरक्रियाहरु नियमित रूपमा गर्नुपर्ने तथा राष्ट्रिय/अन्तर ाष्ट्रिय अभ्यासहरूका बारेमा पनि जानकारी दिने कार्ययोजना बनाउन आवश्यक देखियो ।
- सूचना अधिकारी जिम्मेवारी हो, पद होइन, त्यसैले सूचना अधिकारीमा जिम्मेवारी बहनप्रति यदाकदा उदासीनता रहेको पनि पाइयो । यस्तोमा सूचना अधिकारीलाई अभिप्रेरित र प्रोत्साहित गर्न थप सेवा सुविधाको व्यवस्था वाञ्छनीय देखिन्छ ।
- धेरैजसो निकायमा सूचनाको हकसम्बन्धी प्रबर्द्धनात्मक सन्देश प्रसारणमा कमीको अनुभव पनि गरियो ।
- सामान्य सूचना मागकर्तालाई हालको कोभिडको सन्त्रासको उपस्थितिमा मन्त्रालय र विभागमा सहज प्रवेश गरी सूचना अधिकारीलाई भेटेर सूचना मागसम्बन्धी निवेदन दर्ता गराउन संरचनागत कठिनाइ भएको अनुभव गरियो । यस्तोमा सूचना मागकर्तालाई कार्यालयमा सहज प्रवेश सुनिश्चित गर्न वा कार्यालयको मूल ढोकामै सूचना मागसम्बन्धी निवेदन दर्ता गर्ने वातावरण निर्माण गर्न आवश्यक देखियो ।




**प्राप्ताङ्क : ९०**

## ३.१६ शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

देशको शैक्षिक, वैज्ञानिक, तथा प्रविधि सम्बन्धी क्षेत्रको विकासका लागि नीति तथा कार्यक्रम तर्जुमा, कार्यान्वयन, समन्वय, उत्प्रेरणा, अनुगमन तथा मूल्याङ्कन गर्ने उद्देश्यले गठित संघीय मन्त्रालय हो । यस मन्त्रालयको जिम्मेवारी निम्नबमोजिम रहेका छन् :

१. शिक्षा सम्बन्धी नीति, कानून, मापदण्ड र नियमन,
२. केन्द्रीय विश्वविद्यालय सम्बन्धी नीति, कानून र मापदण्ड,
३. विदेशी विश्वविद्यालयसँगको सम्बन्धन, समकक्षता निर्धारण, प्रत्यायन (एक्रिडिटेसन), समन्वय तथा नियमन
४. केन्द्रीय पुस्तकालय सम्बन्धी नीति, कानून र व्यवस्थापन,
५. मानव संसाधन आवश्यकता प्रक्षेपण, राष्ट्रिय शैक्षिक योजना एवम् मानवस्रोत विकास योजना,
६. विद्यालय तहको राष्ट्रिय पाठ्यक्रम प्रारूप, मूल विषयको पाठ्यक्रम, नमूना पाठ्यपुस्तक र नियमन
७. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको राष्ट्रिय नीति, पाठ्यक्रम प्रारूप, योग्यता निर्धारण, सीप परीक्षणको मापदण्ड,
८. विद्यालय तहको शिक्षकको सेवा, शर्त, योग्यता एवम् समकक्षताको नीति र मापदण्ड,
९. शिक्षक तालिम सम्बन्धी नीति, मापदण्ड र स्तरीकरण, पाठ्यक्रम प्रारूप, योग्यता निर्धारण, सीप परीक्षणको मापदण्ड तथा तालिम केन्द्रसँगको समन्वय,
१०. विद्यालय तहको परीक्षाको राष्ट्रिय मापदण्ड, माध्यमिक तहको परीक्षा व्यवस्थापन तथा समकक्षता निर्धारण,
११. कूटनीतिक नियोगबाट सम्बन्धन लिई सञ्चालन हुने शैक्षिक संस्थाको स्वीकृति,
१२. विदेशी शैक्षिक संस्थाबाट सम्बन्धन लिई सञ्चालन हुने शैक्षिक संस्थाको स्वीकृति, प्रत्यायन तथा नियमन,
१३. प्रदेश तथा स्थानीय तहको शैक्षिक विषयमा समन्वय,
१४. विश्व विद्यालय अनुदान आयोग, केन्द्रीय विश्वविद्यालय, खुला विश्व विद्यालय र केन्द्रीय स्तरका शैक्षिक प्रतिष्ठान,
१५. छात्रवृत्ति र विद्वत्तवृत्ति सम्बन्धी नीति र मापदण्ड,
१६. शैक्षिक अध्ययन, अनुसन्धानको स्वीकृति सम्बन्धी नीति, कानून र मापदण्ड,
१७. राष्ट्रिय प्राज्ञिक अनुसन्धान तथा शैक्षिक तथ्याङ्क व्यवस्थापन,
१८. शैक्षिक गुणस्तर मानक निर्धारण, मापन तथा नियमन,
१९. राष्ट्रिय परीक्षा बोर्ड, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्,
२०. विज्ञान प्रविधिसम्बन्धी नीति, कानून, मापदण्ड,
२१. वैज्ञानिक, अन्तरिक्ष विज्ञान र खगोल विज्ञान सम्बन्धी अध्ययन तथा अनुसन्धान,
२२. विज्ञान र प्रविधिको खोज, अनुसन्धान, आविष्कार, प्रबर्द्धन र विकास,
२३. विज्ञान प्रविधि विषयको तथ्याङ्क सङ्कलन, प्रशोधन र सर्वेक्षणको मापदण्ड,
२४. पारमाणविक प्रविधि, रेडियोधर्मी पदार्थहरूको गुणस्तर तथा उपयोगसम्बन्धी तथ्याङ्क प्रणालीको स्थापना, व्यवस्थापन र नियमन,
२५. जैविक तथा पारमाणविक प्रविधिको उपयोग तथा प्रबर्द्धन, नियन्त्रण र नियमन,
२६. ओजोन अध्ययन, सौर्य विकीरण मापन तथा सूचना प्रवाह,
२७. वैज्ञानिक उपकरण क्यालिब्रेसन तथा प्रमाणीकरण,
२८. रासायनिक पदार्थको उपयोग तथा प्रबर्द्धन, नियन्त्रण र नियमन,
२९. पारमाणविक पदार्थ, बेवारिसे स्रोतरूको खोज तथा पुनः लाभ र व्यवस्थापन

३०. आणविक ऊर्जासम्बन्धी नीति, कानून, मापदण्ड कार्यान्वयन र नियमन
३१. नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान, राष्ट्रिय विधि विज्ञान प्रतिष्ठान, प्लानेटेरियम, वेदशाला र विज्ञान संग्रहालय,
३२. मन्त्रालय सम्बन्धी राष्ट्रिय–अन्तराष्ट्रिय संघसंस्थासँग सन्धि, सम्झौता, अभिसन्धि, सम्पर्क र समन्वय,
३३. मन्त्रालय सम्बन्धी सार्वजनिक संस्थान, प्राधिकरण, समिति, प्रतिष्ठान, कम्पनी आदिको सञ्चालन र नियमन,
३४. नेपाल शिक्षा सेवाको सञ्चालन (आर्कियोलोजी समूहबाहेक) ।

**मन्त्रालय मातहतका केन्द्रीय निकायहरू र प्राप्ताङ्क निम्नबमोजिम छन् :**

| | | प्राप्ताङ्क |
|---|---|---|
| १. | शिक्षा तथा मानवस्रोत विकास केन्द्र | ८५ |
| २. | पाठ्यक्रम विकास केन्द्र | ८६ |
| ३. | विद्यालय शिक्षक किताबखाना | |
| ४. | शैक्षिक गुणस्तर परीक्षण केन्द्र | |
| ५. | शिक्षाका लागि खाद्य कार्यक्रम | |
| ६. | व्यावसायिक शिक्षा तथा तालिम अभिवृद्धि सुधार परियोजना | |
| ७. | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम केन्द्र | |
| ८. | जनक शिक्षा सामग्री केन्द्र | |
| ९. | वि.पि. कोइराला मेमोरियल प्लानेटोरियम तथा अब्जरभेटरी विज्ञान सङ्ग्रहालय विकास समिति | |
| १०. | नेपाल विधि विज्ञान प्रयोगशाला | |
| ११. | विश्वविद्यालय अनुदान आयोग | ८४ |
| १२. | नेपाल राष्ट्रिय पुस्तकालय | |
| १३. | केशर पुस्तकालय | |
| १४. | डिल्लीरमण कल्याणी रेग्मी पुस्तकालय | |
| १५. | शिक्षक सेवा आयोग | ८८ |
| १६. | चिकित्सा शिक्षा आयोग | |
| १७. | मेडिकल कलेज पूर्वाधार निर्माण विकास समिति, कैलाली | |
| १८. | नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान | ८७ |
| १९. | राष्ट्रिय परीक्षा बोर्ड | |
| २०. | शिक्षाका लागि खाद्य कार्यक्रम परियोजना | |


**राष्ट्रिय सूचना आयोगको आदेश कार्यान्वयनको स्थिति :**

- मन्त्रालय र मातहत निकायमा सूचना अधिकारी तोकिएको पाइयो ।
- प्रत्येक तीन महिनामा स्वतः प्रकाशन गर्नुपर्ने सूचनाहरू प्रकाशन गर्ने गरिएको पाइयो ।
- सूचना माग र प्रवाहको छुट्टै दर्ता किताब, अभिलेख र फाइल खडा गरेको पाइएको छ ।
- सूचनाको हक सम्बन्धमा राष्ट्रिय सूचना आयोगबाट जारी भएको आदेशको पालना भएको छ ।

- सूचनाको हकअन्तर्गत मन्त्रालयमा प्राप्त भएका निवेदनका समबन्धमा गरेको कारवाही एवम् सूचना प्रवाह गरेको सम्बन्धी विवरणको छुट्टै अभिलेख राखिएको छ ।
- मन्त्रालयका मातहतका निकायले वेबसाइट र सञ्चार माध्यममार्फत् प्रगति विवरण दिने गरिएको छ ।
- नेपाली नागरिकहरूबाट माग भएबमोजिमका सूचना उपलब्ध गराउने गरिएको रहेछ ।
- मन्त्रालयको सूचना अधिकारी राष्ट्रिय सूचना आयोग, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय र आफ्नै निकायको पहलमा आयोजना हुने गरेका तालिम एवम् कार्यक्रमहरूमा नियमित सहभागी हुने गरेको ।
- मन्त्रालयको स्टाफ बैठकमा पनि सूचनाको हकको कानूनी कार्यान्वयन र अवस्थाबारेमा छलफल हुने गरेको ।

**मूल्याङ्कनकर्ताको निष्कर्ष एवम् सुझाव :**

- सूचनाको वर्गीकरणमा भएको ढिलाइका कारण सूचना प्रवाहमा नकारात्मक प्रभाव परेकोले आयोगले समेत यसको कार्यान्वयनका लागि पहल गर्नु पर्ने ।
- सूचनाको वर्गीकरण नभएका कारण मन्त्रालय तथा मातहतका निकाय सूचना प्रवाहमा स्पष्ट हुन नसकेकोले सम्बन्धित निकायका प्रमुख र सूचना अधिकारीहरूलाई सूचना प्रवाहसम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्नु पर्ने देखिएको छ ।
- मन्त्रालय र मातहतका निकायको सूचनाको संवेदनशीलता हुन्छ । त्यसमा लिने र दिने पक्ष गम्भीर हुनुपर्छ । यसो भन्दैमा अधिकांश सूचनाहरू गोप्य राख्नुपर्ने मान्यताबाट कर्मचारीहरू निर्देशित रहेको पाइएकाले मन्त्रालयलाई आयोगको तर्फबाट सूचनाको हकको महत्व र गोपनियताको मर्मबारे मिहिन पारामा परामर्श दिनु पर्ने आवश्यकता छ ।
- सूचनाको हकको प्रभावकारी कार्यान्वयनका लागि स्रोतसाधनको व्यवस्था गर्नु आवश्यक छ ।
- उपलब्ध सूचनाको दुरूपयोग वा गलत प्रयोग हुने भन्ने अवधारणामा सूचना उत्पादनकर्ताहरू अडिग देखिएकाले त्यो भ्रम निवारण गर्न आयोगका तर्फबाट आवश्यक पहलकदमी लिनुपर्ने हुन सक्छ ।
- सूचनाको वर्गीकरण गरिसकेपछि स्थानीय तहदेखि नै सूचनाको हकलाई प्रभावकारी रूपमा कार्यान्वयनमा ल्याउने कुरामा आयोग चनाखो हुनु पर्ने देखिएको छ ।
- समयसमयमा सूचना अधिकारीहरूलाई तालिम, प्रशिक्षण तथा अभिमुखीकरण दिनु आवश्यक छ । कुनै अमुक निकायमा सूचना अधिकारी रहेको व्यक्ति अर्को निकायमा सूचना अधिकारी नहुने या सूचना अधिकारी नभएको व्यक्ति एकै पटक सूचना अधिकारी हुनुपर्ने अवस्था देखिएकोले पनि तालिम, प्रशिक्षण र अभिमुखीकरण आवश्यक देखिएको हो ।
- सूचना लिने-दिने सन्दर्भमा सेवाग्राही र सेवाप्रदायकबीच विश्वासको वातावरण सिर्जना गर्न नागरिक शिक्षा तथा नागरिक सशक्तीकरण लगायतका कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने ।
- सूचनाको हक कार्यान्वयनका लागि सूचना उत्पादन र खपत गर्ने दुवै पक्षलाई आवश्यक पर्ने स्रोतको व्यवस्थापन गर्नुपर्ने ।
- सूचनादाताको सुरक्षाको प्रबन्ध गर्नुपर्ने ।
- सूचनाको हकको कानुन प्रभावकारी रूपमा कार्यान्वयन भएको छ-छैन भन्ने विषयमा अनुगमन तथा मूल्याङ्कन गर्ने संयन्त्र बनाउनु जरूरी देखिएको छ ।
- सार्वजनिक प्रशासन तथा व्यवस्थापनका नवीनतम साधन तथा व्यवस्थापकीय शैलीको अनुशरण गर्नु पर्ने ।




**प्राप्ताङ्क : ९२**

## ३.१७ श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

नेपालमा श्रमको मर्यादित र सुरक्षित व्यवस्थापनबाट रोजगारी सिर्जना, रोजगारीका लागि सीपयुक्त आवश्यक जनशक्तिको विकास, श्रमको क्षेत्रमा सामाजिक सुरक्षा र व्यवसायजन्य स्वास्थ्य र सुरक्षाको प्रबर्द्धन, बालश्रम निवारणलगायतका काम मन्त्रालयबाट हुँदै आएको छ । वैदेशिक रोजगारीलाई सुरक्षित, मर्यादित र व्यवस्थित बनाउनु र वैदेशिक रोजगारबाट आर्जित सीप, प्रविधि र पुँजीको उपयोगबाट आन्तरिक रोजगारी प्रबर्द्धन गर्नु पनि यसै मन्त्रालयको जिम्मेवारी रहेको छ । अतः देशको श्रम, रोजगार र सामाजिक सुरक्षाको क्षेत्रको विकास, विस्तार र प्रबर्द्धनसम्बन्धी नीति तथा कार्यक्रमको तर्जुमा, कार्यान्वयन, समन्वय र अनुगमन तथा मूल्याङ्कन गर्ने उद्देश्यले गठित संघीय मन्त्रालय हो । यस मन्त्रालयका मुख्य कार्यहरु निम्नबमोजिम रहेका छन् :

१. श्रम तथा रोजगारसम्बन्धी नीति, कानून, मापदण्ड र नियमन,
२. वैदेशिक रोजगारसम्बन्धी नीति, कानून, मापदण्ड व्यवस्थापन र नियमन,
३. श्रमिक तथा कामदारको सामाजिक सुरक्षा र सामाजिक सुरक्षा कोष सञ्चालनसम्बन्धी नीति, कानून, मापदण्ड र नियमन,
४. औद्योगिक विवाद समाधान,
५. रोजगारसम्बन्धी तथ्याङ्क, अध्ययन र अनुसन्धान,
६. श्रम तथा व्यवसायजन्य स्वास्थ्य सुरक्षा निरीक्षण र श्रम सम्बन्ध सम्बन्धी आयोग,
७. रोजगार उन्मुख सीपमूलक एवम् व्यावसायिक तालिम नीति,
८. ट्रेड युनियनसम्बन्धी एकीकृत कानून र नियमन,

९. बालश्रम निवारणसम्बन्धी नीति र कानून,
१०. व्यवसायजन्य स्वास्थ्य तथा सुरक्षासम्बन्धी नीति, कानून र मापदण्ड,
११. विदेशीहरूका लागि श्रम स्वीकृति,
१२. श्रम सहचारी,
१३. बेरोजगार सम्बन्धी एकीकृत तथ्याङ्क व्यवस्थापन, अध्ययन र अनुसन्धान,
१४. मन्त्रालय सम्बन्धी राष्ट्रिय-अन्तर्राष्ट्रिय संघसंस्थासँग सन्धि, सम्झौता, अभिसन्धि, सम्पर्क र समन्वय,
१५. मन्त्रालय सम्बन्धी सार्वजनिक संस्थान, प्राधिकरण, समिति, प्रतिष्ठान, कम्पनी आदिको सञ्चालन र नियमन ।

श्रम तथा रोजगार मन्त्रालय मातहत रहेका केन्द्रीय स्तरका निकायहरूले प्राप्त गरेको अङ्क निम्न बमोजिम छन् :

| | | **प्राप्ताङ्क** |
|---|---|---|
| १. | श्रम तथा व्यवसायजन्य सुरक्षा विभाग | ८५ |
| २. | वैदेशिक रोजगार विभाग | ८७ |
| ३. | सामाजिक सुरक्षा कोष | ८५ |
| ४. | वैदेशिक रोजगार प्रबर्द्धन बोर्ड | ८४ |
| ५. | व्यावसायिक सीप विकास प्रतिष्ठान | ८४ |


**राष्ट्रिय सूचना आयोगको आदेश कार्यान्वयनको स्थिति :**

- मन्त्रालय र मातहत निकायमा सूचना अधिकारी तोकिएको पाइयो । तर, सूचना अधिकारीसम्म सूचना आइपुग्ने आन्तरिक सूचना प्रवाह प्रणालीलाई थप विकसित गर्नुपर्ने आवश्यकता अनुभव गरियो ।
- प्रवक्ता र सूचना अधिकारीबीचको सम्बन्ध तथा उनीहरूको भूमिकाका बारेमा थप स्पष्टता आवश्यक देखियो ।
- सूचनादाताको सुरक्षाका सन्दर्भमा र सूचनाको दुरूपयोगको सन्दर्भमा सूचना अधिकरीहरूमा केही मात्रामा त्रास रहेको पाइयो ।
- प्रत्येक तीन महिनामा स्वतः प्रकाशन गर्नुपर्ने सूचनाहरू प्रकाशन गर्ने गरिएको छ ।
- सूचना माग र प्रवाहको छुट्टै दर्ता किताब, अभिलेख र फाइल खडा गरेको पाइएको छ ।
- केही निकायबाट, त्यस निकायमा लिखितभन्दा मौखिक सूचनाको माग बढी हुने गरेको जानकारी दिइयो ।
- सूचनाको हकका सम्बन्धमा राष्ट्रिय सूचना आयोगबाट जारी भएको आदेश पालना भएको छ ।
- सूचनाको हकअन्तर्गत मन्त्रालयमा प्राप्त निवेदनका सम्बन्धमा गरेको कारवाही एवम् सूचना प्रवाह गरेको सम्बन्धी विवरणका लागि अधिकांश निकायमा छुट्टै अभिलेख राखिएको पाइयो ।
- मन्त्रालयका मातहतका निकायले वेबसाइट र सञ्चार माध्यममार्फत् प्रगति विवरण सार्वजनिक गर्ने गरेको पाइयो ।
- मागकर्ताबाट माग भएबमोजिमका सूचना उपलब्ध गराउने गरिएको छ ।
- आ.व. २०७६/०७७ मा राष्ट्रिय सूचना आयोगबाट मन्त्रालयको नाममा सूचना दिनु भन्ने आदेश जारी नभएको पाइयो ।

- मन्त्रालयको सूचना अधिकारी राष्ट्रिय सूचना आयोग, सञ्चार तथा सूचना प्रविधि मन्त्रालयलगायतका निकायहरूले आयोजना गर्ने तालिम एवम् कार्यक्रमहरूमा नियमित सहभागी हुने गरेको पाइयो ।
- सूचनाको हकको कार्यान्वयन सम्बन्धमा मन्त्रालय जागरूक रहेको तथा सो सम्बन्धमा सूचना अधिकारीबीच नियमित अन्तर्क्रिया हुने गरेको ।

**मूल्याङ्कनकर्ताको निष्कर्ष एवम् सुझाव :**

- सूचनादाताको संरक्षण र सूचनाको दूरूपयोग हुन नदिने विषयमा सूचनाको हकसम्बन्धी ऐन र नियमावलीमा भएको व्यवस्थाका बारेमा मन्त्रालयको मातहतका अधिकारीहरूलाई अभिमुखीकरण, तालिम प्रदान गर्नुपर्ने देखियो ।
- कस्तो सूचना दिने र कस्तो सूचना संरक्षण गर्ने भन्ने सन्दर्भमा सबै तहका सूचना अधिकारीहरूलाई जानकारी गराउनका लागि अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्नुपर्ने देखिएको छ । सूचनाको वर्गीकरण कसले गर्ने ? कसरी गर्ने ? भन्ने सन्दर्भमा थप स्पष्टता जरूरी देखियो ।
- वैदेशिक श्रममा जानेहरूका लागि आवश्यक सचेतना दिने, उनीहरूको परिवारलाई सूचना दिने विषयमा मन्त्रालयदेखि सबै मातहतका निकायहरूले अझ व्यापक रूपमा सूचना दिनुपर्ने आवश्यकता देखियो ।
- सेवाग्रहीलाई लक्षित गरी विभिन्न भाषाहरूमा सूचना सामग्रीहरु तयार गरेर सूचना प्रवाहलाई अझ व्यापक बनाउनुपर्ने आवश्यकता पनि अनुभव गरियो ।
- सूचनाको हकको प्रभावकारी कार्यान्वयनका लागि सूचना अधिकारीलाई आवश्यक स्रोतसाधन तथा सुविधाको व्यवस्था गर्नु आवश्यक रहेको छ ।
- सूचना अधिकारीलाई सूचनाको हकको कार्यान्वयनको सन्दर्भमा तालिम, अभिमुखीकरण कार्यक्रम तथा अन्यत्रको अभ्यासगायतका माध्यमबाट क्षमता अभिबृद्धि गर्नु आवश्यक छ ।
- सूचना अधिकारी जिम्मेवारी हो, पद होइन, त्यसैले सूचना अधिकारीमा जिम्मेवारी वहनप्रति यदाकदा उदासीनता रहेको पनि पाइयो । यस्तोमा सूचना अधिकारीलाई अभिप्रेरित र प्रोत्साहित गर्न थप सेवासुविधाको व्यवस्था वाञ्छनीय देखिन्छ ।
- धेरैजसो निकायमा सूचनाको हकसम्बन्धी प्रबर्द्धनात्मक सन्देश प्रसारणमा कमीको अनुभव पनि गरियो ।
- सामान्य सूचना मागकर्तालाई हालको कोभिडको सन्त्रासको उपस्थितिमा मन्त्रालय र विभागमा सहज प्रवेश गरी सूचना अधिकारीलाई भेटेर सूचना मागसम्बन्धी निवेदन दर्ता गराउन संरचनागत कठिनाइ भएको अनुभव गरियो । यस्तोमा सूचना मागकर्तालाई कार्यालयमा सहज प्रवेश सुनिश्चित गर्न वा कार्यालयको मूल ढोकामै सूचना मागसम्बन्धी निवेदन दर्ता गर्ने वातावरण निर्माण गर्नु आवश्यक देखियो ।




**प्राप्ताङ्क : ९१**

## ३.१८ संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय

नेपालको पर्यटन क्षेत्रले विदेशी मुद्रा आर्जन, रोजगारी सिर्जना, आर्थिक क्रियाकलाप अभिबृद्धि र समग्र आर्थिक विकास र समुन्नतिमा टेवा पुऱ्याउँदै आएको छ । देशमा रहेका सम्पूर्ण मूर्त र अमूर्त सांस्कृतिक सम्पदाहरूको संरक्षण र विकास गरी तिनको आर्थिक उपयोग गर्ने तथा पर्यटनलाई मुलुकको आर्थिक आधारको रूपमा ग्रामीण तहसम्म विकास र विस्तार गरी यसको प्रतिफल जनजीवनको तल्लो तहसम्म पुऱ्याउन संस्कृति र पर्यटन क्षेत्रको विविधिकरण, विस्तार र प्रबर्द्धन गर्न आवश्यक छ । पर्यटन क्षेत्रको विकास र विस्तारसहित आन्तरिक र वाह्य हवाई यातायात विकास गरी थप सुरक्षित, स्तरीय र भरपर्दो बनाउन आवश्यक छ ।

विदेशी पर्यटकहरूको आवागमन सुरूवातसँगै पर्यटन क्षेत्रका कार्यक्रमहरूलाई व्यवस्थित ढंगले अगाडि बढाउन सर्वप्रथम वि.सं. २०१६ सालमा पर्यटन बोर्डको स्थापना गरिएको थियो । वि.सं. २०१८ सालमा निर्माण तथा यातायात मन्त्रालय अन्तर्गत पर्यटन विभाग गठन गरिएको थियो । सन् १९७२ को पर्यटन गुरूयोजना र प्रशासन सुधार आयोगको सिफारिस समेतका आधारमा पर्यटन क्षेत्रको योजनाबद्ध विकास तथा प्रबर्द्धन गर्न वि.सं. २०३९ सालमा निर्माण तथा यातायात मन्त्रालय अन्तर्गतको हवाई विभागलाई समेत गाभी पर्यटन तथा नागरिक उडड्यन मन्त्रालय नामाकरण गरी २०५५ सालमा पर्यटन तथा नागरिक उडड्यन मन्त्रालय अन्तर्गतका दुई वटा हवाई विभाग र पर्यटन विभागलाई खारेज गरी क्रमशः नेपाल नागरिक उडड्यन प्राधिकरण र नेपाल पर्यटन बोर्डको स्थापना गरी वि.सं. २०५७ सालदेख संस्कृति क्षेत्रको समेत कार्य गर्ने गरी संस्कृति, पर्यटन तथा नागरिक उडड्यन मन्त्रालयको रूपमा नामाकरण गरियो । अतः मुलुकको संस्कृति, पर्यटन तथा नागरिक उड्डयनको क्षेत्रको विकास, संरक्षण र प्रबर्द्धन सम्बन्धी नीति तथा कार्यक्रम तर्जुमा, कार्यान्वयन, समन्वय, अनुगमन र मूल्याङ्कन गर्ने उद्देश्यले गठित संघीय मन्त्रालय हो । यस मन्त्रालयका

कार्य निम्न बमोजिम रहेका छन् :

१. संस्कृति, ललितकला, धर्म, सभ्यता र सम्पदासम्बन्धी नीति, कानून, मापदण्ड,
२. पुरातात्विक महत्वका स्थान र प्राचीन स्मारकसम्बन्धी नीति, कानून, मापदण्ड र नियमन,
३. राष्ट्रिय संग्रहालय, अभिलेखालय,
४. अन्तर्राष्ट्रिय एवम् राष्ट्रियस्तरका ऐतिहासिक, पुरातात्विक, धार्मिक एवम् सांस्कृतिक महत्वका स्थल एवम् विश्व सम्पदामा सूचीकृत सम्पदा सम्बन्धी नीति, कानून, मापदण्ड, संरक्षण, सम्भार, अध्ययन, अनुसन्धान, उत्खनन, पुनर्निर्माण र प्रचार प्रसार,
५. प्राकृतिक, धार्मिक, सांस्कृतिक, पूरातात्विक, साहसिक पर्यटन सम्बन्धी नीति, मापदण्ड र नियमन,
६. केन्द्रीय स्तरका प्रज्ञा प्रतिष्ठानसम्बन्धी नीति तथा कानून,
७. विदेशी मित्र राष्ट्रहरूसँग भएका सन्धि सम्झौता लगायत राष्ट्रिय महत्वका दस्तावेजको संरक्षण,
८. पर्यटन सम्बन्धी नीति, कानून र मापदण्ड,
९. क्यासिनो सम्बन्धी नीति, कानून, मापदण्ड र नियमन,
१०. पर्वतारोहण, ट्राभल, ट्रेकिङ्ग सम्बन्धी नीति, कानून, मापदण्ड र नियमन,
११. पर्यटन शुल्क निर्धारण सम्बन्धी नीति, कानून, मापदण्ड र नियमन,
१२. भाषा आयोग, नेपाल प्रज्ञा प्रतिष्ठान, नेपाल ललितकला प्रतिष्ठान तथा नेपाल सङ्गीत तथा नाट्यकला प्रतिष्ठान,
१३. पशुपति क्षेत्र विकास कोष, लुम्बिनी विकास कोष, वृहत्तर जनकपुर क्षेत्र विकास परिषद्,
१४. विभिन्न धर्म, जात, जाति, सम्प्रदाय, भाषा, भाषिकाको साहित्य, सङ्गीत, लिपी, कला, संस्कृति र चलचित्रको संरक्षण तथा विकास सम्बन्धी नीति, कानून र मापदण्ड,
१५. निकासी गरिने पुरातात्विक वस्तुहरूको जाँच र अनुमति,
१६. वायुयान निर्माण तथा डिजाइन, सञ्चालन र मर्मतसम्भार, विमानस्थल निर्माण तथा सञ्चालन, एयर नेभिगेसन सेवा तथा उड्डयन तालिम संस्था आदिको इजाजत र नियमन,
१७. हवाई भाडा, विमानस्थल शुल्क, एयर नेभिगेसन शुल्क तथा नियमन,
१८. वायुसेवा कार्यसञ्चालन अनुमति, इजाजत र उडान अनुमति,
१९. नागरिक उड्डयन सम्बन्धी नीति, कानून, मापदण्ड र नियमन,
२०. नागरिक उड्डयन व्यवसाय तथा पेशाविद्हरूको अनुमतिपत्र, स्तर निर्धारण र नियमन,
२१. हवाई सुरक्षा सम्बन्धी अन्तर्राष्ट्रिय सङ्गठनबाट प्रतिपादित स्तर, मापदण्ड, मार्गदर्शन र कार्यान्वयन,
२२. एयर नेभिगेसन र एयर ट्राफिक सेवा,
२३. हवाई क्षेत्र व्यवस्थापन,
२४. उड्डयन सेवाको लागि मौसम सम्बन्धी सूचना सेवा,
२५. उड्डयन खोज तथा उद्धार कार्यमा सहयोग तथा समन्वय,
२६. अन्तराष्ट्रिय, क्षेत्रीय र आन्तरिक विमानस्थल निर्माण, सञ्चालन र व्यवस्थापन,
२७. वायुयान दुर्घटना जाँच सम्बन्धी,
२८. अल्ट्रालाइट, प्याराग्याइडिङ, ह्याङग्याइडिङजस्ता हवाई खेल, साहसिक उड्डयन, मनोरञ्जनात्मक उड्डयन क्रियाकलाप सम्बन्धी नीति र मापदण्ड,
२९. प्रतिलिपि अधिकार सम्बन्धी नीति, कानून, मापदण्ड, कार्यान्वयन र नियमन,

३०. मन्त्रालय सम्बन्धी राष्ट्रिय-अन्तर्राष्ट्रिय संघसंस्थासँग सन्धि, सम्झौता, अभिसन्धि, सम्पर्क र समन्वय
३१. मन्त्रालय सम्बन्धी सार्वजनिक संस्थान, प्राधिकरण, समिति, प्रतिष्ठान, कम्पनी आदिको सञ्चालन र नियमन ।

**मन्त्रालय र मातहत निकायको सूची :**

मन्त्रालयले तीन फरक विधालाई समेटेको छ : संस्कृति, पर्यटन र नागरिक उड्डयन । हरेक विधा अनुसारका प्रतिष्ठान, विकास कोष, विभाग, समिति, आयोग र कार्यालय रहेका छन् ।

केन्द्रीयस्तरका केही निकायहरू र तिनले प्राप्त गरेको अङ्क निम्नबमोजिम छ :

| | | **प्राप्ताङ्क** |
|---|---|---|
| १. | पर्यटन विभाग | ५९ |
| २. | पुरातत्व विभाग | ५२ |
| ३. | नेपाल नागरिक उड्डयन प्राधिकरण | प्राप्त नभएको |
| ४. | नेपाल वायु सेवा निगम | ५१ |
| ५. | नारायणहिटी दरबार संग्राहालय तथा गणतन्त्र स्मारक व्यवस्थापन तथा सञ्चालन विकास समिति | ८० |

**राष्ट्रिय सूचना आयोगको आदेश कार्यान्वयनको स्थिति :**


- मन्त्रालय र मातहतका निकायमा सूचना अधिकारी र सहायक सूचना अधिकारी तोकेको पाइयो ।
- स्वतः प्रकाशन गर्नुपर्ने कानूनको प्रावधानलाई नियमित रूपमा पालन गरेको पाइयो । त्यसलाई मन्त्रालयको वेबसाइटमा राखिएको छ । यसको जानकारी नियमित रूपमा सूचना अयोगलाई उपलब्ध गराउन गरेको जानकारी समेत छलफलका क्रममा गराइयो ।
- सूचनाको माग गरेको निवेदनको छुट्टै रजिस्टर कायम गरी सूचना उपलब्ध गराएका घटनाको अभिलेख राख्ने गरेको पाइयो ।
- मन्त्रालय वार्षिक कार्ययोजनामा सूचनाको हकसम्बन्धी तालिम समावेश गरेको पाइएन । तर महाशाखा र मातहतका निकायका प्रमुखहरूको बैठकमा सूचनाको अधिकारका विषयमा नियमित छलफल हुने गरेको जानकारी गराइयो ।
- राष्ट्रिय सूचना आयोगको आदेशको पूर्ण पालना भएको जानकारी गराइयो ।
- सूचना अधिकारीले सूचनाको हकसम्बन्धी तालिम लिएको, स्टाफ वैठकमा सूचनाको हकसम्बन्धी छलफल हुने गरेको जानकारी प्राप्त भयो ।

**मूल्याङ्कनकर्ताको निष्कर्ष र सुझाव :**

- मन्त्रालय तथा मातहतका कर्मचारीलाई सूचनाको अधिकारका विषयमा तालिम दिनु पर्ने ।
- कर्मचारीलाई तालिम दिन सूचना आयोगले थप प्रेरित गर्नुपर्ने ।
- सूचना अधिकारी फेरिइरहने हुँदा उनीहरूलाई पनि नियमित अभिमुखीकरण तथा तालिम दिलाउने व्यवस्था गर्नुपर्ने ।

- तीन महिनामा स्वतः सूचना प्रकाशन गर्ने कानुनी व्यवस्थालाई मातहतका निकायलले समेत पालना गर्नुपर्ने ।
- मन्त्रालय र मातहतका निकायमा सूचनाको हकसम्बन्धी जानकारी दिने बोर्ड अनिवार्य रूपमा राख्न लगाउनुपर्ने ।
- विभिन्न माध्यमबाट प्राप्त हुने सूचनाको सङ्कलन, पहिचान, भण्डारण, प्रशोधन लगायत समग्र सूचना व्यवस्थापन प्रणालीलाई प्रविधिमैत्री बनाउनुपर्ने ।
- हरेक सूचनालाई पारदर्शी बनाउँदै सूचनाको हकसम्बन्धी कानुनको पूर्ण पालनाको सुनिश्चितता गर्नुपर्ने ।

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले सूचकाङ्कको आधारमा प्राप्त प्राप्ताङ्क विवरण




**प्राप्ताङ्क : ७९**

## ३.१९ संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय :

मुलुकको राजनैतिक, आर्थिक वातावरणमा आएको परिवर्तनसँगै स्थानीय विकाससँग सम्बन्धित सरकारी संयन्त्रहरूको नाम तथा संरचनात्मक स्वरूपमा परिवर्तन गर्ने कार्यअन्तर्गत वि.सं. २०३७ सालमा स्थानीय विकास मन्त्रालयको स्थापना गरी नेपालको समग्र स्थानीय शासन, विकार र सेवा प्रवाहका लागि केन्द्रबाट नेतृत्वदायी महत्वपूर्ण भूमिका निर्वाह गर्न थालियो । यसैक्रममा वि.सं. २०६२/०६३ सालमा भएको राजनीतिक परवर्तनसँगै मन्त्रालयमा संघीय मामिलाको कार्यक्षेत्र समेत थप गरी यस मन्त्रालयको नाम संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय कायम गरियो ।

प्रशासनिक पुनर्संरचनाका माध्यमद्वारा विभिन्न मन्त्रालयहरूको कार्य जिम्मेवारी हेरफेर गरी संघीय मामिला तथा कर्मचारी प्रशासनको केन्द्रीय निकायको भूमिका निर्वाह गर्नुका साथै नेपालको संविधान तथा निजामती सेवा ऐन २०४९ तथा नियमावली २०५० ले दिएको जिम्मेवारीबमोजिम संघीय निजामती सेवाको सञ्चालन,

व्यवस्थापन तथा अभिलेख व्यवस्थापनको काम यस मन्त्रालयले गर्दै आएको छ । उल्लेखित कामका साथै मुलुकको वृहत कार्यक्षेत्र ओगटेको यस मन्त्रालयको मुख्य जिम्मेवारी स्थानीय तहको विकासनिर्माण र सेवा प्रवाहमा सहजीकरण गर्ने रहेको छ । मन्त्रालयले हाल ७७ वटा जिल्ला समन्वय समिति, ६ वटा महानगरपालिका, ११ उपमहानगरपालिका, २ सय ७६ नगरपालिका र ४ सय ६० गाउँपालिका गरी जम्मा ७ सय ५३ स्थानीय तहको क्षमता विकास र सहजीकरण एवम् समन्वयको कार्य सम्पादन गरिरहेको छ ।

नेपालको संविधानमा उल्लेखित स्थानीय सरकारको जिम्मेवारी तथा कार्यक्षेत्र, स्थानीय सरकार सञ्चालन ऐन २०७४, अन्तरसरकारी वित्त व्यवस्थापन ऐन २०७५ तथा यस मन्त्रालयबाट जारी भएका परिपत्र तथा मार्गदर्शन बमोजिम स्थानीय तहहरूसँग समन्वय, सहयोग, सहजीकरण र पृष्ठपोषण प्रदान गर्नुका साथै यस मन्त्रालयले विकासका विभिन्न साझेदारहरूको सहयोगमा सञ्चालित परियोजना/कार्यक्रमको समन्वय, सहयोग, सहजीकरण र सहकार्यको क्षेत्रमा समेत प्रभावकारी भूमिका निर्वाह गर्दै आएको छ । यसका साथै समावेशीकरण, समाजिक परिचालन, आदिवासी, जनजाति, सीमान्तकृत, उत्पीडित वर्ग एवम् समुदायको क्षमता विकास र सशक्तीकरणका लागि विविध प्रयास समेत यस मन्त्रालयले गर्दै आएको छ ।

अतः मुलुकको संघीय मामला र सामान्य प्रशासन सम्बन्धमा नीति तथा कार्यक्रम तर्जुमा, कार्यान्वयन, समन्वय, अनुगमन र मूल्याङ्कन गर्ने उद्देश्यले मुलुकमा संघीयताको प्रारम्भसँगै यो मन्त्रालय पुनःसंरचना भई गठन भएको हो । यस मन्त्रालयका प्रमुख कार्यहरू निम्नबमोजिम रहेका छन् :

१. संघ र प्रदेश एवम् स्थानीय तहबीचको सम्पर्क र समन्वय,
२. स्थानीय तहको सङ्ख्या, सिमाना, वडा र केन्द्र निर्धारणसम्बन्धी नीति, मापदण्ड कार्यान्वयन र सहजीकरण,
३. विशेष, संरक्षित र स्वायत्त क्षेत्रको सीमाङ्कन र संरचना सम्बन्धी नीति, कानून र मापदण्ड
४. राष्ट्रिय दलित आयोग, राष्ट्रिय समावेशी आयोग, आदिवासी जनजाति आयोग, मधेशी आयोग, थारू आयोग र मुस्लिम आयोग,
५. स्थानीय पूर्वाधार विकास सम्बन्धी नीति, कानून, मापदण्ड, प्रविधि विकास र अनुसन्धान,
६. पञ्जीकरण र सामाजिक सुरक्षा भत्ता वितरणको अभिलेखीकरण,
७. फोहरमैला व्यवस्थापन सम्बन्धी नीति, मापदण्ड समन्वय र सहजीकरण,
८. स्थानीय तहका पदाधिकारी र कर्मचारीको वैदेशिक भ्रमण सम्बन्धी नीति, कानून, मापदण्ड,
९. संघीय निजामति तथा अन्य संघीय सरकारी सेवा निवृत्तिभरण लगायत अवकाशजन्य सुविधा सम्बन्धी नीति, मापदण्ड र व्यवस्थापन,
१०. संघीय कर्मचारी निकायसम्बन्धी कार्य,
११. सार्वजनिक सेवा प्रवाह सम्बन्धी नीति, कानून र मापदण्ड,
१२. सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण सम्बन्धी नीति, कार्यान्वयन र समन्वय,
१३. प्रशासनिक सुधार सम्बन्धी नीति, योजना, समायोजन र समन्वय,
१४. संघीय निजामति सेवा र अन्य सरकारी सेवा सञ्चालन सम्बन्धी नीति, कानून, मापदण्ड तथा सेवा, समूह र उपसमूहको व्यवस्थापन,
१५. संघीय निजामति सेवा र अन्य संघीय सरकारी सेवाहरूको व्यवस्थापन संघ, प्रदेश र स्थानीय तहमा

समायोजन र अन्तरप्रदेश कर्मचारी समन्वय एवम् व्यवस्थापन,

१६. कर्मचारी कल्याण सम्बन्धी नीति, कानून र मापदण्ड,
१७. संघ, प्रदेश र स्थानीय तहमा रहने पदहरूको दरबन्दी सिर्जना सम्बन्धी नीति र मापदण्ड,
१८. बढुवा समितिको सचिवालय,
१९. संघीय निजामती तथा अन्य संघीय सरकारी सेवाका पदाधिकारीको सेवा, शर्त र सुविधा,
२०. संघ, प्रदेश र स्थानीय तहका कर्मचारीहरूको न्यूनतम शैक्षिक योग्यतासम्बन्धी नीति, कानून र मापदण्ड,
२१. स्थानीय तहका सार्वजनिक पदाधिकारीको सुविधा सम्बन्धी नीति र मापदण्ड,
२२. संघीय निजामति तथा अन्य संघीय सरकारी सेवाको तालिमसम्बन्धी नीति, कानून, मापदण्ड, अध्ययन, अनुसन्धान र विकास,
२३. सार्वजनिक पदाधिकारीहरूको क्षमता विकास सम्बन्धी नीति र मापदण्ड,
२४. प्रशासकीय अभिलेख र तथ्याङ्क,
२५. निजामति अस्पताल, कर्मचारी प्रशिक्षण प्रतिष्ठान र नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान,
२६. मन्त्रालय सम्बन्धी राष्ट्रिय-अन्तर्राष्ट्रिय संघसंस्थासँग सन्धि, सम्झौता, अभिसन्धि, सम्पर्क र समन्वय,
२७. मन्त्रालय सम्बन्धी सार्वजनिक संस्थान, प्राधिकरण, समिति, प्रतिष्ठान, कम्पनी आदिको सञ्चालन र नियमन, राष्ट्रसेवक कर्मचारी सम्बद्ध संघसंस्था,
२८. नेपाल प्रशासन सेवा, नेपाल आर्थिक योजना तथा तथ्याङ्क सेवा र नेपाल विविध सेवाको सञ्चालन ।

**मन्त्रालय अन्तर्गत रहेका निकायहरु र तिनले प्राप्त गरेको प्राप्ताङ्क निम्नानुसार रहेका छन् :**

| | प्राप्ताङ्क |
|---|---|
| १. राष्ट्रिय किताबखाना (निजामति) | ६५ |
| २. स्थानीय पूर्वाधार विभाग | ७८ |

मन्त्रालयको वेबसाइटमा स्थानीय निकायहरू ६ महानगर, ११ उपमहानगर, २७६ नगरपालिका र ४६० गाउँपालिकाका साथै ७७ जिल्ला समन्वय समितिलाई पनि मातहतका निकायको रूपमा पाइएको छ ।

**राष्ट्रिय सूचना आयोगको आदेश कार्यान्वयनको स्थिति**

- सूचना अधिकारी तोक्ने र ३/३ महिनामा स्वतः प्रकाशन गर्ने विषयमा समस्या नरहे पनि सूचना अधिकारीलाई पर्याप्त सूचना प्राप्त गर्न कठिनाइ रहको पाइयो ।
- सूचना माग र प्रवाहको विवरणलाई कम्प्युटरमा लिपीबद्ध गरी राखिएको । यसले गर्दा सूचना मागकर्ताले माग गरेको सूचनासम्बन्धी विवरण र मन्त्रालयले उपलब्ध गराएका सूचना एवम् सूचना उपलब्ध गराउन नसकेका निवेदनको बारेमा सजिलै जानकारी लिन सकिने अवस्था रहेको पाइयो ।
- सूचना अधिकारीलाई हालसम्म कुनै पनि निकायबाट सूचनाको हकसम्बन्धी तालिम प्राप्त नभएको पाइयो ।
- राष्ट्रिय सूचना आयोगबाट सूचना दिनु भन्ने आदेशको पूर्ण पालना गरी सूचनासहितको लिखित जवाफ तोकिएको समयसीमाभित्रै आयोगमा पठाउने गरिएको । तर, कतिपय सूचनाहरू मन्त्रालयसँग प्रत्यक्ष रूपमा सम्बन्धित नभएका र सूचना माग गरिएका कार्यालयहरु हाल अस्तित्वमा नरहेका कारण सूचना अधिकारीले सूचना प्राप्त गरी आयोगमा पठाउन कठिनाइ हुने गरेको गुनासो रहेको पाइयो ।

- मन्त्रालयको वेबसाइटमा सूचना अधिकारीको विवरण राखेको पाइयो ।
- राष्ट्रिय सूचना आयोगबाट सूचना दिनु भन्ने आदेशको पालना हुने गरेको पाइयो ।

**मूल्याङ्कनकर्ताको निष्कर्ष र सुझाव**

- सूचना अधिकारीका लागि समयसमयमा तालिम सञ्चालन गर्नुपर्ने ।
- सूचना अधिकारीको सूचनामा पर्याप्त पहुँचका लागि आयोगद्वारा सम्पूर्ण सार्वजनिक निकायका नाममा परिपत्र गर्नुपर्ने ।
- सार्वजनिक निकायका कार्यालय प्रमुख एवम् शाखा प्रमुखहरूलाई समेत सहभागी गराई आयोगद्वारा सामयिक रूपमा अन्तर्क्रिया कार्यक्रम निरन्तर रूपमा सञ्चालन गर्नुपर्ने ।
- सूचना उपलब्ध गराउनु भनेको समस्यामा पर्नु हो भन्ने कर्मचारीहरूको मानसिकतामा परिवर्तनका लागि आयोगद्वारा सचेतनामूलक सामग्रीहरू विभिन्न सञ्चार माध्यममा प्रकाशन तथा प्रसारण गर्ने/गराउने ।
- सूचना अधिकारीले नै सूचना पाउने अवस्था छैन भन्ने गुनासो रहेको पाइएकाले कुनै सार्वजनिक महत्वको निर्णय हुँदा सूचना अधिकारीलाई बोधार्थ दिने व्यवस्थाका लागि सूचना आयोगले आवश्यक पहल गर्ने ।
- मन्त्रालयमा उपसचिवलाई नै सूचना अधिकारी तोकेको पाइयो । यसले गर्दा सूचना अधिकारीलाई नै सूचनामा पहुँचमै समस्या हुने अवस्था छ । सूचना अधिकारीको गुनासोलाई सम्बोधन गर्न मातहतका कार्यालयमा समेत प्रमुखभन्दा दोस्रो व्यक्तिलाई सूचना अधिकारी तोक्न सूचना आयोगले नै लेखी पठाउनुपर्ने ।
- मन्त्रालयमा कर्मचारी हेरफेर भइरहने कारण सूचना अधिकारी पनि परिवर्तन हुने हुँदा हरेक वर्ष कम्तिमा एकपटक अभिमुखीकरण तालिम दिन व्यवस्था मिलाउने ।

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले सूचकाङ्क आधारमा प्राप्त प्राप्ताङ्क विवरण



## ३.२० सञ्चार तथा सूचना प्रविधि मन्त्रालय

सूचना तथा सञ्चार क्षेत्रको विकास तथा विस्तार गर्ने उद्देश्यले सञ्चार मन्त्रालयको स्थापना भएको हो । वि.सं. २०२८ साल साउन १ गते विधिवत रूपमा स्थापना भएको यस मन्त्रालयको समय क्रममा आफ्नो काम, कर्तव्य र अधिकारमा हेरफेर हुने गरेको छ । प्रशासन सुधारसम्बन्धी वि.सं. २००९ सालको प्रतिवेदनले निर्माण र सञ्चार मन्त्रालय स्थापना गर्न सुझाव दिएअनुरूप यो मन्त्रालयको स्थापना भएको हो । कार्यविभाजन नियमावली, २०२४ ले सूचना तथा प्रसार मन्त्रालयको व्यवस्था गरेको थियो भने सञ्चारलाई यातायात, सञ्चार र जलविद्युत मन्त्रालयमा राखेको थियो । प्रशासन सुधार आयोग, २०२५ ले सूचना र प्रसारण क्षेत्रलाई गृह, पञ्चायत तथा सूचना प्रसार मन्त्रालयमा राख्न सिफारिस गरेको थियो ।

यसपछि वि.सं. २०२६ सालमा निर्माण, सञ्चार र यातायात मन्त्रालय स्थापना भएको देखिन्छ । वि.सं. २०२८ सालमा छुट्टै सञ्चार मन्त्रालय स्थापना भएकोमा प्रशासन सुधार आयोग, २०४८ को सिफारिस बमोजिम तत्कालीन सञ्चार मन्त्रालयलाई सूचना तथा सञ्चार मन्त्रालयमा परिवर्तन गरिएको थियो । नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम साविक सूचना तथा सञ्चार मन्त्रालयमा सूचना प्रविधि क्षेत्रसमेत थप गरी मन्त्रालयको नाम सञ्चार तथा सूचना प्रविधि मन्त्रालय कायम गरिएको हो । यस मन्त्रालयको मुख्य जिम्मेवारीमा सञ्चार तथा सूचना, दूरसञ्चार, सूचना तथा सञ्चार प्रविधिसम्बन्धी नीति, कानून, मापदण्ड, कार्यान्वयन र नियमन रहेको छ । अतः सञ्चार तथा सूचना प्रविधिको क्षेत्रको विकास, विस्तार, सुदृढीकरणका लागि राष्ट्रिय नीति तथा कार्यक्रम तर्जुमा, कार्यान्वयन, समन्वय, अनुगमन र मूल्याङ्कन गर्ने उद्देश्यले गठित संघीय मन्त्रालय हो । मन्त्रालयका मुख्य कार्य निम्नबमोजिम रहेका छन् :

१. सञ्चार तथा सूचना, दूरसञ्चार, सूचना तथा सञ्चार प्रविधिसम्बन्धी नीति, कानून, मापदण्ड, कार्यान्वयन र नियमन,
२. दूरसञ्चार र प्रसारण फ्रिक्वेन्सी बाँडफाँड, शुल्क निर्धारण र नक्साङ्कन, प्रयोगको अनुमति, नवीकरण र नियमन,
३. सूचना र सञ्चार प्रविधिसम्बन्धी अध्ययन, अनुसन्धान, प्रबर्द्धन र नियमन,
४. माइक्रोवेभ प्रणालीको विस्तार, ब्यान्डविथको अन्तर्राष्ट्रिय कनेक्टिभिटी र रेडियोयन्त्र प्रयोग,
५. रेडियो, टेलिभिजन, छापा सञ्चार र समाचार संस्थासम्बन्धी नीति, कानून र मापदण्ड,
६. राष्ट्रियस्तरका रेडियो, टेलिभिजन, प्रसारण संस्था र बहुवितरण प्रसारण प्रणालीको अनुमति, नवीकरण र नियमन,
७. विदेशी टेलिभिजन च्यानलको डाउनलिंक,
८. अनलाइन मिडिया सम्बन्धी नीति, कानून र मापदण्ड,
९. श्रमजीवी पत्रकारको न्यूनतम पारिश्रमिकसम्बन्धी नीति, कानून र मापदण्ड,
१०. सार्वजनिक प्रसारण, छापा र प्रसारण सेवासम्बन्धी नीति, कानून र मापदण्ड,
११. स्वदेशी तथा नेपालबाट प्रसारण गरिने विदेशी छापा प्रकाशनसम्बन्धी नीति, कानून र मापदण्ड,
१२. राष्ट्रिय विज्ञापन नीति र मापदण्ड,
१३. हुलाकसम्बन्धी नीति, कानून, मापदण्ड सञ्चालन र नियमन,

१४. हुलाक टिकट प्रकाशन, भण्डार तथा अभिलेख व्यवस्थापन,
१५. धनादेश सेवा, हुलाक बैंक र अन्तर्राष्ट्रिय डाँक लेखा व्यवस्थापन,
१६. चलचित्र र सिनेमा हलसम्बन्धी नीति, कानून र मापदण्ड,
१७. सुरक्षण मुद्रण,
१८. नेपाल राजपत्रको मुद्रण, वितरण तथा अभिलेख,
१९. पत्रपत्रिका सम्बन्धी आचारसंहिता,
२०. भू-उपग्रहको उपयोग,
२१. सूचना प्रविधिको प्रबर्द्धन, राष्ट्रिय सूचना प्रविधि केन्द्र र सूचना प्रविधि पार्क
२२. साइवर सुरक्षा,
२३. प्रेस काउन्सिल, केन्द्रीय प्रेस रजिस्ट्रार, नेपाल दूरसञ्चार प्राधिकरण र चलचित्र विकास बोर्ड,
२४. मन्त्रालय सम्बन्धी राष्ट्रिय अन्तर्राष्ट्रिय संघसंस्थासँग सन्धि, सम्फौता, अभिसन्धि, सम्पर्क र समन्वय,
२५. मन्त्रालय सम्बन्धी सार्वजनिक संस्थान, प्राधिकरण, समिति, प्रतिष्ठान, कम्पनी आदिको सञ्चालन र नियमन,
२६. नेपाल इञ्जिनियरिङ्ग सेवाको इलेक्ट्रोनिक एण्ड टेलिकम्युनिकेशन इञ्जिनियरिङ्ग समूह सञ्चालन ।

**मन्त्रालय मातहत रहेका निकायहरू र प्राप्ताङ्क निम्नबमोजिम रहेका छन् :**


| | | **प्राप्ताङ्क** |
|---|---|---|
| १. | प्रेस काउन्सिल नेपाल | ८५ |
| २. | नेपाल दूरसञ्चार प्राधिकरण | ८८ |
| ३. | राष्ट्रिय समाचार समिति | ८४ |
| ४. | हुलाक सेवा विभाग | ८३ |
| ५. | मुद्रण विभाग | ८२ |
| ६. | सूचना तथा प्रसारण विभाग | प्राप्त नभएको |
| ७. | नेपाल टेलिकम | ८७ |
| ८. | रेडियो प्रसार विकास समिति (रेडियो नेपाल) | ८६ |
| ९. | नेपाल टेलिभिजन | ८६ |
| १०. | गोरखापत्र संस्थान | ८३ |
| ११. | न्यूनतम पारिश्रमिक निर्धारण समिति | प्राप्त नभएको |
| १२. | नेपाल चलचित्र विकास बोर्ड | प्राप्त नभएको |
| १३. | सूचना प्रविधि विभाग | प्राप्त नभएको |
| १४. | प्रमाणीकरण नियन्त्रकको कार्यालय | प्राप्त नभएको |
| १५. | राष्ट्रिय सूचना प्रविधि केन्द्र | प्राप्त नभएको |
| १६. | विज्ञापन बोर्ड | प्राप्त नभएको |

**राष्ट्रिय सूचना आयोगको आदेश कार्यान्वयनको स्थिति**

- मन्त्रालय र मातहत निकायमा सूचना अधिकारी तोकिएको पाइयो ।
- स्वतः प्रकाशन गर्नुपर्ने सूचनाहरू प्रकाशन गर्ने गरिएको ।
- सूचना माग र प्रवाहको छुट्टै दर्ता किताव, अभिलेख र फाइल खडा गरेको पाइएको ।
- राष्ट्रिय सूचना आयोगबाट जारी भएका आदेशको पालना भएको पाइयो ।
- सूचनाको हक अन्तर्गत मन्त्रालयमा प्राप्त भएका निवेदनका सम्बन्धमा गरेको कारवाही एवम् सूचना प्रवाह गरेको सम्बन्धी विवरणको छुट्टै अभिलेख राखिएको छ ।
- मन्त्रालय मातहतका निकायले वेबसाइट र विभिन्न सञ्चार माध्यममार्फत् प्रगति विवरण दिने गरिएको ।
- नेपाली नागरिकहरूबाट माग भएबमोजिमका सूचना उपलब्ध गराउने गरिएको ।
- मन्त्रालयको सूचना अधिकारी राष्ट्रिय सूचना आयोग, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय र आफ्नै निकायको पहलमा आयोजना हुने गरेका तालिम एवम् कार्यक्रमहरूमा नियमित सहभागी हुने गरेको ।
- मन्त्रालयको स्टाफ बैठकमा पनि सूचनाको हकको कानुनी कार्यान्वयन र अवस्थाबारेमा कहिलेकाहिं छलफल हुने गरेको पाइयो ।

**मूल्याङ्कनकर्ताको निष्कर्ष एवम् सुझाव**

- समयसमयमा सूचना अधिकारीहरूबीच अन्तरक्रिया कार्यकत्रम एवम् तालिमको व्यवस्थामार्फत् कानुन कार्यान्वयनलाई प्रभावकारी बनाइनुपर्ने ।
- सूचना अधिकारीलाई कार्यालयको सूचनामा सहज पहुँच हुनुपर्ने । सूचना उत्पादनकर्ता शाखाले सूचना अधिकारीलाई सहज रूपमा सूचना उपलब्ध गराउनुपर्ने ।
- सूचना अधिकारीलाई सञ्चारमा सहजताका लागि छुट्टै टेलिफोन नम्बरसहित मोबाइल फोन उपलब्ध हुनुपर्ने ।
- सूचना अधिकारीहरूलाई प्रोत्साहनस्वरूप सुविधा तोकेर सबैतिर एकरूपताको अभ्यास हुनुपर्ने ।
- सम्बन्धित संस्था नै सूचनाको हक कार्यान्वयनको लागि मुख्य जिम्मेवार हुनुपर्ने ।
- सूचनादाताको सुरक्षा (जागिर एवम् व्यक्तिगत) को प्रबन्ध कानूनी रूपमा भए पनि व्यावहारिक रूपमा पनि हुनुपर्ने ।
- नेपाली नागरिकहरू अल्पसङ्ख्यक समुदाय वा तेस्रो लिंगीहरूबाट सूचना माग हुँदा नागरिकताको विकल्प राखिनु पर्ने ।
- सूचना मागकर्ताको निवेदनअनुरुप विवरणहरूको तयारीपश्चात् पाना सङ्ख्या १० भन्दा बढी भएमा सोको शुल्क तिर्नु पर्ने हुदाँ बारम्बार सम्पर्क गर्दासमेत लिन नआउने गरेकाले यी यस्ता सूचना इमेलमार्फत् लिन-दिन सके समय र आर्थिक व्ययभार कम हुने थियो ।
- सूचना अधिकारीहरूलाई सूचना प्रवाहसम्बन्धी अभिमुखीकरण कार्यक्रमको आयोजना हुनुपर्ने ।
- सूचनाको हकको प्रभावकारी कार्यान्वयनका लागि स्रोतसाधनको व्यवस्था गर्नु आवश्यक हुने हुनाले बजेटको केही हिस्सा सूचनाको हकको कार्यान्वयनका लागि छुट्याउनु पर्ने ।
- कोभिड- १९ को महामारीका कारण सबै ठाउँमा सूचना लिन जान सम्भव नहुने र अव्यावहारिक समेत ठहरिने हुनाले पेपरलेस वर्कका लागि कर्मचारीहरू तयार रहनुपर्ने ।




**प्राप्ताङ्क : ९३**

## ३.२१ सहरी विकास मन्त्रालय

सहर तथा सहरोन्मुख बस्तीहरूको योजनाबद्ध शहरी पूर्वाधार विकास, आवास व्यवस्था, सरकारी भवन निर्माणसम्बन्धी नीति, योजना तथा कार्यक्रमहरूको तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन गर्ने तथा तत्सम्बन्धी विकासका क्रियाकलापहरूमा तीब्रता ल्याउन एक छुट्टै नेतृत्वदायी निकायको आवश्यकता महसुस भई २०६९ जेष्ठ ५ गते यस मन्त्रालयको गठन भएको हो । रणनीति सडकबाहेकका सहरी सडकको निर्माण तथा सम्भारको जिम्मा पनि यस मन्त्रालयले पाएको छ । सहरी विकास मन्त्रालयले देशको सहरी विकाससम्बन्धी कार्यको साथै मन्त्रालयअन्तर्गतका निर्माण कार्य तथा सेवा प्रवाह कार्यको अनुगमन तथा मूल्याङ्कन गर्दछ । अतः सहरी विकासको क्षेत्रगत नीति तथा कार्यक्रम तर्जुमा, कार्यान्वयन समन्वय र अनुगमन गर्ने उद्देश्यले गठित संघीय मन्त्रालय हो । यस मन्त्रालयका प्रमुख कार्यहरू निम्नानुसार रहेका छन् :

१. सहरी विकाससम्बन्धी नीति, कानून र मापदण्ड
२. बस्ती विकास, सहरी विकास र आवास विकाससम्बन्धी नीति, कानून, मापदण्ड र नियमन,
३. राष्ट्रिय भवन संहितासम्बन्धी नीति, कानून र मापदण्ड,
४. संघीय सचिवालयको भवन निर्माण, मर्मत तथा व्यवस्थापन,
५. राष्ट्रिय सहरी पूर्वाधार विकास, संघीय सरकारी आवास, भवन निर्माण तथा मर्मत सम्भार,
६. विशिष्ट सहरी संरचना
७. राष्ट्रियस्तरका संयुक्त र बहुतले आवाससम्बन्धी नीति, कानून, मापदण्ड र नियमन,
८. लोपोन्मुख, सीमान्तकृत, गरिब, जेष्ठ नागरिक लक्षित आवास व्यवस्थापन नीति, कानून र मापदण्ड,
९. नगर विकास कोष,

१०. मन्त्रालय सम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थासँग सन्धि, सम्झौता, सम्पर्क र समन्वय,
११. मन्त्रालय सम्बन्धी सार्वजनिक संस्थान, प्राधिकरण, प्रतिष्ठान, कम्पनी आदिको सञ्चालन र नियमन,
१२. नेपाल इञ्जिनियरिङ्ग सेवा, सिभिल इञ्जिनियरिङ्ग समूहको बिल्डिङ एण्ड आर्किटेक्ट उपसमूहको सञ्चालन ।

**सहरी विकास मन्त्रालय मातहतका निकायहरुको प्राप्ताङ्क निम्नबमोजिम छन् :**

| | | प्राप्ताङ्क |
|---|---|---|
| १. | सहरी विकास तथा भवन निर्माण विभाग | ८१ |
| २. | काठमाडौँ उपत्यका विकास प्राधिकरण | ७६ |
| ३. | नगर विकास कोष | ८१ |
| ४. | अधिकारसम्पन्न बाग्मती सभ्यता एकीकृत विकास समिति | ७८ |
| ५. | अन्तराष्ट्रिय सम्मेलन केन्द्र विकास समिति | ७३ |
| ६. | धोबिखोला कोरिडोर सुधार आयोजना | ५५ |
| ७. | राष्ट्रिय आवास कम्पनी लिमिटेड | ८० |

**राष्ट्रिय सूचना आयोगको आदेश कार्यान्वयको स्थिति :**

- मन्त्रालय र मातहतका सबै निकायमा सूचना अधिकारी तोकिएको पाइयो ।
- मन्त्रालयबाट प्रत्येक तीन महिनामा स्वतः प्रकाशन गर्नुपर्ने सूचनाहरू प्रकाशन गर्ने गरिएको पाइयो । तर मन्त्रालय मातहतका केही केन्दीय निकायमा समयमै सूचना प्रकाशन भएको देखिएन । सूचनाको हक कार्यान्वयनमा मातहत निकायमा एकरूपताका लागि थप पहल गर्नुपर्ने देखियो ।
- सूचना आयोगबाट जारी भएका आदेश पालनामा कुनै समस्या छैन । तर, सूचनाहरूको वर्गीकरणका सवालमा केही अलमलको अवस्था देखियो ।
- स्टाफ मिटिङहरुमा सूचनाको हक कार्यान्वयनका सन्दर्भमा छलफल हुने गरेको पाइयो । ती छलफलहरुमा सूचनाको वर्गीकरणलाई सहज बनाउनुपर्ने विषयमा सहभागीहरूले धारणा राख्ने गरेको पाइयो । साथै सूचना प्रवाहलाई थप सहज बनाउन सूचना अधिकारीलाई प्रविधिमा थप ज्ञान प्रदान गर्नुपर्ने र टेलिफोन, इन्टरनेटजस्ता अत्यावश्यक सुबिधा उपलब्ध गराउन आयोगबाटै पहल हुनुपर्ने देखियो ।
- सूचनाको हकअन्तर्गत मन्त्रालय र मातहतका निकायहरूमा प्राप्त निवेदन र सो सम्बन्धमा भएका कारवाही एवम् सूचना प्रवाहसम्बन्धी विवरणको छुट्टै अभिलेख राखेको पाइएको छ । तर, मातहतका केही केन्द्रीय निकायमा सूचना मागको सङ्ख्या न्यून रहेका कारण अलग अभिलेख नराखिएको जानकारी पाइयो । अभिलेख राख्दा कुनै पनि निकायबाट माग भएका विवरणहरू छिटोछरितो उपलब्ध गराउन सहज भएको र पारदर्शिता कायम भएको भन्ने जानकारी पाइयो ।
- मन्त्रालय मातहतका निकायले वेबसाइट र सञ्चार माध्यममार्फत् प्रगति विवरण नियमित सार्वजनिक गर्ने गरेको पाइएको छ । विभाग मातहतका केही कार्यालयहरूको वेबसाइट अनुगमन गर्दा अद्यावधिक नभएका र सूचना अधिकारीको नाम र सम्पर्क नम्बरसमेत भेटिएन । तर कार्यालयमा राखिएका बोर्डमा सूचना अधिकारीको नाम र नम्बर राखेको देखियो ।


- आ.व. २०७६/०७७ मा राष्ट्रिय सूचना आयोगबाट यस मन्त्रालयलाई सूचना दिनु भन्ने कुनै आदेश जारी भएको पाइएन ।
- बेलाबेलामा सूचनाको हकसम्बन्धी तालिममा सहभागी रहेको । तर, मन्त्रालय आफै र निकायबाट यससम्बन्धी तालिमका लागि आवश्यक बजेट विनियोजन नभएको । साथै, कर्मचारीहरूको सरूवा भइरहँदा सबै तहका सूचना अधिकारीहरुले तालिम नपाएको अवस्था देखिएको छ ।
- सूचनाको हकको कार्यान्वयन सम्बन्धमा यस मन्त्रालय जागरूक रहेको र सूचना अधिकारीले सूचना प्रवाहको कार्यलाई व्यवस्थित बनाउनुका साथै मन्त्रालयका उच्च अधिकारीहरूसँग नियमित अन्तर्क्रिया गर्ने गरेको पाइयो ।

**मूल्याङ्कनकर्ताको निष्कर्ष र सुझाव :**

- सूचना प्रवाहका लागि संस्थागत रूपमा कार्यालय प्रमुख र सूचना अधिकारीलगायत सम्बन्धितलाई सूचना प्रवाहका लागि प्रेरित गर्ने वातवरण तयार गराउने ।
- आ-आफ्नो निकायका सबै सूचनामा सूचना अधिकारीको पहुँच र सम्भाव्य प्राविधिक ज्ञानका सन्दर्भमा सूचना आयोगबाट समेत सम्बन्धित निकायहरूमा समन्वय, पत्राचार, क्षमता विकास तालिम, अन्तरक्रियाजस्ता कार्य गरी सूचनाको हकको महत्वका बारेमा थप बोध गरिनुपर्ने देखिन्छ । साथै, सूचनाको वर्गीकरण र कस्ता सूचना दिने र कस्ता नदिने भन्नेबारे सबै सूचना अधिकारीलाई अभिमुखीकरण दिइनु पर्दछ ।
- सूचना अधिकारी तोकेरमात्र समस्याको समाधान हुने नदेखिँदा सूचनाको हकको ब्यावहारिक कार्यान्वयनको सन्दर्भमा केन्द्रीय निकायहरूमा निकायको कार्यप्रकृति, कार्यमहत्व बोझ र आवश्यकतासमेतका आधारमा विश्लेषण गरी अलग्गै समन्वय इकाइ गठन गर्नुपर्ने देखिन्छ ।
- प्रवक्ता, सूचना अधिकारी  र जनगुनासो सुन्ने अधिकारी भनेको एउटै हो भन्ने धारणा आमनागरिकमा रहेको छ । तसर्थ, यी विषय र कार्यप्रकृति फरक-फरक हुन् भन्ने विषयमा आमजनता र सञ्चार माध्यममार्फत् समेत जानकारी वा सचेतना गराउनु पर्ने देखिन्छ ।
- व्यक्तिगत तथा आफ्नो लाभको लागि प्रयोग गर्ने सूचनामा बढी महत्व र चासो हुने तर सार्वजनिक महत्वका सूचनाहरूमा कम चासो दिने प्रवृत्तिलाई सुधार्न जरूरी छ ।
- सूचना अधिकारीलाई न्यूनतम मात्रै भए पनि टेलिफोन तथा इन्टरनेट खर्चको व्यवस्थाको लागि पहल हुनुपर्दछ ।
- सार्वजनिक महत्व र जनचासोका विषयमा शिक्षामूलक, चेतनामूलक र जानकारीमूलक सूचनाहरु नियमित प्रवाह गर्ने विषयमा मन्त्रालय र मातहतका निकायहरु थप प्रभावकारी ढंगले प्रस्तुत हुनुपर्ने देखिन्छ ।
- कोभिड- १९ सङ्क्रमणको सन्त्रासका कारण आमनागरिक सहजै आफै उपस्थित भएर मन्त्रालय र केन्द्रीय निकायमा सूचना माग गर्ने अवस्था देखिंदैन । सूचना माग गर्न चाहने नागरिकलाई मन्त्रालय र निकायहरूमा भर्जुअल प्रविधिको प्रयोगलाई मान्यता दिनुपर्ने तथा सूचनाको माग गरिएका निवेदन अनलाइन माध्यमबाट सहजै दर्ता गर्न अवस्था सिर्जना गर्नु आवश्यक देखिन्छ ।
- सूचना अधिकारी तोकिए पनि निजहरूलाई आवश्यक तालिम, साधन, स्रोतको अभाव रहेको पाइयो । साथै, कार्यालयमा अन्य कामको समेत जिम्मेवारी हुँदा सूचना अधिकारीलाई प्रभावकारीढंगले कार्य

सम्पन्न गर्न बाधा हुने गरेको पाइयो । अतः निजामति सेवाअन्तर्गत सूचना सेवा वा समूह वा उपसमूहको व्यवस्थाबारे सोचिनु पर्दछ । र, सूचना अधिकारीलाई सीप, ज्ञानले दक्ष बनाउन जरूरी छ ।

- हरेक मन्त्रालय र कार्यालयका सूचना अधिकारीलाई अलग्गै मोबाइल सेट, रिचार्ज कार्डलगायतका आवश्यक सुविधा दिने, सूचना अधिकारीको भूमिका निर्वाह गरेवापत अतिरिक्त भत्ता दिने तथा सूचनाको हक कार्यान्वयनका लागि आवश्यक बजेटसमेत विनियोजन हुन जरूरी छ ।




**प्राप्ताङ्क : ९२**

## ३.२२ स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय

नेपालको स्वास्थ्य क्षेत्रको नीतिगत निर्णय लिनेदेखि जनस्वास्थ्यका लागि सम्पूर्ण दायित्व निर्वाह गर्ने मन्त्रालयका रूपमा रहेको स्वास्थ्य मन्त्रालयले यो दायित्व निर्वाहका लागि काम गर्ने गरेको छ । नेपालको संविधानले स्वास्थ्य सेवालाई नागरिकको आधारभूत सेवा र अधिकारको रूपमा उल्लेख गरेको छ । अतः मुलुकका जनताको स्वास्थ्य र जनसङ्ख्या सम्बन्धी क्षेत्रगत नीति तथा कार्यक्रम तर्जुमा कार्यान्वयन, समन्वय, अनुगमन र मूल्याङ्कन गरी स्वस्थ जनशक्तिको विकास, सम्बर्द्धन र सुरक्षा गर्ने उद्देश्यले गठित संघीय मन्त्रालय हो । यस मन्त्रालयका मुख्य कार्यहरू निम्नबमोजिम रहेका छन् :

१. स्वास्थ्य तथा पोषणसम्बन्धी नीति, कानून र मापदण्ड,
२. राष्ट्रियस्तरमा प्रबर्द्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक, पुनर्स्थापनात्मक र निवारण सम्बन्धी स्वास्थ्य नीति, कानून र मापदण्ड,
३. स्वास्थ्यसम्बन्धी प्राज्ञिक, व्यवसायिक र पेसागत संघसंस्था सम्बन्धी नीति, कानून र मापदण्ड,
४. राष्ट्रिय तथा केन्द्रीय अस्पताल, स्वास्थ्य प्रतिष्ठानहरूको स्थापना, सञ्चालन र नियमन,
५. नर्सिङ होम लगायतका स्वास्थ्य संस्था स्थापना तथा सञ्चालन सम्बन्धी नीति, कानून, मापदण्ड र नियमन
६. अस्पताल एवम् स्वास्थ्य संस्थाको प्रत्यायन,

७. विशिष्ट सेवाप्रदायक अस्पताल सम्बन्धी नीति, कानून, मापदण्ड र नियमन,
८. औषधी, स्वास्थ्य सामग्री तथा स्वास्थ्य प्रविधिको उत्पादन र विकास, सञ्चय, बिक्री वितरण, अन्तिम विसर्जन सम्बन्धी गुणस्तर, मापदण्ड र नियमन
९. आयुर्वेदिक, युनानी, आम्ची, होमियोप्याथिक, प्राकृतिक चिकित्सा लगायतका परम्परागत स्वास्थ्य उपचार सेवासम्बन्धी नीति, कानून र मापदण्ड,
१०. सर्ने र नसर्ने रोग रोकथाम तथा नियन्त्रण सम्बन्धी नीति तथा मापदण्ड,
११. अन्तर्राष्ट्रिय स्वास्थ्य नियमन,
१२. स्वास्थ्य बीमा तथा सामाजिक स्वास्थ्य सुरक्षा,
१३. स्वास्थ्य तथा जनसङ्ख्या क्षेत्रको मानवस्रोत विकास र व्यवस्थापन,
१४. स्वास्थ्य सेवा तथा वस्तुको शुल्क सम्बन्धी नीति, कानून, मापदण्ड र नियमन,
१५. औषधी निगरानी र नियमन,
१६. औषधी खरीद तथा आपूर्ति व्यवस्था सम्बन्धी नीति, कानून, मापदण्ड र नियमन,
१७. अत्यावश्यक स्वास्थ्य सामग्री (खोप र परिवार नियोजनका साधन) आपूर्ति तथा व्यवस्थापन,
१८. स्वास्थ्य विज्ञानसम्बन्धी अध्ययन र अनुसन्धानसम्बन्धी मापदण्ड,
१९. जडिबुटी, जान्तव र खनिज (हर्बल, एनिमल र मिनरल) को औषधीय अनुसन्धान,
२०. स्वास्थ्य सूचना प्रणाली व्यवस्थापन र स्वास्थ्य लेखा पद्धति,
२१. राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय चासोका जनस्वास्थ्य समस्याको निगरानी,
२२. आधारभूत स्वास्थ्य सेवा र क्षेत्रको मापदण्ड,
२३. विभिन्न तहमा आवश्यक पर्ने स्वास्थ्य सेवाको राष्ट्रिय प्रोटोकल,
२४. राष्ट्रिय रिफरेन्स प्रयोगशाला र परीक्षण केन्द्रको स्थापना, सञ्चालन र नियमन,
२५. स्वास्थ्य पर्यटन प्रबर्द्धनसम्बन्धी समन्वय,
२६. जनस्वास्थ्य सम्बन्धी आपतकालीन अवस्था, स्वास्थ्य क्षेत्रमा विपद् र महामारी व्यवस्थापन,
२७. आपतकालीन अवस्थाका लागि औषधी तथा औषधीजन्य सामग्रीको मौज्दात (बफर स्टक) व्यवस्थापन
२८. आकस्मिक स्वास्थ्य सेवा प्रवाह तथा रिफरल पद्धतिको विकास
२९. जनसङ्ख्या, बसाइसराइ, परिवार नियोजन, मातृशिशु कल्याण, प्रजनन स्वास्थ्य सम्बन्धी राष्ट्रिय नीति, कानून र मापदण्ड,
३०. राष्ट्रियस्तरमा जनसङ्ख्या सम्बन्धी अध्ययन, अनुसन्धान एवम् प्रक्षेपण सूचना प्रणाली,
३१. बसाइँसराइ सर्वेक्षण तथा स्थिति विश्लेषण,
३२. स्वास्थ्यजन्य सरसफाइ तथा स्वच्छता सम्बन्धी नीति र मापदण्ड,
३३. मन्त्रालय सम्बन्धी राष्ट्रिय अन्तर्राष्ट्रिय संघसंस्थासँग सन्धि, सम्झौता, अभिसन्धि, सम्पर्क र समन्वय,
३४. मन्त्रालय सम्बन्धी सार्वजनिक संस्थान, प्राधिकरण, समिति, प्रतिष्ठान, कम्पनी आदिको सञ्चालन र नियमन
३५. मन्त्रालयको विषयक्षेत्रसँग सम्बन्धित सेवा, समूह र उपसमूह सञ्चालन ।

मन्त्रालय मातहतका मुख्य निकायहरू धेरै भए पनि परीक्षण गरिएका विभागको प्राप्ताङ्क निम्न छन् :

| | | प्राप्ताङ्क |
|---|---|---|
| १. | स्वास्थ्य सेवा विभाग | ८९ |
| २. | आयुर्वेद तथा वैकल्पिक चिकित्सा विभागका | ८६ |
| ३. | औषधि व्यवस्था विभाग | ८७ |

**राष्ट्रिय सूचना आयोगको आदेश कार्यान्वयनको स्थिति :**

- मन्त्रालय र मातहत निकायमा सूचना अधिकारी तोकिएको पाइयो ।
- प्रत्येक तीन महिनामा स्वतः प्रकाशन गर्नुपर्ने सूचनाहरू प्रकाशन गर्ने गरिएको छ ।
- सूचना माग र प्रवाहको छुट्टै दर्ता किताब, अभिलेख र फाइल खडा गरेको पाइएको छ ।
- सूचनाको हक सम्बन्धमा राष्ट्रिय सूचना आयोगबाट जारी भएको आदेशको पालना भएको छ ।
- सूचनाको हकअन्तर्गत मन्त्रालयमा प्राप्त निवेदनका सम्बन्धमा गरेको कारवाही एवम् सूचना प्रवाह गरेको सम्बन्धी विवरणको छुट्टै अभिलेख राखिएको छ ।
- मन्त्रालयका मातहतका निकायले वेबसाइट र सञ्चार माध्यममार्फत् प्रगति विवरण दिने गरिएको पाइएको छ ।
- नेपाली नागरिकहरूबाट माग भएबमोजिमका सूचना उपलब्ध गराउने गरिएको छ ।
- आ.व. २०७६/०७७ मा राष्ट्रिय सूचना आयोगबाट मन्त्रालयको नाममा सूचना दिनु भन्ने आदेश जारी नभएको पाइयो ।
- मन्त्रालयको सूचना अधिकारी राष्ट्रिय सूचना आयोग, सञ्चार तथा सूचना प्रविधि मन्त्रालयलगायतका निकायहरूले आयोजना गर्ने तालिम एवम् कार्यक्रमहरूमा नियमित सहभागी हुने गरेको ।
- सूचनाको हकको कार्यान्वयन सम्बन्धमा मन्त्रालय जागरूक रहेको तथा सो सम्बन्धमा सूचना अधिकारीको उच्च अधिकारीहरूसँग नियमित अन्तर्क्रिया हुने गरेको ।


**मूल्याङ्कनकर्ताको निष्कर्ष एवम् सुझाव :**

- कस्तो सूचना दिने र कस्तो सूचना गोप्य राख्ने भन्ने सन्दर्भमा सबै तहका सूचना अधिकारीहरूलाई जानकारी गराउनका लागि अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्नुपर्ने देखिएको छ । सूचनाको वर्गीकरण कसले गर्ने ? कसरी गर्ने ? भन्ने सन्दर्भमा थप स्पष्टता जरूरी देखियो ।
- नागरिक स्वास्थ्यका सन्दर्भमा सूचनाहरूको निरन्तर प्रवाह अनिवार्य कुरा हो । कोभिड- १९ जस्तो महामारीका सन्दर्भमा त सूचनाहरूले रोगसँग लड्न सिकाउँछ पनि । नियमित प्रेस ब्रिफिङमार्फत् मन्त्रालयले अवस्थाको अपडेट गराउने राम्रो काम हो । तर, यस कार्यलाई मातहतका निकाय तथा तल्लो स्तरसम्मका सम्बद्ध कार्यालयले पनि अनुशरण गर्नु आवश्यक देखियो । सँगसँगै विभिन्न भाषाहरूमा पनि सूचना सामग्रीहरु तयार गरेर सूचना प्रवाहलाई अझ व्यापक बनाउनुपर्ने आवश्यकता पनि अनुभव गरियो ।
- सूचनाको हकको प्रभावकारी कार्यान्वयनका लागि सूचना अधिकारीलाई न्यूनतम् स्रोतसाधनको व्यवस्था गर्न आवश्यक रहेको छ ।
- मन्त्रालयका अधिकारीहरूमा मन्त्रालयले उपलब्ध गराउने सूचनाको दुरूपयोग वा गलत प्रयोग हुने भन्ने

पूर्वधारणाले जरा गाडेको पाइएकोले त्यसलाई चिर्न आयोगका तर्फबाट पहलकदमी लिनुपर्ने आवश्यकता देखिएको छ ।

- सूचना अधिकारीलाई सूचनाको हकको कार्यान्वयनको सन्दर्भमा तालिम लगायतका माध्यमबाट क्षमता अभिबृद्धि गर्नु आवश्यक छ ।
- आफ्नै निकायहरूबीच सूचनाको हकको कार्यान्वयनको अवस्थाका सन्दर्भमा अन्तरक्रियाहरु नियमित रूपमा गर्नुपर्ने देखियो ।
- सूचना अधिकारी जिम्मेवारी हो, पद होइन, त्यसैले सूचना अधिकारीमा जिम्मेवारी बहनप्रति यदाकदा उदासीनता रहेको पनि पाइयो । यस्तोमा सूचना अधिकारीलाई अभिप्रेरित र प्रोत्साहित गर्न थप सेवासुविधाको व्यवस्था वाञ्छनीय देखिन्छ ।
- धेरैजसो निकायमा सूचनाको हकसम्बन्धी प्रबर्द्धनात्मक सन्देश प्रसारणमा कमीको अनुभव गरियो ।
- सामान्य सूचना मागकर्तालाई हालको कोभिडको सन्त्रासको उपस्थितिमा मन्त्रालय र विभागमा सहज प्रवेश गरी सूचना अधिकारीलाई भेटेर सूचना मागसम्बन्धी निवेदन दर्ता गराउन संरचनागत कठिनाइ भएको अनुभव गरियो । यस्तोमा सूचना मागकर्तालाई कार्यालयमा सहज प्रवेश सुनिश्चित गर्न वा कार्यालयको मूल ढोकामै सूचना मागसम्बन्धी निवेदन दर्ता गर्ने वातावरण निर्माण गर्न आवश्यक देखियो ।

स्वास्थ्य तथा जनसङ्खया मन्त्रालयले सूचकाङ्कको आधारमा प्राप्त प्राप्ताङ्क विवरण



## अध्याय- ४
# परीक्षकको निष्कर्ष

### क. परीक्षणाको क्रममा सोधिएका प्रश्नहरुको निष्कर्ष

आर.टी.आई अडिट गरी परीक्षकले मूल्याङ्कन गरी दिइएको प्रतिवेदनका आधारमा प्राप्त नतिजा र निष्कर्ष तथा सुझावहरूलाई अध्याय २ र ३ मा विस्तृत रूपमा प्रस्तुत एवम् विश्लेषण गरिएको छ । अतः उक्त विश्लेषण, निष्कर्ष र सुझावको आधारमा परीक्षकका निष्कर्ष एवम् सुझावलाई यस अध्यायमा निम्नबमोजिम सङ्क्षेपीकरण गरी प्रस्तुत गरिएको छ ।

### १. सूचना अधिकारी तोकेको/नतोकेको सम्बन्धमा

परीक्षण गरिएका केन्द्रीय स्तरका मन्त्रालय र निकायहरूमा सूचना अधिकारी तोकिएको पाइयो । तर कार्यालय प्रमुखपछिको बरिष्ट अधिकृत तोकिएको पाइएन । धेरैजसो निकायमा फ्लेक्स बोर्ड राखे पनि केहीमा राखेको पाइएन । सूचना अधिकारीको पहुँचमा सूचना नपुग्ने गरेको पाइएको छ । मन्त्रालय मातहतका केही केन्द्रीय निकायमा सूचना अधिकारी नतोकेको पनि पाइयो । सूचना शाखा गठन गरेको पाइएन ।

### २. स्वतः प्रकाशन गरेको/नगरेको

अध्ययनमा समेटिएका २२ वटा मन्त्रालयहरूले सूचना सार्वजनिक गर्ने गरेको पाइएको छ । खासगरी, मन्त्रालयहरूले चौमासिक विवरण अर्थात् वर्षको तीन पटक सार्वजनिक गर्न उपयुक्त हुने राय व्यक्त गरेको अध्ययनले देखाएको छ । सूचनाको हकसम्बन्धी ऐन र नियमबमोजिमको विवरणात्मक ढाँचागत स्वतः प्रकाशनभन्दा पनि मन्त्रालय र विभागहरूले आफ्नो बार्षिक नीति, कार्यक्रम, कार्यक्षेत्र, प्रगति, कार्यपत्र, गोष्ठी सेमिनार इत्यादिलाई वेबसाइटमा राख्ने गरेको पाइयो । अतः ढाँचा अनुसारको स्वतः प्रकाशन गर्न-गराउन र चौमासिक रूपमा आयोगमा प्रतिवेदन दिनुपर्ने व्यवस्था लागु गनुपर्ने देखिन्छ । आयोगबाट विकसित स्वतः खुलासासम्बन्धी सफ्टेवयर लागु गरको पाइएन । अतः सो सफ्टवेयर लागु गर्न तालिम दिनुपर्ने देखियो ।

### ३. सूचना माग र प्रवाहको छुट्टै दर्ता किताब र अभिलेख राख्ने गरेको/नगरेको

सूचना मागकर्ताले दिएको सूचनाको निवेदन अनिवार्य रूपमा दर्ता गर्नुपर्ने र त्यसका लागि अलग दर्ता किताब खडा गर्नुपर्ने प्रावधानका बारेमा राष्ट्रिय सूचना आयोगले निर्देशन गरेको छ । परीक्षणमा धेरैजसो मन्त्रालयमा सूचना अधिकारीको तहमा फाइल अभिलेख र दर्ता चलानी राखे पनि सबै मन्त्रालय र केन्द्रीयस्तरका निकायमा छुट्टै राखेको पाइएन । मूल दर्ता चलानीबाट नै काम गर्ने गरेकोले आगामी दिनमा छुट्टै अभिलेख राख्ने व्यवस्था गरिनुपर्ने । सबै मन्त्रालयहरूले आफ्नो मातहतका निकायको सूचनाको माग, प्रवाह र इन्कार गरेको एकीकृत विवरण तयार गरी राष्ट्रिय सूचना आयोगमा पठाउनुपर्ने व्यवस्था लागु गर्नुपर्ने देखिन्छ । सूचनाको माग र प्रवाहका सन्दर्भमा आयोगबाट विकसित सूचना व्यवस्थापन प्रणाली

(Management Information System) सम्बन्धी सफ्टवेयर पनि लागु गराउनुपर्ने देखिन्छ ।

## ४ सूचना माग र प्रवाहको एकीकृत तथ्याङ्क सङ्ग्रह गर्ने पहल गरेको/नगरेको

परीक्षणमा सूचना अधिकारी वा शाखा, महाशाखाले मन्त्रालय र मातहत सूचनाको हकको क्षेत्रमा भइरहेका गतिविधिलाई एकीकृत गर्ने, निर्देशन गर्ने, मन्त्रालय तथा मातहत निकायमा परेका सूचना माग र प्रवाहका तथ्याङ्क राख्ने काम भए-नभएको सम्बन्धमा अध्ययन गरिएको थियो । परीक्षणका क्रममा सूचना माग र प्रवाहको तथ्याङ्क एकीकृत रूपमा कुनै मन्त्रालयले राखेको पाइएन । यस बुँदाको कार्यान्वयन नभएकोले आयोगले कार्यान्वयन गराउन पहल गर्नुपर्ने देखियो । अतः नेपाल सरकारसँग केन्द्रीयस्तरमा के-कति सूचना माग र प्रवाह भयो र के-कति इन्कार भयो भन्ने तथ्याङ्क प्राप्त हुन नसकेकोले ४/४ महिनामा यस्तो प्रतिवेदन आयोगमा पठाउनुपर्ने व्यवस्था गर्नुपर्ने ।

## ५. सूचना अधिकारीको बोर्ड र सन्देशमूलक जानकारी राखेको/नराखेको

मन्त्रालय र मातहतका निकायहरूमा सूचना अधिकारीको बोर्ड राखिएको पाइयो । तर सूचना अधिकारी र सूचना प्राप्त हुने तरिकाबारेका जानकारी मन्त्रालय तथा मातहतका प्रवेशद्वार वा स्वागत कक्ष वा हेल्प डेस्कमा राखिएको देखिएन । कतिपय मन्त्रालय, सिंहदरबारभित्र रहेका धेरैजसो मन्त्रालयका प्रवेश कक्ष- मा आयोगबाट वितरित फ्लेक्स बोर्ड, नागरकि बडा पत्र र केहीले आफ्नो निकायसम्बन्धी सूचना टाँस गरेको पाइयो ।

## ६. वेबसाइटमा सूचना अधिकारी र स्वतः प्रकाशनको विवरण राखेको/नराखेको

स्वतः प्रकाशन विवरणलाई सबै मन्त्रालय र केन्द्रीयस्तरका निकायले अद्यावधिक गरी बर्षको चार पटक प्रकाशन गरेको पाइएन । धेरैजसो मन्त्रालय र केन्द्रीयस्तरका निकायले आफ्नै ढाँचामा विवरण प्रकाशन गरेको देखिन्छ । मन्त्रालय र केन्द्रीयस्तरबाट भएका काम, कारवाही, नीति कार्यक्रम, प्रगति विवरण, गोष्ठी, तालिम, अध्ययन, अनुसन्धान, ऐन, नियमको विवरण भने वेबसाइटमा पाइन्छ । तथापि, यी विवरणमा पनि एकरूपता देखिन्न । तसर्थ, वेबसाइटमा राखिने सूचनाको हकसम्बन्धी विवरण र अन्य महत्वपूर्ण सूचना पूर्वनिर्धारित RTI Menu अनुसार एक रूपता कायम गरी राखिनु पर्दछ । सूचना अधिकारीको विवरण भने राखिएको पाइयो । मन्त्रालयले RTI Menu वा वेबसाइटमा छुट्टै लिङ्क राख्नुपर्ने र विवरणहरू सोही लिङ्कमा अद्यावधिक गर्नुपर्ने देखिन्छ ।

## ७. वेबसाइट अद्यावधिक गरे/नगरेको

सबै मन्त्रालयको वेबसाइट रहेको देखिए पनि सबै मन्त्रालयको वेबसाइट अद्यावधिक भएको देखिएन । पुराना विवरणहरू Archive मा पनि राम्रोसँग राखिएको पाइएन । अध्ययनमा मन्त्रालयहरूको वेबसाइटमा नयाँ सूचना, विज्ञप्ति, कार्यक्षेत्र, प्रगति विवरण, प्रकाशन, तालिम, प्रशिक्षण, चौमासिक/बार्षिक प्रगति विवरणहरू राखेको पाइयो ।

## ८. सूचना प्रवाहमा अग्रसरता लिएको/नलिएको

परीक्षणमा सूचना प्रवाहमा मन्त्रालय अग्रसर भए/नभएको, नियमित रूपमा मिट द प्रेस गरे/नगरेको, सूचना पाटी व्यवस्थित भए/नभएको, उजुरीपेटिका भए/नभएको, गुनासो व्यवस्था गरे/नगरेको लगायतका समष्टिगत स्थितिको मूल्याङ्कन गरिएको थियो । परीक्षणले सूचना प्रवाहका यी विषयहरूमध्ये धेरै मन्त्रालयले नियमित रूपमा प्रेस मिट गर्ने नगरेको तर कुनै विवाद परेमा प्रवक्तामार्फत् विज्ञप्ति प्रकाशन गर्ने वा मन्त्रीस्तरमा प्रेस मिट गर्ने गरेको पाइयो । सबै मन्त्रालयमा गुनासो सुन्ने उजुरीपेटिका रहेको पाइयो । मन्त्रालयहरूले आफ्नो र मातहतका निकायको सूचना एकीकृत गरी प्रवाहमा अग्रसरता लिनुपर्नेमा सो गरको देखिएन । मिट दि प्रेस नियमित रूपमा गर्नुपर्ने देखियो ।

## ९. सूचनाको हकसम्बन्धी तालिम, अन्तर्क्रिया लिए/नलिएको

सूचना अधिकारीहरूलाई तालिम, प्रशिक्षण दिने मन्त्रालयहरूको खासै नीति भएको पाइएन । मन्त्रालयको अग्रसरतामा कुनै तालिम, प्रशिक्षण भएको पनि देखिएन । तथापि, राष्ट्रिय सूचना आयोगबाट दिइएको वा दिने प्रशिक्षण र अन्तर्क्रिया कार्यक्रममा सूचना अधिकारी सहभागी भई प्रशिक्षण लिने गरेको भने पाइयो । धेरै मन्त्रालय वा अन्तर्गतका कार्यालयहरूमा सरूवा, बढुवा भई नयाँ आउने सूचना अधिकारीलाई तालिम प्राप्त नभएको अवस्था पनि अध्ययनले देखाएको छ । केही मन्त्रालय अन्तर्गतका तालिम केन्द्रहरूमा सूचनाको हकसम्बन्धी पाठ्यक्रम समावेश भएको र तालिम-प्रशिक्षण दिने गरेको जानकारी प्राप्त भयो । सूचना अधिकारी तोकिएपछि तालिमको आवश्यकता पर्दछ । तालिम र प्रशिक्षण प्राप्त सूचना अधिकारीले सूचनाको हकसम्बन्धी विषय बुझ्ने र उनीहरू कार्यसम्पादन सहज र सरल बनाउन सक्षम हुने गर्दछन् । अतः सूचना अधिकारीका लागि मन्त्रालय वा अर्न्तगतका सबै निकाय समेटी सूचनाको हकसम्बन्धी तालिम र प्रशिक्षण सम्बन्धी कार्यक्रम तर्जुमा गर्ने नीतिगत व्यवस्था गरेको भने पाइएन ।

## १०. सूचनाको हकबमोजिमको दायित्वको समष्टिगत मूल्याङ्कनको स्तर सम्बन्धमा

सूचनाको हकसम्बन्धी ऐनको दफा ४ ले सार्वजनिक निकायको दायित्व तोकेको छ । जसअनुसार सूचनाको हकको सम्मान गर्नुपर्ने, सूचना वर्गीकरण गर्नुपर्ने, विभिन्न राष्ट्रिय भाषामा आफ्ना सामग्री प्रचारप्रसार गर्नुपर्ने, आमसञ्चार माध्यमको उपयोग गर्नुपर्ने लगायतको व्यवस्था छ । सर्वेक्षणमा यी प्रावधानको समष्टिगत मूल्याङ्कन गरिएकोमा धेरै मन्त्रालय र केन्द्रीयस्तरका निकायबाट सम्मान गरेको पाइएता पनि केही निकायले अझै गरेको पाइँदैन । कतिपय मन्त्रालयको कार्यक्षेत्रगत कारणबाट पनि हुन सकेको हुनसक्छ । विभिन्न भाषा र आमसञ्चारको माध्यमबाट सूचना प्रचार/प्रसार गर्नुपर्ने दायित्व भने धेरै मन्त्रालयले निर्वाह गरेको पाइएन । मन्त्रालय र मातहत निकायमा ज्यादै कम सूचना माग भएको कारण पनि पत्ता लगाउनुपर्ने देखिन्छ । सूचना अधिकारीको मुख्य जिम्मेवारी पनि स्पष्ट किटान गर्नुपर्ने देखिन्छ । प्रस्तुत अध्ययन नतिजा अनुसार ८० अङ्कसम्म पाउने मन्त्रालय ६ वटा छन् । ८१ देखि ९० अङ्क पाउने ६ वटा छन् । यसैगरी ९१-१०० सम्म अङ्क प्राप्त गर्ने मन्त्रालय १० वटा छन् । विगत बर्षका अध्ययनका नतिजाका आधारमा भन्नुपर्दा मन्त्रालयले प्राप्त गरेको अङ्कमा सानिध्यता रहेको पाइन्छ अर्थात् कार्यसम्पादन स्तर क्रमिक रूपमा एकरूपतातर्फ उन्मुख देखिन्छ ।

## (ख) परीक्षणका सम्बन्धमा परीक्षकको निष्कर्ष :

यस बर्ष कोभिड- १९ संक्रमणका कारण कतिपय मन्त्रालयहरूमा Virtual Meeting मार्फत् र कतिपयमा स्थलगत परीक्षण गरिएको छ । परीक्षण गरिएका सबै मन्त्रालय र केन्द्रीयस्तरका निकायले पनि सहज रूपमा सघाएका छन् । सबैजसो परीक्षकले दिएका सुझावहरू एकै प्रकारका छन् । वास्तवमा ती सुझावहरू पहिलो वर्षदेखि नै दिइँदै आएका सुझाव एवम् निकर्षहरूसँग हुवहु मिल्ने खालका छन् ।

एकातिर मन्त्रालयहरूले पाउने अङ्कको स्तर बढ्दै गएको देखिनु तर निष्कर्ष र सुझावहरू एकै प्रकारको आएको देखिनाले मन्त्रालय र केन्द्रीयस्तरका निकायहरूले अझै धेरै काम गर्न बाँकी रहेको देखाउँछ । मन्त्रालयहरूले आफ्नो र मातहतका निकायको एकीकृत प्रतिवेदन तयार गरी आयोगमा पेश गर्न अनिवार्य गर्नुपर्ने देखिएको छ । यसमा आयोगले कडाइका साथ पहल गर्नुपर्दछ । परीक्षकहरूले पनि मन्त्रालय र अन्तर्गत निकायमा भएको वास्तविक र यथार्थ स्थितिसँग मेल खाने गरी परीक्षण गर्नुपर्ने देखिएको छ । परीक्षकहरूले १० वटा सूचकाङ्कमध्ये केही सूचकाङ्क उपयोगी नभएता पनि अङ्क प्राप्त गर्न सक्ने गरी सूचकाङ्क निर्धारण भएकोतर्फ ध्यानाकर्षण गर्दै यस्ता सूचकाङ्कलाई आवश्यकता अनुसार परिमार्जन गरी वास्तविक र यथार्थ नतिजा प्रतिबिम्बित हुन सक्ने गरी तर्जुमा गर्न राष्ट्रिय सूचना आयोगको ध्यानाकर्षण गरेका छन् ।

# अध्याय- ५

# परीक्षकका सुझावहरू

## ५.१ सूचना अधिकारीका सम्बन्धमा

- प्रत्येक निकायमा अनिवार्य रूपमा सूचना अधिकारी तोकिनु पर्दछ । सूचना अधिकारीको पदमा कार्यालय प्रमुखभन्दा एक तह मुनिको पदाधिकारी नियुक्त हुनुपर्ने । सूचना अधिकारी र प्रवक्ता एकै व्यक्ति भएमा सूचना प्रवाह गर्न सहज हुने भएकोले यस्तो व्यवस्था गर्नुपर्ने ।
- सूचना अधिकारीको पहुँचमा सूचना नभएको कारण सूचना प्रवाह व्यवस्थित हुन नसकेकाले पहुँच बढाउनु पर्दछ । मन्त्रालयहरूमा छुट्टै सूचना शाखा गठन गरिनु पर्दछ ।
- मन्त्रालयका सूचना अधिकारीलाई आफ्नो र अर्न्तगतका निकायहरूको सूचना अधिकारीको अद्यावधिक विवरण, स्वतःप्रकाशन सम्बन्धी विवरण र प्रकाशन भएको मिति, माध्यम र Website मा छुट्टै RTI Link स्थापना गर्न लगाउनु पर्दछ । मन्त्रालयको वा केन्द्रीयस्तरको निकायको सूचना अधिकारीले मातहत निकायका सूचना अधिकारीहरूलाई समन्वय गर्नुपर्ने ।
- धेरैजसो मन्त्रालय र केन्द्रीयस्तरका निकायहरूमा तालिम, प्रशिक्षण नलिएका र भर्खरै नियुक्त भएका सूचना अधिकारी भेटिएकोले परिवर्तन हुनासाथ तालिम दिनुपर्ने र आयोगले पनि तालिमको व्यवस्था गर्नुपर्ने ।
- सूचना अधिकारीलाई साधनस्रोत उपलब्ध गराउने र सूचनाको हकसम्बन्धी क्रियाकलाप सञ्चालनका निम्ति छुट्टै आर.टी.आई. बजेटको व्यवस्था हुनुपर्ने ।
- सूचनाको हकको कार्यान्वयनलाई सरकारी कार्यालयका पदाधिकारीमा अतिरिक्त भारको रूपमा लिने बुझाइ रहेको पाइएकोले सो अवस्था हटाई नियमित र अभिन्न कार्य हो भन्ने मानसिकता विकसित गर्नुपर्ने ।
- कर्मचारीको कार्यसम्पादन मूल्याङ्कनको मापदण्ड बनाउँदा आर.टी.आई. को कार्यान्वयनमा सो कर्मचारीको भूमिकालाई समावेश गर्ने व्यवस्था गर्ने । सूचना अधिकारीको छुट्टै सेवा समूह गठन गर्ने ।
- सूचना अधिकारीको Flex बोर्ड प्रवेशद्वार वा स्वागतकक्षमा र कार्यकक्ष सकेसम्म पहिलो तलामा वा देखिने स्थानमा राख्नुपर्ने । वेबसाइटमा पनि उल्लेख हुनुपर्ने ।
- आफ्नो निकायका सबै सूचनाको अभिलेख राख्नका लागि सबै बैठक र कार्यक्रममा सूचना अधिकारीलाई अनिवार्य रूपमा आमन्त्रण गर्नु पर्दछ ।
- सूचना अधिकारीले जिम्मेवारी पञ्छाउने र सूचना प्रवाह गर्न उदासीन रहने गरेकोले प्रोत्साहन गर्न पदक, पुरस्कार, वृत्ति विकास, अन्तर्राष्ट्रिय अनुभव, मोबाइल सेट, रिचार्ज कार्डलगायत सुविधा उपलब्ध गराइनुपर्ने ।
- सूचना अधिकारीको कार्यसम्पादन मूल्याङ्कन गर्दा सूचना प्रवाहलाई पनि आधार मान्नुपर्ने ।
- उत्कृष्ट कार्य गर्ने सूचना अधिकारीलाई पुरस्कृत गर्ने प्रणाली विकास गर्नुपर्ने ।
- सूचना अधिकारी स्वयम्ले सूचना प्राप्त गर्न नसकेको अवस्थासमेत देखिएकोले सूचना उपलब्ध नगराउने शाखा वा पदाधिकारी पनि कारवाहीको दायरामा आउने गरी सूचनाको हकसम्बन्धी ऐन, २०६४ मा संशोधन गर्नुपर्ने । सूचनाको हकसम्बन्धी ऐनको कार्यान्वयन कतिपय सार्वजनिक निकायको

प्राथमिकतामा नपर्ने गरेको पाइएकोले यसमा व्यापक सुधार आवश्यक छ ।

- सूचना अधिकारीले सूचना प्रवाह गर्न प्रशासकीय निर्णय गर्नुपर्ने प्रचलन हटाउनु पर्ने । सूचना अधिकारीलाई स्वतन्त्रपूर्वक सूचना प्रवाह गर्न सक्ने गरी अधिकार प्रत्यायोजना गर्नुपर्ने ।
- सूचना अधिकारीको अनुभव आदान-प्रदान गर्न छुट्टै फोरमको गठन गर्ने । एउटै इमेल आईडी, फोन नं., मोबाइल दिने व्यवस्था गर्ने ।
- सूचना अधिकारीले सूचना माग प्रवाह र इन्कारीको छुट्टै दर्ता अभिलेख राख्ने र त्यसको विवरण मातहत निकायसमेतको एकीकृत गरी प्रकाशन गर्ने र आयोगमा पनि पठाउने गर्नुपर्ने ।
- सूचना अधिकारीलाई हालको जस्तो तोकिने हैसियतको मात्र नबनाएर पदयुक्त जिम्मेबारी बनाउन जरूरी छ । अहिले धेरैजसो ठाउँमा सूचना अधिकारीले अन्य पदीय जिम्मेवारीका साथै सूचना अधिकारीसमेतको दायित्व निर्वाह गर्नुपर्ने हुँदा कार्यबोझ बढ्नु स्वाभाविक छ । यस्तोमा कतिपय निकायका सूचना अधिकारीले दुबै जिम्मेबारी एकैपटक सम्पादन गर्न कठिनाइ हुने देखिएको छ भने कतिपय निकायका सूचना अधिकारी यही अवस्थालाई देखाएर दुबै जिम्मेबारीबाट पञ्छिन खोजेको पनि देखिएको छ । यस अवस्थामा सूचना अधिकारीलाई खास पद र सोपान प्रक्रियासँग जोड्न जरूरी छ । निजामति सेवाअन्तर्गत सूचना सेवा वा समूह वा उपसमूहको व्यवस्थाबारे सोच्न जरूरी छ ।
- सूचना अधिकारीलाई खास पदसँग नजोडिएको हालको अवस्थामा सम्बन्धित अधिकारीलाई जिम्मेवारी निर्वाहका लागि अभिप्रेरित गर्न जरूरी छ । यसका लागि उनीहरूको बढुवालगायतका वृत्तिविकासका सन्दर्भमा सूचना अधिकारी भई काम गरेको अनुभवबापत अङ्क दिने व्यवस्था मिलाउन सुझाव दिइन्छ । यस्तै पदक, सम्मान, पुरस्कार आदिका सन्दर्भमा पनि उनीहरूलाई प्राथमिकता दिनु उपयुक्त हुन्छ । अन्तर्राष्ट्रिय अनुभवका लागि उनीहरूलाई अवसर प्रदान गर्नतर्फ पनि सोचिनु जरूरी छ । सूचना अधिकारीलाई अलग्गै मोबाइल सेट, रिचार्ज कार्डलगायतका आवश्यक सुविधा दिने, सूचना अधिकारीको भूमिका निर्वाह गरेबापत अतिरिक्त भत्ता दिने र प्रत्येक कार्यालयमा आर.टी.आई. बजेटको व्यवस्थाका लागि पहल गर्नु वाञ्छनीय छ ।

## ५.२ राष्ट्रिय सूचना आयोगबारे

- संघीय, प्रदेश मन्त्रालय र स्थानीय तहका निकायको सूचनाको हकसम्बन्धी गतिविधिहरु स्वतः राष्ट्रिय सूचना आयोगमा बोधार्थ जाने गरी व्यवस्था मिलाउनुपर्ने । सरकारी तालिम केन्द्रहरूबाट सूचनाको हकसम्बन्धी प्रशिक्षण नियमति रूपमा भए-नभएको अनुगमन गरिरहनु पर्ने । सूचना अधिकारी र कार्यालय प्रमुखहरूलाई नियमित प्रशिक्षण र अन्तरक्रिया सञ्चालन गर्नुपर्ने ।
- प्रदेश सरकार, स्थानीय तहका जनप्रतिनिधिलगायत सम्बद्ध सरकारी कर्मचारीलाई सूचनाको हकसम्बन्धी जिम्मेवारी बहन गर्न सक्षम गराउन, सुशासनप्रति जिम्मेवार बनाउन हाल सञ्चालन गरेजस्तै नियमित रूपमा सूचनाको हकसम्बन्धी अन्तरक्रिया, गोष्ठी सञ्चालन गर्नु पर्ने ।
- अनुगमन र प्रबर्द्धनात्मक कार्यहरू नियमित रूपमा सञ्चालन गर्नुपर्ने ।
- सूचनाको हकसम्बन्धी पाठ्यसामग्रीहरू छपाइ र वितरण कार्यलाई अझ प्रभावकारी बनाउन पर्याप्त बजेट विनियोजन गर्नुपर्ने ।
- संघीय संरचनाअनुरूप सूचनाको हकको कार्यान्वयन गर्न आयोगको भूमिकालाई प्रादेशिक र स्थानीय तहसम्म विस्तार गर्नुपर्छ ।

- राष्ट्रिय सूचना आयोगलाई थप सशक्त र प्रभावकारी बनाउन यसलाई संवैधानिक हैसियतको बनाउनु आवश्यक देखिएकोले ऐनमा आवश्यक संशोधन गर्नु आवश्यक छ । ऐन संशोधन गरेर मातहतका निकायमा स्वतः प्रकाशन अनिवार्य गराउन, स्वतः प्रकाशन नगर्ने कार्यालय प्रमुखलाई दण्डित गर्ने र सूचना अधिकारीलाई सूचना उपलब्ध नगराउनेलाई पनि कारवाहीको दायरामा ल्याउने व्यवस्था गर्न जरूरी छ ।
- राष्ट्रिय सूचना आयोगको विद्युतीय प्लेटफर्म (एप) IMS लाई प्रत्येक मन्त्रालय र सार्वजनिक निकायमा अनिवार्यरूपमा प्रयोग गर्नुपर्ने व्यवस्था मिलाउन जरूरी छ । यसो गर्दा मागकर्तालाई सूचना माग्न र फलोअप (अनुगमन) गर्न सहज हुन्छ भने आयोग तथा सम्बद्ध निकायलाई सूचना मागकर्ताको अभिलेख राख्न पनि सहज हुन्छ । यस पद्धतिबाट सूचना माग प्रक्रियाका लागि सम्बद्ध कार्यालयमा आफै उपस्थित हुनुपर्ने बाध्यताको अन्त्य हुने र निवेदन तथा उजुरी प्रेषित गर्न लाग्ने खर्च पनि जोगिन्छ । तर, यसको अर्थ कागजी र ईमेल निवेदनलाई निरूत्साहित गर्ने कल्पना हाम्रोजस्तो देशमा अनुपयुक्त हुन्छ ।

## ५.३ स्वतः प्रकाशनको व्यवस्था

- सूचना स्वतः प्रकाशन नियमित गरेको भनी दावी गरेका सार्वजनिक निकायहरूमध्ये केही निकायले ऐन र नियमबमोजिमको ढाँचागत विवरण अनुसार प्रकाशन गरेको भए पनि धेरै मन्त्रालयहरूले आफ्नो नीति, कार्यक्रम, कार्यक्षेत्र, प्रगति विवरण, तालिम, प्रशिक्षण, गोष्ठी, सेमिनार, प्रकाशनहरू, खरीदबिक्रीसम्बन्धी सूचनाहरू आवश्यकता अनुसार वेबसाइटमा राख्ने गरेको पाइएको छ । केही मन्त्रालयले एक/दुई पटक ढाँचागत रूपमा प्रकाशन गरे पनि पुनः माथि उल्लेखित आफ्नै तरिका अनुसारका सूचनाहरू वेबसाइटमा राख्ने गरेकोले ऐन-नियम बमोजिमकै ढाँचामा स्वतः प्रकाशन गर्नुपर्ने आदेश आयोगले दिनुपर्ने ।
- स्वतः प्रकाशन नियमित रूपमा नगर्ने कार्यालय प्रमुख र सूचना अधिकारीलाई दण्डित गर्नुपर्ने गरी ऐन, नियम संशोधन गर्नुपर्ने ।
- प्रत्येक मन्त्रालयले आफ्नो वेबसाइटमा आर.टी.आई. मेनु राख्नुपर्ने र सूचनाको हकसम्बन्धी सबै क्रियाकलाप अध्ययन र प्रयोग पुनः प्रयोग गर्न सकिने गरी व्यवस्था गर्नुपर्ने ।
- स्वतः प्रकाशन चौमासिक रूपमा गर्ने व्यवस्था लागू गर्न सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५ संशोधन गर्नुपर्ने ।
- मन्त्रालय र अन्तर्गतका निकायको आर.टी.आई. मेनु एउटै पद्धतिमा वेबसाइटमा रहने व्यवस्था हुनुपर्ने ।
- सूचना स्वतः प्रकाशन गर्नुपर्ने ऐनको व्यवस्थाका बारेमा कतिपय निकायलाई पर्याप्त जानकारी नरहेको र जानकारी भएर पनि गर्ने नगरेको पाइएकोले तालिम, प्रशिक्षण र निर्देशन नियमित रूपमा दिनुपर्ने ।
- प्रत्येक केन्द्रीय निकायले मातहत निकायको स्वतः प्रकाशन समेत एकीकृत गरी स्वतः प्रकाशन गर्नुपर्ने ऐन-नियमबाट स्पष्ट गर्नुपर्ने ।

## ५.४ मूल्याङ्कनकर्ताको अन्य विविध निष्कर्ष र सुझावहरु :

- प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयले आफ्नो जनसम्पर्क कार्यालय सिंहदरबारको सुरक्षा घेराबाहिर पहुँच हुने स्थानमा राख्न आवश्यक देखिन्छ । र, सो कार्यालयमा नै सूचनाको हकसम्बन्धी निवेदन

ग्रहण गर्ने व्यवस्था गरिनु पर्दछ ।

- केन्द्रीय समन्वय एकाईको बैठक कम्तिमा तीन-तीन महिनामा हुनु पर्ने, प्रधानमन्त्री कार्यालयले मासिक रूपमा सबै मन्त्रालयका सूचना अधिकारीहरूको बैठक आयोजना गर्ने तथा कार्यालयसम्बद्ध केन्द्रीय निकाय तथा विभागका सूचना अधिकारीहरूको समन्वय संयन्त्र र नियमित बैठकको पनि प्रबन्ध गर्नुपर्ने देखिन्छ ।
- प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको स्वतः खुलासासम्बन्धी सूचनाहरूको प्रकाशन वेबसाइटबाट भइरहेको देखियो । तर, त्यससम्बन्धी सूचना एउटै मेनुमा छैनन् । विभिन्न प्रतिवेदन र प्रकाशनका सूचनामा छरिएका छन् । तसर्थ, स्वतः खुलासा लागि वेबसाइटमा एउटा डेडिकेटेड मेनुमा नै सम्बद्ध निकायको पनि प्रकाशन राख्न सकिन्छ ।
- पारदर्शी, जवाफदेही र उत्तरदायी सरकारको प्रत्याभूति गराउने मुख्य कार्यालय नै प्रधानमन्त्रीको कार्यालय भएको हुँदा सूचनाको हकप्रतिको राजनीतिक र प्रशासनिक प्रतिबद्धता व्यवहारमा झल्कने गरी सूचनाको हक कार्यान्वयनको नेतृत्व यस कार्यालयले लिन आवश्यक देखिन्छ ।
- नेपाल सरकारका उच्च तहका पदाधिकारीहरूसँग राष्ट्रिय सूचना आयोगले सूचनाको हकको समान बुझाइको स्थिति सर्जिना गर्ने विशेष रणनीति तर्जुमा गर्न आवश्यक छ । यस काममा प्रधानमन्त्री कार्यालयको केन्द्रीय समन्वय एकाईमार्फत् पहलकदमी लिनु उपयुक्त हुनसक्छ ।
- सूचनाको हक कार्यान्वयनका लागि सबै मन्त्रालय, केन्द्रीय निकाय र विभागहरू तथा मातहतका निकायहरूबीचमा एकरूपता आउने गरी नेपाल सरकारले एक विशेष कार्यान्वयन निर्देशिका बनाउन आवश्यक देखिएको छ । सो का लागि प्रधानमन्त्री कार्यालयको प्रशासकीय प्रमुखका रूपमा मुख्य सचिवको नेतृत्वदायी सक्रियता आवश्यक देखिन्छ ।
- मन्त्रालयहरूको वेबसाइटमा स्वतः खुलासाको विवरण पत्ता लगाउन र सोसम्म पहुँच पुग्न निकै खोजविन गर्नु पर्छ, समय लाग्छ । तसर्थ, वेबसाइटको मुख्य पृष्ठमा प्रष्ट देखिने गरी स्वतः प्रकाशनको मेनु व्यवस्थापन गर्नु राम्रो हुनेछ । यसैगरी मातहतका निकायहरूमा पनि सोही बमोजिम वेबसाइट परिवर्तन गर्न आवश्यक देखिन्छ । साथै, राखिएको सामाग्री हार्डकपीलाई स्क्यानिङ्ग गरेर राखिएको छ, जसले गर्दा सजिलै डाउनलोड गर्न र प्रयोग गर्न सकिंदैन, पढ्न बुझ्न पनि अप्ठ्यारो हुन्छ । तसर्थ, स्वतः प्रकाशन विवरणलाई वर्ड फाइलमा राख्न आवश्यक देखिन्छ ।
- गृह मन्त्रालयले नै सिंहदरबारको सुरक्षा व्यवस्थापनको संयोजन गर्ने भएकोले सिंहदरबारको प्रवेश व्यवस्था सहज नभई सर्वसाधारणको सूचनामा पहुँचको अवस्थामा सुधार हुन नसक्ने हुनाले सो व्यवस्थालाई सुधार गर्न र वैकल्पिक प्रबन्ध गर्न गृह मन्त्रालयले नै सक्रियता लिनु पर्छ । यसका लागि तत्कालै सिंहदरबारको दक्षिण गेटमा एउटा सूचनाको हकसम्बन्धी सहजीकरण कक्ष स्थापना गर्ने र निवेदनहरू दर्ता गरी विभिन्न निकायमा पठाउने प्रबन्ध गर्नु पर्दछ ।
- जिल्ला प्रशासन कार्यालय र प्रमुख जिल्ला अधिकारीहरूको सूचनाको हक कार्यान्वयनमा महत्वपूर्ण जिम्मेवारी रहने र आयोगले समेत कतिपय जिम्मेवारी हस्तान्तरण गरेको सन्दर्भलाई हेर्दा आयोगले गृह मन्त्रालयमार्फत् आवश्यक समन्वय र परिचालन गर्नेतर्फ ध्यान दिएको देखिएन । गृह मन्त्रालयमार्फत् नै सबै प्रजिअहरूलाई RTI सम्बन्धी प्रदान गरिएको अधिकार र जिम्मेवारीबारे एकरूपता हुनेगरी सर्कुलर हुनुपर्नेतर्फ आयोग र मन्त्रालयबीच सहकार्य हुनुपर्ने देखिन्छ । साथै, प्रजिअहरूलाई जिल्ला तहमा यस सम्बन्धमा काम गर्न एक आन्तरिक निर्देशिका नै तर्जुमा हुनुपर्ने देखिन्छ । हरेक जिल्ला प्रशासन

कार्यालयमा सहायक सिडिओ नै सूचना अधिकारी हुने प्रबन्ध केन्द्रीय तहबाटै हुनुपर्ने पनि देखिन्छ ।

- जिल्लामा सूचनाको हक कार्यान्वयनका लागि प्रमुख जिल्ला अधिकारी संयोजक रहने र जिल्ला हुलाकको प्रमुख सदस्य सचिव रहने गरी, जिल्ला समन्वय समितिको प्रशासकीय प्रमुख सदस्य हुने गरी एक स्थायी समिति गठन हुनु उपर्युक्त हुने गरी आवश्यक प्रबन्ध हुनुपर्ने देखिन्छ । यसलाई कार्यान्वयन गर्न आयोगले आवश्यक पहल गर्नु आवश्यक देखिएको छ ।
- सूचनाको हकसम्बन्धी ऐनलाई वित्तीय पारदर्शिता र सार्वजनिक वित्त सुधार कार्यक्रमको एक अभिन्न पक्षका रूपमा आत्मसात् गरी समग्र सुधार अभियानमा यस ऐनको कार्यान्वयनलाई पनि प्राथमिकता दिनु पर्ने देखिन्छ ।
- सूचनाको हक कार्यान्वयनका लागि सबै मन्त्रालय र अन्य केन्द्रीय सार्वजनिक निकायहरूले आफ्नो बार्षिक नीति–योजना र बजेटमा एक स्थायी शीर्षक नै राख्न लगाउने र निश्चित बजेट विनियोजन गर्ने प्रचलनलाई स्थायी रूपमा स्थापित गर्न आयोगले आवश्यक पहल गर्नु आवश्यक छ ।
- कतिपय सूचना मागकर्ताले मागेको सूचना शुल्कको कारण देखाई नलग्ने गरेकोमा, त्यस्ता मागकर्ताले माग गरेको सूचना निश्चित समयपछि निष्क्रिय हुने गरी नीतिगत व्यवस्थामा सुधार गर्न आवश्यक देखिन्छ ।
- राष्ट्रिय सूचना आयोगबाट विकसित गरी लागु गरिएका Internet Based online सूचना माग र प्रवाह गर्ने सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (Management Information System -MIS) र स्वत : खुलासा गर्न (Pro-Acive Disclousre -PDMS) र पुनरावेदन सम्बन्धी Software का बारेमा मन्त्रालय तथा अन्तर्गतका निकायहरू अनभिज्ञ रहेको पाइएकोले राष्ट्रिय सूचना आयोगले आदेश गरी कार्यान्वयनमा ल्याउनुपर्ने । नयाँ नियुक्त सूचना अधिकारीहरूले पनि सो Application चलाउन नजानेकोले सूचना अधिकारीहरू परिवर्तन हुनासाथ तालिम प्रशिक्षण दिनुपर्ने ।
- कार्यबोझ धेरै भएका ठूला मन्त्रालय र अन्तर्गतका निकायका सूचना अधिकारीलाई तालिम, प्रशिक्षण नपाएको र सूचनाको हकसम्बन्धी ऐन, नियमकै बारेमा पनि पर्याप्त जानकारी प्राप्त भएको नदेखिएकोले मन्त्रालय र अन्तर्गत निकाय विशेषकै सूचना अधिकारीहरूलाई तालिम, प्रशिक्षण र अभिमुखीकरण गर्नुपर्ने र समग्र कर्मचारीलाई सूचनाको हकसम्बन्धी व्यवस्थालाई आत्मसात् गर्नुपर्ने भनी सचिवदेखि सबै तहका कर्मचारीहरूलाई प्रतिबद्ध गराउनु पर्ने । यसका लागि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र राष्ट्रिय सूचना आयोगले संयुक्त रूपमा पहल गर्नुपर्ने ।
- प्रत्येक मन्त्रालयले आफ्नो र अन्तर्गतका सम्पूर्ण निकायमा माग भएको, प्रवाह भएको र प्रवाह गर्न इन्कार गरिएको सूचनाको विवरण राष्ट्रिय सूचना आयोगमा चौमासिक रूपमा पठाउनुपर्ने अनिवार्य व्यवस्था गर्नुपर्ने । यो विवरणको अभावमा नेपालमा बार्षिक रूपमा के–कति सूचना मागिन्छ, दिइन्छ र दिन इन्कार गरिन्छ भन्ने जानकारी नपाइने कारणबाट सुशासनको स्थिति पनि आँकलन गर्न नसकिने हुँदा यस्तो जानकारी प्राप्त गरी आयोगले आफ्नो बार्षिक प्रतिवेदनमा समावेश गरी संसदसमक्ष पेश गर्ने व्यवस्था मिलाउनुपर्ने ।
- RTI Audit गरी प्राप्त भएका एकीकृत प्रतिवेदनमा उल्लेखित कार्यान्वयनको अवस्थामा र सुझावहरूको कार्यान्वयनमा सुधार गर्न–गराउन तथा निष्कर्ष एवम् सुझावहरूलाई सम्बन्धित मन्त्रालयबाट लागू गर्न–गराउन सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा १९ को अधिकार प्रयोग गरी आयोगले आवश्यक आदेश दिनुपर्ने र कार्यान्वयनको अनुगमन गर्नु–गराउनु पर्ने ।

- सूचनाको हकको कार्यान्वयनलाई अतिरिक्त कार्य बोझ वा भार हो भन्ने सार्वजनिक पदाधिकारीको सोचाइ र यथास्थितिमा व्यापक परिवर्तन ल्याउन तथा यो कार्य नियमित र अभिन्न कार्य हो भनी आत्मसात् गराउन आयोगले सक्रिय भूमिका निर्वाह गर्नुपर्ने ।
- RTI Audit अडिटबाट प्राप्त मन्त्रालयगत प्रतिवेदनमा उल्लेखित कार्यान्वयन स्थिति र मूल्याङ्कनकर्ताको निष्कर्ष र सुझावहरूलाई कार्यान्वयन गर्ने परिपाटीको विकास गर्न आयोगले मन्त्रालयगत रूपमा छुट्टाछुट्टै छलफल बैठक आयोजना गरी कार्यान्वयनका लागि जिम्मेवार र उत्तरदायी बनाउँदै लैजानु पर्ने ।
- स्कुल, कलेजका पाठ्यक्रम, प्रतिस्पर्धात्मक परीक्षा सञ्चालन गर्ने निकाय एवम् सबै सरकारी प्रशिक्षण, प्रतिष्ठान, तालिम केन्द्रलगायतका निकायहरूका पाठ्यक्रममा सूचनाको हकलाई समावेश गर्न राष्ट्रिय सूचना आयोगले नेतृत्वदायी भूमिका खेल्नुपर्ने ।
- सूचनाको वर्गीकरण नभएकाले के-कस्ता सूचना सार्वजनिक गर्न हुने वा नहुने भन्ने विषयमा अन्योल कायम भएकोले सूचनाको वर्गीकरण छिटो गरिनु आवश्यक छ ।
- सूचनाको हक कार्यान्वयनको प्रभाव मूल्याङ्कन पद्धति र अनुसन्धान विधि विकसित गर्न आवश्यक देखिन्छ ।
- मिट द प्रेस कार्यलाई नियमित गराउनुपर्ने ।
- आरटीआई अडिटमा उत्कृष्ट हुने मन्त्रालय वा मातहतका निकायलाई पुरस्कृत गरेर त्यसको व्यापक प्रचारप्रसार गर्दा अरूलाई पनि राम्रो काममा आकर्षित गर्न सकिने । तर, परीक्षण वस्तुगत रूपमा पनि अनुगमन गर्ने परिपाटी विकास गर्नुपर्ने ।
- सूचनाको हकको प्रभावकारी कार्यान्वयनका लागि निरन्तर अनुगमन गर्नुपर्ने ।
- आर.टी.आई. अडिट गर्ने महानुभावहरूमध्ये केहीले मन्त्रालय र अन्तर्गतका केन्द्रीयस्तरका विभााग र निकायहरूको समेत परीक्षण गरी प्रतिवेदन दिएका र केहीले त्यस्तो प्रतिवेदन नदिई मन्त्रालय मात्रको प्रतिवेदन दिएको देखिएकोले मन्त्रालय र अन्तर्गतका सम्पूर्ण केन्द्रीयस्तरका विभाग र निकायहरूको तुलनात्मक विश्लेषण गरी एकीकृत प्रतिवेदन तयार गर्न सम्भव नभएकोले प्राप्त भएसम्मका निकायहरूको परीक्षण नतिजा मात्र अनुसूचीमा समावेश गरिएको छ । आगामी वर्षदेखि त्यस्तो परीक्षण गर्दा केन्द्रीयस्तरका सबै निकायहरूको समेत परीक्षण गर्ने व्यवस्था मिलाउनुपर्ने । साथै परीक्षकहरूले वस्तुगत रूपमा मूल्याङ्कन परीक्षण गर्दा वास्तविक अवस्थासँग मेल खाने गरी जिम्मेवार र उत्तरदायी ढंगबाट परीक्षण गरी प्रतिवेदन दिनुपर्ने ।
- अल्पसङ्ख्यक समुदाय वा तेस्रोलिङ्गीहरूबाट सूचना माग हुँदा नागरिकताको विकल्प राखिनुपर्ने ।
- सूचना माग गर्दा १० पृष्ठभन्दा भढी भएमा सूचना लिन नआउने प्रवृत्तिलाई हटाउन ईमेलमार्फत् लिन-दिन सके समय र आर्थिक व्ययभार कम हुनेछ ।
- प्रत्येक निकायले अलग्गै सूचना माग, प्रवाह र इन्कारीको दर्ता किताब राख्नु पर्दछ । यसको विवरण Real Time मा राष्ट्रिय सूचना आयोगमा जानकारी हुने गरी Software को व्यवस्था विकास गरी लागु गर्नेपर्ने देखिन्छ ।
- नेपाल सरकारले बर्षेनी सूचना माग, प्रवाह र इन्कारीको विवरण सार्वजनिक गर्नुपर्ने ।
- प्रत्येक निकायले नागरिकको सूचनाको हकको सम्मान गर्नुपर्ने ।
- नागरिक बडापत्रमा सूचनाको हकको बारेमा स्पष्टसँग लेखिनु पर्दछ ।

- राष्ट्रिय सूचना आयोगलाई संवैधानिक निकायमा स्तरोन्नति गर्नुपर्ने ।
- संविधानको धारा २७ र सूचनाको हकसम्बन्धी ऐन, २०६४ र नियमावली, २०६५ लाई समयसापेक्ष संशोधन गरी सूचनाको हकलाई अझ प्रभावकारी बनाउनुपर्ने ।
- आर.टी.आई. अडिटलाई विस्तार गरी प्रदेश तथा स्थानीय तहसम्म लैजानुपर्ने ।
- आर.टी.आई. अडिट गर्दा सूचकाङ्क, प्रश्नावली, अङ्कभार, कार्यान्वयनको अवस्था तथा निष्कर्ष र सुझावहरूलाई सकेसम्म वस्तुगत रूपमा परिमार्जन गरी वास्तविक स्थिति/अवस्था मूल्याङ्कन गर्न सकिने गरी परिमार्जन गर्नुपर्ने ।
- प्रत्येक निकायले वेबसाइट अद्यावधिक गर्नुपर्दछ ।
- प्रवेशकक्षमा सूचना अधिकारीको नाम, पद, सम्पर्क नं., कोठा नं. र फोटोसमेत राख्नुपर्ने ।
- प्रत्येक निर्माणस्थलमा होर्डिङ्ग बोर्ड राखेर सूचना सम्प्रेषण गर्नुपर्दछ ।
- प्रत्येक निकायले सूचना प्रवाहसम्बन्धी कार्यविधि तर्जुमा गरी लागु गर्नुपर्दछ ।
- सूचनाको हकसम्बन्धी प्रबर्द्धनात्मक सन्देश प्रवाह तथा प्रसारणमा कमी भएको महसुस भएकोले यस्तो सन्देश प्रवाह बढीभन्दा बढी प्रचारप्रसार गर्नुपर्ने ।
- सूचना माग गर्ने पक्षबाट जुन रूपमा सूचना माग हुनुपर्ने हो, त्यो नभएको पाइयो । यसमा सूचना मागकर्तालाई सूचनाको हकको महत्वबारे जानकारी गराउन जरूरी देखिन्छ । साथै सूचना मागकर्ताले जुनसुकै माध्यमबाट सूचना माग गरे पनि अभिलेख राखेर सूचना अधिकारीले उपलब्ध गराउन उत्प्रेरित गरिनु पर्दछ ।
- प्रत्येक तीन महिनामा गोप्य राख्नुपर्नेबाहेक सबै प्रकारका सार्वजनिक सूचना प्रवाह गरिएमा संविधानमा रहेको सूचनाको हक र ऐनमा रहेको प्रावधानको मर्म र भावना अनुरूप यसको प्रभावकारी कार्यान्वयन हुन जाने छ ।
- सूचना अधिकारी तोकिए पनि निजहरूलाई आवश्यक तालिम, साधन, स्रोतको अभाव रहेको पाइयो । साथै कार्यालयमा अन्य कामको समेत जिम्मेवारी हुँदा सूचना अधिकारीले प्रभावकारी ढङ्गले कार्य सम्पन्न गर्न बाधा हुने गरेको पाइयो । अतः निजामति सेवाअन्तर्गत सूचना सेवा वा समूह वा उपसमूहको व्यवस्थाबारे सोचिनु पर्दछ । सूचना अधिकारीलाई सीप, ज्ञानले दक्ष बनाउन जरूरी छ ।
- राष्ट्रिय सूचना आयोगले इन्टरनेट सञ्जालमार्फत् प्रत्येक मन्त्रालय र निकायका सार्वजनिक कार्यको अनुगमन गर्न सक्ने प्रणाली विकसित गर्न जरूरी छ । साथै, नियमितरूपमा सूचनाको हक कार्यान्वयनको अवस्था अनुगमन गर्ने विद्युतीय अनलाइन प्रणालीको विकास गर्न पनि आवश्यक छ ।
- सूचनाको हकका बारेमा बुझाइमा एकरूपता कायम गरी कार्यान्वयनमा पनि समान अवस्था सिर्जना गर्न मन्त्रालय र केन्द्रीय निकायको सामूहिक सहभागिता रहने गरी अभिमुखीकरण, गोष्ठी, कार्यशालाजस्ता कार्यक्रम सञ्चालन गरिनु पर्दछ । साथै, आयोगले सूचनाको हकसम्बन्धी अभियन्ताहरू बीचमा पनि तालिम र अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्न जरूरी देखिन्छ ।
- सरकारी निकायबाहेक अन्य सार्वजनिक निकायमा पनि सूचनाको हक कार्यान्वयनको अवस्था के छ भनेर आयोगले अनुगमन तथा मूल्याङ्कन गर्नु पर्दछ ।
- सूचनाको हक कार्यान्वयनका सम्बन्धमा सूचना प्रवाह प्रक्रियालाई थप प्रभावकारी बनाउन आवश्यक छ । यस क्रममा आपूर्ति पक्षलाई थप जिम्मेवार बनाउनुपर्ने र मागकर्ताले जुनसुकै माध्यमबाट सूचना माग गरे पनि अभिलेख राखेर सूचना अधिकारीले उपलब्ध गराउन उत्प्रेरित गरिनु आवश्यक छ ।

यस्तै प्रत्येक तीन महिनामा गरिने स्वतः खुलासाको प्रक्रियालाई कडाइका साथ लागू गराउन राष्ट्रिय सूचना आयोग थप सक्रिय हुनु आवश्यक देखिएको छ । स्वतः खुलासा गर्ने गरिए पनि समयमै नगर्ने र कानुनले तोकेबमोजिमको २० प्रकारका सूचनाको स्वतः खुलासामा धेरैजसो ठाउँमा समस्या देखिएको छ । यस सन्दर्भमा आयोगले सार्वजनिक निकायको वेबसाइट अनुगमन (Website Monitoring) को नीति तय गरी आवश्यक कार्य गर्न सुझाव दिइन्छ ।

- नियमावलीमा दोस्रो वा तेस्रो बरियताका अधिकारीलाई सूचना अधिकारी तोकिनु पर्ने प्रावधान छ तर धेरैजसो ठाउँमा यस प्रावधानको पालना गरेको पाइएन । धेरैजसो ठाउँमा बरियताभन्दा पदको तह बुझ्ने गरेको पाइएको छ । आयोगबाट कानुनको यस प्रावधानको कार्यान्वयनका लागि कडाइका साथ अनुगमन गर्न आवश्यक छ ।
- आर.टी.आई. अडिट गर्दा प्रयोग भएको सूचक र सूचकाङ्कका सम्बन्धमा आवश्यक सुधारका लागि पहिले पनि सुझाव दिइएको हो तर यसको कार्यान्वयन हुन सकेको छैन । अर्को वर्षको अडिटका क्रममा सूचक र सूचकाङ्कलाई परिमार्जन गरी थप वैज्ञानिक बनाउन आवश्यक छ । अडिटको यो प्रक्रियालाई प्रदेश र स्थानीय तहसम्म विस्तार गर्न पनि जरूरी छ ।
- मन्त्रालय र केन्द्रीय स्तरका मातहतका निकायमा अत्यन्त न्यूनरूपमा सूचना माग गरिएको पाइएको छ । यसको कारण खोजिनु जरूरी छ । साँच्चै सूचना मागकर्ता घटेका हुन् भने किन घटेका हुन् ? सूचना माग्नै नपर्ने अवस्थाको विकास भएको हो कि सूचना माग्दा ब्यहोर्नुपर्ने झन्झटका कारण सूचना माग्न उदासीनता देखाइएको हो ? उत्तर खोज्न आयोगले तत्परता देखाउन जरूरी छ ।
- सूचनाको हकका बारेमा आपूर्ति पक्षसँग जोडिएका अधिकांशलाई जानकारी रहेको पाइएको छ । आपूर्ति पक्षले आफ्नो वृत्ति विकासका लागि आवश्यक ज्ञान र योग्यतका लागि पनि सूचनाको हकको अध्ययन गर्ने गरेका छन् । तर माग पक्षको ठूलो हिस्सा अहिले पनि सूचनाको हकका सम्बन्धमा अनभिज्ञ रहेको अवस्थामा आयोगले मागपक्षको क्षमता अभिवृद्धिका लागि रणनीति बनाउन आवश्यक छ । माग पक्षको क्षमता अभिवृद्धिका सन्दर्भमा आयोगले तालिम र अभिमुखीकरण कार्यक्रमहरू सञ्चालन गर्नु त जरूरी देखिएको छ नै सँगै प्रबर्द्धनात्मक र प्रचारात्मक कार्यका सन्दर्भमा पनि नयाँ ढंगले सोच्न आवश्यक छ ।
- सार्वजनिक निकायले नेपालीबाहेक अन्य भाषामा पनि सूचना सार्वजनिक गर्नुपर्ने र सूचनाको हकसम्बन्धी सन्देशहरू अन्य भाषामा तयार गरेर सबैको जानकारीका लागि तिनको प्रयोग गर्नु पर्ने सोच राखिए पनि केही अपवादबाहेक यसको कार्यान्वयन हुन सकेको छैन । आयोग स्वयम्का दस्तावेज र अन्य प्रबर्द्धनात्मक र प्रचारात्मक सामग्रीहरू अन्य भाषामा अत्यन्त न्यून रहेको पाइएको छ । आयोगले स्वयम् आफ्नो र अन्य सार्वजनिक निकायका सन्दर्भमा यसबारे थप संवेदनशील हुन आवश्यक छ ।
- सूचना अधिकारीलाई मात्र नभई निकायका प्रमुखलाईसमेत सूचनाको हकसम्बन्धी तालिमको व्यवस्था हुनु पर्ने देखिन्छ । सबै शाखाहरूले सूचना अधिकारीले माग गरेका सूचनाहरू यथाशीघ्र उपलब्ध गराउने प्रक्रिया (standard operating procedure- SOP) तयार गर्न राष्ट्रिय सूचना आयोगले पहल गर्नु पर्ने ।
- प्रवक्ता, सूचना अधिकारी र जनगुनासो सुन्ने अधिकारी भनेको एउटै हो भन्ने धारणा आमनागरिकमा रहेको छ । तसर्थ, यी विषय र कार्यप्रकृति फरक-फरक हुन् भन्ने विषयमा आमजनता र सञ्चार माध्यमलाई समेत जानकारी गराउनु वा सचेतना गराउनु पर्ने देखिन्छ ।

- सूचनाको हकको प्रयोग गर्दा के-के फाइदा हुन्छन् र कसरी प्रयोग गर्ने हो भन्ने बुझाइको नितान्त कमी रहेको पाइएकोले विभिन्न भाषा र सञ्चारमाध्यमहरूबाट सन्देशमूलक र प्रबर्द्धनात्मक सामग्रीहरू निरन्तर रूपमा प्रचारप्रसार गर्नुपर्ने ।
- नागरिक स्वास्थ्यका सन्दर्भमा सूचनाहरूको निरन्तर प्रवाह अनिवार्य कुरा हो । कोभिड- १९ जस्तो महामारीका सन्दर्भमा त सूचनाले रोगसँग लड्न पनि सिकाउँछ । नियमित प्रेस ब्रिफिङमार्फत् मन्त्रालयले अवस्थाको अपडेट गराउने राम्रो काम हो । तर यस कार्यलाई मातहतका निकाय तथा तल्लोस्तरसम्मका सम्बद्ध कार्यालयहरूले पनि अनुशरण गर्न आवश्यक देखियो । सँगसँगै विभिन्न भाषाहरूमा पनि सूचना सामग्री तयार गरेर सूचना प्रवाहलाई अझ व्यापक बनाउनुपर्ने आवश्यकता पनि अनुभव गरियो । साथै यस्तै प्रकारका अन्य प्राकृतिक प्रकोप तथा दुर्घटनाहरूमा पनि सम्बन्धित निकायले यस्तै कार्यहरूको अनुशरण गर्न कार्यविधि नै तर्जुमा गरी कार्यान्वयन गर्नुपर्ने र यसमा आयोगले निर्देशन दिनुपर्ने देखिन्छ ।

## अध्याय- ६

# परीक्षकका सुझावहरूको कार्यान्वयन

राष्ट्रिय सूचना आयोगले २०७३ देखि हालसम्म नेपाल सरकारका मन्त्रालय र केन्द्रीयस्तरका निकायहरूमा स्वतन्त्र रूपमा रहेका व्यक्तिहरूबाट प्रस्तुत आर.टी.आई. परीक्षण (अडिट) सञ्चालन गरेको छ । यस्ता परीक्षणबाट प्राप्त नतिजामा आयोगको संलग्नता रहेको छैन । यस कार्यक्रमबाट आयोगले गरेको अपेक्षा भनेको समग्रमा सूचनाको हकको कार्यान्वयनको अवस्था, त्यसप्रतिको बुझाइ र प्रयोगको अवस्था, सूचना प्रवाहको स्तर र अवस्था तथा कार्यान्वयनमा रहेको कठिनाइ एवम् अवरोधहरू पत्ता लगाउने नै हो । यसको मुख्य उद्देश्य सूचनाको हकको कार्यान्वयनलाई प्रभावकारी बनाई सुशासन कायम गर्न मद्दत गर्नु हो । सुशासन कायम गर्नका लागि राज्यका कामकारवाहीलाई खुला, पारदर्शी, नागरिकप्रति उत्तरदायी र जवाफदेही बनाउनु पर्दछ । अतः सूचनाको हकको प्रयोगबाट मात्र यी कार्य सम्भव हुन्छ ।

नागरिकले जति बढी सूचनाको हकको प्रयोग गर्दछन् त्यति नै बढी सूचना प्रवाह हुन्छ । जति बढी सूचना प्रवाह भयो त्यति नै बढी सार्वजनिक प्रशासन पारदर्शी बन्छ र नागरिकप्रति उत्तरदायी हुन्छ । यसर्थ, सूचनाको हकको कार्यान्वयनको अवस्थालाई मूल्याङ्कन गर्न आर.टी.आई. अडिट गर्नु परेको हो । परीक्षणबाट प्राप्त भएको नतिजाबाट सूचनाको हकको कार्यान्वयनको अवस्थाको चित्र स्पष्ट देखिएको छ । अतः विज्ञ परीक्षकहरूबाट परीक्षण गरी दिइएको प्रतिवेदनमा उल्लेखित निष्कर्ष एवम् सुझावहरूलाई क्रमिक रूपमा कार्यान्वयन गर्दै लैजानु पर्ने आवश्यकता महसुस गरिएको छ ।

नेपालको संविधानको धारा– २७, सूचनाको हकसम्बन्धी ऐन, २०६४ र नियमावली, २०६५ बमोजिम सरकारी एवम् सार्वजनिक निकायको तोकिएको कानूनी जिम्मेवारी पूरा गर्न आयोगबाट २०७३ देखि २०७७ सम्म सञ्चालित आर.टी.आई. अडिटको RTI Audit Report मा प्रस्तुत सुझावहरूको सारांश निम्नानुसार रहेका छन् । प्रस्तुत सुझावहरू धेरैजसो एकै प्रकृतिका रहेका छन् र बर्षैपिच्छे दोहोरिएका पनि छन् । यसको अर्थ विगतमा दिइएका सुझाव कार्यान्वयन भएको देखिएन । अतः सार्वजनिक निकायहहरूले सुझावहरू कार्यान्वयन गर्नुपर्दछ र आयोगले पनि कार्यान्वयन भए–नभएको अनुगमन गरी आगामी वर्षहरूमा सोही प्रकृतिको अवस्था नदोहोरियोस् भन्नेतर्फ ध्यान दिनुपर्ने भन्ने विज्ञहरूको सुझाव रहेको छ ।

### (क) सूचनाको हकको कार्यान्वयनको परीक्षण प्रतिवेदन २०७७ मा मुख्यमुख्य सुझावहरु

१. प्रत्येक निकायमा अनिवार्य रूपमा सूचना अधिकारी नियुक्त हुनुपर्ने । सूचना अधिकारीको पहुँचमा सूचना पुऱ्याउनुपर्ने । सूचना नदिने शाखा वा पदाधिकारीलाई पनि सूचनाको हकसम्बन्धी ऐनको दायरामा ल्याउनुपर्ने । सूचना शाखाको व्यवस्था हुनुपर्ने । सूचना अधिकारीलाई तालिम, प्रोत्साहन, वृत्ति विकासका अवसर र मोबाइल, सिमकार्ड र रिचार्जजस्ता सुविधा दिनुपर्ने । सूचना अधिकारीको अनुभव आदानप्रदान गर्न फोरम गठन गर्ने,

२. स्वतः प्रकाशनलाई अनिवार्य गराइनुपर्ने । ढाँचा अनुसार स्वतः प्रकाशन नगर्ने पदाधिकारीलाई पनि सजायको दायरामा ल्याउने गरी ऐन संशोधन गर्नुपर्ने ।

३. अनलाइन सूचना प्रणालीको विकास गर्नुपर्ने । आधुनिक Software विकास गरी सूचना माग, प्रवाह र प्रयोग गर्न सक्ने व्यवस्था लागु गर्ने ।
४. आयोगले सूचनाको हकको प्रबर्द्धन गर्न विभिन्न भाषा र माध्यमबाट सन्देशमूलक जानकारी प्रचारप्रसार गर्नुपर्ने IEC Material वितरण गर्नुपर्ने ।
५. आर.टी.आई. अडिटका प्रश्नहरू र अङ्कभार परिमार्जन गर्नुपर्ने । प्रदेश र स्थानीय तहमा पनि आरटीआई अडिट गर्ने व्यवस्था मिलाउनु पर्ने ।
६. सूचनाको वर्गीकरण गर्नुपर्ने । के–कस्ता सूचना प्रवाह गर्ने र के–कस्ता नगर्ने भन्ने अन्योलता हटाउनुपर्ने ।
७. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र सूचना तथा सञ्चार मन्त्रालयमा रहेको केन्द्रीय समन्वय इकाइहरूलाई सक्रिय र नेतृत्वदायी भूमिका निर्वाह गर्न सक्षम गराउने । प्रदेश र स्थानीय तहमा पनि Focal Point को व्यवस्था गर्नुपर्ने ।
८. सिंहदरबार प्रवेशकक्षमा सूचनाको हकसम्बन्धी सहयोग कक्षा (Help Desk) स्थापना गरी सूचनामाथिको नागरिक पहुँचलाई सरल र सहज बनाउने ।
९. राष्ट्रिय सूचना आयोगलाई संवैधानिक निकायको रूपमा स्तरोन्नति गर्ने । प्रादेशिक र स्थानीय तहसम्म सम्पर्क निकायको व्यवस्था गर्ने । संविधानको धारा २७ र सूचनाको हकसम्बन्धी ऐन, नियममा सूचना प्रवाह गर्ने लगायतका समयसापेक्ष सुधार गर्ने ।
१०. नेपाल सरकारले देश भरमा के–कति र कस्ता प्रकारका सूचना माग, प्रवाह र इन्कार भयो भनी एकीकृत विवरण Real time मा प्राप्त गर्न सक्ने गरी Software को विकास गरी प्रचार/प्रसार गर्नुपर्ने र यस्तो व्यवस्था लागु गर्ने । (विस्तृत निष्कर्ष र सुझावहरू अध्याय ४ र ५ मा दिइएको छ ।)

## (ख) सूचनाको हकको कार्यान्वयनको परीक्षण प्रतिवेदन, २०७६ का सुझावहरु

१. सूचना अधिकारीलाई सूचनामाथि पहुँच हुनुपर्ने, प्रवक्ता र सूचना अधिकारी एकै व्यक्ति भएमा यो जिम्मेवारी कुशलतापूर्वक निर्वाह हुने ।
२. सूचना अधिकारीलाई नियमित रूपमा सूचनामा पहुँच दिनुपर्ने दायित्व भएको तर सूचना नदिने राष्ट्रसेवकहरूलाई पनि सूचनाको हकसम्बन्धी ऐनको दायराभित्र समावेश गर्नुपर्ने ।
३. सूचना अधिकारीलाई प्रोत्साहन गर्न वित्तीय एवम् अन्य सुविधाको व्यवस्था गर्नुपर्ने ।
४. सूचनादाता वा सूचना प्रवाहकर्ताको संरक्षण गर्न स्पष्ट कानूनी व्यवस्था गर्नुपर्ने ।
५. अनलाइनमा आधारित सूचना माग र प्रवाहका लागि आयोगबाट विकास गरिएको व्यवस्थापन सूचना प्रणाली र स्वतः प्रकाशनसम्बन्धी सफ्टवेयर प्रणालीमा सबै सरकारी र सार्वजनिक निकाय जोडिनु पर्ने र यस्तो प्रणा लागू गर्नुपर्ने ।
६. स्वतः प्रकाशन चौमासिक रूपमा गर्ने व्यवस्था गर्नुका साथै नियमित प्रकाशन नगर्ने कार्यालय प्रमुख र सूचना अधिकारीलाई दण्डित गर्ने व्यवस्था लागू गर्नुपर्ने ।
७. प्रादेशिक र स्थानीय तहमा समेत आयोगको सम्पर्क कार्यालया वा प्रादेशिक आयोग गठन हुनुपर्ने ।
८. सूचना प्रवाह गर्न राजनैतिक प्रतिबद्धता हुनुपर्ने ।
९. सूचनाको वर्गीकरण गरी लागू गर्नुपर्ने ।
१०. सूचनाको हकसम्बन्धी ऐन र नियमावलीमा समसामयिक संशोधन गरिनु पर्दछ ।

## (ग) सूचनाको हक कार्यान्वयनको परीक्षण प्रतिवेदन, २०७५ का सुझावहरू

राष्ट्रिय सूचना आयोगले प्रत्येक वर्ष आफ्नो बार्षिक प्रतिवेदन तयार गरी सम्माननीय प्रधानमन्त्रीमार्फत् संघीय संसदमा प्रस्तुत गर्ने कानूनी व्यवस्थाको पालना गरिरहेको छ । यस्तो वार्षिक प्रतिवेदनमा आयोगका सुझाव प्रस्तुत भइरहेका छन् । आयोगले पहिलेको चरणमा आफ्ना सुझाव प्रस्तुत गरिरहेकै छ । यस वर्षको RTI Audit Report सम्म आइपुग्दा आयोग, सूचनाको हकसबन्धी ऐन, २०६४ कार्यान्वयनमा आएको ११ वर्ष भयो । जसमा विश्व परिवेशमा देखिएका असल अभ्याससमेतका आधारमा यस प्रतिवेदनमार्फत् सूचनाको हकसम्बन्धी ऐन, ०६४ मा निम्न संशोधनको प्रस्ताव प्रस्तुत गरिएको छ । जसका कारण सार्वजनिक निकायहरु सूचनाको हकको प्रभावकारी प्रचलनमा खरो उत्रिन उत्प्रेरित हुनेछन् ।

१. सूचना माग गर्दा प्रयोजन/कारण खुलाउनुपर्ने व्यवस्था हटाउने ।
२. इमेललगायत विद्युतीय सञ्जालबाट सूचना माग गर्न र पाउन सकिने व्यवस्था गर्ने ।
३. नेपाल सरकारले सूचनाको प्रवृत्ति र सूचना मागकर्ताको अवस्था हेरेर निःशुल्क सूचना दिन सक्ने व्यवस्था गर्ने ।
४. राष्ट्रिय सूचना आयोगका पदाधिकारीहरूको नियुक्ति, सिफारिस गर्ने समितिमा विपक्षी दलको नेतालाई पनि समेट्ने ।
५. राष्ट्रिय सूचना आयोगका प्रमुख सूचना आयुक्तले प्रधानन्यायाधीशसँग सपथग्रहण गर्ने व्यवस्था गर्ने ।
६. सूचनाको वर्गीकरण ३ महिनाभित्र गरिसक्ने व्यवस्था गर्नुपर्ने ।
७. प्रादेशिक सूचना आयोग गठन गर्नुपर्ने ।
८. सार्वजनिक निकायको परिभाषाभित्र निजी क्षेत्र र गैरसरकारी क्षेत्र समेट्ने गरी स्पष्ट गरिनुपर्ने ।
९. सूचना मागको कार्यविधि सरल गर्नुपर्ने ।
१०. सूचना प्रवाहका प्रोत्साहित गर्न सूचना अधिकारीलाई उत्प्रेरित गर्न योजना तर्जुमा गरी लागू गर्नुपर्ने ।

## (घ) सूचनाको हक कार्यान्वयनको परीक्षण प्रवितेदन, २०७४ का सुझावहरू

१. संविधानको धारा २७ मा समसामयिक संशोधन गर्नुपर्छ ।
२. सूचनाको हकसम्बन्धी ऐन, नियमावलीमा पनि समसामयिक संशोधन गर्नुपर्छ ।
३. प्रादेशिक सूचना आयोग गठन गर्नुपर्छ । स्थानीय तहका हकमा आरटीआई अम्बुड्सम्यान खडा गर्नुपर्छ ।
४. सूचना अधिकारी नतोक्ने र स्वतः प्रकाशन नगर्ने सरकारी निकायको बजेट रोक्कासम्मको कारवाही गर्नुपर्छ ।
५. कर्मचारीको सपथमा रहेको गोप्य शब्द हटाउनु पर्छ । सरकारी कागजातमा गोप्य र अतिगोप्य छाप लगाउने प्रणाली खारेज गर्नुपर्छ ।
६. विद्युतीय प्रणालीबाट सूचना माग्ने र पाउने व्यवस्था गर्नुपर्छ ।
७. खुला सरकारी तथ्याङ्कको राष्ट्रिय कार्ययोजना लागू गर्नुपर्छ ।
८. पदोन्नति प्रणालीमा खुल्लाढंगले काम गर्नलाई प्रोत्साहित गर्नुपर्छ ।
९. आरटीआई बजेट लागू गर्नुपर्छ ।
१०. सूचना प्रवाहमा सरकारी क्षेत्र 'रोलमोडल' हुनुपर्छ ।

## (ङ) सूचनाको हक कार्यान्वयनको परीक्षण प्रतिवेदन, २०७३ मा सुझावहरू

१. सबै सार्वजनिक निकायमा सूचना अधिकारी तोकिनु पर्छ ।
२. सबै सार्वजनिक निकायले ३/३ महिनामा अनिवार्य रूपमा स्वतः प्रकाशन गर्नुपर्छ ।
३. सबै सार्वजनिक निकायले सूचना माग र प्रवाहको छुट्टै अभिलेख राख्नुपर्छ ।
४. सूचनाको हकसम्बन्धी ऐनको दफा ४ बमोजिम सार्वजनिक निकायले कानूनप्रति सम्मान प्रकट गनुपर्छ ।
५. सूचना अधिकारी नागरिकले माग गरेको सूचना प्रदान गर्न उत्सुक हुनुपर्दछ ।
६. सबै सार्वजनिक निकायमा सूचना अधिकारीको फ्लेक्स बोर्ड सबैले देख्ने ठाउँमा राख्नुपर्छ ।
७. नेपाल सरकारले वर्षेनी नागरिकबाट कति सूचना माग र प्रवाह भए भन्ने अभिलखे सङ्कलन गरी सार्वजनिक गर्नुपर्दछ ।
८. कानूनले तोकेकै अवधिभित्र सूचना मागकर्ता नागरिकलाई सूचना उपलब्ध गराउनु पर्छ ।
९. सम्भव भएसम्म माग भएकै स्वरूपमा सूचना उपलब्ध गराउनु पर्छ ।
१०. सूचना प्रवाहमा दक्षता बृद्धि गर्न नियमित रूपमा तालिम सञ्चालन गर्नुपर्दछ ।
११. सूचना प्रवाहमा राष्ट्रिय भाषाको प्रयोग र आमसञ्चार माध्यमको उपयोग गर्नुपर्छ ।
१२. केन्द्रीयस्तरका निकायमा अनिवार्य रूपमा यथाशीघ्र सूचना शाखा/महाशाखा स्थापना गर्नुपर्छ ।
१३. कानूनले निर्दिष्ट गरेबमोजिम कार्यालयको दोस्रो र तेस्रो बरियताको अधिकारीलाई सूचना अधिकारी तोक्नुपर्छ ।
१४. प्रत्येक निकायले उजुरीपेटिकाको व्यवस्था र गुनासो सुनुवाइको समुचित प्रबन्ध गर्नुपर्छ ।
१५. नियमित रूपमा सार्वजनिक सुनुवाइ कार्यक्रम आयोजना गर्नुपर्छ ।
१६. नियमित रूपमा मिट द प्रेस कार्यक्रमको आयोजना गर्नुपर्छ ।
१७. प्रत्येक निकायले वेबसाइटको व्यवस्था गर्नुपर्छ ।
१८. वेबसाइट नियमित रूपमा अद्यावधिक गर्नुपर्छ ।
१९. सूचनाको हकको प्रभावकारी प्रचलनका लागि नियमित अन्तरक्रिया कार्यक्रमको आयोजना गर्नुपर्छ ।
२०. अधिकतम खुलासाको सिद्धान्त अवलम्बन गरी सबै सार्वजनिक निकायहरू सूचना प्रवाहमा स्वतफूर्त अग्रसर हुनुपर्छ ।

राष्ट्रिय सूचना आयोगले वि.सं. २०७३ देखि मन्त्रालयहरूको र केन्द्रीयस्तरका निकायहरूको आर.टी.आई. अडिट गर्न सुरू गरेको हो । विगत ५ बर्षदेखिको आर.टी.आई. अडिटको नतिजाबाट मन्त्रालयहरूको सूचनाको हकसम्बन्धी ऐन, नियम र कार्यान्वयनको स्थितिको बुझाइमा सुधार देखिएको छ । तथापि, प्रत्येक बर्ष परीक्षकले दिएका निष्कर्ष र सुझावहरू एकै प्रकारको भएकोले र दोहोरिरहेकाले अझै पनि पर्याप्त मेहनत र ध्यान दिनुपर्ने देखिएको छ । सूचनाको हकको कार्यान्वयन गर्ने मुख्य जिम्मेवारी कार्यालय प्रमुखकै हो । सूचनाको हकको कार्यान्वयलाई कार्यसम्पादनको अभिन्न अङ्ग मान्नुपर्ने र थप बोझ हो भन्ने मानसिकताबाट मुक्त हुनपर्ने आवश्यकता देखिएको छ । सूचनाको हकको कार्यान्वयनबाट सुशासन कायम हुने भएकोले सबै निकायले आर.टी.आई. अडिटका निष्कर्ष र सुझावहरू कार्यान्वयन गर्नु अपरिहार्य आवश्यकता रहेको छ । आर.टी.आई. अडिटलाई आयोगले केन्द्रीय निकाय, प्रदेश एवम् स्थानीय तहसम्म लैजानु पर्ने आवश्यकता पनि देखिएको छ । साथै सूचनाको हकको संरक्षण, प्रबर्द्धन र प्रचलन गर्न-गराउन राष्ट्रिय सूचना आयोगलाई अझ बढी प्रभावकारी बनाउनुपर्ने आवश्यकता पनि देखिएको छ ।

## अनुसूची- १

# प्रश्नावलीको ढाँचा

### मूल्याङ्कनको सूचकाङ्क

| क्र.सं. | सूचकाङ्क | अङ्क |
|---|---|---|
| १. | सूचना अधिकारी तोकिएको/नतोकिएको | |
| | १.१ मन्त्रालयमा तोकिएको | अङ्क ७ |
| | १.२ मातहत निकायमा तोकिएको | अङ्क १ |
| | १.३ सूचना अधिकारीको फ्लेक्स बोर्ड भएको | अङ्क १ |
| | १.४ परिचय दिंदा सूचना अधिकारी भनी प्रस्तुत भएको | अङ्क १ |
| २. | तीन/तीन महिनामा स्वतः प्रकाशन गर्ने गरेको /नगरेको | |
| | २.१ मन्त्रालयमा नियमित गरेको | अङ्क ७ |
| | २.२ मन्त्रालयले कहिलेकाहिँ गरेको | अङ्क १ |
| | २.३ मातहत निकायले गरेको | अङ्क १ |
| | २.४ मन्त्रालयको नियमित प्रकाशन वेबसाइटमा राखेको | अङ्क १ |
| ३. | सूचना माग र प्रवाहको छुट्टै दर्ता किताब, अभिलेख र फाइल खडा गरेको/नगरेको | |
| | ३.१ मन्त्रालयले गरेको | अङ्क ७ |
| | ३.२ मातहत निकायले गरेको | अङ्क १ |
| | ३.३ मन्त्रालयको रजिष्टर नै देखाएको | अङ्क १ |
| | ३.४ छलफलमा कूल सूचना माग र प्रवाहको सङ्ख्या नै बताएको | अङ्क १ |
| ४. | सूचना अधिकारी वा सूचना शाखा/महाशाखाले मन्त्रालय र मातहत सूचनाको हकको क्षेत्रमा भइरहेका गतिविधिलाई एकीकृत गर्ने, निर्देशन गर्ने, मन्त्रालय र मातहतमा परेको सूचना माग र प्रवाहको तथ्याङ्क राख्ने पहल गरे/नगरेको | |
| | ४.१ मन्त्रालयले गरेको | अङ्क ३ देखि ७ |
| | ४.२ मातहत निकायले पठाएको दावी गरेको | अङ्क १ |
| | ४.३ अभिलेखको रजिष्टर नै प्रदर्शन गरेको | अङ्क १ |
| | ४.४ अभिलेखको विवरण नै प्रस्तुत गरेको | अङ्क १ |
| ५. | सूचना अधिकारीको बोर्ड राखेको/नराखेको, सूचना शाखा/महाशाखाको पहिचान हुने व्यवस्था गरे/नगरेको, सूचनाको हक झल्किने कुनै सन्देशमुलक होर्डिङ बोर्ड टाँसे /नटाँसेको | |
| | ५.१ मन्त्रालयले गरेको | अङ्क ५ देखि ७ |
| | ५.२ मातहत निकायले गरेको | अङ्क १ |
| | ५.३ छलफलमा यस सम्बन्धी विवरण प्रस्तुत गरेको | अङ्क १ |
| | ५.४ छलफलमा उत्साहपूर्ण ढंगले प्रस्तुत गरेको | अङ्क १ |

| क्र.सं. | सूचकाङ्क | अङ्क |
|---|---|---|
| ६. | मन्त्रालयको वेबसाइटमा सूचना अधिकारीको विवरण र स्वतः प्रकाशन राखे /नराखेको | |
| | ६.१ मन्त्रालयले राखेको | अङ्क ५ देखि ७ |
| | ६.२ मातहत निकायले राखेको | अङ्क १ |
| | ६.३ वेबसाइटमा के छ भनी प्रस्तुत गरेको | अङ्क १ |
| | ६.४ आफ्नो वेबसाइटप्रति गर्व प्रदर्शन गरेको | अङ्क १ |
| ७. | मन्त्रालयको वेबसाइट दुरूस्त भए/नभएको, प्रेस विज्ञप्ति राखे/नराखेको, नागरिकलाई आवश्यक सूचना प्रवाह गरे/नगरेको | |
| | ७.१ मन्त्रालयले गरेको | अङ्क ५ देखि ७ |
| | ७.२ मातहत निकायले गरेको | अङ्क १ |
| | ७.३ के गरिएको छ भनी प्रस्तुत नै गरेको | अङ्क १ |
| | ७.३ छलफलमा उत्साह प्रदर्शन गरेको | अङ्क १ |
| ८. | सूचना प्रवाहमा मन्त्रालय अग्रसर भए/नभएको, नियमित मिट द प्रेस गरे/नगरेको, सूचना पाटी व्यवस्थित भए/नभएको, उजुरी पेटिका भए/नभएको, गुनासो व्यवस्था गरे/नगरेको लगायतको समष्टिगत स्थिति | |
| | ८.१ मन्त्रालयले गरेको | अङ्क ३ देखि ७ |
| | ८.२ मातहत निकायले गरेको | अङ्क १ |
| | ८.३ गरेको कुरा छलफलमा बताएको | अङ्क १ |
| | ८.४ छलफलमा उत्साह प्रदर्शन गरेको | अङ्क १ |
| ९. | सूचनाको हकको तालिम, अन्तरक्रिया, छलफल वा स्वतः अग्रसर भई कुनै काम गरे/नगरेको र गर्न चासो वा प्रतिबद्धता भए/नभएको सम्बन्धमा समष्टिगत स्थिति | |
| | ९.१ मन्त्रालयले गरेको | अङ्क ३ देखि ७ |
| | ९.२ मातहत निकायले गरेको | अङ्क १ |
| | ९.३ गरेको कुरा छलफलमा बताएको | अङ्क १ |
| | ९.४ छलफलमा उत्साह प्रदर्शन गरेको | अङ्क १ |
| १०. | सूचनाको हकसम्बन्धी ऐनले सार्वजनिक निकायको दायित्व तोकेको छ । जसअनुसार सूचनाको हकको सम्मान गर्नुपर्ने, सूचना वर्गीकरण गर्नुपर्ने, विभिन्न राष्ट्रिय भाषामा आफ्ना सामग्री प्रचार प्रसार गर्नुपर्ने, आमसञ्चार माध्यमको उपयोग गर्नुपर्ने लगायतका पक्षमा समष्टिगत मूल्याङ्कनको स्तर | |
| | १०.१ मन्त्रालयको समष्टिगत मूल्याङ्कन | अङ्क ३ देखि ७ |
| | १०.२ मातहत निकायको समष्टिगत मूल्याङ्कन | अङ्क १ |
| | १०.३ भए गरेका कामको समष्टिगत प्रस्तुतिको मूल्याङ्कन | अङ्क १ |
| | १०.४ देखिएको उत्साह, जाँगरको समष्टिगत मूल्याङ्कन | अङ्क १ |

## अनुसूची- २

# परीक्षणमा समेटिएका मन्त्रालयहरूको सूची

| क्र.सं. | मन्त्रालयको नाम |
|---|---|
| १ | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| २ | अर्थ मन्त्रालय |
| ३ | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय |
| ४ | ऊर्जा, जलस्रोत तथा सिँचाई मन्त्रालय |
| ५ | कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय |
| ६ | कृषि तथा पशुपंक्षी विकास मन्त्रालय |
| ७ | खानेपानी मन्त्रालय |
| ८ | गृह मन्त्रालय |
| ९ | परराष्ट्र मन्त्रालय |
| १० | भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय |
| ११ | भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय |
| १२ | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय |
| १३ | युवा तथा खेलकुद मन्त्रालय |
| १४ | रक्षा मन्त्रालय |
| १५ | वन तथा वातावरण मन्त्रालय |
| १६ | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय |
| १७ | सहरी विकास मन्त्रालय |
| १८ | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय |
| १९ | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय |
| २० | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय |
| २१ | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय |
| २२ | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय |

## अनुसूची- ३

# प्रश्नावलीका सूचकहरूको प्राप्त अङ्कको तुलनात्मक स्थिति (मन्त्रालयगत)


| क.सं. | मन्त्रालयको नाम | सूचकहरू | | | | | | | | | | कूल अंक |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | |
| १ | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | १० | ८ | ८ | ६ | ८ | ८ | ८ | ७ | ५ | ७ | ७५ |
| २ | अर्थ मन्त्रालय | १० | ९ | ९ | ५ | ९ | ८ | ८ | ८ | ६ | ८ | ८० |

| क.सं. | मन्त्रालयको नाम | सूचकहरू | | | | | | | | | | कूल अंक |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | |
| ३ | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | १० | ९ | १० | ९ | ९ | ९ | १० | ८ | ८ | ९ | ९१ |
| ४ | ऊर्जा, जलस्रोत तथा सिँचाई मन्त्रालय | १० | १० | १० | १० | ९ | १० | १० | १० | ९ | ९ | ९७ |
| ५ | कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय | १० | ८ | ९ | ८ | ८ | ८ | ८ | ७ | ५ | ७ | ७८ |
| ६ | कृषि, पशुपंक्षी विकास मन्त्रालय | १० | १० | १० | १० | १० | १० | १० | १० | १० | १० | १०० |
| ७ | खानेपानी मन्त्रालय | १० | १० | १० | १० | १० | १० | १० | १० | १० | १० | १०० |
| ८ | गृह मन्त्रालय | ९ | ८ | ९ | ५ | ६ | ८ | ८ | ७ | ७ | ७ | ७४ |
| ९ | परराष्ट्र मन्त्रालय | १० | १० | १० | ९ | १० | ९ | ८ | ८ | ९ | ९ | ९२ |
| १० | भूमि व्यवस्था तथा सहकारी तथा गरिवी निवारण मन्त्रालय | १० | ९ | १० | ९ | ९ | ९ | ८ | ९ | ८ | ८ | ८९ |
| ११ | भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय | १० | ७ | १० | १० | १० | १० | १० | १० | १० | ८ | ९५ |
| १२ | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | १० | १० | ९ | ९ | ९ | ८ | ९ | ८ | ८ | ७ | ८७ |
| १३ | युवा तथा खेलकुद मन्त्रालय | १० | १० | ८ | ९ | ८ | ९ | ८ | ७ | ९ | ८ | ८६ |
| १४ | रक्षा मन्त्रालय | ९ | ८ | ८ | ७ | ८ | ७ | ८ | ८ | ६ | ७ | ७६ |
| १५ | वन तथा वातावरण मन्त्रालय | १० | १० | १० | ८ | ९ | १० | ९ | ९ | ७ | ८ | ९० |
| १६ | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | १० | ९ | ९ | ९ | ९ | ९ | ९ | ९ | १० | ९ | ९२ |
| १७ | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | १० | १० | १० | ९ | ९ | १० | ९ | ८ | ८ | ८ | ९१ |
| १८ | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | १० | १० | ७ | ८ | ८ | ७ | ६ | ८ | ७ | ८ | ७९ |
| १९ | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | १० | १० | १० | ८ | ८ | ८ | ९ | ८ | ७ | ८ | ८६ |
| २० | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | १० | ९ | ९ | १० | ९ | ९ | ९ | ९ | १० | ९ | ९३ |
| २१ | सहरी विकास मन्त्रालय | १० | १० | १० | ८ | ९ | १० | ९ | ८ | ९ | ९ | ९२ |
| २२ | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | १० | १० | १० | ९ | ९ | १० | ९ | ९ | ७ | ७ | ९० |
| | | | | | | | | | | | | |

## अनुसूची- ४

# सूचनाको हकको कार्यान्वयनको अवस्थाको परीक्षणको कार्यमा सहभागी हुनुभएका महानुभावहरू

| क.सं. | सूचना परीक्षणमा सहभागीहरू | मन्त्रालयको नाम |
|---|---|---|
| १ | श्री कृष्णहरि बास्कोटा | कृषि तथा पशुपंक्षी विकास मन्त्रालय |
| २ | | खानेपानी मन्त्रालय |
| ३ | | भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय |
| ४ | | ऊर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय |
| ५ | श्री किरण कुमार पोखरेल | परराष्ट्र मन्त्रालय |
| ६ | | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय |
| ७ | | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय |
| ८ | | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय |
| ९ | श्री यशोदादेवी तिम्सिना | महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय |
| १० | | युवा तथा खेलकुद मन्त्रालय |
| ११ | | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय |
| १२ | | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय |
| १३ | श्री गोविन्द आचार्य | उद्योग बाणिज्य तथा आपूर्ति मन्त्रालय |
| १४ | | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय |
| १५ | | सहरी विकास मन्त्रालय |
| १६ | श्री तारानाथ दाहाल | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| १७ | | गृह मन्त्रालय |
| १८ | | अर्थ मन्त्रालय |
| १९ | | रक्षा मन्त्रालय |
| २० | श्री धर्मेन्द्र झा | वन तथा वातावरण मन्त्रालय |
| २१ | | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय |
| २२ | | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय |




## अनुसूची- ६

# सूचकहरूको कूल अङ्कको तुलनात्मक स्थिति (मन्त्रालय एवम् विभागहरू)

| क्र.सं. | मन्त्रालय र विभागको नाम | प्राप्ताङ्क |
|---|---|---|
| १ | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ७५ |
| २ | अर्थ मन्त्रालय | ८० |
| ३ | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | ९१ |
| | उद्योग विभाग | ८४ |
| | खानी तथा भूगर्भ विभाग | ९० |
| | नेपाल गुणस्तर तथा नापतौल विभाग | ८५ |
| | वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग | ८३ |
| | कम्पनी रजिष्ट्रारको कार्यालय | ८० |
| | घरेलु तथा साना उद्योग विभाग | ८३ |
| ४ | ऊर्जा, जलश्रोत तथा सिंचाई मन्त्रालय | ९७ |
| | विद्युत विकास विभाग | ९६ |
| | जलश्रोत तथा सिंचाई विभाग | ९४ |
| | जल तथा मौसम विज्ञान विभाग | ९२ |

| क्र.सं. | मन्त्रालय र विभागको नाम | प्राप्ताङ्क |
|---|---|---|
| | जल तथा ऊर्जा आयोग | ८८ |
| | बैकल्पिक ऊर्जा प्रबर्द्धन केन्द्र | ९७ |
| | जलस्रोत अनुसन्धान तथा विकास केन्द्र | ९४ |
| | नेपाल विद्युत प्राधिकरण | ९५ |
| ५ | कानून न्याय तथा संसदीय मामिला मन्त्रालय | ७८ |
| | न्याय सेवा तालिम केन्द्र | ७० |
| | कानून किताव व्यवस्था समिति | ६४ |
| | केन्द्रीय कानून पुस्तकालय विकास समिति | ५८ |
| ६ | कृषि तथा पशुपंक्षी विकास मन्त्रालय | १०० |
| | कृषि सेवा विभाग | ९० |
| | खाद्य प्रविधि तथा गुणस्तर नियन्त्रण विभाग | ९८ |
| | नेपाल कृषि अनुसन्धान परिषद् | ९१ |
| | राष्ट्रिय चिया तथा कफी विकास बोर्ड | ९२ |
| | कृषि सूचना तथा प्रशिक्षण केन्द्र | ९८ |
| | कृषि पूर्वाधार विकास तथा कृषि यान्त्रिकीकरण प्रबर्द्धन केन्द्र | ९० |
| | नेपाल लाइभस्टक सेक्टर इनोभेसन आयोजना | ९७ |
| | प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना | ९० |
| | खाद्य तथा पोषण सुरक्षा सुधार आयोजना | ९७ |
| | पशु सेवा विभाग | १०० |
| ७ | खानेपानी मन्त्रालय | १०० |
| | खानेपानी तथा ढल विकास विभाग | ९२ |
| | मेलम्ची खानेपानी विकास समिति | ८७ |
| | आयोजना व्यवस्थापन कार्यालय | ९० |
| | काठमाडौं उपत्यका खानेपानी व्यवस्थापन बोर्ड | ८५ |
| | नेपाल खानेपानी संस्थान | ९७ |
| | काठमाडौं उपत्यका खानेपानी लिमिटेड | ९४ |
| | ग्रामिण खानेपानी तथा सरसफाई कोष विकास केन्द्र | ९८ |
| ८ | गृह मन्त्रालय | ७४ |
| ९ | परराष्ट्र मन्त्रालय | ९२ |
| | राहदानी विभाग | ८६ |
| | कन्सुलर सेवा विभाग | ७४ |
| १० | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय | ८९ |
| | नापि विभाग | ८१ |
| | सहकारी विभाग | ७९ |
| | भूमि व्यवस्थापन तथा अभिलेख विभााग | ७७ |
| | सहकारी प्रशिक्षण तथा अनुसन्धान केन्द्र | ८० |

| क.सं. | मन्त्रालय र विभागको नाम | प्राप्ताङ्क |
|---|---|---|
| | भूमिसम्बन्धी समस्या समाधान आयोग | ८१ |
| | भूमि व्यवस्थापन प्रशिक्षण केन्द्र | ७७ |
| ११ | भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय | ९५ |
| | सडक विभाग | ८६ |
| १२ | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | ८७ |
| | महिला बालबालिका तथा ज्येष्ठ नागरिक विभाग | ८५ |
| | राष्ट्रिय बाल अधिकार परिषद् | ७९ |
| | नेपाल बाल संगठन | ८० |
| | समाज कल्याण परिषद् | ८० |
| १३ | यूवा तथा खेलकुद मन्त्रालय | ८६ |
| | राष्ट्रिय खेलकुद परिषद् | ७५ |
| | राष्ट्रिय युवा परिषद् | ८० |
| | युवा स्वरोजगार कोष | ७८ |
| | नेपाल स्काउट | ७० |
| १४ | रक्षा मन्त्रालय | ७६ |
| १५ | वन तथा वातावरण मन्त्रालय | ९० |
| | वन तथा भूसंरक्षण विभाग | ७८ |
| | वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र | ८० |
| | बनस्पति विभाग | ७४ |
| | राष्ट्रिय निकुञ्ज तथा बन्यजन्तु संरक्षण विभाग | ७६ |
| | वातावरण विभाग | ८६ |
| | RED कार्यान्वयन केन्द्र | ८५ |
| १६ | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | ९२ |
| | शिक्षा तथा मानवस्रोत विकास केन्द्र | ८५ |
| | पाठ्यक्रम विकास केन्द्र | ८६ |
| | विश्वविद्यालय अनुदान आयोग | ८४ |
| | शिक्षक सेवा आयोग | ८८ |
| | नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान | ८७ |
| १७ | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | ९१ |
| | श्रम तथा व्यवसायजन्य सुरक्षा विभाग | ८५ |
| | वैदेशिक रोजगार विभाग | ८७ |
| | सामाजिक सुरक्षा कोष | ८५ |
| | वैदेशिक रोजगार प्रबर्द्धन बोर्ड | ८४ |
| | व्यवसायिक तथा सीप विकास तालिम प्रतिष्ठान | ८४ |
| १८ | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | ७९ |
| | पर्यटन विभाग | ५९ |

| क्र.सं. | मन्त्रालय र विभागको नाम | प्राप्ताङ्क |
|---|---|---|
| | पुरातत्व विभाग | ५२ |
| | नेपाल वायुसेवा निगम | ५१ |
| | नारायणहिटी दरबार संग्रहालय तथा गणतन्त्र स्मारक व्यवस्थापन तथा सञ्चालन विकास समिति | ८० |
| १९ | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | ८६ |
| | राष्ट्रिय किताबखाना (निजामति) | ६५ |
| | स्थानीय पूर्वाधार विभाग | ७८ |
| २० | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | ९३ |
| | प्रेस काउन्सिल नेपाल | ८५ |
| | नेपाल दूरसञ्चार प्राधिकरण | ८८ |
| | राष्ट्रिय समाचार समिति | ८४ |
| | हुलाक सेवा विभाग | ८३ |
| | मुद्रण विभाग | ८२ |
| | नेपाल टेलिकम | ८७ |
| | रेडियो प्रसार विकास समिति (रेडियो नेपाल) | ८६ |
| | नेपाल टेलिभिजन | ८६ |
| | गोरखापत्र संस्थान | ८३ |
| २१ | शहरी विकास मन्त्रालय | ९२ |
| | शहरी विकास तथा भवन निर्माण विभाग | ८१ |
| | काठमाडौं उपत्यका विकास प्राधिकरण | ७६ |
| | नगर विकास कोष | ८१ |
| | अधिकार सम्पन्न बाग्मती सभ्यता एकीकृत विकास समिति | ७८ |
| | अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र विकास समिति | ७३ |
| | धोविखोला कोरिडोर सुधार आयोजना | ५५ |
| | राष्ट्रिय आवास कम्पनी लिमिटेड | ८० |
| २२ | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | ९० |
| | स्वास्थ्य सेवा विभाग | ८९ |
| | आयुर्वेद तथा वैकल्पिक चिकित्सा विभाग | ८६ |
| | औषधी व्यवस्था विभाग | ८७ |

अन्य मन्त्रालयअन्तर्गत रहेका विभागहरूको प्राप्ताङ्क प्राप्त हुन नसकेको